धर्मको इतिहास

से. तोकारेव

धर्मको इतिहास

लेखक
से. तोकारेव

अनुवादक
पदम गौतम



विवेक सिर्जनशील प्रकाशन प्रा. लि.
काठमाडौं

धर्मको इतिहास

लेखक	:	से. तोकारेव
अनुवादक	:	पदम गौतम
सर्वाधिकार	:	प्रकाशकमा
आवरण	:	समन श्रेष्ठ
कम्प्युटर	:	नविन जैसी
प्रकाशक	:	विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौँ
मुद्रक	:	वगलामुखी अफसेट प्रेस
ISBN	:	978-9937-31-030-7

मानव सभ्यताको इतिहास

गत वर्षको एकदिन धर्मका इतिहास नामको हिन्दीभाषाको पुरानो पुस्तक हात पर्‍यो । मित्र विजयराज आचार्यले मलाई त्योसहित अरू तीनओटा किताब दिएका थिए-कुनै एउटालाई अनुवादका लागि छान्न । शीतयुद्धकालको तत्कालीन सोभियत संघबाट निस्केको त्यो किताब नै मैले रोजें जसको नेपाली रूप अहिले तपाईंहरूको हातमा छ ।

मैले दुईपटक सर्सरी त्यो किताब पढें । उपभोक्ताको ह्रास नियम ममा लागु भएन । तेस्रोपटक अनुवादको लेखन र फेरि सम्पादन गर्न बाँकी थियो । किताबमा भएका कैयौं समाजशास्त्रीय र त्यस्तै प्राविधिक शब्दका कारण मैले हिन्दी शब्दकोश, समाजशास्त्रका केही किताब र इन्टरनेटको सहयोग लिनुपर्‍यो । मैले किताबको अनुवाद गर्दा शब्दअनुसार हुबहु नगरेर नेपाली पाठकले बुझ्ने तरिका अपनाएको छु । कतिपय अवस्थामा मैले पाठकलाई अनावश्यक लाग्ने सन्दर्भ त्यसै छाडें ,अघिल्लो पाठमा आएका कुरा दोहोरिने गरी पनि राखिनँ । अनुवादका क्रममा मैले विदेशी भाषा र परिवेशबाट अनुवाद गरिएको जस्तो नलाग्ने गरी लेख्ने प्रयास पनि गरें । तैपनि केही समाजशास्त्रीय शब्दका भने नेपाली शब्द पाइएनन् । तिनलाई मैले त्यत्तिकै छाड्नुको विकल्प थिएन पनि । यति भए पनि पाठकले पढ्दापढ्दै स्वत: बुझ्ने स्तरमा प्रस्तुत गरेको छु भन्ने मलाई लाग्छ ।

केही छोटा कविता बाहेक अनुवादको काम मैले गरेको थिइनँ । ठूला र त्यसमा पनि गैर साहित्यिक किताबको अनुवाद गर्नु भनेको एउटा अर्कै किसिमको चुनौती रहेछ । किताबको मूल विषयभित्र आफैले गरेको खोज र अनुसन्धानमा डुबे जत्तिकै डुब्नुपर्ने रहेछ । लेखकको सोच, उसले वर्षौंअघि लेख्दाको परिवेश, उसको हेराइ, आफ्नो सोच, भाषा, आफ्ना पाठक सबै दृष्टिले विचार पुर्‍याउनुपर्ने रहेछ । मैले यी सबै कुराको तालमेल गर्ने प्रयास गरेको छु । म स्वयम्लाई मूल किताब मन परेजस्तै तपाईंहरूले पनि यो अनुवादलाई मन पराइदिनु हुन्छ भन्ने अपेक्षा गरेको छु । तर यो अनुवादका क्रममा तीन पटक किताब पढ्दा मभित्र रहेको नास्तिक चेतनामा अझ बृद्धि भयो । यो किताबका क्रममा काम गर्दा मलाई विश्व मानव इतिहासलाई नजिकबाट नियालिरहेको छु भन्ने लागिरह्यो । यो किताब धर्ममात्र नभएर समग्र मानव जातिको २० औं शताब्दीसम्मको इतिहास हो भन्ने मलाई लाग्छ । मैले यो किताब पढेपछि बुझेको कुरा के भने विश्वका मानिसलाई एकअर्कामा विभाजन गर्नमा महासागरभन्दा बढी योगदान धर्मकै छ । यो क्रम अघिल्लो शताब्दीसम्म निकै बढी थियो । अहिले पनि त्यसको रूप मात्र फेरिएको छ । तर, धर्मका नाममा हुने गतिविधि उस्तै छन् । त्यस्तै धर्म भनेको देखिने राजनीतिभन्दा ठूलो नदेखिने राजनीति पनि हो । आम जनताले मानेको आस्थालाई धर्मका ठेकेदारहरूले व्यापार वा राजनीतिमात्र बनाइरहेका हुन्छन् भन्ने यो किताबले प्रष्ट पारेको छ ।

अन्त्यमा किताब अनुवादमा प्राविधिक सहयोग गर्ने साथीहरू बच्चु राई, नविन जैसी, विवेक सिर्जनशील प्रकाशन प्रा. लि.का विजयराज आचार्य र प्रकाशन परिवार सबैले आ-आफ्नो ठाउँबाट गरेको सहयोगप्रति म आभारी छु । यहाँहरूबाट सुझावको अपेक्षासहित ।

पदम गौतम
padam@ejg.org.np

विषयसुची

अध्याय-१

प्रागैतिहासिक मानिसको धर्म

१. पूर्व पाषाणकालीन धर्म

धर्मको सबैभन्दा पहिलो चरणका विषयमा हामी हालसम्म उपलब्ध थोरै र कम प्रमाणित सामग्रीको माध्यमबाटमात्र थाहा पाउने गर्छौं । हाम्रा प्राचीन पूर्वजहरूको धार्मिक विश्वास पनि थियो भन्ने कुराको प्रमाण अझैसम्म फेला परेको छैन । हाम्रा ती पूर्वजहरू पिथेक्रेंथ्रोपस र सिनेथ्रोपस थिए । उनीहरू लाखौं वर्ष पहिला यो धर्तीमा थिए । उनीहरूको धार्मिक विश्वास हुनु पनि जरुरी थिएन । उनीहरूको सामाजिक अस्तित्व प्राचीन स्वरूपको थियो र व्यवहारसँग सम्बन्ध राख्ने विषयमा मात्र उनीहरू सोच्ने गर्दथे । यो धर्मपूर्व काल भनिने समयमा चेतनाको स्तर धर्मसम्म आइपुग्ने खालकै थिएन ।

कतिपय विद्वान्हरूले धर्मको उत्थान पनि मानव जीवनसँगै भएको मान्ने गर्छन् । तर, यो एउटा विवादास्पद विषय हो । समकालीन इसाई धर्मशास्त्रीहरू मान्छेको विकास जनावरबाट भएको स्वीकार गर्दागर्दै पनि फरक तर्कसमेत गर्न बिर्सदैनन् । उनीहरू शरीर जनावरको भए पनि आत्मा कहिल्यै परिवर्तन नहुने र एकै हुने दावी गर्छन् । उनीहरू एउटै ईश्वरमा विश्वास गर्छन् । जे होस्, मानव सभ्यतासँगै धर्मको विकास भएको अझैसम्म प्रमाणित भएको छैन । धर्मपूर्व काल अर्थात् धर्मभन्दा अगाडिको समय निकै लामो थियो । त्यो समयमा धर्म वा त्यस्तो कुनै विश्वासको सुरुआत भएको थिएन् । पूर्व पाषाणकालको अन्त्यसम्म जारी यो काल आजभन्दा एक लाख ४० हजार वर्ष अघिसम्म थियो । त्यतिबेला गुफामा बसेर जंगली जनावरको सिकार गर्ने नियन्डरथल मान्छेको रूपमा मानव सभ्यता सुरु हुँदै थियो । त्यतिबेलाको मान्छेको समग्र जीवनको विषयमा अहिले पनि वहस र खोज जारी छ । उनीहरूको समयका अवशेषहरू अझै खोजिँदै छन् । तर, उनीहरू धर्मलाई विश्वास गर्थे भन्ने प्रमाणचाहिँ पाइएको छैन ।

पुरातत्त्वविद्का पछिल्ला अनुसन्धानले निकालेका निचोडहरूमा उनीहरूका

जीवनका धेरै पाटा सार्वजनिक भएका छन् । दर्जनौं शव, कङ्काल, टाउको र उनीहरूले प्रयोग गरेका गुफाका सामग्री फेला परेका छन् । फ्रान्सको फेरासी, क्रिमियाको किइककोबा, प्यालेस्टाइन तथा उज्वेकिस्तानका तेसिकतास भन्ने ठाउँमा यस्ता अवशेष फेला पारेर अनुसन्धान गरिएका छन् ।

सन् १९०८ मा वैज्ञानिकहरूले गरेको एउटा अध्ययनअनुसार नियन्डरथल मानवले आत्मामा विश्वास गर्ने गरेको प्रमाण भेटिएको छ । मेक्स एबर्ट वा उनका समकक्षीहरूले चाहिँ त्यो समयमा आत्माभन्दा पनि शवलाई नै श्रद्धाका साथ हेर्ने र मानिस ब्युँझन सक्ने सम्भावना देखेर फरक सोच निर्माण गर्ने गरेको प्रमाणित भएको बताएका छन् । उनीहरूले मरेको मानिसलाई बिरामी सम्झिएर त्यहीअनुसारको व्यवहार गर्ने गरेको पनि प्रमाणित भइसकेको छ । मरेको र जीवित मानिसबीचको फरक थाहा पाउन पनि उनीहरूलाई हजारौं वर्ष लागेको थियो । उनीहरूले बिस्तारै मानिस मरेपछि शरीरभित्र रहेको महत्त्वपूर्ण वस्तुले छोडेको धारणा बनाउन थाले । सम्भवतः यसलाई नै निकै पछि आत्मा भन्न थालियो र आजसम्म सबै धर्ममा आत्मालाई निकै महत्त्व दिइन्छ ।

नियन्डरथल मानवहरूले बिस्तारै व्यवस्थित चिहान निर्माण गर्न थाले । त्यसले पनि उनीहरू अब धार्मिक दृष्टिले वा पुर्खाप्रति अर्कै ढङ्गले श्रद्धा गर्दथे भन्ने प्रमाणित गर्दछ । अन्य खोजहरूले चाहिँ यो युगलगत्तै धार्मिक विश्वासको बुझिने अस्तित्व फेला परेको देखाएका छन् । केही जनावरका हड्डीका अवशेष मानिसहरूले जानेर नै गाड्ने गरेको प्रमाण फेला परेको छ । अल्पस हिमालय छेउछाउका गुफामा भालुको हड्डी फेला परेको छ । उनीहरूले ती हड्डीलाई क्रम मिलाएर व्यवस्थित ढङ्गले गाडेको पाइएको छ । दक्षिण फ्रान्सको रेगुर्दु इलाकाको गुफामा नियन्डरथल मानवले भालुको पूजा गरेको प्रमाण फेला परेको खोजमा संलग्न वैज्ञानिकहरूले बताएका छन् । केही पुरातन खोजकर्ताहरूले नियन्डरथल मानिसको समयका यस्ता प्रमाणलाई धार्मिक विश्वासभन्दा उनीहरूको सिकारी जीवनको झलकका रूपमा हेर्नुपर्ने बताएका छन् । तर, अधिकांश खोजकर्ताहरूले बहुआयामिक रूपमा व्याख्या गरेका छन् ।

उत्तर पुरापाषाण कालदेखि धार्मिक विश्वास अस्तित्वमा रहेको पूरै प्रमाणित हुन्छ । त्यस समयका अवशेषहरूले चाहिँ यो प्रमाणलाई दह्रो बनाउँछन् । यो समय ४० हजारदेखि १८ हजार वर्षसम्म पहिलेको हो । त्यस समय होमोसेपिन्स भनिने आधुनिक मानवको स्वरूप निर्माण भएको थियो । उनीहरू ढुङ्गा र हड्डीबाट विभिन्न औजार निर्माण गर्दथे । त्यसबेला हड्डीका विभिन्न गहना र सामग्री पनि निर्माण गरिन थालेका थिए । यो काललाई पनि अनेकौं चरणमा विभाजन गर्न सकिन्छ । जस्तो कि आरिग्नेसी, सोल्युत्री, मग्दालिनी र अजिली । उत्तर पुरापाषाणकालका शव उत्खनन गर्दा त्यसबेला विभिन्न अनुष्ठान गरिने र पूजा गरेर शवलाई सुरक्षित ढङ्गले राखिने गरेको फेला परेको छ । किसिम-किसिमका वस्तु र आभूषणयुक्त कंकालले उनीहरू धार्मिक विश्वासमा ढलिसकेका थिए भन्ने देखाउँछ । गेरु रङको

माटोले लिपेर सुरक्षित राखिएका शवहरूले धार्मिक विश्वासको प्रमाण दिन्छन् । तर, कतै-कतै भने शवगृहमा मानिसको टाउको मात्र गाड्ने गरेको प्रमाण पनि फेला परेका छन् । यस्तो प्रमाण उत्तर-पश्चिम इटालीमा देखिएको छ । यसबाट मानिस मरेपछि पनि कुनै न कुनै रूपमा जीवित रहने सोच प्रस्ट रहेको देखिन्छ । अर्कोतिर आरिग्नेसी युगमा ललितकला, गुफाचित्र र एक हदसम्म मूर्तिचित्रको पनि विकास हुन थालेको थियो । यसमा उनीहरूको धार्मिक धारणाले पनि काम गरेको थियो ।

उत्तर पुरापाषाणकालका कला अवशेषलाई विद्वान्हरूले २०औँ शताब्दीको सुरुमा नै विश्लेषण गरेका थिए । त्यसवेला यस्ता अवशेषका बारेमा कममात्र ज्ञान थियो । विद्वान्हरूमा ती विषयका प्रामाणिकताबारे निकै शङ्का थियो । सन् १८६३ मा एकजना सिकारीले उत्तरी स्पेनको शान्तदेयर प्रान्तमा रहेको अल्तामिरा गुफाको खोज गरेका थिए । तर १८७९ मा गुफाको छत र भित्तामा धेरै जनावरका चित्र फेला परेका थिए । यस्तो चित्र फ्रान्सका दर्जनौं गुफामा देखिएका छन् । अल्तामिरा गुफाका चित्र गम्भीरताका साथ अध्ययन गर्दा त चित्रहरू अति प्राचीन भएको प्रमाणित भएको छ । त्यसपछि उत्तरी स्पेनमा पनि त्यस्ता खोजहरू गरिए । यी सबै खोजले मानिस र पशुबीचको त्यो वेलाको सम्बन्ध प्रमाणित मात्र गरेनन्, पुरापाषाणकालका मानिसको विषयमा विविध जानकारी पनि दिए । फ्रान्सको बेजेर नदीको किनारमा एउटा अद्‌भूत स्त्रीको मूर्ति फेला पर्‍यो । स्त्रीको मूर्तिमा एउटा सिङ थियो । त्यो धर्मसँग सम्बन्धित थियो । फ्रान्स र स्पेनका कति गुफा र नदी किनार २० औं शताब्दीको सुरुमा वैज्ञानकहरूका अध्ययन केन्द्र बने । पुरापाषाण कालका मानिसको धार्मिक विश्वास र कलाकृतिको अध्ययन पनि यो समयमा निकै जोडतोडका साथ भयो ।

यी सबै खोजका आधारमा पुरातत्त्वविद्हरूले पुरापाषाणकालमा धार्मिक धारणा र मान्यता विकास भएको निष्कर्ष निकाले । यो निष्कर्षको पुष्टि गर्न त्यतिवेला बनाइएका पशुका चित्रहरूले पनि मद्दत गरे । त्यहाँ मान्छेको चित्रको ढाँचा, पशुहरूको चित्र बनाउने तरिका र पशु तथा मानिसको संयुक्त चित्र निर्माणले धार्मिक विश्वास मौलाएको प्रमाण भेटियो । कहिलेकाहीं त पशु र मानिसको चित्रबीचको अन्तर पनि फेला पार्न गाह्रो देखियो । सबैभन्दा प्रसिद्ध चित्रमध्ये एउटा चित्रचाहिँ नाचिरहेको धामीको चित्र हो । उसले लामो दाह्री पालेको थियो र घोडाको जस्तो पुच्छर लगाएको थियो । उसको टाउकोमा हरिणको सिङ तथा काँधमा कुनै जनावरको जस्तो मासुको डल्लो थियो । यस्ता मानिस र अन्य जनावरका मिश्रित तस्विर तथा मूर्तिहरूले धार्मिक विश्वास एवम् उनीहरूले विभिन्न ढङ्गले प्रयोग गर्ने जनावरहरूको बारे पनि धेरै कुरा बताइरहे जस्तो लाग्छ ।

यस प्रकारका विविध चित्रहरूले तत्कालीन समयका विविध झलक दिएका छन् । यी चित्रहरूले मानिसको मान्यता र अनुष्ठानसँग देखिएको सम्बन्ध एवम् चित्रमा मानिस र जनावरलाई प्रस्तुत गर्ने तरिकाले उनीहरूको विश्वासको प्रतिनिधित्व पनि गरेको छ । पशुहरूको सुन्दर चित्र बनाउन जान्नुले उनीहरूको क्षमता र आस्था

दुवै प्रस्तुत गरेको छ । त्यसो हुँदा जनावरको मखुन्डो लगाएका चित्र निर्माण गर्नुको पनि अर्थ फेला पर्छ । सायद, सिकारीको प्रतिनिधित्व गराउनका लागि यस्तो चित्र निर्माण गरिएको हो । त्यसबेलाका चित्रमा उनीहरूको नृत्य मुद्रासँगै सिकारी जीवनमा जनावरसँगको सम्वन्ध पनि झल्कन्छ । त्यतिवेला धार्मिक आस्था जे भए पनि यस्ता चित्रको व्याख्यामा सबै विषय परेका छन् । यी सबै तथ्य उत्तर पुरापाषाणकालका हुन् । त्यसबेला आखेटजन्य सामग्री निर्माण र तिनीहरूको प्रयोगले अहिलेसम्म धर्मको प्राचीन स्वरूप, पाषाण कालको कला एवम् उनीहरूको जीवनशैलीको अध्ययन गर्न सजिलो वनाएको छ । अस्ट्रेलियाका जनजातिमा अहिले पनि पूर्वजलाई यस्तै चित्रद्वारा चित्रित गरिन्छ ।

आरिग्नेसी युगमा महिलाका मूर्तिहरूलाई केही फरक ढङ्गले प्रयोग गरिएको छ । पश्चिम युरोपमा यस्ता दर्जनौं मूर्ति फेला परेका छन् । ती मूर्तिहरू आकारमा छोटा र शैलीमा फरक-फरक किसिमका छन् । चित्र र मूर्ति विश्लेषकहरूले यी मूर्तिलाई धेरै यथार्थपरक पनि भन्ने गरेका छन् । पुरुषमूर्ति कम भेटिनु र स्त्रीमूर्ति परिपक्व महिलाको आधारमा फेला पर्नुले धार्मिक विश्वास र महिलाप्रतिको दृष्टिकोणको परिचय एकै पटक दिलाउने गरेका छन् । यी मूर्तिका विषयमा फरक-फरक विश्लेषण सुरु गरिएका छन् । केही विद्वान्हरू यस्ता मूर्तिमा सौन्दर्य र कामुकतामात्र देखिने गरेको वताउँछन् । तर, आरिग्नेसी मूर्तिहरूवाट स्त्री पुरोहित, देवी तथा मातृपक्षको जानकारी प्राप्त हुने विश्लेषण धेरैले गरेका छन् । यसलाई किन पनि सत्यको नजिक मानिन्छ भने यस्ता मूर्तिहरू अग्निस्थलको छेउछाउमा फेला पर्ने गरेका छन् । तुलनात्मक रूपले सबै अध्ययनको निचोड हेर्दाखेरि विश्वका सबै सभ्यतामा देवी र कुल जननीको पूजा गरिने गरेको फेला पार्न सकिन्छ । यस्ता मूर्तिलाई ती सभ्यतासँग जोड्दा फरक नपर्ने देखिन्छ ।

आरिग्नेसी कालका स्त्रीका मूर्तिहरूले आगोको रक्षा गर्ने देवीका रूपमा महिलालाई अघि सारेको देखाएका छन् । यस्तो मिथकीय विम्व परिवार, गोत्र वा समाजको उपासना गर्ने वस्तुको रूपमा पनि प्रयोग भएको पाइन्छ । साइवेरियाका जनजातिमा यो प्रचलनको पुरानै स्वरूप अझै पाइन्छ । मातृपूजा तथा महिलाको विशिष्ट किसिमको पूजा गर्ने चलनचाहिँ लगभग सबैतिर उही रूपमा फैलिएको छ ।

पुरा पाषाणकालको अन्त्य तथा यानीअजिली युगको सुरुमा पशु र मान्छेको चित्रको परम्परा घट्दै गएको थियो । त्यसको सट्टा फरक किसिमका रेखा प्रयोग गरेर वनाइएका मूर्ति र तस्विरको वाहुल्यता देखापर्न थाल्यो । यसलाई जादु-टुना वा त्यस्तै मान्यतासँग जोडेर हेर्ने गरिन्छ । पुरातत्त्वविद्हरूले अहिलेसम्म धेरै रोचक विषय फेला पारेका छन् । उनीहरूले रातो आकारको समानान्तर, गोलो वा वृत्ताकार बट्टाजस्तो आकारमा रहस्यमय चिन्ह फेला पारेका छन् । यसको अर्थ अहिलेसम्म लगाउन सकिएको छैन । अस्ट्रेलियाका जनजातिहरूले त्यसबेला यस्ता सामग्री निर्माण गरेको प्रमाण भेटिएको छ । उनीहरूले काठ, ढुङ्गा र केही धातु जस्ता लाग्ने वस्तुको प्रयोग

गरेर त्यस्ता वट्टा जस्ता सामग्री निर्माण गर्थे । यसबाट पनि के देखिन्छ भने दैनिक जीवनमा प्रयोग नभएका यस्ता वस्तुले धार्मिक आस्थालाई नै प्रतिविम्बित गर्छन् ।

२. नवपाषाणकालीन धर्म

नवपाषाणकालमा युरोप र मध्यपूर्वका अधिकांश भागमा मानव सभ्यता फैलिएको थियो । यो काल करिव सातदेखि पाँच हजार वर्ष पहिलेको समय हो । यो कालमा पशुपालन मानिसको मुख्य पेशा बनिसकेको थियो । त्यससँगै सिकार र माछा मारेर जीवन निर्वाह गर्ने चलन पनि थियो । नवपाषाण कालमा मानसको गोत्र र समुदाय छुट्टिएको थियो । फिरन्ते र एकै ठाउँ बस्ने दुई किसिमका मानिस यो वेलादेखि नै छुट्टिन थाले । समग्रमा भन्नुपर्दा पूरा समाजचाहिँ अर्धस्थायी प्रकृतिको थियो । उनीहरूभित्र असमानता देखापर्न थालेको थियो । तैपनि वर्गीय विभाजनचाहिँ भएको थिएन । धार्मिक विश्वासमा उनीहरूको जीवनको नयाँ शैली तथा बाध्यता दुवै प्रकट हुनु स्वाभाविक र अनिवार्य थियो । यो कालमा देखिएको धार्मिक विश्वासबारे उपलब्ध प्रमाणलाई कम भन्न मिल्दैन । तर, अहिलेसम्म मुख्य आधार भनेको चिहान र त्यस्तै सामग्रीलाई मात्र मान्नुपरेको छ । त्यसबेलाका चिहानहरू धेरै फेला परेका छन् । उनीहरूका चिहानले अनुष्ठान, धर्म, जीवनशैली र प्रयोग गरिएका वस्तुलाई पनि चिनाउने गरेका छन् । मृतकको छेउछाउमा उनीहरूले प्रयोग गर्ने विभिन्न वस्तु, गहना, हतियार र भाँडाकुँडा राखिन्थे । ती भाँडाहरूमा उनीहरूलाई खाने चिज पनि राख्ने गरिन्थ्यो । मरेपछि पनि मृतकलाई यस्ता वस्तु खानका लागि चाहिन्छ भने उनीहरूको विश्वास थियो ।

नवपाषाणकालका शवगृह वा चिहानघारीहरू फरक-फरक किसिमका छन् । यसअघिभन्दा यी समयका मानिस विस्तारै फरक-फरक जीवनशैली अँगाल्दै गएको प्रमाणित हुन्छ । ती चिहानमध्ये कसैले जमिनमा शव मात्र गाड्ने गरेका थिए । कसैले ढुङ्गा वा गुफामुनि शवलाई सुरक्षित ढङ्गले राख्ने गरेका थिए । कसैले ठूलो ढुङ्गा कुँदेर त्यसभित्र शव राख्ने गरेका थिए । केहीले कृत्रिम गुफामा शव राख्थे भने कुनै-कुनै ठाउँमा अहिले क्रिस्चियनहरूले गरेजस्तो शव राख्ने कफनको विकास भइसकेको थियो । त्यस्तै, शवलाई ठाउँ र विश्वासअनुसार विभिन्न मुद्रामा राख्ने गरिन्थ्यो । धेरैजसो ठाउँमा उत्तानो पारेर शव सुताइन्थ्यो भने कतिपय ठाउँमा घुँडा टेकाएर, घोप्टो पारेर वा विभिन्न मुद्रामा राख्ने गरेको पनि पाइएको छ । नवपाषाणकालमा नै मृतकको दाहसंस्कार गर्ने परम्परा सुरु भइसकेको थियो । यो प्रचलन अहिले विकसित फरक-फरक किसिमले मृत्यु संस्कार गर्ने कामको पहिलो रूप थियो । उत्तरी फ्रान्स र बेलायतमा यो प्रथा निकै दह्रो थियो । स्केन्डेभियन मुलुक र इटालीमा चाहिँ मृत्यु संस्कारको परम्परा थिएन । त्यतिवेलाका मृत्यु संस्कारका तरिकाहरू अहिलेसम्म पूरै परिचित छैनन् । तर, उनीहरूले पुनर्जीवनमा विश्वास गरेको र शवलाई गरेको सम्मानले एउटा धार्मिक र अर्को सामाजिक दुई पाटोको प्रस्ट झलक पाइन्छ । कतिपय ठाउँमा शव जलाइन्थ्यो भने आत्मा आकाशमा विलाउने विश्वास गरिन्थ्यो । जे भए

पनि त्यसबेलाका मानिस पूरै भौतिकवादी भएको चाहिँ अहिलेसम्म फेला परेको छैन।

कतिपय शवहरू गुफामा स्त्री आकृतिका मूर्तिसँगै जोडेर पनि राखिएका छन्। यसमा कुनै धार्मिक मान्यताले पनि काम गरेको हुन सक्छ। तर, अहिलेको कुन धर्मसँग नजिक रहेको यो मान्यताले काम गऱ्यो भन्नेचाहिँ भन्न गाह्रो छ। कुलको इष्टदेवी, समाधिको संरक्षक वा मृतकलाई हेरचाह गर्ने भूदेवी जे मानेर पनि शव नजिकै स्त्रीमूर्ति राखिएको हुन सक्छ। तर, यो कालमा राखिएका यस्ता मूर्ति र उनीहरूको फरक-फरक हुँदै गएको धार्मिक विश्वासको प्रतिनिधित्व यसबाट देखिन्छ भन्ने प्रस्ट छ।

नवपाषाणकालमा देवी पूजाको प्रचलन निकै फैलिएको थियो। एसियाका तटवर्ती भाग, विभिन्न द्वीप समूह, बाल्कन र पेरिनिज प्रायद्वीप, फ्रान्स, ब्रिटेन र स्केन्डेभियन मुलुकमा नवपाषाणकालमा फैलाएको माटो या ढुङ्गाको मूर्तिपूजाको प्रमाण अझै भेटिन्छ। उनीहरूले प्रयोग गरेका भाँडाहरू पनि स्त्री आकृति र अनुहारका हुन्थे। धेरैजसो उस्तै अनुहार र आकृति निर्माण भएको देखिन्थ्यो। अपवादस्वरूप कतै-कतै पुरुष मूर्ति पनि फेला पर्ने गरेका छन्।

उत्तरी युरोप, साइबेरिया, स्पेन र अन्य स्थानमा भेटिएका अन्य शैलीचित्रले पनि धार्मिक विश्वास र जादु-टुनासँग सम्बन्ध राख्छन्। उनीहरूको उत्पत्ति र अर्थका बारे विद्वान्हरू एकमत छैनन् पनि। तर अहिलेसम्म अध्ययन गरिएका एक हजारभन्दा बढी चित्रहरूले एउटै निष्कर्षमा पुऱ्याउन मद्दत गरेका छैनन्। धेरै चित्रमा पशुपन्छी, नाउ, महिला तथा अण्डाकार वस्तु कुँदिएका छन्। अध्येताहरूले पशुपन्छी र माछा एवम् जादु-टुनाको उपासनासहितको समाज यस्ता चित्रमा आएको बताउने गरेका छन्। कतिपयले सूर्य र चन्द्रमासम्बन्धी मिथकहरूको प्रयोग भएको बताएका छन्। रहस्यमय वृत्त, अर्धवृत्त एवम् तिनीहरूबाट निस्किएको किरणले सूर्य र चन्द्रको प्रतिनिधित्व गरेको देखिन्छ। यस्ता चित्रले दर्जनौं अनुमान सिर्जना गरे पनि एउटा अनुमानले अर्को अनुमानलाई फालिहाल्ने खतराचाहिँ छैन।

पुरातात्त्विक अवशेषका विविधता एवम् नवपाषाणकालको धार्मिक विश्वास अहिलेको समाज र सभ्यता अध्ययनका लागि महत्त्वपूर्ण सामग्री बन्ने कुरामा शङ्का छैन। देवीपूजा चन्द्रमाको उपासनासँग सम्बन्धित हुन सक्छ। यो मार्गको मातृसत्तात्मक समाजसँग सम्बन्ध रहेको हुन सक्छ। कृषिकालको विकासको समयमा मातृसतात्मक समाजको निर्माण भएको देख्न सकिन्छ। अन्त्येष्टिसम्बन्धी विश्वास र अनुष्ठानको स्वरूप पनि प्रस्ट छैन। नवपाषाण कालमा आत्मा र मरणोपरान्तको विषय जटिल बनेको थियो। नजिक-नजिक फेला परेका फरक-फरक शवको प्रमाणले यसको संकेत गरेको छ। कस्तो भने अलग-अलग तरिकाले शव गाड्ने चलन एउटै समाजमा देखिनुले उनीहरू फरक-फरक मान्यता अँगाल्न थालेको भरपर्दो संकेत दिन्छ। गोत्र व्यवस्था र फरक-फरक चिहानका अलग-अलग शैलीले उनीहरूबीच बन्दै गएको नयाँ समाजको चित्रण गरेको छ। अन्त्येष्टि संस्कारमा देखिएको अन्तरले बिस्तारै फरक संस्कृति र संस्कारको निर्माण गर्दैगरेको देखिन्छ।

३. प्रारम्भिक धातुयुगमा धर्म

कास्ययुग र लौहयुगका विभिन्न पुरातात्त्विक सामग्रीले त्यस समयका धार्मिक विश्वास र समाजका अन्य पाटाको पनि जानकारी दिने गर्छन् । आगामी पाठहरूमा त्यस विषयमा विस्तृत जानकारी प्राप्त हुन्छ । तर, मूल रूपमा अहिले प्रारम्भिक धातुयुगमा युरोपमा भएको धार्मिक विश्वासको चर्चा गरिन्छ ।

कास्ययुगमा अन्त्येष्टिसम्वन्धी विश्वास र अनुष्ठान निकै जटिल र विविधतापूर्ण थियो । त्यसमा समाज र वर्ग विभाजन प्रस्टसँग देखिन्थ्यो । सरदार, मुखिया र राजाका अन्त्येष्टि प्रक्रियाहरू पाखण्डपूर्ण र निकै खर्चालु किसिमका थिए । उनीहरूको चिहानमा धेरै मूल्यवान् वस्तुहरू गाडिएका हुन्थे । उनीहरूसँगै सुन, चाँदी, घोडा, नोकर र प्रयोग गर्ने सम्पूर्ण वस्तु गाडिने गर्दथे । उनीहरूले मृत्युपछि पनि ती वस्तु प्रयोग गर्न पाऊन् भन्ने उद्देश्य राखिन्थ्यो । यस समयमा शव गाडिने प्रचलन सर्वैतिर स्थापित भयो । परलोकमा कस्तो जीवन जिउने भन्ने विषयमा समाजले सोचेर मृतकको शव गाड्ने गर्थ्यो ।

शव गाड्ने तरिका सूर्य उपासनासँग सम्वन्धित हुने गर्थ्यो । शवलाई पूर्व-पश्चिम या उत्तर-दक्षिण फर्काएर राख्ने गरिन्थ्यो । यो तरिकाचाहिँ पाषाणकालीन धारणासँग लगभग मिल्दोजुल्दो थियो । नवपाषाणकालको वेलायतको विल्ट सायर काउन्टीमा भेटिएको ९० मिटर व्यास भएको एउटा चिहानले अहिलेसम्म यो कालको प्रतिनिधित्व गर्दै अध्ययनकर्ताहरूलाई धेरै कुरा बताएको छ । केही विद्वान्हरूले यसलाई सूर्य मन्दिर मानेका छन् भने केहीले शवको माथि बनाइएको स्मारक । यी दुई तर्कहरू एकअर्कामा बाझिँदैनन् पनि, दुवै तर्क सही पनि हुन सक्छन् । उनीहरूले सूर्यको दिशा, सूर्यको गति र सूर्य नरहने अवस्था सबैको कल्पना गरेर स्मारकहरू निर्माण गर्दथे ।

काँस्ययुगमा सूर्य उपासनाको प्रचलनका प्रमाण अरू पनि फेला परेका छन् । त्यसै वेलादेखि बीचमा स्वस्तिक चिह्न, सूर्यको किरणसहितको चक्र, वृत्त आदिको चित्र प्रयोगमा आउन थाले । स्कैन्डनेभियामा भेटिएको एउटा तामाको रथमा घोडाले घुम्दै गर्दा सूर्यको चक्र निर्माण गरेको हुन्छ । स्पेनमा तामाको एउटा घोडाको मूर्ति फेला परेको छ । जसको खुट्टामुनि सूर्यको चक्र छ । त्यस्तै, स्विडेनमा पाङ्ग्राको चक्र भएको एउटा चित्र फेला परेको छ । काँस्ययुगमा विकसित सूर्यपूजाले कृषि कर्मलाई पेसाको रूप दिएको मान्न सकिन्छ । उनीहरू सूर्यलाई उर्वरता र प्रेरणाको मुख्य स्रोत मान्ने गर्दथे । अर्कोतिर समाजस्तरको प्रक्रिया, गोत्र र जातको विविधता तथा निजाति वृत्तात्मक आधारमा सोच्ने प्रक्रिया पनि त्यही समय विकास भयो । यी सबै विकासक्रममा सूर्यपूजाको महत्त्वपूर्ण भूमिका छ । मानिसहरू आफूलाई सूर्यको वंशज सम्झन्थे ।

***

अध्याय-२

अस्ट्रेलिया र तस्मानियाको धर्म

यसअघिका पुरातात्त्विक सामग्रीको आधारमा धर्मको विकासका विविध चरणवारे केही जानकारी प्राप्त भएको छ । पुरातात्त्विक सामग्रीहरूले ठ्याक्कै तिथिमिति वताउन नसके पनि लगभग समय यकिन गर्न मद्दत गरेका छन् । कतिपय कमजोरीका वावजुद त्यस्ता सामग्री हामी मानव जातिको सभ्यताको विश्लेषणको आधार बन्ने गरेका छन् । कतिपय सामग्री थोरै र खण्डित अवस्थामा फेला परेका छन् । कतिपय सामग्रीको व्याख्या गर्दा अनुमान र परम्परागत ढर्राको सहारा लिनुपर्ने हुन्छ । अहिलेको मानिसको हेर्ने र विश्लेषण गर्ने शैली र तर्कले तत्कालीन समयको आस्था, मूल्य, मान्यतालगायतका विषयसँग नजिक नपुऱ्याउन पनि सक्छ । जे होस्, यो पुस्तक र गहन विश्लेषण गरिएका प्रागैतिहासिक सामग्रीहरू त्यही पद्धतिमा आधारित विश्लेषणअन्तर्गत आएका हुन् ।

१. अस्ट्रेलियाली धर्म

अस्ट्रेलियाका जनजातिहरू मानव जातिको प्रारम्भिक समयका प्रतिनिधि मानिन्छन् । अहिलेसम्मका सवै अध्ययनले उनीहरू त्यस समयका प्रतिनिधि पात्रका रूपमा मानिएका छन् । अर्को शव्दमा भन्नुपर्दा आदिम सामुदायिक व्यवस्थाको उच्चतम नमुनाको रूपमा यो सभ्यतालाई लिने गरिन्छ । उनीहरूको धर्मको अध्ययन विद्वान्‌हरूका लागि धेरै विषय वुझाउने पाटो भएको छ । धर्मसँग सम्वन्धित प्रशस्त उदाहरण र विश्लेषण गर्न सकिने सामग्री त्यहाँका सभ्यतामा भेटिनु संयोग मात्र होइन ।

आफ्नो भौगोलिक स्थिति र अन्य कारणले अस्ट्रेलियाका जनजातिहरू उन्नत संस्कृतियुक्त थिए । हजारौं वर्षसम्म उनीहरू बाँकी विश्वसँग सम्वन्धित हुन पाएनन् । उनीहरू यही धर्तीमै भए पनि अन्य टापु वा देशको सभ्यतासँग परिचित थिएनन् । अर्कोतिर त्यहाँका कतिपय स्थानमा विभिन्न जीवजन्तुको आक्रमण, बाढी, पहिरोजस्ता जटिलताले उनीहरूको विकासक्रम ढिलो र स्थिर जस्तै भयो । वैज्ञानिकहरूले यो

अवस्थालाई अल्पविकास वा अवनतिका रूपमा पनि व्याख्या गरे । तर आजभन्दा उनीहरूको स्थिति कुनै दिन निकै माथि पुगेर तल झरेको भन्ने प्रमाणचाहिँ अझैसम्म फेला परेको छैन ।

अस्ट्रेलियालीहरूको धार्मिक विश्वासको वैज्ञानिक महत्त्व पनि छ । उनीहरूको धार्मिक विश्वासलाई हाम्रो प्राचीन पूर्वजको धार्मिक विश्वास पनि मान्न सकिँदैन र आदिम युगको मानवजातिको विश्वासका रूपमा पनि मान्न सकिँदैन । असाधारण परिस्थितिमा रहेका कारण उनीहरूले सामाजिक र आध्यात्मिक रूपले आफूलाई फरक ढङ्गले विकसित गर्नु स्वाभाविक थियो । फेरि अर्को कुरा सबै जाति र अस्ट्रेलियालीहरूको तुलनामा अहिलेसम्म पनि उनीहरूले जादु-टुनासम्वन्धी विश्वास हराउन दिएका छैनन् । युरोपेलीहरूको उपनिवेशमा पर्नुअघि त्यहाँका मूल फिरन्ते जाति नै मुख्य बासिन्दा थिए । उनीहरू गाईवस्तु पाल्ने, खेती गर्ने, माटाका भाँडा बनाउने, कपडा बनाउने, तीरले सिकार गर्ने तथा धातुलाई गाल्ने जस्ता काम गर्न जान्दैनथे । उनीहरूको संगठित सामाजिक एकाइ थिएन । स-साना क्षेत्रीय समुदाय वा स्थानीय समुदायले नै सजिलो जीवन जिउने नीति तय गर्थ्यो । समुदायभित्रै पनि विभेद प्रशस्त थियो । तर, श्रम विभाजनसम्वन्धी स्पष्ट लैङ्गिक र उमेरगत धारणा भने संस्थागत भएको थियो । उनीहरूको वैवाहिक र पारिवारिक सम्वन्ध आदिम किसिमको थियो । युरोपेलीहरूले उपनिवेश वनाएको समयसम्म सामूहिक विवाहको पनि प्रचलन थियो ।

यस कालका उपलव्ध सवै सामग्रीले जादु-टुना र तीव्र धार्मिक विश्वास रहेको प्रमाण दिने गरेका छन् । सवै समाजमा यो एउटा समानता देखिन्छ । उनीहरूमा देखिएको धार्मिक विश्वासलाई विश्लेषण गर्दा विशेष जाति वा जीवलाई शक्ति मानेर उपासना गर्ने गरेको प्रमाण फेला पर्छ । उनीहरूको यो अवधारणालाई **टोटेमवाद** भन्ने गरिन्छ । टोटेमवादको अध्ययनका लागि अहिलेसम्म अस्ट्रेलियालाई सवैभन्दा पुरानो भूमिका रूपमा हेर्ने गरिन्छ । धर्मको यो रूप अन्य टापु वा सभ्यतामा पनि देखिन्छ तर अस्ट्रेलिया भने उदाहरण भएको छ । टोटेमवादमा मानव समूहलाई कर्ता र कुलचिन्ह वा टोटेमलाई विषयका रूपमा हेरिन्छ । टोटेमको मातृपक्ष वा पितृपक्षको आधारमा धारणा बनाएर विश्लेषण गरिन्थ्यो । टोटेम अर्थात् वंश विश्वासकै आधारमा विवाह हुने र पतिको घरमा गएर पत्नी वस्ने प्रचलन पनि बढ्न थाल्यो ।

उनीहरू आफ्नो समुदायमा विवाह गर्दैनथे । यो टोटेमवादमा मात्र नभएर त्यो समयको अन्य सभ्यतामा पनि देखापरेको महत्त्वपूर्ण लक्षण हो । उनीहरू गोत्र वा आफ्नै समुदायमा विश्वास गर्ने गर्दथे । त्यहाँ गोत्र मात्र नभएर अन्य एकाइहरू पनि सिर्जना भएका थिए । विभिन्न गोत्रका आधारमा अर्को संगठन थियो । त्यसलाई **फ्रेटरी** भन्ने गरिन्थ्यो । अलिकति ठूलो र फराकिलो समूहमा भने धार्मिक र अन्य विषयका बीच सहकार्य हुने गर्दथ्यो । यो फ्रेटरीका नाम पनि स्थानीय रूपमै राख्ने गरिन्थ्यो । जस्तै : कंगारु फ्रेटरी, सुतुर्मुर्ग फ्रेटरी आदि । आ-आफ्नो फ्रेटरी र ईश्वरको सम्बन्धका विषयका भनाइहरू पनि चर्चित थिए । त्यसलाई उनीहरू आस्थाकै रूपमा

विश्वास गर्दथे। यी टोटेमवादभित्र केही [illegible] अनौठा विश्वासहरू पनि झाँगिएका थिए।

यस्ता विश्वासमध्ये लैङ्गिक टोटेमवाद पनि एउटा हो। यसमा सबै पुरुष गोत्रका मानिसले आफ्नो टोटेमबाहेक अन्य जनावर वा पन्छीलाई पनि पुर्खा वा आस्थाको मुख्य केन्द्र मान्ने गर्दथे। त्यस्तै, स्त्रीहरूको पनि आ-आफ्नो वंशअनुसारको मान्यता थियो। जस्तो कि, एउटा परिवारको श्रीमान्‌को टोटेम फ्याउरो हुन्थ्यो भने श्रीमतीको सुगा वा चिल। कतिपय विद्वान्‌हरूले लैङ्गिक टोटेमवादको यो नमुनालाई प्राचीनतम रूप भनेका छन्। यसलाई धेरैले खण्डन गर्न सकेका छैनन्। तर, के निश्चित हो भने लैङ्गिक टोटेमवादमा निश्चित सामाजिक विभेदीकरणको प्रतिविम्ब देखापर्छ भने अर्कोतिर श्रमको लैङ्गिक विभाजनसँग जोडिएर आउने महिला र पुरुषको समानता पनि प्रतिविम्बित हुन्छ।

वैयक्तिक टोटेमवादको सार के हो भने मान्छेको गोत्रीय टोटेमभन्दा बाहेक अर्को फरक टोटेम पनि हुन्छ। सामान्यतया यो कुरा पुरुषहरूमा मात्र लागु हुन्छ। त्यसमा पनि झाँक्री, शक्ति उपासक र जादुगरहरूमा। टोटेम विशेष मन्त्र प्रक्रिया, जादु वा अनुष्ठानबाट प्राप्त गर्न सकिन्थ्यो। टोटेम प्राप्त गरेका व्यक्तिलाई समाजले साधक वा विशिष्ठ व्यक्तिका रूपमा हेर्ने गर्दथे। टोटेमचाहिँ सामान्यतया वनस्पति वा वन्यजन्तुको नाममा निर्माण गर्ने गरिन्थ्यो।

विभिन्न जनजातिका टोटेमहरूको सूची बनाउने हो भने हामी त्यसमा विशिष्ठ नियम सङ्गति भेट्ने गर्छौं। हरेक जनजाति आफ्नो टोटेमको चुनाव प्राकृतिक र भौगोलिक एवम् आर्थिक क्रियाकलापअनुसार गर्दथे। अस्ट्रेलियाका पाँच मुख्य भागमा टोटेमका आधारमा छानिएका वस्तुको अध्ययन गर्दा त्यहाँको वातावरण पनि प्रतिविम्बित हुन्थ्यो। सुतुर्मुर्ग, कंगारु, न्याउरी मुसो, ब्वाँसो, सर्प, बिच्छी, काग आदि जीवलाई उनीहरूले टोटेम मान्दथे। यी जीवहरूमध्ये त्यहाँको समाजलाई खतरनाक जीव एउटा पनि छैन। केही विद्वान्‌हरूले शक्तिशाली र हिंस्रक जनावरहरूको भयले गर्दा समाजले आस्था खोज्दै ती जनावरमा भर परेको व्याख्या गरेका छन्। अस्ट्रेलियाकै भित्री अर्धमरुभूमि क्षेत्रमा ठूला जनावर केही पाइँदैनथे। त्यहाँ देखिने स-साना झारपात र बाँकी रहेका केही तालका माछा र कीरा खाएर जीवन गुजार्ने आदिवासीहरूले त्यहींका स्थानीय कीरा, झारपात र जीवजन्तुलाई आफ्नो टोटेम मान्ने गर्दथे। तर, मध्य र उत्तर-पश्चिम इलाकाका आदिवासीका टोटेम निक्कै ठूला र आफ्नै समाजअनुसारका थिए। अस्ट्रेलियाको मध्यभागको अरान्डा जनजातिमा टोटेम सबैभन्दा बढी विकसित भएको पाइन्छ। त्यहाँचाहिँ जीव प्रकृतिसँग भन्दा वर्षा, सूर्य, गर्मी, हावा आदिसँग सम्बन्धित टोटेम विकसित भएको प्रमाण भेटिन्छ। टोटेम कुनै देवता वा उच्च वस्तुचाहिँ थिएन। त्यसैले टोटेमवाद भौतिक वस्तुको पूजा परिचय पनि होइन। टोटेममा देवत्वरोपण गरिँदैनथ्यो। आफू र जनावर वा कुनै वस्तुबीच रहस्यमय सम्बन्ध रहेको कुरामा गरिने विश्वास नै टोटेमवाद हो।

दक्षिण र दक्षिणपूर्वी जनजातिमा टोटेमले मानिसहरूबीच सुमधुर सम्बन्ध व्यक्त गर्दथ्यो । उनीहरू उमेरअनुसार साथी, दाजु, काका आदि साइनो लगाउने गर्दथे । साहित्यिक जस्तो लाग्ने गरी कहिलेकाहिँ आत्मीयजस्तो लाग्दा आफ्नै मासुको टुक्रा पनि भन्ने गर्दथे । यसले उनीहरूको रगतको सम्वन्धको परिचय दिन्थ्यो । मध्य अस्ट्रेलियामा त एउटा टोटेमका सवै व्यक्तिलाई घरकै मानिस जस्तो व्यवहार र माया गरिन्थ्यो । मान्छे र उसको टोटेमको वीचको सम्वन्ध सवैभन्दा पहिला आफूले मानिआएको टोटेम प्राणी मार्ने र त्यसलाई खाने सम्वन्धमा देखिन्थ्यो । उनीहरू आफूले टोटेम मानेको प्राणी या पन्छीको सिकार गर्दैनथे । यसको स्वरूप ठाउँअनुसार फरकचाहिँ हुन्थ्यो । दक्षिण-पूर्वी जनजातिमा आफ्नो टोटेमको सिकार नगर्ने चलनचाहिँ थियो तर कसैवाट सिकार गरेर दिएमा खाने चलन स्थापित थियो । मध्य अस्ट्रेलियामा चाहिँ टोटेमको मासु नखाने चलन थियो तर मार्ने चलन भने थियो । त्यस्तै, अन्य भेगमा भने मार्न र खान दुवै काममा कडाइ अपनाइने गरेको थियो । तर, अनौठो के छ भने केही स-साना इलाकामा भने कुनै अनुष्ठान वा कार्यहरूमा टोटेमको मासु अलिकति चाख्नु अनिवार्य थियो । यसले टोटेमसँग सम्वन्ध सुमधुर हुने र आफ्नै टोटेमको मासु प्रसादका रूपमा ग्रहण गरेमा कल्याण हुने विश्वास गरिन्थ्यो । यस किसिमले टोटेमको प्रचलन पनि फरक-फरक ढङ्गले स्थापित भएको थियो ।

अस्ट्रेलियनहरूको टोटेमसम्वन्धी विश्वासमा कतिपय मिथकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । पूर्वजहरूको मिथकीय विम्व टोटेमवादको सवैभन्दा ठूलो लाक्षणिक विशेषता हो । टोटेमिक पूर्वजमा विश्वास र पितृपूजालाई एउटै सम्झिने गरिन्थ्यो । पितृपूजा टोटेमभन्दा पुरानो धर्म वा विश्वासको एउटा रूप थियो । टोटेमी पूर्वज भनेको चाहिँ पितृहरू त्यो जनावर वा पन्छीवाट विकसित भएको विश्वास थियो । त्यसमा तत्कालीन सामाजिक, आर्थिक र जैविक परिस्थितिले निर्माण गरेका विभिन्न मिथकहरूलाई आधार मानेर टोटेम तय गरिएको अनुमान गरिन्छ । पूर्वजलाई कहिले जनावरको रूपमा, कहिले पन्छीको रूपमा, कहिले पुरुषको रूपमा र कहिले महिलाको रूपमा व्याख्या गर्ने गरिन्थ्यो । उनीहरूको जीवन पद्धति र वातावरणले यस्ता धार्मिक आस्था र विश्लेषणहरू तय गर्ने गरेको विर्सनुहुँदैन । कतिपय मिथकहरूले टोटेमहरू पृथ्वीमा आएर मानिस वनेको र आफू स्वयम्मा चाहिँ सन्तान उत्पादन गरेर अलप भएको निष्कर्ष निकाल्दछन् । यस विश्लेषणले मातृसत्तात्मक गोत्र व्यवस्था तिक्खर भएको मान्न सकिन्छ ।

हरेक जाति वा सभ्यतामा आफ्ना पुर्खाहरू पराक्रमी भएको, आफूहरू ईश्वर वा ठूलो शक्तिको उपासक भएको, त्यसलाई वचाइराख्नु आफ्नो दायित्व भएको र आफ्ना भावी सन्तति पनि त्यही परिधिभित्र रहिरहनुपर्ने व्याख्या गरिन्थ्यो । यीमध्ये मध्य अस्ट्रेलियाका जनजातिहरूले आफूलाई निकै बढी अनुष्ठानसँग ज़ोडेर व्याख्या गर्ने गरेका थिए । उनीहरूले नवयुवकलाई दीक्षा संस्कार दिएर योग्य वनाउने गरेको

प्रमाण पनि भेटिन्छ । यसरी विभिन्न किसिमले टोटेमलाई अनुष्ठान र जीवनशैलीसँग जोड्ने गरिन्थ्यो । नाटकीय रूपले टोटेमको पवित्र अनुष्ठानको व्याख्या पनि गरिने गर्दथ्यो । जनजातिका भौगोलिक परिवेश वा वातावरणअनुसार केही फरक र केही समान किसिमका व्याख्या पनि गरिन्थ्यो । उनीहरूले चट्टान, खाल्डो र ढुङ्गालाई उत्पत्तिको सुरुआतका वस्तु मान्ने गर्दथे । त्यस्तै आफ्नो जातिको उत्पत्ति र ती वस्तु जोडेर मिथक वा त्यस्तै कथा निर्माण गरिन्थ्यो । आफ्ना इलाकाअनुसार निर्माण गरिने यस्ता भनाइहरू निकै पछिसम्म प्रचलित थिए । मध्य अस्ट्रेलियाका जनजातिहरू मान्छेलाई आफ्नो टोटेमको जीवित रूप सम्झने गर्दथे । तैपनि मान्छे टोटेमी प्राणी होइन र अलौकिक प्राणी हो भन्ने उनीहरूको विश्वास थियो । उनीहरू मानिस मरेपछि पत्थर वा चट्टानमै गएर हराउने विश्वास गर्दथे । मानिसको जन्मलाई उनीहरू टोटेम र आफ्नो सभ्यताको उत्पत्तिसँग जोडेर हेर्थे । उनीहरू आफ्नो वंशभन्दा वढी टोटेमलाई विश्वास गर्ने गर्दथे ।

तर कुनै पनि अस्ट्रेलियाका जनजातिमा टोटेमी जीवले नै मान्छेको रूप धारण गरेको विश्वासचाहिँ देखा परेन । तुलनात्मक रूपमा विकसित वा पछौटे कुनै पनि जनजातिमा यो धारणा देखिएको प्रमाणित भएको छैन । केहीले चाहिँ मृत्युपछि शरीर ढुङ्गा हुने र आत्माले टोटेमी जीवको रूप धारण गर्ने विश्वास गरेको देखिन्छ । टोटेमवादमा रहेको एउटा मान्यता के हो भने टोटेम चिह्नको महत्त्व राख्ने भौतिक वस्तुमा अलौकिक गुण हुन्छ । यस्ता चिह्नमध्ये दीर्घ वृत्ताकार गोलो, ढुङ्गा वा काठको पट्टी एउटा हो । त्यसमा प्रतिकात्मक चिह्न वनाइएको हुन्छ । त्यसलाई टोटेमको रूप मानिन्छ । तर, उनीहरूले मान्ने गरेका पन्छी वा जनावर टोटेमसँग यसको रूप मिल्दैन पनि । यस्तो टोटेमलाई चाहिँ समूहको सम्पत्ति मानेर गोप्य ठाउँमा राखी दीक्षितहरूले पूजा गर्ने परम्परा देखिन्छ । मध्य अस्ट्रेलियामा चाहिँ यस्तो गोलाकार वस्तुबाहेक क्रस चिन्ह, लौरो वा अन्य वस्तुलाई पनि महत्त्वपूर्ण सामग्रीका रूपमा मान्ने गरिन्थ्यो । त्यसलाई त्यहाँ वानिङ्गा भन्ने गरिन्थ्यो । विभिन्न अनुष्ठानमा त्यसको प्रयोग गर्ने गरिन्थ्यो । आ-आफ्नो टोटेमअनुसार फरक-फरक वानिङ्गा प्रयोग गर्ने गरिन्थ्यो ।

टोटेमवादअनुसार टोटेमको पवित्र केन्द्रको महत्त्व निकै धेरै थियो । आ-आफ्नो गोत्रअनुसार सिकार गर्ने ठाउँ फरक थियो र विश्वास गर्ने चट्टान, रूख, जलाशय, खाडी आदि पनि फरक-फरक थिए । एउटा गोत्रको वा टोटेमको पवित्र वस्तुलाई अर्कोले सामान्य रूपले मात्र हेर्ने गर्दथ्यो । उनीहरूले चुरिङ्गा वा वानिङ्गा जस्ता वस्तुहरूलाई पनि त्यसैगरी मिथकका आधारमा विश्वास निर्माण गरी राख्ने गर्दथे । आफ्नो चुरिङ्गा वा वानिङ्गामा अन्य टोटेमको व्यक्तिलाई आउन निषेध थियो । टोटेमका माध्यमवाट एक अर्कामा नजिक हुने र टोटेमका हर्ताकर्ताहरूले आफ्नो प्रभाव देखाउने कुरा पनि समाजअनुसार सामान्य नै हुने गर्दथ्यो । दक्षिण-पूर्वी जनजातिहरू चाहिँ शत्रुवाट बच्न टोटेमले मद्दत गर्ने विश्वास गर्दथे । उनीहरू

शत्रुलाई हानि पुऱ्याउनका लागि कहिलेकाहिँ आफ्नो टोटेमलाई पनि मार्ने गर्दथे ।

मान्छेको आफ्नो टोटेममा देखिएको आस्था र विश्वास सबै जनजातिमा पाइन्छ । मध्य अस्ट्रेलियामा भने टोटेमको संख्या बढाउन विभिन्न अनुष्ठान नै गर्ने गरिन्थ्यो । उनीहरू वर्षा ऋतुमा एकै ठाउँ जम्मा भएर टोटेमको संख्या बढाउन पूजाआजा गर्दथे । वर्षा ऋतुलाई किन पनि छानिन्थ्यो भने त्यो समयमा जनावरहरू पनि प्रशस्त खान पाएर खुसी हुन्थे अनि बोट-बिरुवा पनि हराभरा हुने गर्दथे । उनीहरू आफूले मन्त्र पढेपछि जनावर सक्रिय भएर खुसी हुने अनि संख्या बढ्ने विश्वास गर्दथे । यसप्रकार उनीहरूले फरक-फरक किंवदन्तीअनुसार आफूलाई चलाएका थिए । उनीहरूको सम्पूर्ण जीवन टोटेम र वातावरणमा आधारित हुन्थ्यो । उनीहरू आफ्नो टोटेमको सोचअनुसारको काम गराउन ढुङ्गा, रूख, सूर्य, पानी आदिले स्वागत गर्ने विश्वासले विभिन्न अनुष्ठानमा मानिसको रगत छर्किने, ढुङ्गा हान्ने, मन्त्र पढ्दै पूरै गाउँ थर्काउने जस्ता काम गर्दथे । केही अनुष्ठानहरू मानिसका लागि पीडादायी पनि हुने गर्दथे । टोटेमकै मासु खानेहरूले अनुष्ठानको अन्त्यमा प्रसादका रूपमा मासु खान्थे भने नखाने समुदायकाहरूले अन्य जनावरको मासु खाने गर्दथे ।

अस्ट्रेलियाका जनजातिहरूको टोटेमवाद गोत्र समुदायको एउटा चरम रूप हो । यो टोटेमवादले रगतको सम्बन्धको व्यवहारको नमुनाको काम पनि गरेको छ । प्रकृतिसँग नजिक रहेर आफ्नो गोत्र स्थापना गर्ने मानिसको चलनको यो एउटा उच्चतम रूप पनि हो । जीवन र वनस्पति , मानिस र जीवन तथा वनस्पति र मानिस आदि विषयमा वातावरण र बाध्यताजस्ता विषयले उनीहरूको यो धारणा विकसित भएको थियो । आदिम समुदायको आफ्नो प्रदेश, भूमि, चेतना र पूर्वजहरूसम्बन्धी धारणा जस्ता विषयले टोटेमवाद निर्माण भएको थियो ।

यति हुँदाहुँदै पनि टोटेमवाद अस्ट्रेलियाका जनजातिको धर्मको एक मात्र रूप होइन, बरु यो सबैभन्दा महत्त्वपूर्ण हुन सक्छ । उनीहरूका धार्मिक विश्वासका अन्य आधारहरू पनि फेला परेका छन् । ती आधारहरूले उनीहरूको जीवनको स्थिति र भूगोल तथा सामाजिक परिस्थितिको परिचय दिने गरेका छन् । अस्ट्रेलियाका मूलवासी शत्रुबाट गरिने टुना वा जादुमा विश्वास गर्दथे । उनीहरू कुनै पनि दुर्घटना, बिमार वा मृत्युलाई शत्रुको टुनाको प्रतिफल मान्ने गर्दथे । उदाहरणका लागि रूख ढलेर वा ढुङ्गाले किचेर कसैको मृत्यु भयो भने उनीहरू त्यसको पछाडि को छ ? उसलाई नै शत्रु मान्ने गर्दथे । कोही मरेपछि उनीहरू अनुष्ठान गरेर शत्रु कुन दिशाबाट आएको हो, कुन समुदायको हो र त्यसलाई कसरी नष्ट गर्ने भन्ने धारणा बनाउँथे । यसले गर्दा अन्य समुदायसँग वा कहिलेकाहीं आफ्नै समुदायका व्यक्तिहरूसँग झडप पनि निम्तिने गर्दथ्यो ।

उनीहरूको टुनासम्बन्धी सोचजस्तै टुना प्रयोगको तरिका पनि फरक थियो । जो मानिसविरुद्ध उनीहरूले टुना लगाउनु छ, टाढाबाट हड्डी वा लौरोमा उसलाई निसाना साँध्ने गरिन्थ्यो । त्यसपछि झाँक्री वा सिद्धप्राप्त व्यक्तिले मन्त्र पढेर उसमाथि

नराम्रो फलाक्दै श्राप दिने गरिन्थ्यो । टुना गरिएका वा शत्रु साँधिएको व्यक्तिको मनोविज्ञान कस्तो हुन्थ्यो भने विश्वासकै कारण उसको होसहवास उड्थ्यो । जादुको असर नभए पनि विश्वासले नै कहिलेकाहीं टुना गरिएका व्यक्तिको मृत्यु हुने गर्दथ्यो । यस्ता घटनाले जादु-टुनालाई अझ बढी दह्रो बनाएको थियो । समाजमा बारम्बार यस्ता घटना दोहोरिँदै जाँदा प्रतिशोधहरू पनि भइरहने गर्दथे । अर्को समुदायको मन नपरेको व्यक्तिसँग प्रतिशोध लिनका लागि जादु-टुना महत्त्वपूर्ण माध्यम थियो। उनीहरू अरूलाई अनिष्ट गर्ने काममा दक्षचाहिँ थिएनन् । तर, त्यसप्रतिको विश्वास एकदम प्रवल थियो । यो प्रथाले त्यहाँका विभिन्न समुदायवीच वा आफू-आफूमै कलह, झगडा र मारपिट बारम्वार दोहोरिने परम्परा विकसित भयो । उनीहरूको मानसिकता वढी जंगली किसिमको हुनुको पछाडि यो विश्वास पनि मुख्य हो भन्ने अहिले विश्लेषण गर्न सकिन्छ ।

झारफुकको प्रथा पनि अस्ट्रेलियाका सबै जनजातिमा एकै किसिमको थियो । उनीहरू यो प्रथालाई पनि निकै विश्वास गर्दथे । तर, त्यससँगै जोडिएको लोक चिकित्सक पद्धतिचाहिँ एक हदसम्म समाजमुखी र वैज्ञानिक थियो । अस्ट्रेलियाका जनजातिमा केही समयअघिसम्म यो प्रथा पाइन्थ्यो । मालिस गर्ने, थेरापी गर्ने, जडीवुटी प्रयोग गर्ने जस्ता प्रचलनचाहिँ अवैज्ञानिक थिए भन्न मिल्दैन । यो पद्धतिका साधनहरू सवैको पहुँचमा हुने गर्दथ्यो । हरेक समुदायमा झाँक्री वा औषधि बुझ्केको एउटा व्यक्ति हुन्थ्यो । तर, त्यस्ता सिद्ध व्यक्तिहरूले मन्त्र पढेर वा चुसेर शरीरभित्रका ढुङ्गा वा रोग वाहिर निकाल्ने गरेका किंवदन्तीमा उनीहरू बढी विश्वास गर्ने गर्दथे । उनीहरूले प्रेतात्मा, भूत, नरपिचाशजस्ता अदृश्य शक्तिहरूको पनि पूजा गर्ने गर्दथे । उनीहरूलाई विश्वासमा नलिए मानव कल्याण हुन सक्दैन भन्ने त्यहाँका जनजातिको विश्वास थियो । अस्ट्रेलियाका जनजातिहरूले आफूलाई एक चरणमा उन्नत तहमा पुऱ्याएर त्यसभन्दा अघि बढ्न नसक्नुको पछाडि यस्तै कारण रहेका थिए ।

झाँक्रीहरूको जस्तै काम गर्ने अर्को एउटा व्यक्ति हुन्थ्यो । उसले चाहिँ मौसमसम्बन्धी जादु गर्ने विश्वास गरिन्थ्यो । उसले कुन मौसममा कस्तो जनावर कुन दिशामा पाइन्छ, कहिले सिकार सजिलै पाइन्छ, कहिले पानी पर्छ र कहिले घाम लाग्छ जस्ता जीवनसँग जोडिएका विषयमा भविष्यवाणी गर्ने गर्दथ्यो । लैङ्गिक टुना पनि त्यहाँका जनजातिमा चर्चित थियो । एसियाली मूलमा मोहनी लगाउने भने जस्तै त्यहाँ विभिन्न गहना लगाएर स्त्रीलाई आकर्षित गर्ने चलन थियो । त्यसमा पनि जान्ने मानिसले मन्त्र पाठ गरेर ती गहना लगाइदिनुपर्ने विश्वास गरिन्थ्यो । जति पनि समाजमा प्रेम वा आशक्तिका व्यवहार हुन्थे, ती सवैलाई गहनाको प्रभावले भएको जादुको रूपमा व्याख्या गरिन्थ्यो ।

अस्ट्रेलियाका जनजातिहरूमा महिलालाई खास स्थान दिइएको पाइँदैन । धार्मिक वा सामाजिक अनुष्ठानहरूमा पुरुषलाई मात्र स्थान दिइन्थ्यो । सबै अनुष्ठानहरू पुरुषले नै सम्पन्न गर्थे । स्त्रीहरू छेउछाउमा जान पनि नपाउने भएकाले उनीहरूले टाढैबाट

पुरुषहरूलाई कामले सघाएर सहयोग गर्न मात्र सक्थे । तर, पछिल्ला खोजहरूले यससँगै अन्य महत्त्वपूर्ण कुराहरू पनि सार्वजनिक गरेको छ । प्राचीनकालमा त्यहाँ मातृसत्तात्मक समाज थियो भन्ने देखिन्छ । महिलाहरू धार्मिक कार्यमा बढी सक्रिय भएको, उनीहरूले घर व्यवहार धानेको र सिकार वा रोजीरोटीका प्रत्यक्ष विषयमा मात्र पुरुषहरू सक्रिय भएको लोककथाहरू पाइन्छन् । यसले के देखाउँछ भने कुनै समयमा त्यहाँ महिला सक्रियता बढी थियो र त्यसो समाज मातृसत्तात्मक थियो । कतिसम्म भने महिलाले गरेका अनुष्ठानहरूमा पुरुषलाई प्रवेश निषेध थियो । अर्कोतिर पुरुषले गर्ने कतिपय अनुष्ठानमा चाहिँ पछिसम्म पनि महिलालाई अनिवार्य उपस्थिति गराइन्थ्यो ।

अस्ट्रेलियाका जनजातिहरूको अन्त्येष्टि संस्कारबाट पनि उनीहरूको धर्म र विश्वासका कतिपय पाटाहरू सार्वजनिक हुन्छन् । उनीहरूले चिहानघारीमा लासलाई सुताएर, दोबारेर, बाँधेर वा फरक-फरक रूपले गाड्ने गरेको प्रमाण भेटिएका छन् । त्यस्तै, शवलाई रूखमा झुन्डयाउने, खुला ठाउँमा छोड्ने र काटेर खाने चलन पनि फेला परेका छन् । कतिपयले शवलाई धुवाँमा सुकाएर आफूसँगै लिएर जाने वा केही समयपछि अनुष्ठान गरेर जलाउने गरेको प्रमाण फेला परेका छन् । दक्षिणी भागमा रहने जनजातिहरूमा चाहिँ कोही मानिस मरेपछि लास त्यहीँ छोडेर वसाइँ सर्ने चलन थियो । यी घटनाले के देखाउँछ भने उनीहरूको समुदायबीच पनि एउटै धारणा थिएन । त्यस्तै, समयअनुसार धर्म र अन्य विषयमा उनीहरूको धारणा फेरिइरहेको थियो । कतिपय जनजातिले मृतकको आत्मा पृथ्वीमा घुमिरहने विश्वास गर्दथे । कतिपयले आकाशमा जाने विश्वास गर्दथे भने कतिपयले मृत्युसँगै आत्मा पनि मर्ने विश्वास गर्दथे । तर, यति भए पनि समाजमा देखिएका धेरै वस्तु र मानिसको आत्माको सम्वन्ध रहेका किंवदन्तीहरू फेला पर्नुले त्यहाँका आदिवासीहरूले गर्ने गरेको जनावरको पूजा पछिसम्म टिकिरहेको मान्न सकिन्छ । त्यहाँका जनजातिहरू निकै पौराणिक तर समृद्ध रहेको पाइन्छ । टोटेमी मिथकमा आएका कतिपय सन्दर्भ र अन्य मिथकहरूले यो कुराको प्रमाण दिन्छन् । उनीहरू विभिन्न जीवजन्तु, सूर्य, चन्द्रमा र तारासम्बन्धी मिथकमा विश्वास गर्दथे । सोझो रूपमा ती मिथकहरू धर्मसँग सम्वन्धित नभए पनि उनीहरूको धार्मिक धारणा अध्ययन गर्न यस्ता वस्तुको अध्ययन पनि आवश्यक हुन्छ । विभिन्न जनावरलाई उनीहरू विभिन्न गुणयुक्त सम्झने गर्दथे । कतिपय मिथकहरू सूर्यको उत्पत्तिको विषयमा थिए भने स्त्री र पुरुषको विषयमा पनि यस्तै मिथकले धारणा बनाउन मद्दत गरेको थियो । उनीहरू चन्द्रमालाई पुरुष र सूर्यलाई कुनै समय पृथ्वीमा रहने महिलाको रूपमा व्याख्या गर्दथे । सांस्कृतिक नायकका मिथकहरू पनि समाजमा व्याप्त थिए । त्यस्तै पानी र आगोका मिथकहरू पनि थिए । यस्ता मिथकहरूले विवाह पद्धति झाँक्री वा धामी वन्ने दीक्षाविधि, अर्धपशु वा अर्धमानव रूपका कतिपय सामाजिक नायकका कथाहरूमा उनीहरूका विश्वास प्रतीत हुन्थे । कतिपय मिथकचाहिँ धार्मिक अनुष्ठानसँग जोडिएर धर्मकै अङ्ग वन्न पुगेका थिए । सबै जनजाति समुदायमा समाज परिवर्तन हुँदै गएको

विश्वास थियो । आफ्नो टोटेम र आफू बस्ने धर्ती पहिला अलौकिक शक्तिले युक्त भएको र फेरि त्यस्तै हुने उनीहरूको विश्वास थियो । उनीहरू जमिनको भित्रभित्र वा आकाशमाथि उडेर काल्पनिक संसारमा फेरि कुनै दिन पुग्न सकिने विश्वास गर्दथे । त्यतिबेला सूर्य, चन्द्रमा, तारा आफ्ना पुर्खा र सबै जीवजन्तु कुनै दिन सँगै रहेका कथाहरू सुनाउने गरिन्थ्यो । अन्य समुदाय र जातिमा पनि पाइने उनीहरूको यो विश्वास अलि बढी रूढिग्रस्त थियो ।

अस्ट्रेलियाका जनजातिको अध्ययन गर्दा हामी अर्को अनौठो तथ्य पनि पाउँछौं । उनीहरू एउटै भूगोलमा फरक-फरक गोत्र, त्यसभित्रको संघर्ष र विविधता स्विकारेर बसेका थिए । त्यति भए पनि उनीहरू समग्रमा चाहिँ उस्तै नै थिए । उनीहरूको आफ्नो सानो समुदायबाहेक अन्य समुदायसँग घुलमिल गर्ने परम्परा थिएन । त्यस्तो समुदायले आफ्नो लागि सामान्य नीति-नियम आफैं परिवर्तन गर्दै जान्थ्यो । बिस्तारै छुट्टिएर गएको अर्को समुदायसँग उसको जीवनशैली फरक हुँदै जान्थ्यो । त्यहाँ कुनै शासन थिएन, कोही सरदार थिएन र परिषद् थिएन । उनीहरू कुनै समयमा एकै ठाउँ भेला हुन्थे र समस्या आइपरेपछि छलफल गर्थे । समस्या नहुँदा नाचगान गर्दै धार्मिक अनुष्ठान सम्पन्न गर्थे । नवयुवकहरूलाई दीक्षा दिँदा पनि त्यस्ता अनुष्ठान गर्ने गरिन्थ्यो । दीक्षा संस्कार कुनै युवक वयस्क भएपछि गर्ने गरिन्थ्यो र त्यसपछि ऊ विवाहयोग्य हुन्थ्यो । किशोरावस्थामा भने हरेकलाई केही कठिन घडी पार गन जरुरी थियो । उनीहरूले आखेटसम्बन्धी विशेष काम गर्नुपर्थ्यो भने शारीरिक सुदृढताका लागि लामो अभ्यास जरुरी थियो । उनीहरूलाई कडा घेरामा राख्ने गरिन्थ्यो र खटाएको खानेकुरा मात्र खान दिइन्थ्यो । त्यो समयमा उनीहरूलाई बोल्नसमेत दिइँदैनथ्यो । आफ्नो जातिका नैतिक नियम र प्रथाहरूलाई पूरै सम्मान गर्न सिकेपछि बल्ल उनीहरू दीक्षाका लागि योग्य हुन्थे । यो समयमा हरेक किशोरलाई शरीरका विभिन्न ठाउँमा काटेर निसाना लगाइन्थ्यो र बल्ल ऊ दीक्षित हुन योग्य ठानिथ्यो । कसैको अगाडिको दाँत भाँचिन्थ्यो भने, कसैको कपाल उखेलेर फ्याँकिन्थ्यो । उनीहरूलाई आगोमा कुद्ने, जनावरहरूसँग कुस्ती खेल्ने जस्ता कठिन परीक्षामा सामेल गराइन्थ्यो । चुपचाप यी सबै अन्यायपूर्ण आदेशहरू पालन गर्ने युवक मात्र दीक्षित हुन योग्य हुन्थ्यो । तर दीक्षामा चाहिँ महिलाको पछि नलाग्नु, कुकुरलाई नकुट्नु, ठूलोले भनेको मान्नु, भाइबहिनी र साथीहरूसँग झगडा नगर्नु, मामा र काकाका छोरीहरूसँग टाढै बस्नु तथा आत्मनियन्त्रण नगुमाउनु भन्ने गरिन्थ्यो ।

अहिलेको मुस्लिम समाजमा खतना भनिने लिंग काट्ने परम्पराले विद्वान्हरूलाई सभ्यताको अध्ययन गर्न निकै अप्ठ्यारो पारेको छ । त्यो प्रचलन अस्ट्रेलियाका जनजातिमा पनि देख्न सकिन्छ । उनीहरूले दीक्षासँगै युवकहरूको लिंगको छाला काट्ने गर्दथे । यो प्रथाको उत्पत्ति र महत्त्वका विषयमा अलग-अलग धारणा छन् । स्वच्छताका रूपमा धार्मिक व्यक्तिहरूले व्याख्या गरे पनि यसको उत्पत्ति र फैलावटको विषयमा भने सबैको एकमत छैन । सम्भवतः दीक्षाको महत्त्वपूर्ण उद्देश्य आफूलाई संयममा राखेर कामुक नबन्नु पनि हो । खतनाले मानिसलाई केही समय शुद्ध राख्ने

र शुद्ध सोचमा लैजाने भएकाले त्यसका लागि यो प्रथा सुरु भएको अनुमान गर्न सकिन्छ। मध्य अस्ट्रेलियाका विभिन्न क्षेत्रका जनजातिहरूमा चाहिँ दीक्षाको समयमा किशोरहरूलाई टोटेमी अनुष्ठान देखाउने र सुनाउने गरिन्थ्यो। आफ्नो गोत्रभित्रका विभिन्न किंवदन्ती, विश्वास र अन्धविश्वासहरू उनीहरूले सुनाउने गर्दथे। कतिपय जनजातिहरूमा यस्ता विश्वास र त्यहाँ सुनाएका विषय जीवनभर पालना गर्नुपर्ने चलन थियो। दीक्षा प्राप्त गर्ने किशोरलाई कुनै शक्तिशाली प्रेतात्माले मारेर फेरि जीवित पारेको विश्वास गरिन्थ्यो। दीक्षापछि उसको फेरि पुनर्जन्म भएको विश्वास गरिन्थ्यो। अदीक्षित व्यक्तिलाई समाजका महत्त्वपूर्ण छलफल, अनुष्ठान वा जिम्मेवारीबाट वञ्चित गरिन्थ्यो। उसलाई कुनै पनि कामका लागि योग्य नभएको मान्ने गरिन्थ्यो।

दक्षिण-पूर्वी जनजातिहरू सामाजिक विकासको केही माथिल्लो तहमा थिए। उनीहरू आकाशवासी देवतालाई मान्ने गर्दथे। उनीहरूमा पनि टोटेम वा गोत्रप्रथा थियो। तर, सांस्कृतिक नायक, आफ्नो गोत्र परम्परा र आकाश देवतालाई आधार मानेर नैतिक मापदण्ड, सामाजिक नियम र विवाह परम्परा निर्माण गर्ने गरिन्थ्यो। उनीहरूमा पनि दीक्षा कर्मको प्रचलन थियो। उनीहरूले आफ्नो दीक्षा कर्ममा आकाशका देवतालाई जोड्ने गर्दथे।

अस्ट्रेलियाका जनजातिहरूको धर्मको उपयुक्त अध्ययन गर्दा उनीहरूको आर्थिक र सामाजिक परिस्थिति प्रस्टसँग अगाडि आउँछ। विभिन्न आखेटजन्य सामग्रीको प्रयोग, खाद्यसंग्रह गर्ने अर्थव्यवस्था, गोत्रभित्र विशेष सामीप्य राख्ने प्रचलन र सिकारी समुदायको रहनसहन जस्ता पाटाहरू उनीहरूमा रहेको पाइन्छ। त्यस्तै, जादु र टुनासम्बन्धी विश्वासले जातीय कलहको परिचय दिन्छ भने झारफुकसम्बन्धी विश्वासले बिरामीलाई सान्त्वना दिने र जडीबुटीले चाहिँ एक हदसम्म निको पार्ने प्रथाको विकास भएको देखिन्छ। अस्ट्रेलियाका जनजातिहरूमा धर्मको जटिल रूपको भ्रूण अवस्था देखापर्छ। वैयक्तिक टोटेमवाद, झाँक्री प्रथा र जनजाति देवताको उपासना यसका प्रमाणहरू हुन्। अलौकिक वस्तुमा रहेको उनीहरूको विश्वास पनि हामीले विश्लेषण गर्न छोड्नुहुँदैन। उनीहरू पृथ्वीभन्दा निकै टाढाका र नसुनिएका वस्तुहरूमा विश्वास गर्दैनथे। उनीहरू हरेक वस्तु पृथ्वी र मानिसको निकट भएको विश्वास गर्दथे। हुन त धर्मको प्रारम्भिक चरणमा प्राकृतिक र अलौकिक वस्तुको विभाजन यसैगरी हुने गर्दछ। तर, अस्ट्रेलियाका जनजातिमा प्राचीन पौराणिक कालमाथिको विश्वास पनि अभूतपूर्व छ। उनीहरू मानिस आकाशमा उड्थ्यो, जनावरको रूप धारण गर्न सक्थ्यो र जमिनमुनिबाट हिँड्न सक्थ्यो भन्ने विश्वास गर्दथे। उनीहरूले गरेको जादु वा त्यस्ता चमत्कारप्रतिको विश्वास झारफुक र टुनासम्बन्धी विश्वास आदिले जीववादी मान्यता र आत्मा तथा प्रेतात्मामाथिको विश्वास हो अझ बढी रहेको पाइन्छ। तर, उनीहरूको विश्वास केही अस्पष्ट देखिन्छ। उनीहरूको टोटेम, दीक्षा, अनुष्ठान आदिमा नृत्य र अभिनयको चलन रहेको पनि देखिन्छ।

उनीहरूको धर्मबाट पूजा-प्रार्थनाभन्दा तन्त्रमन्त्रमा विश्वास रहेको देखिन्छ। उनीहरूका अनुष्ठानहरूमा मासु खाने र बलि दिने चलन छोड्ने हो भने बलिप्रथा पनि नाम मात्रैको देखापर्छ। उनीहरूले कुनै पूजा गरेको, घर या मन्दिर बनाएको अहिलेसम्म फेला परेको छैन। पवित्र स्थलका रूपमा खाल्डो, चट्टान वा गुफालाई उनीहरूले मान्ने गरेका थिए, जहाँ आस्था सामग्री मानिने वस्तुलाई लगेर राख्ने गरिन्थ्यो। त्यस्तै, पुरोहित वा समाजको विशिष्ट वर्गको अस्तित्व पनि पाइँदैन, समाजकै दीक्षित झाँक्री वा धामीले सबै काम सम्पन्न गरेको देखिन्छ। उनीहरूले पितृपूजा गरेको पनि पाइँदैन। आफ्नो पुर्खाका रूपमा अर्धपशु र अर्धमानवलाई स्वीकार गरेको पाइन्छ। यो काल्पनिक जनावरलाई मानेका कारण उनीहरूमा पितृपूजा गर्ने चलन सुरु नभएको देखिन्छ। प्रकृति पूजा या त्यस किसिमका कुनै पनि प्रमाण अस्ट्रेलियामा पाइँदैन। प्रचलनमा रहेका कतिपय मिथकहरूले सूर्य, चन्द्र र ताराको कुरा गरे पनि त्यहाँ उनीहरूको धार्मिक महत्त्व भएको देखिँदैन। कसै-कसैले सूर्यलाई आफ्नो टोटेम वा गोत्रको मूल वस्तु मान्ने गरेको पाइन्छ। त्यस्तै, आकाशमा ठूलो खुट्टा भएको विशाल मानिस आफ्नो सन्तान लिएर बसेको कथा सबै समुदायमा व्याप्त भए पनि न उसको पूजा गरिन्थ्यो न त ऊबाट कोही डराउँथ्यो। सृष्टिको विषयमा मिथकहरू निकै कम छन्। आफ्नो गोत्रको र सांस्कृतिक नायकको मिथकमा उनीहरू विश्वास गर्दथे भने पशुपन्छीका विषयमा पनि केही मिथक निर्माण भएका थिए। ब्रह्माण्ड, पृथ्वी र आकाशको उत्पत्तिका विषयमा उनीहरूलाई खास वास्ता थिएन। उनीहरू परलोकमा विश्वास गर्दैनथे। आत्मामा विश्वास गरे पनि मृत्युको केहीपछि आत्मा पनि मर्ने उनीहरूको विश्वास थियो। धार्मिक विश्वासमा आत्माले महत्त्वपूर्ण भूमिका ननिभाएपछि उनीहरू आत्मा र धर्मलाई जोड्दैनथे। अतः अस्ट्रेलियाको जनजातिको धार्मिक विश्वासलाई गोत्रात्मक व्यवस्थाका रूपमा मान्ने गरिन्छ।

अस्ट्रेलियाका आदिवासीहरूको धार्मिक विश्वास र अनुष्ठानमा भूतकालको बढी सम्बन्ध थियो। १८औं शताब्दीको अन्त्यमा अंग्रेजहरूले अस्ट्रेलियामा उपनिवेश सुरु गरे। त्यसयता अहिलेसम्म अधिकांश जनजाति मासिएका छन्। देशको उत्तरी र भित्री भागमा उनीहरूको अस्तित्व रहे पनि आफ्नो संस्कृति र मान्यता उनीहरूले बिर्सिएका छन्। आज उनीहरू क्रिस्चियन भएका छन् र उनीहरूको समाजमा अन्य धार्मिक अनुष्ठान गर्न बन्देजजस्तै छ। यो अवस्थापूर्व केही चर्चहरू उदार भएको जस्तो गरेर आदिवासीलाई इसाई बनाउन सफल भए भने धेरैले चाहिँ बन्देज लगाएर नै उनीहरूलाई इसाई बनाए। केही चर्चमा चाहिँ त्यहाँका जनजातिहरूलाई उनीहरूको धर्ती, गोत्र, श्रीमती, बालबच्चा र सम्पूर्ण जीवनको रक्षक यशु भएको रट्न लगाइयो। लकउड डगलसले सन् १९६२ मा प्रकाशन गरेको द एबओरिजिनल नामक पुस्तकमा उनीहरूमाथि अंग्रेजहरूले गरेको ज्यादती र उनीहरूले आफूलाई इसाई बनाउँदै गरेको घटनाको विवरण उल्लेख छ।

अहिले पनि उपनिवेशभन्दा टाढा रहेका केही गाउँमा आदिवासीहरू छन् । तर उनीहरूको पुरानो पुस्ताले अस्वीकार गरे पनि नयाँ पुस्ता पूरै अंग्रेज जातिको सान र वैभवप्रति आकर्षित छ । नयाँ पुस्ताले आफ्नो प्रथा विर्सिएको छ र उसले आफ्नो टोटेमी परम्पराको जानकारी दिन चाहँदैन । सम्भवत: पुरानो पुस्ताको मृत्युसँगै उनीहरूले आफ्नो सवै मौलिकता विर्सिसक्ने छन् ।

२. तस्मानी जनजातिको धार्मिक विश्वास

अस्ट्रेलियाको नजिकै रहेको तस्मानिया टापुमा रहेका जनजातिलाई सिंगो अस्ट्रेलियाको जनजातिको मूल मानिन्छ । १९औं शताव्दीमा नै उपनिवेशवादीहरूले त्यहाँका जनजातिलाई मारेर समाप्त पारे । त्यहाँको समुदायको अन्तिम जनजाति प्रतिनिधिको मृत्यु सन् १८७७ मा भएको थियो । यसले गर्दा त्यहाँको जीवन र संस्कृतिको निकै कम मात्र जानकारी हुन्छ । उनीहरूको रहनसहन र सामाजिक पद्धति अस्ट्रेलियाका अन्य जनजातिको जस्तै भए पनि केही मौलिक थियो । उनीहरू स-सानो सिकारी समूह बनाएर बस्ने गर्दथे । तर, तस्मानीहरू अन्य क्षेत्रका जनजातिभन्दा दरिद्र र अविकसित भएको विश्वास गरिन्छ । त्यहाँ पनि गोत्र परम्परा कायम रहेको विश्वास गरिन्छ । खानपिनमा उनीहरू विशेष मान्यता राख्दथे । कतिपय व्यक्ति कंगारुको मासु खाँदैनथे भने कतिपयलाई कंगारु नभई हुँदैनथ्यो । यसवाट त्यहाँ पनि गोत्र परम्परा भएको प्रमाण मिल्छ । सवै किसिमका माछा खानलाई समाजमा छुट थिएन । केही माछा खान प्रतिवन्ध थियो । यसले पनि गोत्र वा धार्मिकजस्तो लाग्ने विश्वास हावी रहेको संकेत गर्दछ ।

तस्मानीहरूको चिहान र शवदाहन प्रक्रिया केही जटिल थियो । उनीहरू मृतकको अन्त्येष्टि किसिम-किसिमले गर्दथे । जमिनमा गाड्ने, रूखमा लास राख्ने, चौरमा लास छोड्ने वा गाड्ने उनीहरूको परम्परा थियो । कसै-कसैले लास जलाएर वाँकी हड्डी जमिनमा गाड्ने गर्दथे । कसैले हड्डीको सानो झुपडीजस्तो बनाएर एकान्त स्थानमा राख्ने गर्दथे । कसैले पितृको हड्डीलाई पवित्र मानेर आफ्नै साथ राख्ने गर्दथे । मृतक र मृत्युसम्वन्धी विविध अन्धविश्वास रहेको प्रमाणको रूपमा यसलाई लिन सकिन्छ । उनीहरूमा झाँक्री प्रथा थिएन भने झारफुक प्रथा पनि भ्रूण अवस्थामा मात्र थियो । विरामी र अशक्तहरूको हेरचाहको जिम्मा महिलालाई दिइन्थ्यो । तस्मानीहरू रात र अँध्यारोसँग डराउने गर्दथे । उनीहरूलाई सधैं राति शत्रुले आक्रमण गर्ने डर हुन्थ्यो । नहोस् पनि किन ? जीववादी र अन्धविश्वासपूर्ण मान्यता रातसँग डराउँछ नै ।

***

अध्याय-३

ओसेनियाका मानिसको धर्म

जातीय दृष्टिकोणले ओसेनियाको सभ्यता विविधतापूर्ण छ। तर भाषिक दृष्टिकोणले चाहिँ यहाँका जनजातिलाई दुई असमान भागमा बाँड्न सकिन्छ। पपुवाका जनजातिहरू अहिले पनि न्युगिनीमा बस्दछन्। मलय र पोलिनेसियाई भाषा परिवारका जनजातिहरू ओसेनियाका अधिकांश ठाउँमा बस्दछन्। उनीहरू मेलानेसियाई, माइप्रोनेसियाई र पोलिनेसियाईमा विभाजित छन्। यी सबै जनजातिको सांस्कृतिक र सामाजिक विकासको स्तर अस्ट्रेलियाका जनजातिको भन्दा उन्नत छ। तर, ओसेनियाका सबै भागमा उस्तै सभ्यता र आर्थिक स्तरचाहिँ छैन। सबैतिर अर्थ व्यवस्थाको मुख्य आधार कृषि हो भने सहायक आधारचाहिँ माछा मार्ने हो। पश्चिमबाट पूर्वतर्फ बढ्दै जाँदा यी टापुहरूमा सांस्कृतिक स्तर उन्नत हुँदै गएको निष्कर्षमा पुगिन्छ। पपुवाका जनजातिहरूमा अस्ट्रेलियाका आदिवासीकै जस्तै आदिम सामाजिक व्यवस्था थियो। न्युगिनीको पश्चिम भागमा आज पनि त्यसका अवशेषहरू फेला पार्न सकिन्छ। मेलानेसियाई जनजातिको सामुदायिक गोत्र व्यवस्था विघटन भएको प्रमाण फेला पार्न सकिन्छ। उत्तर-पश्चिम मेलानेसियामा सामाजिक गठनका आदिम रूपहरू अझै पनि देख्न सकिन्छ। तर, जतिजति हामी दक्षिण-पूर्वतर्फ अध्ययन गर्छौं त्यतित्यति गोत्र व्यवस्था विघटन भएको प्रमाण फेला पार्छौं। न्यू केलिडोनिया र फिजीका टापुमा हामी प्रारम्भिक वर्गीय समाज र आदिम धर्मराज्यतर्फ समाज बढिरहेको देख्न सक्छौं। विकासका लगभग उही स्तरमा दक्षिण पश्चिमी र पश्चिमी पोलिनेसिया, न्युजिल्यान्ड र समोआका जनजातिलाई पनि देख्न सकिन्छ। पोलिनेसियाको अर्को भाग हवाईद्वीपमा सामुदायिक गोत्र पद्धति विघटनको प्रक्रिया पूरा भएको छ। त्यहाँ आरम्भिक वर्गीय ढाँचाअनुसार स-साना राज्य अस्तित्वमा आएका थिए। माइक्रोनेसियामा सामाजिक गठनका प्राचीन र विकसित रूप मातृसत्ता तथा जातिप्रथाको अद्भूत मिश्रण पाइन्छ। सामाजिक र सांस्कृतिक विकासको स्तरअनुसार धर्म निर्धारण हुने गर्दछ। ओसेनियाका सबै जनजातिको धार्मिक विश्वासमा समानता भए पनि

विभिन्न भागमा फरक-फरक रूप पनि देख्न सकिन्छ । त्यहाँ उन्नत र प्रशस्त सन्दर्भ-सामग्री फेला पार्न सकिन्छ जसले सामुदायिक गोत्र व्यवस्था तथा प्रारम्भिक वर्गीय समाजमा धर्मको परिवर्तन पनि देखाउँछन् । भौतिक उत्पादनको परिस्थिति र सामाजिक जीवनले धार्मिक मान्यता र संकल्पलाई प्रतिविम्वित गरेको त्यो इतिहासले देखाउँछ ।

१. पपुवा र मेलानेसियाको धार्मिक विश्वास

मेलानेसियाका द्वीपहरू गर्मी र अस्वस्थकर हावापानीका कारण निकै ढिलो मात्र युरोपेलीहरूको कब्जामा पुगे । यसले गर्दा १९औं शताब्दीको उत्तरार्द्धबाट मात्र त्यहाँको अध्ययन सुरु भयो ।

टारेस जलसन्धिका द्वीपवासीहरू अस्ट्रेलियाली र मेलानेसियाली भाषा र संस्कृति अँगाल्दथे । पश्चिमी द्वीपमा अस्ट्रेलियाली वोलिन्थ्यो भने पूर्वी द्वीपमा पपुयाई । उनीहरूको अर्थ व्यवस्थाको मुख्य आधार कृषि र माछा थियो । मातृवंश गोत्र विस्तारै पितृवंश गोत्रमा परिवर्तन भएको थियो । यहाँका मानिसको धार्मिक विश्वास अहिले पनि अस्ट्रेलियाका आदिवासीसँग धेरै मिल्छ । पश्चिम द्वीपमा टोटेमवादको बोलवाला थियो भने पूर्व द्वीपमा चाहिँ केवल अवशेष फेला पर्दथ्यो । टोटेमवादमाचाहिँ मुख्यतया जीवजन्तु र मानिसलाई जोड्ने विश्वास थियो । आयुगत दीक्षा प्रणाली विस्तारै वदलियो । दीक्षा पाउने किशोरहरूले अस्ट्रेलियाका किशोरको जस्तो कठिन परीक्षा र कष्टकारी व्यवस्था सहनुपरेन । दीक्षासम्वन्धी अनुष्ठान नयाँ कपडा लगाएर, मखुन्डो लगाएर र नृत्य गरेर सम्पन्न गरिन्थ्यो । यसले गर्दा त्यहाँको दीक्षा प्रणाली शुद्ध धार्मिक र वैचारिक थियो भने अस्ट्रेलियामा चाहिँ शारीरिक पनि ।

मरिन्द-अनिम नामले चिनिने दक्षिण-पश्चिम न्युगिनीका जनजातिहरू धेरै कुरामा अस्ट्रेलियालीसँग समान थिए । उनीहरू पनि लगभग फिरन्ते शैलीको जीवन विताउँथे । खेती गरे पनि उनीहरू जंगली आहारामा भर पर्ने गर्दथे । उनीहरूको सामाजिक व्यवस्था अध्ययन गर्दा मध्यअस्ट्रेलियाका जनजातिको स्मरण हुने गर्दछ । उनीहरूको धर्मको मुख्य रूप टोटेमवाद हो । उनीहरू कैयौं कुलमा वाँडिएका थिए भने हरेकले आफ्नो उत्पत्ति कुनै न कुनै जनावरसँग जोड्ने गर्दथे । आ-आफ्नो पुर्खाको विर्ताका कथाहरू सुनाउने गर्दथे । त्यस्तै, अनुष्ठानमा आफ्नो वंशज मानिने जनावर वा अर्धपशुको अभिनय गर्ने प्रचलन थियो । उनीहरूमा मायो नाम गरेको एउटा अनौठो प्रथा पनि थियो । यसलाई अस्ट्रेलियाको जनजातिको दीक्षा संस्कारको रूपान्तर मान्न सकिन्छ ।

गोप्य अनुष्ठानमा दीक्षा प्राप्त व्यक्तिहरूले मात्र भाग लिने चलन थियो । तर, अस्ट्रेलियामा जस्तो सवै व्यक्तिलाई उमेर पुगेपछि दीक्षा दिने चलनचाहिँ थिएन । उनीहरूको धार्मिक विश्वासको सामान्य निर्धारक तत्त्व चिकित्सापद्धति र व्यवसाय पनि थियो भन्ने देखिन्छ । त्यस्तै किसिम-किसिमका जादु-टुनामा उनीहरू विश्वास गर्दथे । मरिन्द-अनिम जनजातिको समाज अन्य जनजातिभन्दा निकै फरक थियो ।

न्युगिनीको पपुवाई इलाकामा भाषिक विभाजन तीव्र थियो। एउटा गोत्र र गाउँमा बोलिने भाषा अर्को गोत्र वा गाउँमा नबुभ्नन पनि सकिन्थ्यो। यो अन्तर जादु-टुनामा गरिएको अधिक विश्वासको कारण भएको थियो। उनीहरू सबै मृत्युलाई जादु-टुनाकै परिणाम ठान्थे। उनीहरू जादुसँग धेरै डराउने गर्दथे। जादुलाई ओनिम भन्ने गरिन्थ्यो, जसको अर्थ विष पनि हुने गर्दथ्यो र औषधि पनि। सबै मृत्युको कारण ओनिम नै भएको विश्वास गरिन्थ्यो। उनीहरू अर्को गाउँका मानिसलाई टुना लगाएर आफ्नो मान्छे मारेको आरोप लगाउँथे। उनीहरूका जादु-टुना कृषिसँग सम्बन्धित पनि हुने गर्दथे। स्त्रीलाई विशेष भूमिका दिने गरिन्थ्यो। अनुष्ठानहरूमा पनि स्त्रीको महत्त्व कम थिएन। उनीहरू पूर्वजलाई आदर गर्थे र पूर्वजलाई मान्नकै लागि कपाल पूजा पनि गर्ने गर्दथे।

न्युगिनीमा रहने पश्चिमी मेलानेसियाईहरूका सामाजिक विकासका विषयमा पपुयाईभन्दा केही भिन्न मत र विश्वासहरू छन्। तर, मध्य र पूर्वी मेलानेसियामा सामाजिक व्यवस्था र धार्मिक विकासको उत्तरवर्ती रूप निकै फेला पार्न सकिन्छ। मेलानेसियाका द्वीपहरूमा पनि आदिम कृषि व्यवस्था नै मुख्य आधार थियो। तर, उत्पादनको मात्रा भने त्यहाँ निकै बढी थियो। भौगोलिक परिस्थितिको अन्तरले गर्दा त्यहाँ सिकारलाई कम महत्त्व र माछा मार्ने कामलाई बढी महत्त्व दिइन्थ्यो। समुद्री किनारका क्षेत्रमा त्यस्तो हुनु स्वाभाविक पनि थियो। तर, किनारबाट जति भित्र गयो, माछाको सट्टा जनावरको सिकार गर्ने चलन त्यति नै बढेको देख्न पाइन्छ। यसले गर्दा छोटो दूरीमा पनि विविध भाषा, जीवनशैली, संस्कार र धर्मका फरक-फरक तरिका देख्न पाइन्छ। त्यहाँको समाजमा पुरुषको गोप्यता महिलाविरुद्ध लक्षित हुन्थ्यो। न्यू केलिडोनिया र फिजीका टापुहरूमा सरदार, साधारण समुदाय सदस्य, पराश्रित किसान र दासको अस्तित्व देखापर्दछ। सामाजिक विकासको यो स्तर धर्मको क्षेत्रमा पनि प्रतिविम्बित भएको देखिन्छ।

मेलानेसियाइहरू धामी, जादुगर, साधु, प्रेतात्मा बोलाउने सिद्ध व्यक्ति आदिमा विश्वास गर्दथे। कृषि कार्य, डुंगा निर्माण, सरदारले दिएको मृत्युदण्डको कार्यान्यवन आदिमा अलग-अलग सिद्ध व्यक्तिहरू प्रयोग गरिन्थ्यो। केही द्वीपमा बिरामी निको पार्ने झाँक्रीहरू पनि थिए। उनीहरूले जादु गरेर वा मन्त्र पढेर रोगबाट शरीरलाई बाहिर फ्याँक्ने गर्दथे। दक्षिण र दक्षिणपूर्व मेलानेसियामा सामाजिक विकास निकै उच्च थियो। त्यहाँ पुरोहितको काम गर्ने व्यक्तिहरू सरदार निकटका हुने गर्दथे। पश्चिम, मध्य र दक्षिणपूर्वी मेलानेसियाको धर्मको वैचारिक अन्तरवस्तु नै जादु-टुना थियो। विभिन्न किसिमका जादु-टुना त्यस क्षेत्रमा अस्तित्वमा रहेको पाइन्छ। मानिस मार्ने जादुगरको अस्तित्व, झारफुक गर्ने लोकचिकित्सा पद्धतिमा काम गर्ने जादुगर, लडाइँसँग सम्बन्धित जादुगर सबै समाजमा रहेको देखिन्छ। उनीहरूको प्रयोग आवश्यकअनुसार गरिन्थ्यो। अर्थ व्यवस्थासँग जोडिएका जादु-टुना संयोगले मात्र सफल हुन्थे। उनीहरू असफल भएको समयमा शत्रुले निकै ठूलो जादु गरेको

सम्झने गर्दथे । त्यस्तै, सार्क वा अन्य ठूला माछा मार्ने समयमा पनि जादु-टुना गर्ने चलन थियो । तर, साना माछा मार्ने समयमा त्यसको जरुरत थिएन । घर बनाउनुअघि जादु-टुनाको चलन थिएन भने डुंगा निर्माण गर्नुअघि अनिवार्य थियो । किनभने डुंगा दुर्घटना हुने सम्भावना निकै धेरै थियो र यो बनाउन गाह्रो पनि थियो । यी सबै कुरा अध्ययन गर्दा मानिसले आफ्नो शक्तिमा विश्वास नगरेको समयमा जादु-टुना विकसित भएको निष्कर्षमा पुग्न सकिन्छ । मानिसले आफूमा नभएको क्षमता आफ्नै समुदायको अर्को व्यक्तिमा देखेर भरोसा गर्नुको विकल्प पनि थिएन । कृषिसम्वन्धी जादु-टुना अनुकरणसँग सम्वन्धित थियो । जस्तो कुनै वस्तु रोप्नुपर्‍यो भने त्यसअघि त्यही वस्तु जस्तै ढुङ्गा गाड्ने गरिन्थ्यो । त्यसलाई विशेष शक्ति मान्ने गरिन्थ्यो । त्यहाँ वस्तुले आफ्नो शक्ति भूमिलाई र भूमिले उम्रिएको विरुवालाई दिने गरेको विश्वास गरिन्थ्यो । मौसमसम्वन्धी जादु-टुना पनि अनुकरणसँग सम्वन्धित थियो । उदाहरणका लागि घाम लागेको दिन ल्याउनका लागि रातो माटो पोत्ने गरिन्थ्यो । हावा लगाउनका लागि आकाशमा चुना फ्याँक्ने गरिन्थ्यो ।

मेलानेसियायीहरूमा जादु-टुना सामाजिक शक्ति हो भन्ने विश्वास थियो । लोकमा नभएको तर ईश्वर वा कसैले दिएको शक्तिका रूपमा जादु-टुनालाई हेर्ने गरिन्थ्यो । प्रेतात्मा या ठूला मान्छेहरूले त्यसलाई प्रयोग गर्ने विश्वास गरिन्थ्यो । लाभ र हानि जे पनि पुर्‍याउन सक्ने जादु-टुनालाई उनीहरू सफलताका सूत्र पनि मान्ने गर्दथे । पुरुषको संघमा कसैले राम्रो पद पायो भने उसले जादु-टुना वढी प्रयोग गरेको विश्वास गर्ने गरिन्थ्यो । खेतमा पनि राम्रो अन्न फल्यो भने त्यहाँ प्रयोग गरिएको वस्तु असल भएको विश्लेषण गरिन्थ्यो । त्यसलाई उनीहरू माना भन्ने गर्दथे । सरदार वा सम्पन्न व्यक्तिहरूले आफूसँग शक्तिशाली मानाहरू धेरै भएको विश्वास गर्दथे । उनीहरूको जादु-टुनासम्वन्धी सवै धारणा व्यवहारभन्दा बाहिरको विषयका थिएनन् । उनीहरूको यो धारणा जीववादी मान्यतासँग जोडिएको छ । दुवैको स्रोत एउटै हो भन्ने विश्वास सबैमा थियो । तर मात्राचाहिँ धेर-थोर थियो ।

उत्तर-पशिचम मेलानेसियामा जीववाद कम विकसित थियो । त्यो त्यहाँको सामाजिक जीवनको प्रतिरूप थियो । ट्रोवियान्ड टापुमा प्रेतात्मासम्वन्धी विश्वासले खासै जरा गाडेको थिएन । तर, मध्यमेलानेसियामा जीववादको निकै ठूलो विकास भएको थियो । उनीहरू दुई किसिमका प्रेतात्मामा विश्वास गर्दथे । एउटा मरेको मानिसको प्रेतात्मा र अर्को प्राकृतिक प्रेतात्मा । जीवनसँग जोडिने चाहिँ प्राकृतिक प्रेतात्मा नै हुने गर्दथ्यो । पहाड, उपत्यका र समुद्रमा प्राकृतिक प्रेतात्मा वस्ने विश्वास गरिन्थ्यो । उनीहरू त्यस्ता प्रेतात्मा कुनै दिन मान्छे थिए भन्ने विश्वास गर्दैनथे । तर, मृत मानिसको प्रेतात्मामा चाहिँ धेरै हदसम्म विश्वास थियो ।

मेलानेसियायीहरूमा पितृपूजाको प्रचलन थियो । तर, उत्तरपशिचमी एवम् ट्रोवियान्ड द्वीपमा चाहिँ यो चलन थिएन । पूर्वजहरूलाई सम्मान गर्नका लागि मानिसको आकारको मूर्ति बनाएर पूजा गर्ने गरिन्थ्यो । कहिलेकाहीं चाहिँ पूर्वजहरूको टाउको ल्याएर मूर्तिमा

राख्ने गरिन्थ्यो । विशेष अनुष्ठानमा यो काम गरिन्थ्यो र त्यहाँ पुरुषलाई मात्र जान दिइन्थ्यो । मृत पूर्वजहरूलाई पुराना परम्पराका रक्षक मान्ने गरिन्थ्यो । विभिन्न अनुष्ठान गरेर पूर्वजहरूलाई खुसी पार्न सक्ने उनीहरूको विश्वास थियो । उनीहरूको जीववादी विश्वासको मूल आधार गोत्र संगठन र त्यससँग सम्बन्धित पितृपूजा थियो । सामान्यतया पितृपूजाको प्रथा उत्तरवर्ती कालमा विकसित भएको पाइन्छ । तर, मेलानेसिया एउटा यस्तो ठाउँ हो, जहाँ विश्वमै पहिलो पटक पितृपूजा अस्तित्वमा थियो । यसको कारण पपुयाई र मेलानेसियाईहरू मातृगोत्र व्यवस्थाबाट पैतृक गोत्र व्यवस्थातिर परिवर्तित भएका थिए । मेलानेसियाईहरूको जीववादी मान्यताको अर्को आधार सरदार पूजा पनि हो । सरदार सत्ताधारी वा समाजको प्रभावशाली व्यक्तिलाई मान्ने गरिन्थ्यो । सरदारको प्रेतात्मासँग सोझै सम्पर्क हुन्छ भन्ने विश्वास थियो । मृत सरदारको आत्मालाई पनि पूजा गर्ने गरिन्थ्यो । तर, साधारण मानिसका प्रेतात्माहरूलाई चाहिँ वास्ता गरिँदैनथ्यो । पुरुषहरूको एउटा अगुवा समूह हुन्थ्यो, जसमा झाँक्री जादुगर र पुजारीहरूको बाहुल्यता हुन्थ्यो । उनीहरू भय उत्पन्न हुने पोसाक र मखुन्डो लगाएर आफूलाई प्रेतात्माको रूपमा लिन्थे । उनीहरूले दीक्षा नपाएका व्यक्तिहरूबाट पैसा र अन्य मूल्यवान् वस्तु माग्ने गर्दथे । मेलानेसियाका कतिपय ठाउँमा ग्रामीण प्रवृत्तिका खुला समाज पनि फेला परेका छन् । त्यस्ता समाजमा चाहिँ धार्मिकभन्दा बढी सामाजिक विषय आदि हुन्थे । त्यहाँ पनि झाँक्री र अगुवाहरू हुन्थे । तर उनीहरूको महत्त्वपूर्ण कामचाहिँ आफ्ना सदस्यको सम्पत्ति रक्षा गर्ने हुन आउथ्यो । उनीहरूले आफ्ना सदस्यहरूको समूह बनाएर उनीहरूबाट विभिन्न फलफूल र विशेष चिज असुल्ने गर्दथे ।

मेलानेसियाईहरूका मिथक पनि आदिम किसिमका नै छन् । यिनीहरूका धेरै मिथकहरू प्राकृतिक घटना र प्रथाका बारेमा छन् । तर, उनीहरूको धर्मसँग प्रत्यक्ष सम्बन्ध थिएन । धर्म र जादु-टुनासँग सम्बन्धित मिथकहरू पनि निकै चलनमा थिए । त्यस्तै सांस्कृतिक नायकका मिथकहरू, जुम्ल्याहा दाजुभाइका मिथक आदि पनि चलनमा थिए । जसमा एकजनालाई मूर्ख र अर्कोलाई बुद्धिमान, एउटालाई सुखी र अर्को दुःखी बनाएर चित्रण गरिन्थ्यो । मेलानसियामा टोटेमवादको अवशेष जहाँ पनि फेला परेका छन् । तर समयअनुसार गोत्रप्रथा पनि फेरिँदै गएको देखिन्छ । हरेक व्यक्तिको कुनै न कुनै जनावर वा अर्को जीवित वा काल्पनिक वस्तुसँग विशेष सम्बन्ध भएको विश्वास गरिन्थ्यो । हरेक बालकलाई गर्भमा रहँदादेखि नै आमालाई आश्चर्यचकित बनाएको घटना सुनाएर आफू अलौकिक भएको महसुस गराइन्थ्यो । फिजी द्वीपमा चाहिँ टोटेमवाद निकै फरक किसिमको थियो । पूरै टोटेमलाई जनजातिको इष्टदेव मान्ने गरिन्थ्यो ।

यस प्रकारका मेलानेसियाका विभिन्न भागमा धर्मका मुख्य विशेषताहरू जादु-टुना, जीववाद र विशेष शक्ति, मानाको संकल्प आदिमा विश्वास गरिन्थ्यो । धर्मको विकासको उच्च रूप दक्षिण-पूर्वमा बढी थियो । यहाँका बासिन्दाहरू एउटा ईश्वरमा नभएर धेरै प्रेतात्मामा विश्वास गर्दथे । सांस्कृतिक नायक र प्रेतात्माबाहेक

सृष्टि रचनाको मिथक अस्तित्वमा पाइँदैन। धर्मको संगठित रूप पनि पाइँदैनथ्यो। त्यस्तै केही पवित्र स्थलमा मन्दिरजस्ता लाग्ने पूजागृह फेला परे पनि तिनीहरू तन्त्र र जादुसँग सम्वन्धित अनुष्ठान गर्ने ठाउँ मात्र थिए भन्ने प्रमाणित भएको छ।

२. पोलिनेसियाईहरूको धार्मिक विश्वास

पोलिनेसिया भौगोलिक रूपमा मात्र नभएर सांस्कृतिक रूपमा पनि मेलानेसियासँग जोडिएको छ। त्यहाँ पनि अर्थ व्यवस्थाको आधार आदिम कृषि र माछा मार्ने पेसा थियो। तर, जीवन पद्धतिचाहिँ निकै फरक थियो। पोलिनेसियाका साना र थोरै प्राकृतिक संसाधनयुक्त टापुहरूमा जीवन जटिल भएकाले त्यहाँका मानिस मेहनती बन्नुपर्दथ्यो। त्यहाँ हस्तकलाको उन्नति भएको थियो। कृषियोग्य भूमि कम भएकाले सम्पन्न र विपन्न वर्ग छुट्टिएको थियो। यसले गर्दा मेलानेसियाभन्दा यहाँ समाज गतिशील थियो। पोलिनेसियामा चाहिँ गोत्र सम्वन्धका अवशेष पितृसत्तात्मक परिवारका रूपमा फेला परेका छन्। प्रस्ट रूपमा श्रेणीगत विभाजन लगभग पोलिनेसियाई द्वीपहरूमा पाइने गर्दछ।

समाजमा सर्वोच्च स्थान सरदारको थियो। उनीहरू वंशाणुगत रूपमा नै सम्पन्न मानिन्थे। त्यसपछिको स्थान भू-स्वामी वा हरेक गोत्रका अगुवाहरूको समूहले लिन्थ्यो। त्यसपछि अर्धपराश्रित र पराश्रित एवम् अर्धदासहरूको समह थियो। केही द्वीपमा दासलाई समाजभन्दा छुट्टै राख्ने चलन पनि थियो। समाजमा वर्ग विभाजनको प्रारम्भिक रूपको यो विभाजनमा एउटा समूहले अर्को समूहसँग गर्ने विवाह प्रतिबन्धित थियो। मेलानेसियाईहरूको तुलनामा विकसित यो सामाजिक व्यवस्थाको छाप पोलिनेसियाइहरूको धर्ममा पनि पऱ्यो। उनीहरूमाथि १९औं शताब्दीमा युरोपेली र अमेरिकीहरूले शासन गरेको हुनाले उनीहरूको पुरानो संरचना र संस्कृति विघटन भइसकेको छ। २०औं शताब्दीमा नै लगभग उनीहरूले आफ्नो सभ्यता बिर्सिसकेका थिए। त्यस समयका वूढापाकाहरूले सम्झना र श्रुतिका आधारमा सुनाएका विषय निकै रोचक र जमनकारीमूलक थिए। तर, उपनिवेशको केही दशकमै उनीहरू इसाई बन्न बाध्य भए र आफ्ना सबै पुराना विषय त्याग्न पुगे। पोलिनेसियाईहरूको सामाजिक स्तरमा मुखिया र सरदारले आफूहरू धर्मको अंग बनेर राज्य टिकाएको फेला पर्छ। सरदार आफैं पूजाका वस्तु बन्न पुगे। पोलिनेसियाको धर्मको प्रारम्भिक विशेषता नै सरदारको पूजा हो। यहाँ जीवित सरदारलाई देवताजस्तै र पवित्र व्यक्ति मानिन्थ्यो। उसलाई विभिन्न प्रथा र प्रतिबन्धका रूपमा हेर्ने गरिन्थ्यो। कतिपय द्वीपमा त सरदारले आफैं पुरोहितको काम पनि गरेको पाइन्छ। त्यस्तै, मरेको सरदारको पूजा गरेर उसलाई पनि दोस्रो श्रेणीको देवता मान्ने गरेको देखिन्छ। सरदारलाई पवित्र स्थलमा लगेर गाड्ने गरिन्थ्यो। पुरोहितहरूको पनि कुनै मन्दिर या निश्चित ठाउँमा काम गर्ने र स्वतन्त्र रूपमा समाजमा बसेर काम गर्ने दुई तह थियो। यी पुरोहितहरूको काम गर्ने तरिका भिन्न-भिन्न थियो। सबैभन्दा मुख्य धार्मिक

अनुष्ठान भेटी चढाउनु र वलि दिनु थियो । बलिचाहिँ कुखुरा, सुँगुर, कुकुर र कहिलेकाहीं मानिसको पनि दिने गरिन्थ्यो । नरवलिका लागिचाहिँ दासहरूलाई छान्ने गरिन्थ्यो । उसलाई अन्यत्रै झुक्याएर मारेर अनुष्ठान गर्ने ठाउँमा ल्याउने गरिन्थ्यो । उनीहरूको धर्ममा पवित्र स्थल पनि निकै फेला पर्छन् । धार्मिक अनुष्ठानका लागि सरदार वा कुनै व्यक्तिको चिहानलाई छान्ने गरिन्थ्यो । देवताको प्रतिमा पनि त्यहीं बनाउने गरिन्थ्यो । उनीहरू पनि मेलानेसियाईहरूजस्तै मानाको अलौकिक शक्तिमा विश्वास गर्थे । सरदारको मानालाई विशेष पवित्र र शक्तिशाली मानिन्थ्यो । आफ्नो मानाको रक्षा गर्नका लागि सरदारले जे पनि गर्न सक्थे । युद्धमा हार, कायरता र वढी कठोरताले सरदारको मानामा कमी आउन सक्थ्यो । पुरोहित, योद्धा, शिल्पी सबैका छुट्टाछुट्टै माना हुने गर्दथे । त्यसवाहेक हरेक जातजातिका छुट्टाछुट्टै माना हुने गर्दथे । दासको मात्र माना हुँदैनथ्यो र समाजमा उनीहरूको कुनै अस्तित्व पनि थिएन । मानाको विश्वासले पोलिनेसियाको सामाजिक व्यवस्थाको प्रतिविम्व गर्दथ्यो । मानासँगै टैवु भन्ने शब्द पनि प्रचलित थियो । यो शब्द पोलिनेसिया मूलकै शव्द हो । टैवुलाई भोजन, आर्थिक क्रियाकलाप, युद्ध, अन्त्येष्टि क्रियाआदिसँग जोडिन्थ्यो । टैवु प्रणालीको सवैभन्दा महत्त्वपूर्ण सञ्चालक सरदारको व्यक्तित्व नै थियो । सरदार पनि आफन्तहरूका लागि टैवु मानिन्थ्यो । सरदारको शिर र कम्मरलाई पवित्र र टैवु भन्ने गरिन्थ्यो । सरदारले प्रयोग गरेका कपडा, घर, खाना आदि सवै चामत्कारिक वा विशेष मानिन्थे । ती सवै वस्तुलाई टैवु भन्ने गरिन्थ्यो । सरदार कुनै झुपडीमा गएमा झुपडीको मानिसले घर छोड्नुपर्थ्यो । कतिपय टापुमा सरदारलाई जमिन छुनुहुँदैन भन्ने मान्यताका आधारमा काँधमा वोक्ने चलन थियो । सरदारले आफ्नो इच्छाअनुसार स्थायी वा अस्थायी रूपमा कुनै पनि वस्तुलाई टैवु घोषणा गरिदिन सक्थ्यो । टैवुको उल्लंघनको सजाय पनि सरदारले नै घोषणा गर्दथ्यो । टैवु प्रणालीको सामाजिक प्रयोजन पनि थियो । सम्पत्तिको रक्षाको साधनको यो प्रणाली सरदारको हातमा राजनीतिंक हतियारभन्दा पनि ठूलो अर्थ राख्दथ्यो । टैवुको घोषणा राजाको आदेश र कानुनसरह शक्तिशाली थियो ।

परलोक र मृतात्माको विषयमा फरक धारणा राख्ने उनीहरूको प्रचलन थियो । सरदारको आत्मा र साधारण मानिसको आत्मालाई फरक ढङ्गले हेर्ने गरिन्थ्यो । सबैका पुर्खा टाढाको सुन्दर र सरल जीवनसहितको टापु वा आकाशनजिकै कुनै भूमिमा वस्छन् भन्ने उनीहरूको विश्वास थियो । कतिपय जनजातिहरू साधारण मानिसको आत्मा मृत्युसँगै हराउने र सरदारहरूको आत्मा सधैं अमर रहने विश्वास गर्दथे । सरदारको प्रेतात्मालाई देवताको स्थान दिइन्थ्यो । मृत्युपछि उनीहरूलाई ठूलो अनुष्ठानसहित गाड्ने गरिन्थ्यो । मृत्यु संस्कार जाति र समूहअनुसार फरक-फरक भएको देख्न पाइन्छ । सरदारका शवलाई विशेष लेप लगाएर समाधिगृहमा राखिन्थ्यो भने साधारण मानिसको शवलाई साधारण ढङ्गले गाड्ने, समुद्रमा फचाक्ने, रूखमा झुन्ड्याउने आदि गरिन्थ्यो । पोलिनेसियाका मानिसहरू विभिन्न किसिमका प्राकृतिक शक्ति र प्रेतात्मामा विश्वास गर्दथे । उनीहरू वहुईश्वरवादी थिए । हरेक देवताको एक अर्कासँग

सम्बन्ध थियो र उनीहरूको पनि तह फरक-फरक थियो । हरेक देवता प्राकृतिक घटना र मानिसको जीवनसँग सम्बन्धित थिए । पूरै पोलिनेसिया द्वीपमा नै सबैभन्दा ठूलो देवताचाहिँ एउटै थियो । इस्वी संवतको पहिलो सहस्राब्दीमा ताहिती र रियातेया टापुमा यस्तो धारणा उत्पन्न भएको र अन्यत्र प्रचार भएको मानिन्छ । तर, नामको समानता भए पनि त्यससँग जोडिएका मिथक र अन्य व्याख्याहरू भने फरक-फरक थिए । सबैभन्दा चर्चित देवता तङ्गारोआ थिए । तङ्गारोआलाई प्रकृतिको शक्ति भएको ठूलो देवता र सृष्टिको निर्माता मात्र नभएर देवताहरूको पिता मानिन्थ्यो । दोस्रो महत्त्वपूर्ण देवता तानेलाई मानिन्थ्यो । तानेलाई उर्वरता र वनस्पतिको रक्षक मानिन्थ्यो । न्युजिल्यान्डमा चाहिँ तानेलाई प्रथम स्त्री रचना गर्ने देवता मानिन्थ्यो । मार्क्विस टापुमा चाहिँ तानेलाई देवताभन्दा बढी किंवदन्तीको नायक मानिन्थ्यो । तेस्रो ठूलो देवता रोंगो वर्षा र कृषिको देवता थियो । त्यस्तै, चौथो ठूलो देवता तु युद्धको देवता थियो । तर, ताहितीमा चाहिँ तुलाई तङ्गारोआको सहयोगी शिल्पी मानिन्थ्यो । सबै पोलिनेसियाईहरूले काठ र ढुङ्गाका मूर्ति बनाउने गर्दथे । तिनीहरू मानव आकृतिका पनि हुन्थे ।

पोलिनेसियाइहरूले सृष्टि विषयक मिथकलाई विकास गरे । अति पिछडिएको जनजातिबाहेक उनीहरूको मिथक प्राचीन युनानी मिथकसँग सम्बन्धित छ । जसमा देवी-देवताका सुगठित र क्रमबद्ध आख्यान तथा विकसित चित्र पाइन्छ । न्युजिल्यान्डका माओरी जातिमा पाइने एउटा कथाले उनीहरूको विश्वासको झलक दिन्छ । माओरीहरू अहिले पनि आफ्ना पुरोहितहरूले भन्ने गरेको कथामा विश्वास गर्छन् । त्यहाँको भाषाअनुसार पु अर्थात् सृष्टिको सुरुआत जड वा आरम्भबाट भएको हो । त्यसपछि अर्को चरणमा कोरे अर्थात् शून्य अर्थात् अव्यवस्थाको प्रतिक आयो । त्यसपछि पो अर्थात् रात्रिको जन्म भयो । रात्रि र आओ अर्थात् प्रकाशको मिलनबाट आकाश र पृथ्वीको जोडी बनेको विश्वास गरिन्छ । आकाश र पृथ्वी जोडिएको र उनीहरूले सातओटा सर्वोच्च देवताको जन्म दिएको विश्वास गरिन्छ । त्यसमध्ये एउटा देवता तानेले आकाश र पृथ्वीलाई एकअर्काबाट अलग गरी आकाशलाई पृथ्वीभन्दा माथि उठाइदिएको विश्वास गरिन्छ । तर, यो वियोगले आकाश र पृथ्वी धेरै रोएपछि वायुमण्डल बाफले भरिएको तथा रुवाइ रोक्नका लागि पृथ्वीलाई उल्टाइदिएको मिथक छ । यो मिथकका आधारमा माओरीहरूले पृथ्वीलाई हेर्ने दृष्टिकोण कस्तो रहेछ भन्ने देखाएका छन् । आकाश र पृथ्वीको संयोगबाट उत्पन्न मुख्य देवता रोंगो अर्थात् चन्द्रमाको पुरुष हो । ताने सूर्य, रूख र पन्छीको देवता हो । ताने र चन्द्रमाको स्त्री रूप हिनाबाट माउइको जन्म भएको हो । माउइलाई माओरीहरूले आफ्नो सांस्कृतिक नायक मान्ने गर्दछन् । अन्य ठूला देवतामा समुद्र र माछाका देवता तंगारोआलाई लिने गरिन्छ । अन्तिममा मानिसको रचयिता र युद्धको देवता तुलाई मानिन्छ । तुले पहिला रचना गरेको तिकीलाई माओरीको पहिलो पूर्वजका रूपमा विश्वास गरिन्छ । सातओटा ठूला देवताबाहेक संरक्षक आत्मा, प्रेतआत्मा र मानिसको

भौतिक प्रकृतिको उत्पन्न भएको विश्वास गरिन्छ ।

पोलिनेसियाका अन्य द्वीपमा सृष्टिरचनाका मिथक केही फरक तर जटिल र स्पष्ट देखिन्छन् । कतिपय टापुमा चाहिँ यस्ता मिथकहरू ठाउँबाट सुरु हुन्छन् । ती ठाउँलाई कतै स्त्री र कतै पुरुष अर्थात् कतै देवता र कतै देवीका रूपमा मान्ने गरिन्छ । त्यस समयको सृष्टि व्याख्या त्यो बेलाका पुरोहितहरूको कल्पनाका उपज थिए । धेरै मानिसमा यी मिथक र ठूला देवताको विषयमा कम मात्र ज्ञान थियो । हरेक समुदायको छुट्टै प्रेतात्मा या संरक्षक देवता हुने गर्दथ्यो । ठूला देवताका पूजा गर्ने र उनीहरूको मिथकलाई जोगाइरहने कामचाहिँ पुरोहित वर्गले गर्ने गर्दथ्यो । न्युजिल्यान्डको पुरोहितको कल्पना यतिमा मात्रै सीमित हुँदैन । उनीहरू एक ईश्वरवादको भ्रूणसम्म पुगेका थिए । त्यहाँ एउटा गोप्य धर्ममार्ग थियो । यसका पक्षधरहरू इओ भन्ने ठूलो देवतामा विश्वास गर्दथे । यो साकार देवता नभएर निराकार शक्ति थियो जसको आधारमा संसार सञ्चालित थियो । सायद यो इओको अवधारणा पुरोहितको आफ्नै नभएर क्रिस्चियनहरूको प्रभावमा जन्मिएको थियो ।

पोलिनेसियाइहरूको पुरा कथामा सांस्कृतिक नायकको भूमिका पनि महत्त्वपूर्ण छ । त्यस्ता कथाको अर्थ देवता उनीहरूको आदिपूर्वजमा रूपान्तरण हुन्थ्यो । उनीहरूबीच माउइको मिथक सबैभन्दा प्रचलित थियो । अधिकांश टापुमा माउइले बल्छी लगाएर टापुलाई समुद्रबाट माथि उठाएको, सूर्यलाई ढिलो हिँड्न बाध्य पारेको र आगो आविष्कार गरेको विश्वास गरिन्थ्यो । त्यस्तै तिकी भनिने पहिलो मानिसका विषयमा पनि मिथक कथा प्रचलित थियो । पोलिनेसियाइहरूमा यस्तो चेतना लामो समयसम्म कायम रहयो । समोआ टापुका बासिन्दामा रहेको धार्मिक विश्वास र गोत्र प्रणालीलाई विश्लेषण गर्ने हो भने टोटेमवाद र तुना लामो समयसम्म जीवित रहेको पाइन्छ । यसरी सामान्य जनताको प्रेतात्मामाथिको विश्वास र सत्ताधारीहरूको सृष्टि सञ्चालकमाथिको विश्वास गरी दुई किसिमको धर्म पोलिनेसियामा स्थापित भएको पाइन्छ ।

***

अध्याय-४

दक्षिण र पूर्वीएसियाका पिछडिएका जातिको धर्म

दक्षिणी र पूर्वीएसिया प्राचीन विकसित सभ्यताको केन्द्र र जटिल वर्ग संरचना भएको शक्तिशाली राज्यहरूको क्षेत्र हो। यहाँ धेरै पहिलादेखि तथाकथित जाति, राज्य र विभिन्न धर्म जोडिएका छन्। हिन्दू, कन्फचुसियस मत, ताओ मत, सिन्तो मत त्यस्ता धर्म हुन्। त्यसबाहेक बौद्ध, इस्लाम र इसाईहरू पनि देखा पर्दछन्। तर यी धार्मिक प्रणालीका अवशेषबाहेक यहाँका विभिन्न जनजातिमा निकै पुराना विश्वासहरू पनि देखिन्छन्। यसले तत्कालीन समाजको अध्ययनमा अझ जटिलता थप्छ। अल्पसंख्यक जातिहरूको समूहको धार्मिक विश्वास सिंगो विश्वसँग सम्वन्ध नराख्ने किसिमको हुन्छ। उनीहरू निर्जन टापु, जंगलको वीच वा पहाडमा वसेका हुन्छन्। केहीले त अझैसम्म आदिम अर्थ व्यवस्था र सामाजिक जीवनलाई सुरक्षित राख्छन्। सुमात्राका कुवु, मलयका सेमाङ, अन्डमानका आदिवासी र श्रीलंकाका वेद्दा यस्ता जातिमा पर्छन्। यसबाहेक केही विकसित जातिमा पनि हिन्दु, इस्लाम र इसाई धर्मवाहेकका स्थानीयपन सुरक्षित छन्।

१. जनजातिको धार्मिक विश्वास

कुवु एउटा सानो जनजाति समूह हो। भित्री सुमात्राको वन र दलदल इलाकामा यो जातिको बसोवास छ। कुवुहरूको एउटा भाग स्थानीय मलय आवादीक्षेत्रसँग पहिलेदेखि नै सम्बन्धित छ। तर अर्को क्षेत्रमा जंगली कुवु पाइन्छन्। यिनीहरू रिदान नदीको किनारमा सिकारी जीवन विताइरहेका हुन्छन्। युरोपेलीहरूलाई २०औं शताब्दीको तेस्रो दशकमा मात्र कुवु जातिको अस्तित्ववारे थाहा भयो। उनीहरूको धार्मिक विश्वासवारे अहिले पनि निकै कम ज्ञान छ। कतिपय विद्वान्हरू उनीहरूमा धार्मिक विश्वास छैन भन्छन्। उनीहरू कुवुलाई प्रेतात्मामा विश्वास नगर्ने, मृतकको विषयमा कुनै अन्धविश्वास निर्माण नगर्ने र मानिस मरेपछि त्यहीं छोडेर अन्यत्र जाने समूहका रूपमा चिन्छन्। कुवुहरू जादु र टुनामा पनि विश्वास गर्दैनन्।

तर केही अध्येताहरूले संकलन गरेको सामग्रीबाट कुबुहरूमा धेरै अन्धविश्वास रहेको फेला पर्छ। उनीहरूको समाजमा प्रेतात्मासँग सम्पर्क गर्ने धामीको चलन छ। कुबु जनजातिहरू मृतकका विषयमा अत्यन्त उदास छन्। कोही कोही मरेर प्रेत बन्ने र कसै-कसैको अस्तित्व मरेपछि हराउने उनीहरूको विश्वास छ। उनीहरू मरेको समयको आवाजका आधारमा त्यसको टुङ्गो लगाउँछन्। मरेको समयमा कुनै आवाज नआएमा त्यो व्यक्ति पूरै मरेको र प्रेतात्मा पनि मरेको विश्वास गरिन्छ। तर आवाज आएमा ऊ प्रेतात्मा बनेको विश्वास गरिन्छ। भ्रूण अवस्थामा नै भए पनि उनीहरूको धार्मिक विश्वास देखापर्दछ। उनीहरूको चेतना स्तर समग्रमा न्यून नै भएको निष्कर्षमा पुगिन्छ।

सेमांग छोटो कद भएका निग्रो जस्तै घुमन्ते जनजातिको सानो समूह हो। मलय प्रायद्वीपका भित्री भागमा रहेका घना वनमा उनीहरू रहने गर्दछन्। आर्थिक दृष्टिकोणले मलयमा निर्भर भएकाले त्यहाँको समाजको प्रभाव उनीहरूमा छ तर त्यति हुँदा पनि उनीहरू आफ्नो पछौटे संस्कृतिलाई जोगाई राख्न सफल भएको देखिन्छ। सेमांगहरू समाजमा वैद्य र झाँक्री मान्ने गर्दछन्। जडीवुटीले औषधि गर्ने र प्रेतात्मासँग सम्पर्क बढाउने त्यस्ता व्यक्तिहरू प्रेतात्मालाई मानिसको भलो चाहने शक्ति मान्दछन्। उनीहरू मृतकलाई जमिनमा गाड्छन् र मृतकको आत्मा पश्चिमतिर जाने विश्वास गर्छन्। कहिलेकाहीं आफ्नै जातिका मानिसले पन्छी बनेर डर देखाउने गरेको उनीहरूको विश्वास छ। सेमांगहरूमा टोटेमी मान्यता पनि थियो। उनीहरू गर्भमा रहेको बालकलाई आफूले मान्ने पन्छीको उत्तराधिकारी सम्झन्थे।

अन्डमान द्वीपको मूल आवादी अहिले लुप्त भइसकेको छ। उनीहरू अन्य जातिसँग सम्पर्कमा थिएनन्। त्यसैले उनीहरू फरक ढङ्गले समाज र संस्कृति निर्माण गर्न सफल भए। उनीहरूको अर्थ व्यवस्था आदिम र उपभोगमूलक थियो। सिकार गर्नु, माछा मार्नु र खाद्य संग्रह गर्नु उनीहरूको काम थियो। उनीहरू कुनै जनावर पाल्दैनथे। आगो पार्न नजान्ने भएकाले चुलोमा आगो निभ्न दिँदैनथे। उनीहरूको यो लक्षणसँगै टोटेमवादका थोरै अवशेष भेट्न सकिन्छ। उनीहरू विभिन्न जीवजन्तुमा पूर्वज खोज्नुको सट्टा तीं जीव मानिससँग समान भएका उदाहरण दिन्थे। ११ देखि १३ वर्षभित्र सबै किशोर-किशोरीलाई दीक्षा दिइन्थ्यो। उनीहरू आहारसम्बन्धी केही प्रतिबन्धको पालना गर्दथे। किशोरहरूलाई पाँच वर्षसम्म र किशोरीहरूलाई त्योभन्दा बढी समय विशेष नियन्त्रणमा राखिन्थ्यो। दीक्षा के विषयमा दिइन्थ्यो भन्नेचाहिँ अझै पत्ता लागेको छैन। तर, जीववादी विश्वास उनीहरूमा थियो भन्न सकिन्छ। झाँक्री र वैद्यहरू समाजमा थिए। उनीहरू विशेष दक्ष व्यक्ति मानिन्थे। सामान भनिने व्यक्तिले प्रेतात्मासँग सम्पर्क गर्दथ्यो। ऊ मूल रूपमा प्रकृतिको शक्ति र परिघटनाको मूर्तरूप एवम् मरेको मानिसको आत्मा भनिन्थ्यो। प्रेतात्मालाई उनीहरू दुष्ट र खतरनाक मान्थे। यो जीववादी विम्बको आधार प्रकृतिलाई मानिसका लागि हानिकारक र प्रतिकूल शक्तिको मूर्तीकरण हो।

अन्डमानका मूल निवासी चन्द्रमा, सूर्य र आकाशका अन्य विभिन्न ठाउँमा जीव रहेको विश्वास गर्दथे । उनीहरू तुफान र हावालाई पुलुगा भन्थे । हावा चल्दा कहिले पुरुषको रूप र कहिले स्त्रीको रूप कल्पना गर्दथे । अधिकांश अन्डमानी मिथकको नायक तोमोलाई मानिन्थ्यो । उसलाई पहिलो मनुष्य र आदिपूर्वज मान्ने गरिन्थ्यो । ऊ सांस्कृतिक नायक तथा वंशजको हित चाहने व्यक्ति मानिन्थ्यो ।

वेद्दालाई वेद्दाह पनि भनिन्थ्यो । श्रीलंकाको भित्री भागमा रहने यो आखेटजीवी जनजाति शताब्दीयौंदेखि सिंहाली र तमिलसँग सम्पर्क राखेर बसेको जाति हो । उनीहरूको जीवनमा अन्य दुई जातिका छाप देखिए पनि आदिम किसिमका धेरै मौलिकता अझै देख्न पाइन्छ । उनीहरू दुग्गानावा भन्ने धामीमा श्रद्धा गर्छन् । उसले प्रेतआत्मासँग सम्पर्क गराउने काम गर्छ । अन्य छिमेकीहरूबाट ल्याइएका जातिहरूले मिथकलाई छोड्ने हो भने यो जातिको धार्मिक विश्वास पाइँदैन । उनीहरूको धर्ममा प्रेतात्मा मात्र हुन्छ, जसको सम्बन्ध सिकारसँग जोडिएको हुन्छ । विद्वान्हरूले यो विशेषता तथा जादु-टुना सम्वन्धी उनीहरूका व्यवहारको अध्ययन गरेका छन् । सिकारमा निस्कनुअघि उनीहरू प्रेतात्माको पूजा गर्थे र भेटी चढाउँथे ।

आइनु उत्तरी जापानको होकाइडो टापुमा पाइने जनजाति समूह हो । पहिला उनीहरू अन्य टापुमा रहने गर्दथे । उनीहरूको जापानका अन्य मानिससँग उठवस भएकाले अन्यत्रबाट पनि केही प्रभाव ग्रहण गरेको देखिन्छ । तर, विघटित मातृसत्तात्मक व्यवस्थाको अवशेष तथा सरल सामाजिक संगठन आज पनि देख्न पाइन्छ । उनीहरूको विश्वास पारिवारिक र घरेलु पूजासम्बन्धी देवतामा मात्र थियो । उनीहरू अग्निदेवतालाई पूजा गर्ने गर्दथे । घरको उत्तरपूर्वी कुनामा परिवारको संरक्षण मानिने चिल्लो लौरो राख्ने गरिन्थ्यो । त्यसलाई पुरुषको प्रतीक मानिन्थ्यो भने अग्निस्थललाई स्त्रीको प्रतीक । घरको मुखियाले सबैका तर्फबाट यी दुई वस्तुको पूजा र संरक्षण गर्ने गर्दथे । परिवारमा हुने अन्य पूजामा पनि स्त्रीहरू भाग लिन्थे । तर उनीहरूको अहिलेको जीवनशैलीमा योभन्दा बढी मातृसत्तात्मक छाप देख्न सकिन्छ । महिलाको आत्मा हुँदैन भनिन्थ्यो । एउटा किंवदन्तीअनुसार प्राचीनकालमा सबै धार्मिक कार्य महिलाले नै गर्ने गरेको विश्वास गरिन्थ्यो । तर स्त्रीलाई त्यो अधिकारवाट वञ्चित गरेपछि पितृसत्तात्मक युग आएको अनुमान गरिन्छ ।

पूजा-उपासनाका लागि भालुको पूजा गरिन्थ्यो । उनीहरू भालुलाई पर्वत देवताको सन्तानको रूपमा मान्दथे । भालुलाई सम्मान गर्न विशेष पर्व आयोजना गरिन्थ्यो । जसमा भालुको अनुष्ठानसहित बलि दिइन्थ्यो । निकै पछिसम्म यो प्रचलनले पर्यटकहरूलाई लोभ्याउने काम गऱ्यो । सिकारी जनजाति भएकाले उनीहरू अन्य जनावरलाई पनि पवित्र मान्दथे । उनीहरू सर्पलाई पूजा गर्थे र मार्दैनथे । सर्प मारेमा त्यसको आत्मा आफूमा प्रवेश गर्ने विश्वास थियो । काठका विभिन्न सामग्री बनाएर उपहार दिने एवम् प्रयोग गर्ने गर्दथे । उनीहरूको समाजमा पेसेवर पुजारी, पुरोहित हुँदैनथे ।

दक्षिणी, दक्षिणपूर्वी र पूर्वी एसियाका कतिपय पिछडिएका जनजातिको धार्मिक विश्वासले अस्ट्रेलियाली, तस्मानी र आंशिक रूपमा पपुवाली जनजातिको धर्मको अध्ययनसम्म पुऱ्याउँछन् । सबै धर्ममा टोटेमवाद, सिकार, अनुष्ठान र झाँक्रीमाथिको विश्वास जस्ता समानता पाइन्छन् । अस्ट्रेलिया र ओसेनियामा प्रकृतिको प्रचण्ड शक्तिको उपासना पाइँदैन । सूर्यपूजा र अग्निपूजा चिसो ठाउँमा मात्र पाइन्छ । आफ्नो भूगोलअनुसारको सभ्यता भनेको सायद यही हो ।

२. उन्नत संस्कृति भएका जातिको धार्मिक विश्वास

मध्यपूर्वी र दक्षिणपूर्वी एसियाका पुराना र उन्नत संस्कृति भएका जातिहरू बौद्ध, इस्लाम आदि विश्वव्यापी धर्मका पक्षपाती थिए । उनीहरूले यसअघि स्वीकार गरेको धर्मको विषयमा खास प्रमाण पाइँदैन । राज्यमा संगठित हुनु र बौद्ध धर्म अंगीकार गर्नुअगाडि तिब्बती जनजातिमा वोन मत प्रचलन थियो । उनीहरू प्रेतात्माको पूजा र विश्वास गर्दथे । तिव्वत र मंगोलियामा आज पनि त्यो बेला चढाएका ढुङ्गाको थुप्रो देख्न सकिन्छ । हरेक व्यक्तिले पर्वतको प्रेतात्मालाई ढुङ्गा चढाउने प्रचलन थियो । आकाशको देवताको पनि पूजा गरिन्थ्यो र उनीहरू पितृपूजा पनि गर्दथे । पुरोहितहरू मखुन्डो लगाएर धार्मिक अनुष्ठान गर्दथे । पछि यो प्रथा तिब्बती र मंगोलियन बौद्ध धर्मले पनि अपनायो । तिब्वतमा बौद्ध धर्मको प्रवेशपछि वोन धर्मका अनुयायीहरू यसको विरोधमा देखा परे । आज पनि भित्री तिब्वतमा वोन धर्मका समर्थकहरूका मठ फेला पार्न सकिन्छ । यस्तै विश्वास प्राचीन मंगोलहरूमा पनि थियो । उनीहरू पनि प्रेतात्मा मान्थे र सबैभन्दा ठूलो प्रेतात्मा आकाश देवतालाई ठान्दथे । अग्निलाई शुद्ध गर्ने शक्ति र ठूलो देवता मानिन्थ्यो । जादु-टुनाको अवसर र अन्य जातिबाट आफूलाई वचाउने तरिकामा उनीहरू विश्वास गर्दथे । १६औं शताव्दीमा तिब्वतबाट आएको बौद्ध धर्मले मंगोलहरूको पुरानो विश्वासलाई ध्वस्त पाऱ्यो ।

बौद्ध धर्मभन्दा पहिलेको विश्वास कतिपय भारत र चीनका विभिन्न क्षेत्रका जातिमा पनि पाइन्छ । बर्माका नट जाति प्रेतात्मा र प्रकृतिका देवताको पूजा गर्छन् । कतिपय ठाउँमा पितृपूजा र कृषिसम्वन्धी धार्मिक अनुष्ठान गर्ने गरिन्छ । इन्डोनेसियाका जातिहरूको प्राचीन विश्वासको अवशेष पनि रोचक छ । त्यहाँको सरकारी धर्म मुस्लिम भए पनि ठूलो टापुका भित्री इलाकामा त्यसको प्रभाव कम छ । इन्डोनेसियाका यी इलाकामा प्रेतात्माको विषयमा जीववादी धारणा छ । वन, नदी र पर्वतका स्वामीका रूपमा विभिन्न प्रेतात्मालाई प्रस्तुत गरिन्छ । उनीहरूलाई खुसी पार्न बलिप्रथा कायम राखिएको छ । प्रेतात्मासँग विवाह र प्रेम गरिएका विश्वासका कथाहरू पनि त्यहाँ प्रचलित छन् ।

यीमध्ये धेरै विश्वासहरूले इन्डोनेसियाका विभिन्न जातिको इतिहासका निश्चित चरणको प्रतिनिधित्व गरेको पाइन्छ । इसापूर्वको दोस्रो सहस्राव्दीमा आधुनिक इन्डोनेसियाली आदिका पूर्वजहरूले यो क्षेत्रमा बसोबास सुरु गरेका थिए । उनीहरूले त्यहाँ निग्रो जस्तै आखेटजीवी जनजाति भेटे । सामाजिक विकासमा निकै तल रहेको यो जाति शक्तिशाली आगन्तुकका कारण पहाड र भित्री जंगलतिर खेदिन थाले । तर उनीहरू आफैं बढी डराएका थिए । समयसँगसँगै उनीहरूले विभिन्न प्रेतआत्मा र नयाँ-नयाँ डरहरूलाई जन्म दिए र धार्मिक विश्वास पनि फेरिन थाल्यो ।

***

अध्याय-५

अमेरिकी जनजातिको धर्म

अमेरिकी महाद्वीपका मूल वासिन्दाहरूले पनि एसिया, युरोप र अस्ट्रेलियाका बासिन्दाजस्तै स्वतन्त्र ढङ्गले धर्मको विकास गरेका थिए । अमेरिकाका मूल बासिन्दालाई रेड इन्डियन वा अमेरिकी इन्डियन भन्ने गरिन्छ। त्यहाँ एस्किमो भनिने फरक किसिमको जाति पनि पाइन्छ। युरोपका मानिसहरू अमेरिका पुगेको समयमा पिछडिएका जनजातिबाहेक नगर संस्कृति विकास गरेका विकसित समाज र राज्य पनि अस्तित्वमा रहेको देख्न पाइन्छ ।

सवैभन्दा पिछडिएको समुदायका मानिसहरू सिकार गर्ने, माछा मार्ने र खाद्यान्न संग्रह गरेर जीवन बिताउने गर्दथे । त्यहाँ अर्को समुदाय पनि थियो । उत्तर र दक्षिण अमेरिकामा रहने यो समुदायको मुख्य पेसा कृषि थियो । मेक्सिकोदेखि पेरुसम्म मध्यअमेरिकाको उन्नत संस्कृति र विकसित वर्गीय तथा राज्य संरचना भएका प्रदेशमा उनीहरू बस्दथे। अन्तिम समूहको चर्चा १३औं अध्यायमा छुट्टै गरिन्छ ।

१. पिछडिएका अमेरिकीहरूको धार्मिक विश्वास

अमेरिकी महाद्वीपको प्राचीन र सवैभन्दा पिछडिएको जनजातिको ठूलो हिस्सा दक्षिण अमेरिकाको दुर्गम इलाकामा रहन्थ्यो । यिनीहरूको बारे अघिल्लो शताब्दीसम्म निकै कम अध्ययन भएको थियो । अहिले पनि तिएरा देल फुएगा टापुको आसपासमा रहने बोरोरो जातिको विषयमा मात्र केही सामग्री उपलब्ध छन् । सो टापुको ओना, एगान र अलाकलुफ नामका जनजातिहरू रेड इन्डियन समुदायका सवैभन्दा पिछडिएका जनजातिमा पर्दछन् । आज उनीहरूको संख्या निकै कम छ र विगतमा उपनिवेशकालमा शासकहरूले उनीहरूका जीवनका पूर्वाधार नष्ट गरेपछि उनीहरू मासिँदै गए । यहाँका बासिन्दाको जीवन निर्वाह जनावर मार्ने, माछा मार्ने र सामुदायका लागि खाद्य पदार्थ संग्रह गर्ने काममा सीमित थियो । उनीहरूको भौतिक संस्कृति एकदमै

अविकसित थियो । उनीहरू साना झुप्रामा थोरै लुगा लगाएर बस्ने गर्दथे । सामाजिक गठनको दृष्टिकोणले उनीहरू प्रारम्भिक गोत्रात्मक समाजको चरणमा नै थिए । त्यहाँ सामाजिक विविधीकरणको पनि अभाव थियो ।

एगानमा सामान भनिने धामी प्रथा विकसित भएको थियो । उनीहरू झारफुक र टुनामुना पनि गर्दथे र विरामीको शरीरबाट ढुङ्गा निकालेको जस्तै व्यवहार गर्दथे । यो प्रथालाई जीवित राख्न बूढा र अनुभवीहरूले नयाँ पुस्तालाई दीक्षा दिने चलन पनि थियो । यो प्रणालीवाहेकको दीक्षा संस्कार पनि उनीहरूमा पाइन्छ । यहाँ वयस्क भएपछि सबैलाई दीक्षा दिने संस्कार विकसित भएको देखिन्छ । यो अनुष्ठानसँगै उनीहरूलाई कतिपय गोप्य जानकारी र नैतिक आचरणको सिद्धान्त पनि सिकाउने गरिन्थ्यो । त्यसबाहेक पुरुषलाई छुट्टै राखेर स्त्रीलाई कसरी आफ्नो नियन्त्रणमा राख्ने भन्ने किसिमका दीक्षा पनि दिइन्थ्यो । के पनि भनिन्छ भने कुनै समयमा त्यहाँ मातृसत्तात्मक समाज थियो । त्यो बेला महिलाहरूले एकआपसमा पुरुषलाई नियन्त्रणमा राख्ने दीक्षा लिनेदिने चलन थियो । उनीहरूका यस्ता अनुष्ठान प्रेतात्माको मान्यतासँग पनि जोडिएको थियो । दीक्षा लिनेहरू मखुन्डो लगाएर प्रेतात्माको अभिनय पनि गर्ने गर्दथे । उनीहरूको दीक्षा पद्धति आकाशमा रहने काल्पनिक प्राणीको कथासँग जोडिएको थियो । उसलाई नै सम्पूर्ण अनुष्ठानहरूको प्रवर्तक र संरक्षक मान्ने गरिन्थ्यो । उनीहरूको मिथकमा दुई भाइ र एउटी दिदीको कथा पनि थियो । सांस्कृतिक नायकका रूपमा यी दुई जुम्ल्याहा भाइको आफ्नै महत्त्व पनि छ ।

अमेरिकी महादेशको उत्तर किनारमा एस्किमो जातिको बसोवास थियो । उनीहरूको भौतिक परिस्थिति र जीवन पद्धति अन्यभन्दा भिन्न थियो । अलास्कादेखि ग्रिनल्यान्डसम्म उनीहरू कठोर प्राकृतिक परिस्थितिलाई आफ्नो अनुकूल बनाउँदै विशिष्ट आर्थिक र भौतिक संस्कृतिको निर्माण गर्न व्यस्त थिए । उनीहरूको सामाजिक व्यवस्था आदिमकालीन थियो । उनीहरू स-साना क्षेत्रीय समूह वनाएर बस्थे जसले गोत्र परम्परा सुरक्षित राखेका थिए । कुनै समय उनीहरू पनि मातृसत्तामूलक गोत्र व्यवस्थामा विश्वास गर्दथे । तर कालान्तरमा यो प्रथा छिन्नभिन्न भएको थियो । तर, सामाजिक विविधीकरण ग्रिन्डल्यान्डमा थोरै पाइए पनि अन्यत्र पाइएको छैन । हेगेलले आफ्नो धर्मको दर्शन नामक पुस्तकमा एस्किमोहरूको विश्वासलाई विकासको सवैभन्दा पहिलो सिंढी मानेका थिए । उनीहरूको धर्मको विशेषता झाँक्री प्रथा हो । जसले सवै अन्य धार्मिक विश्वासलाई पछाडि धकेलिदिएको थियो । उनीहरू सवै पूजा र अनुष्ठान झाँक्रीवाट गराउँथे । धेरै जसो अनुष्ठानहरू सिकारसँग सम्बन्धित हुने गर्दथे । उनीहरूको जीवनसँग सिकार जोडिएकाले त्यसो भएको देखिन्छ । उनीहरूको धर्मको स्वरूपमा कठोर धुवीय प्रकृति, जीवनका लागि गर्नुपर्ने लामो मेहनत, सिकारका लागि लामो समय भोकै वस्नुपर्ने वाध्यता आदि प्रतिविम्वित हुन्छन् । कहिलेकाहीं त सिकार नभेटेर उनीहरू भोकै पनि मर्नुपर्थ्यो । यसले गर्दा उनीहरू सिकारसम्बन्धी अनुष्ठान र विश्वास निर्माण गर्न वाध्य भएको देखिन्छ । उनीहरूलाई

भोलिका दिनमा हुने सिकारका लागि आश्वस्त पार्नु थियो । प्रकृतिको अगाडि आफूहरू निरीह देखिने भएका कारण उनीहरूले अनुष्ठानमा बढी विश्वास गरेका थिए । सिङ्गो संसारलाई उनीहरू प्रेतात्माले भरेको मान्ने गर्दथे । आकाश, समुद्र र जमिन सबैतिर प्रेतात्माको बास भएको उनीहरूको विश्वास थियो ।

सबै एस्किमोहरूले सागरको स्वामीलाई महान् प्रेतात्मा भन्ने गर्दथे । क्यानाडाका एस्किमोहरूले देवीको कल्पना गर्थे र सागरको उपासना गर्दथे । वेफ्किन प्रदेशका एस्किमोहरूले सेड्ना नामले पुकारेर समुद्रको गर्भमा रहेको देवताको पूजा गर्दथे । सबै समुद्री जीव त्यहींबाट आउने र आफ्नो खाद्यान्नको मूल स्रोत पनि भएकाले देवताको उपासना गर्नैपर्ने उनीहरूको विश्वास थियो । जीववादको यो विकास भए पनि एस्किमोहरूमा अन्य धार्मिक धारणा पनि थिए । उनीहरूले अलौकिक शक्ति, प्राकृतिक घटना र मानिसको जीवनको विषयमा फरक धारणा पनि विकास गरेका थिए । उनीहरू मानिसको मृत्युपछि आफ्नै नाति वा नयाँ सन्तानमा उसको प्राण प्रवेश गर्ने कुरामा विश्वास गर्दथे । उनीहरू हजुरवा र हजुरआमाको आत्मा नाति-नातिनामा प्रवेश गर्ने विश्वास गर्दथे । कसको आत्मा कसमा प्रवेश गरेको छ भन्ने घोषणाचाहिँ धामीले गर्दथ्यो । यसले गर्दा उनीहरू बाबुआमा र छोराछोरी दुवैलाई सम्मान गर्दथे । कतिसम्म भने केटाकेटीहरूलाई बदमासी गरेमा गालीसमेत गर्दैनथे । पुर्खाको आत्मा बसेको विश्वासले उनीहरू यसो गर्न बाध्य थिए । तर, बिस्तारै बालकको आफ्नै आत्मा विकसित भएपछि उसलाई फरक व्यवहार गर्न थालिन्थ्यो । मानिस वयस्क हुने क्रमसँगै आफ्नै आत्मा विकसित भएको र पुर्खाको आत्मा हराएर गएको मानिन्थ्यो । उनीहरूको मृतक अन्त्येष्टि प्रक्रिया पनि किसिम किसिमको थियो । सबैभन्दा प्रचलित तरिकाचाहिँ काठको बाकसमा राखेर लासलाई खुला ठाउँमा छोड्ने चलन थियो । उनीहरूका जीवनका अध्येतामध्ये एक क्नुद रस्मुस्सनले आफ्नो एक पुस्तकमा एस्किमोका झाँक्रीसँगको कुराकानी उल्लेख गरेका छन् । उनीहरूको रीतिरिवाजको मुख्य आधार के हो र के-के पालन गर्नुपर्छ भन्ने प्रश्नमा उनले आफ्नो जीवन र समाजसँग जोडिएका विषय नै अनुष्ठानहरूमा आउने गरेको बताएका थिए । उनले जीवनका जटिलताकै कारणले गर्दा आफ्नो जाति निकै डराउने गरेको र यो डरले अनुष्ठानको विकास भएको बताएका थिए । उनको भनाइअनुसार उनीहरू खराब मौसम, हिमपात, बिरामी, मृत्यु र मारिएका जीवका प्रेतात्मासँग डराउथेँ । त्यसबाहेक पृथ्वी र आकाशका प्रेतात्माहरूसँग पनि उनीहरू डराउने गर्दथे । यसले गर्दा उनीहरूको रीतिरिवाज यिनै विषयका वरिपरि केन्द्रित थियो । अलौकिक शक्तिको डर, उनीहरूमाथिको निर्भरताजस्ता विषयले उनीहरूमा धार्मिक धारणाको भ्रूण पैदा हुन पुग्यो । उनीहरू आफूहरूलाई चारैतिरबाट प्राकृतिक शक्तिले घेरेको सम्झन्थे । साधारणभन्दा साधारण वस्तु पनि घेरिएका शक्तिशाली वस्तुबाट प्रभावित भएको उनीहरूको धारणा थियो । उनीहरू रहस्यमय शक्तिमा पनि विश्वास गर्दथे । तर परलोकमा चाहिँ खासै विश्वास थिएन । धर्म उनीहरूको दैनिक

जीवनमा जोडिएको र रहनसहनमा घुलेको थियो ।

उत्तर अमेरिकाको अर्को सबैभन्दा ठूलो पिछडिएको समुदाय क्यालिफोर्नियन इन्डियन समूह हो । उनीहरू अर्ध घुमन्ते प्रकृतिका थिए । कृषि पेसासँग पनि उनीहरूको त्यति धेरै लगाव थिएन । १९औं शताब्दीको मध्यमा उनीहरू अन्य जातिको उपनिवेशको सिकार बने । बाजको समूहसँगै लिएर माछाको सिकार गर्ने उनीहरूको जीवनपद्धति अनौठो किसिमको थियो । उपनिवेशको चरणमै युरोपेलीहरूले उनीहरूको जीवन पद्धति र जीवनका आधारमा मात्र हमला गरेनन् भौतिक रूपमै आक्रमण गरे । उनीहरूको नास भए पनि केही धार्मिक विश्वासका आधारहरू फेला परेका छन् । उनीहरू पनि झाँक्रीप्रथामा विश्वास गर्दथे । उनीहरू बिरामीलाई बाहिरी वस्तुको आक्रमण ठान्दथे । पीडा भनिने वस्तु शरीरमा पसेको विश्वास गरेर झाँक्रीले त्यसलाई चुसेर निकाल्ने चलन थियो । उनीहरू त्यही पीडालाई आफूले प्रयोग गर्न सकेमा आफू झाँक्री बन्ने विश्वास गर्दथे । झाँक्रीहरूले सामान्य झारफुक र औषधि गर्ने परम्पराबाहेक यसको विकास खासै हुन सकेको देखिँदैन । यो झाँक्रीप्रथा प्रारम्भिक चरणमा मात्रै थियो । उनीहरूको धर्मको अर्को रूप उमेरको आधारमा दिइने दीक्षा प्रणालीसँग पनि सम्बन्धित थियो । हरेक जनजातिले आफ्नै ढङ्गले दीक्षा सम्पन्न गर्ने गर्दथे । कतिपय जनजातिहरूमा कुस्सु पूजा प्रचलित थियो । ठूलो शिरलाई कुस्सु भन्ने गरिन्थ्यो । मिथकीय पात्रलाई खुसी पार्न यस्तो अनुष्ठान गरिन्थ्यो । हिउँ पर्न लागेपछि ठूलो झुपडीभित्र उनीहरू अनुष्ठान गर्दथे । पुरुष र दीक्षा संस्कार प्राप्त गरेका पात्रहरूले मात्र अनुष्ठानमा भाग लिने गर्दथे ।

दक्षिण क्यालिफोर्नियामा दीक्षा प्रणाली केही फरक थियो । उनीहरूको दीक्षा अनुष्ठान एउटा विशेष पेय पदार्थसँग सम्बन्धित थियो । मानिसले जीवनमा एक पटक मात्र त्यो विशेष पदार्थ पिउन पाउँथ्यो । उसले नशाको समयमा जे-जे वस्तु देख्थ्यो, ती वस्तुलाई जीवनभर पूजनीय वस्तु मान्दथ्यो । त्यो समयमा उसलाई ३० दिनसम्म कठोर उपवास गराइन्थ्यो र शारीरिक परीक्षा पनि पार गर्न लगाइन्थ्यो । उनीहरूको पुराणकथा खास विकसित थिएन । तर, सृष्टि रचना र सांस्कृतिक नायकसम्बन्धी मिथकहरू प्रशस्त थिए । ती मिथकमा वर्णित सृष्टि निर्माता र सांस्कृतिक नायक मानव या पशु जस्तै हुने गर्दथे । मृतकको अन्त्येष्टि जमिनमा गाडेर वा लास जलाएर गर्ने गरिन्थ्यो ।

२. इन्डियन जनजातिको धार्मिक विश्वास

उत्तर अमेरिकाका क्यानाडा, ठूला मैदान र वन क्षेत्रका आदिवासीहरूले आफूलाई निकै विकसित ठाउँमा पुऱ्याएका थिए । उपनिवेशका लागि आएका युरोपेलीहरूले उनीहरूको जीवनमा प्रत्यक्ष असर नपुऱ्याएकाले उनीहरू आदिम जीवन विकास गर्दै लैजान सफल भएका थिए । पूर्वी इलाकामा रहने जनजातिको मुख्य पेसा कृषि र सिकार थियो । उनीहरू एकै ठाउँमा बस्न जान्दथे र माटोको भाँडा

बनाउने गर्दथे । त्यहाँ मूलतः मातृसत्तात्मक गोत्र व्यवस्था थियो । तर, केही ठाउँमा पितृसत्तात्मक व्यवस्था पनि थियो । केही मैदानका बासिन्दामा चाहिँ घुमन्ते जीवन भएकाले नाइकेप्रथा कायम थियो । अहिले त्यहाँका मूल बासिन्दाको मौलिक संस्कृति पूरै नष्ट भइसकेको छ । उनीहरूको सामूहिक अस्तित्व बाँकी छैन बरु आफूलाई मूल बासिन्दाका सन्तान भन्ने हदसम्म मात्र प्रस्ट छन् । संस्कार र संस्कृति पनि नष्ट भएको छ तर लोककथा सुनाएजस्तै आफ्नो अघिल्लो पुस्तका जीवनपद्धति सुनाइरहने चलन भने उनीहरूमा अझै छ ।

उत्तर अमेरिकाका अधिकांश जनजातिमा सामाजिक व्यवस्थाको आधार मातृवंशीय गोत्र थियो । यो कुरा उनीहरूको धर्ममा पनि प्रतिविम्बित हुन्छ । धर्मको पालन गर्ने विशेष संस्कार उनीहरूमा थियो । पुरोहित र गोत्रले चुनेको व्यक्तिलाई यसको जिम्मा दिइन्थ्यो । पुरोहितको काम धार्मिक व्यवस्था मिलाउने र समाज खल्बलिन नदिने किसिमको हुन्थ्यो । उनीहरू गोत्रकै आधारमा अनुष्ठान गर्ने गर्दथे । गोत्रमा कहिलेकाहीं टोटेमको लक्षण पनि देखिने गर्दथ्यो । पन्छीका छाला र हड्डीका विभिन्न वस्तु निर्माण गरेर अनुष्ठानहरूमा पूजा गर्ने गरिन्थ्यो । केही जनजातिलाई छोडेर भन्ने हो भने त्यहाँ पितृ या मातृपूजाको चलन थिएन । टोटेमवादको अवशेषका रूपमा उनीहरूले आफ्ना घरमा विभिन्न जनावरको चित्र बनाउने गरेको पाइन्छ । केही जनजातिले धर्मको एउटा सानो भागको रूपमा पशुपन्छी पूजा गर्ने गरेका प्रमाण फेला परेका छन् ।

दक्षिणी अमेरिकामा चाहिँ मानिसले पशुको रूप धारण गर्ने अर्को विश्वास थियो । यसलाई पनि टोटेमवादकै अवशेषका रूपमा व्याख्या गर्न सकिन्छ । आफ्नो समुदायको झाँक्री इच्छाअनुसार त्यहाँका जनावरको आत्मामा पस्न सक्छ र पसेपछि ऊ पक्कै पनि त्यस्तै जनावर बन्छ भन्ने उनीहरूको विश्वास थियो । उत्तर अमेरिकाका जनजातिका विभिन्न मिथकहरूमा चाहिँ प्राचीन टोटेमवादको अवशेष पाइने गर्छन् । पूर्वी र दक्षिणपूर्वी उत्तर अमेरिका जनजातिहरू सांस्कृतिक नायकका रूपमा खरायोलाई मान्ने गर्छन् । उसलाई कसै-कसैले सृष्टिको रचनाकार पनि मान्ने गर्दथे । राकी पर्वत र मध्यक्षेत्रका जनजाति तथा उत्तर-पश्चिम क्षेत्रमा कागलाई मान्ने गरिन्थ्यो । कतिपय जनजातिको सांस्कृतिक नायकको भूमिका पशुपन्छीले नगरेर मिथकमा आधारित जुम्ल्याहा दाजुभाइले गर्ने गर्दथे । उनीहरूको विश्वासअनुसार एउटा दयालु, मेहनती अन्त्यन्त असल हुन्थ्यो भने अर्को हिंस्रक र खराब हुन्थ्यो । विश्वका अन्य धेरै क्षेत्रमा चलेजस्तै यो विश्वास उनीहरूमा तीव्र थियो । कतिपय ठाउँमा गोत्र विश्वास बढ्दै गएर जनजाति विश्वासको रूपमा विकसित भएको थियो । यो विश्वासको मुख्य बल प्राकृतिक शक्ति र घटनाको पूजामा आधारित थियो । धेरै जनजातिहरू शक्तिलाई सबैभन्दा ठूलो प्राकृतिक शक्ति मान्थे । गृष्मकालमा मनाइने एउटा पर्वमा सूर्य नृत्य गर्ने गरिन्थ्यो । यो अवसरमा सबै अनुष्ठान सम्पन्न गरिन्थ्यो । छिमेकीहरूलाई पनि आमन्त्रण गरेर एउटा ठूलो घेरामा पाल गाडेर यो अनुष्ठान गरिन्थ्यो । यो प्रक्रियामा

उनीहरूको जीवन पद्धति र सूर्यमाथि रहेको विश्वास सबैको झलक पाइन्छ। उनीहरूको सामाजिक जीवमा सूर्य नृत्यको महत्त्व पनि छुट्टै छ। वर्षको आरम्भ उनीहरू यसैलाई मान्ने गर्दथे। हरेक वर्ष छुट्टाछुट्टै प्रतीक चिह्न मानेर त्यसलाई श्रद्धा गर्ने परम्परा थियो। यो अनुष्ठानसँगै केही पवित्र वस्तु घरबाट बाहिर निकालिन्थ्यो। अरू समयमा त्यसलाई भित्रै राख्ने गरिन्थ्यो।

अमेरिकी इन्डियनहरू चन्द्रमा, वायु, पानी आदि प्राकृतिक सम्पदालाई पनि पूजा गर्दथे। उनीहरू निराकार वस्तुभन्दा यस्ता वस्तुमा विश्वास गर्दथे र देवताभन्दा यस्ता वस्तुलाई नै सोझै श्रद्धा र पूजा गर्ने गर्थे। कतिपय जनजातिमा जीववादी मान्यता देखिन्छ र उनीहरूचाहिँ यी प्राकृतिक शक्तिहरूसँग सम्वन्धित फरक विश्लेषण गर्दथे। धेरैले पृथ्वी, आगो, पानी र हावाको पूजा गर्दथे र यी चारओटा प्राकृतिक वस्तुलाई एक/एकओटा दिशा र रङ दिइन्थ्यो। पृथ्वीलाई उत्तर दिशा र नीलो, आगोलाई पूर्व दिशा र रातो, हावालाई दक्षिण दिशा र कालो तथा पानीलाई पश्चिम दिशा र पहेलो रङ दिइने गरिन्थ्यो। अनुष्ठानहरूमा पनि दिशा र रेखाको संयोजन त्यही ढङ्गले गर्ने गरिन्थ्यो। अधिकांश अमेरिकी जनजातिहरूले चारओटा महत्त्वपूर्ण वस्तुको पूजा गर्ने, चारओटा रङ प्रयोग गर्ने, चार दिशामा विश्वास गर्ने गर्थे र चार अङ्कलाई शुभ र पवित्र मान्ने गर्दथे। उनीहरू अमूर्त शक्तिमा पनि विश्वास गर्दथे र हरेक अनुष्ठानमा नृत्य अनिवार्य थियो। उनीहरू नृत्यको समयमा मादक पदार्थ पनि सेवन गर्दथे। तमाखु खाने धार्मिक प्रक्रिया नै हुन्थ्यो र तमाखुलाई पनि पूजा गरिन्थ्यो। उनीहरूमा वलि प्रथा लगभग थिएन। वरु आफैं गएर देवताको अगाडि क्षमा-याचना गर्ने र आफू अत्यन्त तुच्छ भएको वताउने चलन थियो। प्राकृतिक शक्तिहरूलाई प्रसन्न राख्नका लागि उत्तरी अमेरिकाका इन्डियनहरूले नरवलि नै दिएको हदसम्मका प्रमाण फेला परेका छन्। यो नरवलि पनि कृषि अनुष्ठानसँग सम्वन्धित थियो। भूमिमा नरवलिले गर्दा उब्जनी वढ्ने विश्वास थियो। उनीहरूको साहित्यमा एकजना युवतीको वलि दिइएको वर्णन पाइन्छ। उनको शरीरलाई टुक्रा-टुक्रा पारेर खेतमा गाडेको र रगत बारीमा छर्किएको कथा त्यहाँ चलनमा छ। यसले गर्दा खेतमा उत्पादन बढी भएको मान्यता छ। अन्य उत्तरी अमेरिकी जनजातिहरूमा चाहिँ चन्द्रमामा रहने अज्ञात महिलाको पूजा गर्ने प्रचलन छ। कृषि र मकैका फसलको मालिक मानिने ती महिलालाई मकै भाँच्ने समयमा पूजा गर्ने गरिन्थ्यो। सारा गाउँका महिला जम्मा भएर ती काल्पनिक महिलाको भूमिका निर्वाह गर्दथे। उनीहरूका धार्मिक अनुष्ठान जादु-टुना र सिकारसँग पनि सम्बन्धित थिए।

उनीहरूका अनुष्ठान, धार्मिक र आर्थिक क्रियाकलाप जस्ता विषयहरू युद्धसँग पनि सम्बन्धित थिए। उनीहरूको समाजमा त्यस्ता अनुष्ठानका लागि विशेष पुरोहित र जादुगर छुट्टयाएर राखिन्थ्यो। हरेक युवकलाई योद्धा वन्नुअघि विशेष दीक्षा दिइन्थ्यो। समाजको प्रतिष्ठित व्यक्तिवाट हतियार लिएर उसले आफूलाई योद्धा घोषणा गर्दथ्यो। युरोपको उपनिवेश बनेपछि युरोपेलीहरूले त्यहाँका जनजातिहरूलाई

उकासेर एक अर्काको टाउको काट्न लगाउँथे । युरोपेलीहरू त्यस कार्यलाई मनोरञ्जन र त्यहाँका जातिको विनाशगरी दोहोरो फाइदाको रूपमा प्रयोग गर्दथे । युरोपेलीहरूले त्यहाँका आदिवासीको पुरानो धारणालाई आफ्नो पक्षमा प्रयोग गर्दै त्यसरी टाउको काट्न उक्साउने गरेका थिए । प्रत्येक इन्डियनहरू जगत्लाई आफ्नै ढङ्गले व्याख्या गर्दथे । हरेकले प्रेतात्मालाई आफ्नो संरक्षक मान्ने गर्दथे । दीक्षा संस्कार समयमा उपवास, एकान्तबास र बाफले नुहाउने चलन थियो । हरेकले एक/एकओटा जनावरलाई आफ्नो संरक्षक सम्झिने गर्दथे । सपनाको राम्रो र नराम्रो सन्देश पनि उनीहरूको विश्वासको एउटा विषय थियो । उनीहरू सपनालाई कानुन जस्तै कडाइका साथ मान्ने गर्दथे । उनीहरू सपनालाई नै कतिपय कामको आधार बनाउने गर्दथे । बिरामीलाई उपचार गर्नका लागि समाजमा झाँक्री रहने गर्दथे । कतै-कतै झाँक्री एक्लैले काम गर्थ्यो भने कतै-कतै उनीहरूको संघ हुन्थ्यो । खरायोलाई उनीहरू आफ्नो संरक्षक र विश्वको स्रष्टा मान्थे । उत्तर अमेरिकाको समाजमा कतिपय ठाउँमा सरदार प्रथा पनि थियो । त्यस्तै, भालुलाई उनीहरू विशेष शक्तिशाली र संरक्षक जनावरका रूपमा मान्ने गर्दथे । बिरामी निको पार्न जडीबुटी सँगसँगै अनुष्ठान र जादु पनि गरिन्थ्यो । उनीहरू बिमारवाट छुट्कारा पाउन आफूलाई शुद्धीकरण गर्ने गर्दथे । यसका अलग-अलग ठाउँमा अलग-अलग तरिका थिए । मेक्सिकोका जनजातिहरू शुद्ध हुनका लागि उल्टी गर्थे भने कतिपय ठाउँमा नुहाउने र केही ठाउँमा थोरै शरीरको रगत निकालेर फ्याँक्ने चलन थियो । उनीहरूको अन्त्येष्टि प्रक्रिया पनि फरक-फरक थियो । शवलाई गाड्ने, खुला मैदानमा छोड्ने, बाकसमा राख्ने र जलाउने सबै चलन थियो । त्यस्तै, मृत्युपछिको जीवनबारे पनि फरक-फरक मान्यता चलनमा थिए । कतै-कतै पुनर्जन्ममा विश्वास गरिन्थ्यो तर धेरै ठाउँमा चाहिँ जीवन जस्तै परलोकमा पनि मानिस रहने विश्वास गरिन्थ्यो । मरेपछि पनि उसले माथि गएर त्यही पेसा अपनाउने विश्वास गरिन्थ्यो । कायर र शत्रुबाट मरेकाले परलोकमा पनि त्यस्तै जीवन बिताउँछन् भन्ने उनीहरूको विश्वास थियो । यसले गर्दा उनीहरू बहादुर देखिने प्रयास गर्थे भने समाजले तोकेका मूल्य मान्यताप्रति निकै कटिबद्ध थिए । उनीहरूको धार्मिक विश्वास र अनुष्ठानको वास्तविक उद्देश्य परलोक नभएर संसार सुधार्ने नै थियो ।

अमेरिकाको उत्तरपश्चिमी तटमा रहेका जनजातिको धार्मिक विश्वास केही फरक थियो । विकसित किसिमले माछा मार्नु उनीहरूको मुख्य पेसा थियो भने स्थानीय वासस्थानमा उनीहरू बस्न थालिसकेका थिए । उनीहरू मातृवंशमा थिए भन्ने प्रमाण निकै पछिसम्म पाइन्थ्यो । दासप्रथा, सरदार र धनी गरिबको श्रेणी विभाजन भइसकेको थियो । वस्तु विनिमय विकसित रूपमा थियो र सम्पत्तिको असमानता पनि निकै नै । यो सामाजिक व्यवस्था धर्ममा पनि प्रतिविम्बित भएको थियो । मातृमूलक गोत्रमा आधारित टोटेमवादका अवशेषहरू यो समाजमा निकै वढी थिए । काग र भेडाका मिथकहरू निकै थिए । कागलाई उनीहरू सांस्कृतिक

नायकको रूपमा र भेडालाई अशुभ तत्त्वको रूपमा हेर्ने गर्दथे । पुराना कहानीहरू समाजमा विश्वासका साथ सुनाइन्थे जसमा पुरुष जनावर र महिलाका बीचमा विवाह भएर नयाँ जनावर जन्मिएका कथाहरू हुन्थे । हरेक गोत्रको आफ्नो चिन्ह हुने गर्दथ्यो र त्यसलाई घरदेखि चिहानसम्म सजाएर राखिन्थ्यो । त्यस्तै, शरीरमा पनि टाटु खोपेर चिन्ह बनाइन्थ्यो । चिहानमा काठको ठूलो टोटेमी स्तम्भ नै बनाइने गर्दथ्यो । चिहानघारीहरूमा परैबाट जीवगोत्र देख्न सकिन्थ्यो । उनीहरूको झाँक्री प्रथा वंशानुगत थियो र बिमार पठाइदिने दुष्टआत्मामा उनीहरूको विश्वास थियो । साधारण सिकारीले मार्न नसक्ने जनावर झाँक्रीले मार्ने र त्यसको जिब्रोलाई सुरक्षित राख्ने प्रचलन थियो । उनीहरू आखेट कार्यका धेरै कर्मलाई प्रेतात्माको विश्वाससँग जोडेर हेर्ने गर्दथे । उनीहरूमा सामाजिक विविधीकरण र गोत्र विभाजनको छाप निकै टड्कारो थियो ।

अमेरिकी इन्डियनहरूका अधिकांश जनजातिका धर्मको सारांश मानिससँग निकट अलौकिक तत्त्वमा विश्वास नै हो भन्न सकिन्छ । उनीहरूको धार्मिक क्रियाकलाप अलौकिक शक्तिको विश्वास र निगाह प्राप्त गर्नमा केन्द्रित थियो । त्यसका लागि उनीहरू पूजा प्रार्थना, उपवास, आत्मपीडक व्यवहार आदि देखाउने गर्दथे । उनीहरूको धार्मिक विश्वास जनवादी शैलीको थियो । सुदृढ गोत्रीय र जनजातीय जीवनपद्धति उनीहरूको हरेक व्यवहारमा देख्न सकिन्छ । संरक्षक प्रेतात्मा हरेक गोत्रको फरक-फरक हुने र त्यसलाई गरिने पूजा पनि फरक-फरक हुने गर्दथ्यो । यसमा चाहिँ गोत्रका अगुवाहरू नीति निर्माणमा लगभग स्वतन्त्र हुन्थे । प्रेतात्माको व्याख्यामा झाँक्रीवादका गोप्य प्रणाली जोडिएका हुने गर्दथे । उनीहरूमा अलौकिक तत्त्वको मूर्तीकरणचाहिँ निकै कम पाइन्छ । देवतामा मानव तत्त्वरोपण गर्ने गरेको देखिँदैन । त्यसले गर्दा आत्मा र देवताका मूर्ति देख्न पाइँदैन । उनीहरू मन्दिर र स्थायी पवित्र स्थल पनि निर्माण गर्दैनथे । अस्थायी किसिमका झुपडी र छानामुनि उनीहरूका धार्मिक कार्य सम्पन्न हुन्थे । पुरोहितको छुट्टै र विकसित वर्ग थिएन । उनीहरूको भूमिका झाँक्रीले नै निभाउने गर्दथे । त्यहाँ हरेकले स्वेच्छाले पेसा अपनाउन सक्दथे । ओसेनिया र अफ्रिकामा सरदारको पूजा गर्ने प्रथा भेटिए पनि अमेरिकामा त्यस्तो थिएन । उनीहरू बढी जनवादी भएकाले त्यस्तो नभएको देखिन्छ । सरदार र झाँक्रीलाई विशेषाधिकार उत्तर-पश्चिम तटमा मात्र देखिन्छ । यिनीहरूमा युद्धसम्वन्धी जादु-टुनाको प्रशस्त विकास भएको थियो । त्यस्तै मरणसम्वन्धी टुना सुरुमा विकास भए पनि पछि त्यसको अस्तित्व देखिँदैन ।

उनीहरूको गोत्रीय विश्वासमा मानव पूर्वजको सम्बन्ध देखिँदैन । मृत्युपछिको धारणामा स्वर्ग, नर्क र प्रतिफललाई कमै महत्त्व दिइन्थ्यो । तर भावी जीवनलाई वर्तमान जीवनको सिलसिलामा जोडेर हेर्ने गरिन्थ्यो ।

रेड इन्डियनहरूको पुएब्लो नामको सानो समूह थियो । यो समूह केही समय अघिसम्म आरिजोना र न्यु मेक्सिकोमा अस्तित्वमा थियो । उनीहरू अन्य समुदायभन्दा

निकै विकसित थिए । उनीहरूको कृषि, सुगठित सिँचाइ प्रणालीमा आधारित थियो । उनीहरू काँचो इँटाको घर बनाएर बस्ने गर्दथे । उनीहरूले कपडा बुन्ने, माटोको रंगिन भाँडा बनाउने आदि प्रविधिको विकास पनि गरेका थिए । उनीहरूको सामाजिक जीवनको आधार सुगठित र समृद्ध गोत्र समुदाय थियो । विस्तारै उनीहरू पनि मातृसत्तावाट पितृसत्तामा फेरिएका थिए । उनीहरूको समाजमा निश्चित कुलको व्यक्ति समूहको अगुवा हुने गर्दथ्यो । टोटेम प्रथाअनुसार हरिण समूहका व्यक्तिहरूको नेता वा अगुवा त्यही समुदायका कसैलाई छानिन्थ्यो । अन्य जातिका तुलनामा यिनीहरूमा पितृपूजाको चलन थियो । मृतकको प्रेतात्मालाई सबैको संरक्षक मान्ने गरिन्थ्यो । उनीहरू पनि विशेष अनुष्ठानमा मखुन्डो लगाएर नाच्ने गर्दथे । राम्रो बाली लागोस्, पानी परोस् र बिरामीहरू निको हुन भनेर पूजा गर्ने चलन थियो ।

अमेरिकाका उपनिवेशवादीहरूले रेड इन्डियनहरूलाई उनीहरूको भूमिवाट लखेट्ने र भौतिक रूपमा नै समाप्त पार्ने काम गरे । त्यसविरुद्ध त्यहाँका स्थानीयवासीले गरेको प्रतिरोध असंगठित थियो । १९औं शताब्दीमा धार्मिक सुधारका नाममा उनीहरू स्वयम्ले इसाईहरूका कतिपय विचारलाई स्वीकार गर्न थाले । इसाईहरूले आफ्नो शरणमा आएमा बाँच्न दिनेसम्मका षडयन्त्रमूलक सन्देश फैलाएर उनीहरूको धर्म नष्ट गर्न सफल भए । १९औं शताब्दीको मध्यतिर क्यालिफोर्नियामा उपनिवेशवादीहरूको दवाब निकै बढ्यो । त्यहाँका स्थानीयहरूमाथि दमन भयो र हिंसाको सुरुआत भयो । उनीहरूलाई दमन गरियो र उपनिवेशवादीहरूले लगभग पूरै समाज कब्जा गरे । सन् १८८० मा बोवोका नामका एक व्यक्तिले विभिन्न कुनामा रहेका जनजातिलाई संगठित गरेर नयाँ जागृति पैदा गरे । उनले विदेशी दमनकारीहरूवाट पूरै छुटकारा पाउनुपर्ने माग गरेका थिए । त्यसबेला रेड इन्डियनहरूको पुरानो धर्म पनि बचाउने प्रयत्न गरिएको थियो । तर धर्म र स्वतन्त्रतासँग जोडिएको यो आन्दोलन असफल हुने निश्चित थियो । १९औं शताब्दीमा यस्तो आन्दोलन पोलेनेसिया र अफ्रिकामा पनि भएको थियो भने २०औं शताब्दीमा मेलानेसियामा भएको थियो ।

***

अध्याय-६

अफ्रिकीहरूको धर्म

अफ्रिका आफैमा एउटा ठूलो भूगोल, जनसंख्या, संस्कृति र इतिहास बोकेको क्षेत्र हो । अमेरिकाका मूलवासीलाई जस्तै अफ्रिकाका मूलवासीलाई पनि सामाजिक र आर्थिक विकासको आधारमा तीन समूहमा बाँड्न सकिन्छ । सबैभन्दा पिछडिएको घुमन्ते सिकारी जनजातिहरू कृषि र पशुपालनसँग पनि परिचित थिएनन् । उनीहरूलाई बुसमेन र मध्यअफ्रिकी पिग्मी भन्ने गरिन्छ । अफ्रिकाको अधिकांश जनसंख्या दक्षिणी र उष्ण क्षेत्रमा थियो । उनीहरूले कृषि र पशुपालनलाई मुख्य पेसा बनाएका थिए । होहेनटोट र बन्तु जनजाति तथा सुडानका विभिन्न भाषा बोल्ने समूह यसमा पर्दछन् । उत्तर र उत्तरपूर्वी अफ्रिकाका प्राचीन सभ्यता भएका मोरक्को, अल्जेरिया, ट्युनिसिया, लिबिया, इजिप्ट, इथियोपिया र सोमालियाका बासिन्दा यस समूहमा पर्दछन् । पहिलो समूह भौतिक उत्पादन, सामाजिक व्यवस्था र सांस्कृतिक रूपले अत्यन्त आदिम छ । सामुदायिक गोत्रीय व्यवस्थाको स्तरबाट उनीहरू निकै पछिसम्म माथि उठ्न सकेनन् । दोस्रो समूह बहुसंख्यक समूह हो । र सामुदायिक गोत्रीय तथा सामुदायिक जनजातीय व्यवस्थाको विघटन हुँदै वर्ग समाजसम्म उनीहरू आइपुगेका थिए । तेस्रो समूह प्राचीन पूर्वी र युनानी रोमन सभ्यताको समयदेखि नै भूमध्य सागर वरपर उन्नत जातिसँग बस्थे । उनीहरूमा प्राचीन जीवनपद्धतिको अवशेष पनि देख्न पाइँदैनथ्यो । यसले गर्दा अफ्रिकीहरूमा फरक-फरक धार्मिक विश्वास र अन्तर पैदा हुन थाल्यो । हामी यहाँ पहिलो र दोस्रो समूहको धार्मिक विश्वासमा केन्द्रित हुन्छौं । तेस्रो समूहको विश्वास जाति र राज्यसँग जोडिएका धर्म र विश्वव्यापी धर्मसम्बन्धी अध्यायमा आउँछ ।

१. पिछडिएका अफ्रिकीहरूको धार्मिक विश्वास

बुसम्यानहरूको धार्मिक विश्वास मात्र नभएर सामाजिक र आर्थिक विश्वास पनि आदिम किसिमको पाइन्छ । यिनीहरू दक्षिण अफ्रिकामा रहने सिकारी जनजातिको एउटा समूह हो । यिनीहरू अफ्रिकामा कुनै समय सिकारी जनजाति रहेका ठूलो

समूहबाट उस्तै रहेका हुन सक्दछन्, अन्य भन त्यहाँबाट बाहिर निस्किएर कृषि र पशुपालनमा लागेको पनि हुन सक्दछ। १७ देखि १९औं शताब्दीमा युरोपेलीहरूले अफ्रिका कब्जा गर्न सुरु गरेपछि बुसम्यानहरूको संख्या घट्न थाल्यो। उनीहरूलाई युरोपेलीहरूले भौतिक र सांस्कृतिक रूपमा नै ध्वस्त पारे। अस्ट्रेलियाका जनजातिहरूको सामाजिक संगठन र संस्कृति नष्ट गरे जस्तै तरिका यहाँ पनि अपनाइएको थियो। बुसम्यानहरू स्वतन्त्र गोत्रमा बाँडिएका थिए। उनीहरूमा टोटेमवादको अवशेष प्रशस्त पाइन्छ। प्रायः जीवजन्तु कि पहिला मनुष्य भएको कि मनुष्य भविष्यमा जीवजन्तु बनेको भन्ने उनीहरूको विश्वास थियो। उनीहरू गोत्रको नाम दिंदा पहाडका चट्टानलाई अर्धपशु र अर्धमानव कल्पना गरेर नाम तय गर्ने गर्दथे। यससम्बन्धी उनीहरूका मिथक पनि थिए। मृत्युपश्चात्को जीवनमा पनि उनीहरूको विश्वास थियो। मृतकबाट निकै डराउने उनीहरू लासलाई गाड्ने गर्दथे। मध्य अफ्रिकाका विकसित जनजातिमा भेटिए जस्तो पितृपूजाको चलन उनीहरूमा पाइएको छैन।

उनीहरू सिकारी हुनुको नाताले सिकारसम्बन्धी पूजा र अनुष्ठान गर्ने चलन थियो। सिकारमा सफलता पाउनका लागि उनीहरूले विभिन्न प्राकृतिक परिघटना र अलौकिक तत्त्वको प्रार्थना गर्दथे। जस्तो कि राति चन्द्रमालाई पूजा गर्दै भन्थे- हे आकाशमा रहेको चन्द्रमा, भोलि हरिण मार्न मलाई सहयोग गर। आज राति पेट भर्न मलाई सहयोग गर। मलाई खान देऊ... । यस्तो प्रार्थना अन्य अदृश्य वस्तुहरूमा पनि गरिन्थ्यो। त्यस्तै, अलौकिक गुण भएका कतिपय वस्तुहरूमा उनीहरूको विश्वास थियो। त्यस्ता वस्तुलाई उनीहरू सागन, स्गआँग आदि नामले पुकार्ने गर्थे। आकाशलाई चाहिँ सांस्कृतिक नायक मान्ने गरिन्थ्यो।

आदिम जनजातिको अर्को समूहमा पिग्मी समूह आउँछ। उनीहरू स-साना बस्ती बनाएर कंगो नदीदेखि मध्यअफ्रिकासम्म बस्ने गर्दथे। धेरै पहिला उनीहरू विकसित समाजको सम्पर्कमा आए पनि आदिम जीवनपद्धतिका कारण त्यही शैलीको जीवन जिउने गर्दथे। यिनको धार्मिक विश्वासको विषयमा इतुरी उपत्यका वरपरका समुदायका केही प्रमाण फेला परेका छन्। त्यहाँ बान्बुती भनिने जनजाति रहने गर्दथे। उनीहरूको धार्मिक विश्वासको केन्द्र पनि सिकार नै थियो। सिकारसम्बन्धी अन्धविश्वास र मान्यतालाई उनीहरू कडाइका साथ पालना गर्दथे। जादु-टुनामा उनीहरूको विश्वास थियो। वनमा बस्ने प्रेतात्मालाई उनीहरू सबै जीवजन्तुको स्वामी मान्दथे। सिकार गर्न जानुअघि उनीहरू प्रेतात्माको पूजा पनि गर्दथे। उनीहरूको लैङ्गिक र व्यक्तिगत टोटेम थिएन भने गोत्रीय टोटेम अस्तित्वमा थियो। आफ्नो टोटेमका साथसाथै श्रीमतीको र आफूले दीक्षा लिएको व्यक्तिको टोटेमलाई पनि मान्ने गरिन्थ्यो। मुख्यतः चिम्पान्जी, सर्प, बाँदर, हरिण आदिलाई टोटेम मान्ने गरिन्थ्यो भने कहिलेकाहीं रूख-बिरुवालाई पनि। टोटेमलाई हजुरबा, बुवा आदि शब्दले सम्मान गरिन्थ्यो। आफ्नो गोत्रको उत्पत्ति त्यही जनावरबाट भएको मानिन्थ्यो। टोटेमको मासु खानु त के उसको छाला, हड्डी

आदि छुनु पनि अपराध मानिन्थ्यो । मृत्युपछि हरेकको आत्मा टोटेमका रूपमा परिवर्तन हुने उनीहरूको विश्वास थियो ।

उनीहरूको दीक्षा प्रणाली पनि अनौठो थियो । ९ देखि १६ वर्षसम्मका सबैले दीक्षा प्रणालीमा भाग लिनुपर्दथ्यो । समुदायका धेरैलाई जम्मा गरेर दीक्षा दिइन्थ्यो । उनीहरूको पनि खतना (लिंग काट्ने) गरिन्थ्यो र विभिन्न जटिल परीक्षामा सामेल गराइन्थ्यो । उनीहरूलाई पिट्नु, शरीरमा फोहोर दलिदिनु, भूतजस्तो मखुन्डो लगाएर तर्साउनु, घन्टौं पानीमा राख्नु आदि सजाय दिएर परीक्षा लिने गरिन्थ्यो । दीक्षाका साथसाथै उनीहरूलाई किसिम-किसिमका नैतिक उपदेश पनि दिइन्थ्यो । उनीहरूलाई दीक्षा संस्कारका साथै विभिन्न अनुष्ठानसँग सम्वन्धित वस्तु देखाउने गरिन्थ्यो । बालबालिका र महिलालाई त्यस्तो वस्तु हेर्न निषेध गरिन्थ्यो । वनमा वनाइएको सानो टहरोमा त्यस्ता वस्तु राखिन्थ्यो । त्यहाँ स्त्रीलाई जाने अनुमति थिएन भने सबै पुरुषहरू अनिवार्य उपस्थित हुने गर्दथे । दीक्षाको अनुष्ठान कार्यमा प्रेतात्माले सहयोग गरेको मानिन्थ्यो । दीक्षा पाएको व्यक्तिलाई प्रेतात्मा र वन देवताले सहयोग गर्ने विश्वास गरिन्थ्यो । उनीहरूमा मृतकसम्वन्धी विश्वासको विकास भएको थियो । उनीहरू मान्छे मरेपछि आफ्नै टोटेमको रूप लिन्छ भन्ने सोच्दथे । उनीहरूका धेरै मिथकमा चन्द्रमा र त्यस्तै अन्य आकाश देवताको छाप पाइन्छ ।

२. अफ्रिकाका मुख्य आवादीको धार्मिक विश्वास

कालो अफ्रिका अर्थात् साहाराको दक्षिणतर्फको अधिकांश अफ्रिका निकै पहिला नै सभ्यताको उच्च चरणमा पुगेको थियो । त्यहाँ निकै पहिला कोदालो प्रयोग गरेर खेती गर्ने चलन विकसित भएको थियो । अधिकांश ठाउँमा घरेलु जनावर पाल्ने चलन पनि थियो । अलग-अलग ठाउँमा कृषि र पशुचरनका अलग-अलग रूप पनि पाइएका छन् । उनीहरू स्थायी वस्ती वनाएर वस्ने गर्दथे । कतै-कतै त सहरजस्ता ठूला वस्ती पनि फेला परेका छन् । फलामसम्वन्धी विभिन्न सामान वनाउने गर्दथे । वस्तु विनिमय फस्टाएको थियो । अधिकांश समाजमा गोत्रीय र जनजातीय प्रणालीको विकास र विघटन भएको थियो । पश्चिम र मध्यअफ्रिकाका जनजातिमा मातृसत्तात्मक प्रणालीको अवशेष देखिन्छ भने दक्षिण र पूर्वी अफ्रिकामा पितृसत्तात्मक समाजको । अधिकांश जनजातिको समाजमा वर्गीय सम्वन्ध वनेको देखिन्छ । मध्ययुगमा अर्धसामन्ती किसिमका आदिम राज्य पनि बनिसकेको देखिन्छ । रहनसहन र भौतिक परिस्थिति सामाजिक व्यवस्थाका तरिकाले निर्माण हुन्छ । यसले गर्दा अलग-अलग किसिमका समाजमा त्यहीअनुसारका धार्मिक विश्वासहरू अस्तित्वमा देखिन्छ । अफ्रिकी जनजातिहरूको धर्ममा पितृपूजा फेला पर्दछ । पितृपूजाका लागि यहाँको सभ्यता सवैभन्दा पुरानो मानिन्छ । कृषिजीवी र पशुपालक दुवै जनजातिमा यो प्रणाली देखापर्दछ । पितृपूजा, पितृसत्तात्मक गोत्र व्यवस्थाको आधारमा सुरु भएको थियो । तर पितृपूजालाई मातृवंशीय गोत्रका अवशेषका रूपमा पनि हेर्ने गरिन्छ । पितृपूजाको रूप नै बिस्तारै

राजकीय पन्थ, सरदार र राजाहरूको पूर्वजमा देवत्वरोपण भएको पाइन्छ। उनीहरूको विश्वासमा पूर्वजलाई परिवार र गोत्रको संरक्षकको रूपमा लिइन्छ। तर, पूर्वजहरूले त्यसै संरक्षण गर्दैनन्, उनीहरूलाई बलि दिनुपर्छ र पूजा गर्नुपर्छ भन्ने धारणा थियो। त्यसका लागि उनीहरूले बलिप्रथा विकास गरेका थिए। धेरै बिमार भयो र विपत् आयो भने पितृ असन्तुष्ट भएर देखिएको परिणामका रूपमा हेर्ने गरिन्थ्यो। कतिपय जनजातिले चाहिं अरूका पितृले नराम्रो काम गरिदिएको आरोप लगाएर अर्को समाजसँग रिस गर्ने गर्दथे।

यहाँका जनजातिहरूमा प्राचीन टोटेमवादका केही अवशेषहरू थिए। गोत्रको टोटेमी नाम, कतै-कतै टोटेम जीवको मासु खान लगाइएको प्रतिबन्ध आदिले यसको संकेत गरेका छन्। दक्षिण र पूर्वी अफ्रिकाका पशुपालकमध्ये धेरैजसोले घरेलु पशु पाल्थे र त्यसैलाई टोटेम मान्थे। टोटेमी विश्वास र अनुष्ठान अन्य रूपमा निकै कम फेला परेका छन्। दक्षिण अफ्रिकाका बेचुआना जातिमा टोटेम प्रथा निकै बढी पाइन्छ। उनीहरूको गोत्रअनुसार टोटेमी नृत्य विकसित भएको थियो। उनीहरूको गोत्र सोध्नका लागि 'तँ कुन जनावरजस्तो नाच्न सक्छस् ?' भनेर प्रश्न गरिन्थ्यो। कृषिजीवी जनजातिमध्ये पश्चिम अफ्रिकामा रहेका जनजातिमा गोत्रीय टोटेमवादका थोरै अवशेष फेला परेका छन्। कतै-कतै त्यसले नयाँ रूप पनि लिएको पाइन्छ। समुदायले नै एउटै टोटेम मानेर पूजा गर्ने गरेको पनि पाइन्छ। त्यसरी गोत्रीय टोटेमको सट्टा क्षेत्रीय टोटेम मान्नुको पछाडि जीवजन्तुको बसाइँ-सराइ वा त्यस्तै अन्य कारण हुन सक्छन्। अफ्रिकामा पशु पूजाको चलन पनि निकै थियो। कतै-कतै यो प्रथा टोटेमवादसँग जोडिएर आउँथ्यो भने कतै स्वतन्त्र रूपमा। चितुवालाई उनीहरू आदरको दृष्टिले हेर्ने गर्दथे तर पनि केहीले त्यसको सिकार पनि गर्दथे। उसलाई राजाको कलको टोटेम पनि भन्ने गरिन्थ्यो। त्यहाँ सर्प पूजा पनि प्रचलित थियो। दहोमी भन्ने ठाउँको एउटा मन्दिरमा ३० ओटा सर्प पालिएका थिए। त्यहीं अर्को मन्दिरमा अजिंगर र सर्प पाल्नका लागि एउटा पुजारी राखिएको थियो। सर्पलाई नोक्सान पुऱ्याउनु ठूलो अपराध हो भन्ने उनीहरूको विश्वास थियो। किसान जनजातिहरूमा कृषि संरक्षक देवताको सामूहिक र घरेलु पूजा गर्ने चलन थियो। हरेक वस्ती, गाउँ र इलाकामा नदी, नाला, पर्वत, उपत्यका, ढुङ्गा र वनका स्थानीय देवता वा प्रेतात्मा रहेको विश्वास गरिन्थ्यो। नाइजेरियाका जनजातिहरू स्थानीय देवतालाई पशुको रूपमा पूजा गर्थे। दक्षिण अफ्रिकाका जुलु समुदायमा आकाशकी राजकुमारी नोमकुबुलवाना देवीको पूजा गर्ने चलन थियो खेतमा उर्वरता प्रदान गर्नका लागि पूजा गर्नुपरेको मिथक प्रचलित थियो। र स्त्रीको नेतृत्वमा पूजा गन गरिन्थ्यो।

अफ्रिकाका सबै जनजातिमा देवक पूजा (फिटिसिज्म) को चलन थियो। युरोपेलीहरूले अफ्रिकीहरूलाई जंगली भनेर हेयको दृष्टिले हेर्दथे। किनभने देवक पूजा धर्मको प्राचीन रूप हो भन्ने धारणा विकसित थियो। गम्भीरताका साथ हेर्दा आरम्भमा देवक पूजासम्बन्धी विश्वास पश्चिम अफ्रिकामा मात्र थियो। अर्को, पश्चिमी अफ्रिकीहरू वर्ग विभाजनसम्म पुगिसकेकाले उनीहरू निकै विकसित थिए।

देवक पूजा धर्मको प्राचीन रूप नभएर विकसित रूप हो भन्ने धारणा पछि विकसित हुन थाल्यो । अफ्रिकामा देवक पूजा व्यक्तिगत देवक पूजा वा धर्मको वैयक्तीकरणको एक रूप हो । पुरानो गोत्र सम्वन्धको विघटनसँग यसको इतिहास जोडिएको थियो । गोत्र, समुदाय र समाजलाई संरक्षकले रक्षा नगरेपछि मानिसले अदृश्य शक्तिमा आफ्नो सहारा खोज्न थालेपछि यो रूप विकास भएको थियो । मानिसलाई विश्वास लाग्ने अदृश्य या दृश्य कुनै पनि वस्तुलाई देवता मान्ने गरिन्थ्यो । मानिसलाई आफ्नो काममा सफलता पाउनका लागि उसको पूजा गर्नुपर्ने धारणा विकसित हुन थाल्यो । सफलता प्राप्त नभएपछि वारम्वार देवक फेर्ने चलन पनि देखियो। जस्तो कि फलामलाई देवता मानेर पूजा गर्दा सफलता प्राप्त नभएपछि विस्तारै त्यो परिवारले फलामको सट्टा ढुङ्गालाई देवता मान्न थाल्यो । आफ्नो देवकलाई उकास्न र सक्रिय बनाउनका लागि यन्त्रणा दिने चलन पनि अफ्रिकीहरूमा विकसित भयो । देवकबाट केही माग्दा उसमा फलामको काँटी ठोक्ने, उसलाई ढुङ्गाले हान्नेजस्ता काम गरिन्थ्यो । त्यसपछि देवता सक्रिय हुने र आफ्ना काम पूरा हुने विश्वास थियो ।

अन्य भू-भागमा जस्तै अफ्रिकामा पनि पुरोहितको पेसा नै जन्मिएको फेला परेको छ । पोलेनेसियामा जस्तै यहाँ पनि पुरोहित वर्गको स्थान सुरक्षित थियो । पश्चिम अफ्रिकामा यो प्रथा बढी विकसित भएको पाइन्छ । अधिकांश अफ्रिकी जनजातिहरूले विभिन्न किसिमका र श्रेणीका पुरोहित मान्ने गरेको पाइन्छ । मुख्य रूपमा मन्दिरमा पूजा गर्ने जनजातिका आधिकारिक प्रतिनिधिहरूले राजकीय पूजा र अनुष्ठान गर्दथे । अन्य पुरोहितहरू चाहिँ वंशजको आधारमा नबनेका र सानो समाज या घरमा पूजा गर्ने पुरोहितहरू हुने गर्दथे । यीमध्ये मन्दिरका पुरोहितहरू प्रभावशाली थिए । मन्दिरको सम्पत्ति, जनावर, दास र त्यहाँ प्राप्त हुने भेटी उनीहरूको स्वामित्वमा पर्दथ्यो । राज्यसँग पनि उनीहरूको सम्पर्क राम्रो र प्रभावशाली थियो । किसान जनजातिहरूमा स्थानीय पुरोहितहरूले कृषिसँग सम्वन्धित काम गर्ने गर्दथे । उनीहरू मौसमसम्वन्धी जादु र अनुष्ठान गर्ने गर्दथे । कहिलेकाहीं त पानी चाहिएको समयमा हप्तौंसम्म पानी नपरेसम्म अनुष्ठान गर्ने गरिन्थ्यो । पुरोहितहरूले युद्धसम्वन्धी साइत हेर्ने, युद्धका लागि सल्लाह दिने, जादु गर्ने र देवतालाई वलि चलाउने काम पनि गर्दथे । त्यसवाहेक पश्चिम अफ्रिकामा न्यायिक काममा पनि पुरोहितको सहभागिता हुन्थ्यो । आदिम अफ्रिकी राज्यमा न्याय दिनुअघि जादु वा मन्त्र प्रयोग गरेर अपराधी पत्ता लगाउने चलन थियो । यो काम कालान्तरमा पुरोहितको जिम्मामा पुग्यो । अभियुक्तलाई विशेष किसिमको विष मिसाएर खुवाइन्थ्यो । उनीहरू बिरामी भएमा अपराधी र केही नभएमा निर्दोष ठान्ने गरिन्थ्यो । विषको मात्रा निर्धारण गर्ने काम पुरोहितको जिम्मामा छोडिन्थ्यो । राजा र सरदारहरूको उपस्थिति निकै ठूला अपराधीका विषयमा मात्र हुने गर्दथ्यो । अन्य घटनामा भने पुरोहितलाई नै सबै जिम्मा दिइन्थ्यो । स्वतन्त्र रूपमा काम गर्ने पुरोहित झाँक्री, जादुगर आदिले चाहिँ सामाजिक चिकित्सा क्षेत्रमा काम गर्ने गर्दथे । उनीहरू भविष्यवाणी पनि गर्ने गर्दथे । बिरामीको उपचारमा

धेरै चिकित्सकले औषधि र जादु दुवै प्रयोग गर्दथे । त्यससँगै नृत्य, विभिन्न जनावरको पूजा, विभिन्न जनावरका आवाज आदिलाई पनि उपचारमा प्रयोग गरिन्थ्यो । अफ्रिकाका जनजातिहरूले पुरोहितबाहेक कतै-कतै फलामको काम गर्ने व्यक्तिलाई पनि मान्ने गरेको पाइन्छ । अफ्रिकामा फलामको खानी धेरै भएकाले प्राचीन समयदेखि नै उनीहरूले फलाम प्रयोग गरेको देखिन्छ । यसले गर्दा फलामका काम गर्ने व्यक्तिलाई खानदानी मानिन्थ्यो । यो पेसासँग रहस्यमय शक्ति भएका मिथक र विश्वासहरू जोडिएका थिए । यो पेसा गर्ने व्यक्तिलाई समाजले निकै उच्च ढङ्गले हेर्ने गर्दथ्यो । कतै-कतै फलामको काम गर्नेलाई छुन नहुने चलन पनि थियो । तर अर्कोतिर उनीहरूलाई सम्मान गर्ने र अलौकिक शक्ति प्राप्त भएको व्यक्तिका रूपमा हेर्ने चलन पनि सँगसँगै थियो । लोहारले फलामका औजार प्रयोग गरेर शत्रु मार्न सक्ने विश्वास गरिन्थ्यो । उनीहरूको अनुमतिविना समाजमा कसैले पनि फलामका वस्तु छुने हिम्मत गर्दैनथे ।

पुरोहित प्रथासँगै त्यहाँ केही सामाजिक र केही लैङ्गिक भेदभावसहितका अन्य प्रथा पनि विकसित भएको पाइन्छ । मध्यपश्चिम अफ्रिकामा यस्तो प्रथाको विकास भएको पाइन्छ । त्यहाँ मेलानेसियाभन्दा वढी नै गोप्य मन्त्र र त्यससम्वन्धी मिथकहरू फैलिएको भेटिन्छ । मेलानेसिया महिलाविरुद्ध पुरुषलाई विशेष मन्त्र वा सल्लाह दिने गरिन्थ्यो भने पश्चिम अफ्रिकामा स्थिति निक्कै फरक थियो । यहाँचाहिँ मातृवंशीय गोत्र परम्परा निकै दह्रो थियो र स्त्रीहरू पनि घर र समाजमा राम्रो पकड जमाएर वसेका थिए । विस्तारै पुरुषद्वारा प्रहरी वा त्यस किसिमको शक्ति गोप्य रूपमा निर्माण गरियो । कतै-कतै यो संगठन खुला र व्यापक त कतै सानो र गोप्य ढङ्गले निर्माण भएको पाइन्छ । अनौठो त के छ भने कुनै ठाउँमा महिलाले पनि त्यस्तो संगठन निर्माण गरेको फेला परेको छ । समाजमा न्यायिक काम गर्ने, ऋण उठाउने आदि काम गर्न निर्माण भएको यस्तो संगठन कतै-कतै कानुन विरोधी काम गर्ने अधिकार पाएको संगठनको रूपमा पनि विकसित भएको देखिन्छ । यी सवै काम धार्मिक अनुष्ठानको आवरणमा गरिन्थ्यो र जीववादी तथा जादु-टुनासम्वन्धी विश्वाससँग जोड्ने गरिन्थ्यो । अन्य क्षेत्रमा जस्तै यहाँ पनि प्रेतात्माको विश्वासमा डरलाग्दा मखुन्डा र पोसाक लगाउँदै नाच्ने चलन थियो । किसिम-किसिमका पोसाकले समाजमा अन्य व्यक्तिलाई डर देखाउने चलन विकसित थियो ।

पश्चिम अफ्रिकामा विकसित गोप्य किसिमका काम-कारवाहीको चलन सवै धर्मसँग जोडिएका थिए । अन्धविश्वास र समाजमा प्रभुत्व जमाउने उद्देश्यले त्यस्तो क्रम विकसित भएको मान्न सकिन्छ । १ सय ५० भन्दा वढी त्यस्ता समाजको अध्ययन गरेपछि एउटा विद्वान्ले यस्ता गतिविधिलाई तीन श्रेणीमा राखेर विश्लेषण गरेका छन् । उनका अनुसार पहिलो समूह धार्मिक थिया, दोस्रो जनवादी र देशप्रेमी समूह थियो र अर्कोचाहिँ आपराधिक समूह थियो । यो अपराधिक समूहको अस्तित्वचाहिँ २०औं शताव्दीको आधाआधीसम्म पनि पाइन्छ । उनीहरू धर्म र जादुको सहारामा गोप्य वलि दिने, त्यसका नाममा सम्पत्ति संकलन गर्ने, परम्पराका नाममा सामन्तवादलाई

बढावा दिने आदि गर्दथे । अफ्रिकीहरूले पवित्र सरदारको पूजा पनि गर्ने गर्दथे । धेरै जनजातिहरूले सरदार निर्माण गरेर आफ्नै समुदायभित्रको व्यक्तिलाई पूजा गर्ने गरेको भेटिन्छ । यो रूप कतै-कतै राजाको पूजा गर्ने चलनमा परिणत भयो । त्यसबाहेक पुरोहित वा झाँक्रीको पूजा गर्ने चलनका रूपमा पनि कतै-कतै विकसित भयो । सरदारको जीवित अवस्थामा मात्र नभएर मरेपछि पनि पूजा गर्ने चलन थियो । सरदारमा अलौकिक गुण भएको र समाजमा राम्रो कामका लागि उनीहरूको आवश्यकता परेको विश्वास गरिन्थ्यो । कतिपय सरदारहरूले चाहिँ आफैंले देवताको रूप भएको घोषणा गरी समाजमा आफ्नो प्रभुत्व निर्माण गरेको पाइन्छ । सरदारको नाम उच्चारण गर्न सर्वसाधारणलाई प्रतिबन्ध थियो । त्यसबाहेक मरेको सरदारको नामोच्चारण गर्नु अझ ठूलो पाप मानिन्थ्यो । सरदारमा पानी पार्ने र समाजलाई सुक्खा बनाउने क्षमता छ भन्ने विश्वास गरिन्थ्यो र वायुमण्डलसम्म सरदारको पहुँच भएको मानिन्थ्यो ।

सरदार हुनका लागि शारीरिक रूपले सशक्त र मानसिक रूपले परिपक्व व्यक्ति उपयुक्त हुन्छ भन्ने ठानिन्थ्यो । बूढो मानिस सरदार हुन सक्दैन भन्ने मानिन्थ्यो । कतिपय समाजमा वृद्ध हुँदै गएका सरदारलाई पद खोसेर मार्ने चलन थियो । कतै-कतै उत्तराधिकारी चलन थियो भने कतै समाजले आफैं अर्को सरदार खोज्ने चलन थियो । सरदारमा बुढचौलीपन आएको नआएको बुझ्नका लागि उनीहरूका दर्जनौं श्रीमतीलाई पालैपालो फकाएर वा डर देखाएर सोध्ने गरिन्थ्यो । त्यसपछि बुढचौलीपन आएको प्रमाणित भए सरदारलाई मारिन्थ्यो । तर मारे पनि सम्मान गरिन्थ्यो । कमजोर भएपछि सरदारले पृथ्वीमा बस्ने नभएर स्वर्गमा जानुपर्ने धारणा थियो । कतिपय जनजातिमा चाहिँ सरदार आफैंले आफ्नो मृत्यु चाहेको घोषणा गरेर आफ्नो छोरालाई सरदार बनाउने गर्दथे । सैनिक जनवादको विकासको चरणमा सरदारको स्थान सम्मानजनक थियो । तैपनि उनीहरूको जीवन खतरापूर्ण र बोझले भरिएको थियो । सरदार बिस्तारै शक्तिशाली हुँदै गएपछि कतिपय ठाउँमा उनीहरूलाई मार्ने चलन हरायो र फेरि यो प्रथाको विरोध पनि हुन थाल्यो ।

गिनी र अन्य ठूला तालका आसपासका क्षेत्रमा विकसित समाजमा राजालाई अनुष्ठानमा सहभागी हुन प्रतिबन्धित थियो । उनीहरूले अनुष्ठानको सिद्धान्त र निर्देशन पालन गर्नुपर्ने तर आफैं सहभागी हुन नहुने चलन थियो । राजालाई जीवित देवताको रूपमा सम्मान दिइन्थ्यो । बेनिन र आसपासका इलाकामा क्याथोलिक युरोपमा पोपलाई जस्तै राजालाई देवताको रूपमा मान्ने गरिन्थ्यो र पृथ्वीभन्दा माथि ईश्वरसँग उसको उठबस हुने अन्धविश्वास थियो । त्यसले गर्दा राजालाई त्यही ढङ्गले मान्ने गरिन्थ्यो । देवताको जस्तै राजारानीको पनि मूर्तिपूजा गर्ने चलन थियो । अफ्रिकाका सबै क्षेत्रमा मृत सरदार र राजालाई सम्मानका साथ पुज्ने गरिन्थ्यो । अफ्रिकीहरूको धार्मिक विश्वासको यो महत्त्वपूर्ण अंग थियो । राजा र सरदारको पूजालाई गोत्र र परिवारको पितृपूजासँग जोडेर हेर्न सकिन्छ । पितृपूजा घरेलु हुन्थ्यो

भने राजा र सरदारको पूजा सार्वजनिक रूपमा । मृत सरदार र राजाको पूजा जीवित सरदारको पूजासँग पनि सम्बन्धित थियो । सरदारको पुर्खालाई पूजा गर्दै बलि दिने चलन पनि थियो । तर निरंकुश राज्यहरूमा चाहिँ सरदारको वंशलाई भूतप्रेत मन्साएजस्तै नकारात्मक ढङ्गले पूजा गरिन्थ्यो । सरदारको अन्त्येष्टि र श्राद्धमा मानिसको बलि दिने चलन पनि थियो । समाजमा दण्ड पाएका व्यक्ति र दासहरूलाई त्यस समयमा मार्ने गरिन्थ्यो । मध्यअफ्रिकामा चाहिँ यसरी मृत्युदण्ड पाउने व्यक्ति राजासँगै जनताको खबर लिएर स्वर्ग पुग्ने विश्वास गरिन्थ्यो । राजालाई आफ्नो राज्यमा के हुँदैछ भन्ने खबर दिनका लागि यसरी मृत्युदण्डको प्रयोग गर्ने गरिन्थ्यो । राजा र सरदारको पूजा गर्ने यो प्रचलनले त्यहाँका जनजातिहरूले पहिलेदेखि मान्दै आएको आफ्नो देवताको पूजा गर्ने काम लगभग बिर्सिसकेका थिए ।

अफ्रिकाका प्रायः सबै जनजातिको मिथकमा अर्को एउटा आकाश देवताको पनि उल्लेख भएको पाइन्छ । कतै-कतै त्यसलाई पातालको, कतै समुद्रको र कतै सबै मान्छेको देवताका रूपमा मान्ने गरिन्थ्यो । यो देवतामा मानिसको स्रष्टाको लक्षण भएको विश्वास गरिन्थ्यो भने वर्षा र फल पैदाका लागि मुख्य देवताको रूपमा पनि कतै-कतै मान्ने गरिन्थ्यो । यो देवतालाई निकै कम पूजा गरिन्थ्यो र साह्रै अप्ठ्यारो परेको समयमा मात्र याद गर्ने गरिन्थ्यो । लगभग धेरै ठाउँमा ईश्वरले पृथ्वी सिर्जना गरेको तर कसैलाई त्यसयता न आशीर्वाद दिएको न त श्राप नै दिएको विश्वास गरिन्थ्यो । ईश्वरले मानिसलाई सहयोग पनि नगर्ने र हानि पनि नपुऱ्याउने विश्वास गरिन्थ्यो । ईश्वरसँग प्रार्थना गर्नुलाई बेकार मान्ने गरिन्थ्यो । कतिपय जनजातिले त ईश्वरलाई व्यङ्ग्य गर्दै विभिन्न कहानी र चुड्किला पनि सुनाउने गर्दथे । आकाश देवता र पितृपूजाबीचको सम्बन्ध पनि पेचिलो देखिन्छ । पश्चिम र मध्यअफ्रिकामा चाहिँ पितृपूजा र आकाश देवताबीच सम्बन्ध देखिँदैन । पूर्वी र दक्षिण अफ्रिकामा आकाश देवता र पितृपूजा सम्बन्धित जस्तै लाग्छ । जुलुहरू मान्छे र अन्य पार्थिव वस्तु सिर्जना गर्ने आकाश देवताको सम्मान गर्दथे र आफ्नो पूर्वजको रूपमा लिने गर्दथे । केही जनजातिले मात्र आकाश देवतालाई साँच्चै पूजा गर्दथे । युद्ध र अन्तर जनजातिसम्बन्ध भएका क्षेत्रमा यस्तो चलन थियो । उनीहरू आकाश देवतालाई जनजाति र युद्धको देवता मानेर पूजा गर्दथे । पूर्वी अफ्रिकाका पशुपालकहरूमा पहाडको पूजा गर्ने चलन थियो ।

अफ्रिकी पुराणका विभिन्न कथाहरू पनि प्रचलित छन् । ईश्वरलाई त्यहाँ सबै वस्तुको रचयिता मान्ने गरिन्छ । त्यहाँ सृष्टि रचनाका मिथक कम र मानव उत्पत्तिका मिथकहरू बढी छन् । उनीहरू पृथ्वी र आकाशलाई अमर मान्दछन् । पृथ्वी पहिला मुलायम या मरुभूमि जस्तो अँध्यारो भएको उनीहरूको विश्वास थियो । पानीको उत्पत्तिका विषयमा पनि कतिपय मिथकहरू चलनमा थिए । प्रारम्भमा एउटी बूढी आइमाईले पानी लुकाएर राखेको र एउटा नायकले उसबाट पानी चोरेर पृथ्वीमा छर्किएको मिथक प्रचलनमा छ । जीवजन्तुको उत्पत्तिका कथाहरू पनि

प्रशस्त छन् भने मानव उत्पत्तिका कथाहरू पनि किसिम-किसिमका छन् । मान्छेलाई ईश्वरले माटो, काठ र ढुङ्गा मिसाएर वनाएको विश्वास गरिन्थ्यो । कुनै जनजातिले भने मानिसहरू आकाशवाट आएको र ईश्वरले मानिसलाई पठाएको विश्वास गर्दथे । मानिसहरू पातालवाट, गुफावाट या पहाडवाट उत्पत्ति भएर आएका कथाहरू पनि समाजमा थिए । कतिपय मानिसहरू मानिसलाई रूख या अन्य प्राकृतिक वस्तुवाट विकसित भएको मान्ने गर्दथे । कतिपय मिथकअनुसार मृत्युको उत्पत्तिको विषयमा पनि ईश्वरले सन्देश पठाएपछि मानिसले मर्नुपर्ने र उसकै सन्देशले जीवित हुने विश्वास गरिन्थ्यो । त्यस्तै मरेको मानिस पनि ईश्वरको सन्देश पाएमा जीवित हुने विश्वास गरिन्थ्यो । ईश्वरको सन्देश ल्याउने जीव वाटोमै मरेमा वा हराएमा चाहिँ मरेको मानिस नउठ्ने विश्वास थियो । यस्ता मिथकहरूमा दण्ड प्रथालगायतका विषय पनि जोडिएका हुन्थे । महाप्रलय वा सर्वनासी घटनाका विषयमा पनि मिथकहरू प्रचलित छन् । कतिपय मिथक आगो, घरेलु जनावर र अन्नवालीका विषयमा पनि वनेका भेटिन्छन् ।

उत्तरी र उत्तरपूर्वी इलाकामा सामाजिक विकासको चरण निकै माथि गएको पाइन्छ । मोरक्कोदेखि मिश्र र इथियोपियासम्म फैलिएको यो प्रदेशमा प्राचीन सभ्यताको उदय भएको थियो । यहाँको सभ्यता कृषि र पशुपालनमा आधारित थियो । साहारा मरुभूमिको वीचमा पनि उच्चस्तरको संस्कृति भएको प्रमाण २०औं शताब्दीको खोजले देखाएको छ । त्यहाँ इस्वी संवत् सुरु हुनुअघि पानीको स्रोत भएको र प्रशस्त खेती हुने गरेको प्रमाण फेला परेको छ । त्यहाँका चट्टानमा आंश्चर्यजनक चित्रहरू फेला परेका छन् । यो नवपाषाण संस्कृतिसँग महान् मिश्र सभ्यता जोडिएको थियो । यो सभ्यताले विस्तारै युनानी सभ्यता र रोमन संस्कृति निर्माणमा छाप पारेको थियो । मिश्रको पशिचममा अहिलेका लिविया, टचुनिसिया, अल्जेरिया र मोरक्को रहेका क्षेत्रमा कार्थेज, नुमिदिया र मारितानियाका दासप्रथा भएका राज्य विकसित भएका थिए । उत्तर अफ्रिकाका मानिसमा धार्मिक विश्वास पनि जनजाति विश्वासको अवस्था हुँदै अघि वढेको थियो । त्यहाँ वर्गीय समाज धर्ममा परिणत भएको थियो । पूर्ववर्ती विश्वासको अवशेषचाहिँ निकै पछिसम्म देख्न पाइन्थ्यो । प्राचीन मिश्री सभ्यताको चर्चा १६औं अध्यायमा विस्तृत रूपमा गरिएको छ । इसाई धर्मावलम्वीहरूले सवैभन्दा पहिला जग हालेको देश मिश्र नै थियो । त्यहाँवाट तेस्रो र चौथो शताव्दीमा अन्य उत्तर अफ्रिकी मुलुकमा इसाई धर्म फैलिएको थियो । तर सातौं र आठौं शताव्दीमा मुसलमानहरूले त्यहाँवाट इसाईहरूलाई लखेटेपछि इथियोपियामा मात्र उनीहरू सीमित रहे । यसरी अरवसँग जोडिएको उत्तर अफ्रिका मात्र विश्वकै ठूलो मुस्लिम इलाका वन्यो । इस्लाम र इसाईहरू कालो अफ्रिकाको भित्री भागमा विस्तारै फैलँदै गए । साहाराको दक्षिणतिर ११औं शताव्दीमा इस्लामको प्रचार भयो । माली, घाना र सुडानमा राज्य समर्थन प्राप्त गरेपछि अफ्रिकीहरू मुसलमान वन्न पुगे । यसमा अरवी व्यापारी र घुमन्ते उपदेशकहरूले पनि ठूलो भूमिका निर्वाह गरेका

थिए । लामो समयसम्म इस्लामीहरू सुडानको मरुभूमिबाट अघि वढ्न सकेनन् । तर त्यहाँको जनजीवनमा छाप छोड्न भने सफल भए । सामन्ती युद्धको समाप्ति र व्यापारिक सम्बन्धको विकाससँगै उनीहरू गिनीसम्म पुग्न सफल भएका थिए । अरब र स्वाहिली व्यापारीको माध्यमबाट पूर्वी अफ्रिकामा पनि इस्लाम धर्म फैलियो ।

२०औं शताब्दीसम्म गोत्र प्रथा कायम रहेका कतिपय जनजाति इलाकामा स्थानीय परिस्थितिअनुसार ढालेर इस्लाम धर्म लागू गरियो । साधारण अनुष्ठानमा आफ्नो पौराणिक र मुख्य रूपमा इस्लामिक अनुष्ठानको परम्परा सुरु भयो । अल्लाहको सट्टा मरवु भनिने स्थानीय मुस्लिम फकिरलाई प्रयोग गरियो । यसले गर्दा अर्धमुस्लिम र अर्धप्रकृति पूजक समाजको निर्माण भयो । आज उत्तर अफ्रिकावाहेक मौरिटानिया, सेनेगल, गिनी, माली, नाइजर, नाइजेरिया, मध्यअफ्रिका, चाड, सुडान र सोमालियामा मुस्लिम प्रभाव छ । अफ्रिकाको भित्री भागमा १९औं शताब्दीको सुरुआतदेखि इसाई प्रभाव सुरु भयो । मुस्लिम र इसाईहरूको आ-आफ्नो ढङ्गले प्रभाव जमाउने प्रचलन सुरु भयो । इसाईभित्र पनि क्याथोलिक, प्रेस्विटेरियन, एग्लिकन, मेथोडिस्ट, वाप्टिस्ट आदि सम्प्रदाय थिए । उनीहरू एकअर्कामा प्रतिस्पर्धा गरिरहेका थिए । कतिपय धर्म प्रचारकहरूले मूलवासीका हितमा पनि काम गरेका थिए । तर सामान्यतया उनीहरूले धर्म लाद्ने काम नै गरेको देखिन्छ । अहिलेचाहिँ इसाईको संख्या दक्षिण अफ्रिका, युगान्डा, लाइबेरिया र क्यामरुनमा बढी पाइन्छ ।

इसाई मिसिनरीहरूले स्थानीय परम्परा र प्रकृति पूजालाई राक्षसी भनेर विरोध गरेका थिए । तर जनताले साथ नदिएपछि बिस्तारै त्यसलाई आफ्नो अनुकूल ढाल्ने रणनीति उनीहरूले बनाए । निकै छिटो पादरीहरू निर्माण गरेर टोल-टोलमा पठाउने गरियो । सन् १९३९ मा पहिलो अफ्रिकी क्याथोलिक विसप वनाइयो भने १९६० मा पोपले ताङ्गानीका एक निग्रोलाई कार्डिनलको पद दिए । धर्मको यो कूटनीतिले त्यहाँ अनेक किसिमका सम्प्रदायको विकास भयो । २०औं शताब्दीको अन्त्यसम्म पनि उनीहरूको यो क्रम जारी नै थियो । नवस्थापित चर्चको मुखिया पैगम्वरजस्तो वन्ने र उसले प्राकृतिक पूजा पनि गर्ने अनौठो धर्मको पनि विकास भएको पाइन्छ । अफ्रिकामा २०औं शताब्दीको ८० को दशकमा ३ करोड इसाई, ६ करोड मुसलमान, १३ करोड पुरानो र मिश्रित धर्म मान्नेहरूको संख्या रहेको एक अध्ययनले देखाएको छ ।

***

अध्याय-७

उत्तर एसियाका जनजातिको धर्म

साइवेरिया र सुदूरपूर्वका एसियाली जनजातिको सामाजिक जीवन र धार्मिक जीवन आदिमकालदेखि अहिलेसम्म लगभग सुरक्षित छ । उनीहरूका लागि ऐतिहासिक विकासको परिस्थिति अत्यन्त प्रतिकूल थियो । अत्यन्त पातलो वस्ती र सभ्यताका केन्द्रभन्दा निकै टाढा वसेकाले उनीहरूमाथि अन्य जातिको हिमचिम एवम् हस्तक्षेप कम भयो । यसले गर्दा ध्रुवीय र उपध्रुवीय प्रदेश वाँकी विश्ववाट अछूत रह्यो । माछा मार्नु र समुद्री जीवको सिकार गर्नु उनीहरूको अर्थ व्यवस्थाको आधार वन्यो । मातृवंशीय गोत्र प्रणालीको अवशेषसहितको पितृसत्तात्मक गोत्रसम्वन्ध लामो समयसम्म टिकिरह्यो । दक्षिण साइवेरियाका अल्ताई, खकास, तुवी र वुर्यात समुदायमा चाहिँ वाँकी विश्वको केही प्रभाव पर्‍यो । यहाँको समाज सुदूरध्रुवको क्षेत्रभन्दा कम कठोर थियो । यसले गर्दा इरान र चीनको सभ्यताको प्रभाव यहाँ थोर-वहुत पर्न पुगेको हो । पशुपालन र कृषिको काम गर्ने यहाँको समाज पितृसत्तात्मक सामन्ती किसिमको थियो । उनीहरूसँग केही कुरा मिल्ने याकुत समुदाय केही उत्तरमा रहेको थियो । सुदूरउत्तरमा चाहिँ अत्यन्त पिछडिएका आदिम शैलीको जीवन भोग्ने व्यक्तिहरू थिए ।

साइवेरियामा इसाई, इस्लाम र बौद्ध धर्मको प्रवेश १६औं देखि १८औं शताव्दीमा भयो । उनीहरू त्यसअघि झाँक्री प्रथामा आधारित शामान धर्म मान्दथे । शामान शव्दको अर्थ उत्तेजित मान्छे हो । यो तुंगुस भाषाको शव्द हो । रुसीहरूको माध्यमवाट १८औं शताव्दीमा साइवेरिया पुगेको यो शव्द पछि अन्तर्राष्ट्रिय वैज्ञानिक शव्द वन्यो । अन्य जनजातिले शामानलाई आ-आफ्नो नामले चिन्ने गरे पनि विश्वभरिकै जनजातिका शामानसम्वन्धी धारणा र अनुष्ठानमा केही न केही समानता पाइन्छ । अलौकिक क्षमतामा विश्वास गर्नु, त्यसका लागि केही अनुष्ठान गर्नु र समाज एवम् मानिसलाई राम्रो परिणाम निकाल्नु शामानवादको मूल काम हो । गायन, वादन, नृत्य, पोसाक आदिले फरक किसिमको व्यवहार देखाउनु शामानवादको लक्ष्य हो । प्रेतात्मासँग कुराकानी गरेर झाँक्री वा धामीले समाजलाई राम्रो गर्छ भन्ने

यो वादको विश्वास हो । साँझ वा राति त्यस्ता अनुष्ठान गर्ने गरेको उदाहरण सबैतिर पाइन्छ । बिरामीको उपचार गर्नु, भविष्य बताउनु, हराएको वस्तु पाउनु, सिकार वा आफ्नो मूल कर्ममा सफलता पाउनु, अन्त्येष्टि संस्कार गर्नुलगायतका कार्यमा झाँक्री वा समुदायको त्यस्तै व्यक्तिलाई प्रयोग गरिन्थ्यो ।

प्रेतात्मासम्बन्धी विश्वास शामान धर्मको मुख्य र अनिवार्य अंग हो । समाजअनुसार र उस्तै-उस्तै समाजमा पनि फरक-फरक प्रेतात्मा हुन्छ । कहिलेकाहीं ती जीवको आकारमा हुन्छन् भने कहिलेकाहीं मनुष्यको आकारमा पनि । समाजअनुसार मुख्य प्रेतात्मा कुन हो र त्यसले के गर्छ भन्ने फरक-फरक विश्वास हुन्थ्यो । शामान धर्मअनुसार झाँक्रीले प्रेतात्मालाई चाकडी गरेर खुसी पार्छ । मानिस विरामी हुँदा या सामान्य अवस्थामा पनि प्रेतात्मा खुसी भएमा आफ्नो भलो हुन्छ भन्ने विश्वास गरिन्छ । प्रेतात्मा आफैंले भावी झाँक्री या अर्को पूजा गर्ने व्यक्ति सपनामा तोक्छ भन्ने विश्वास पनि गरिन्थ्यो । तर, प्रेतात्माले झाँक्रीलाई विश्वास गर्नुअघि उसलाई अर्धवेहोस पार्छ भन्ने पनि विश्वास गरिन्थ्यो । कतिपय जनजातिले पुरुष झाँक्रीका लागि महिला र महिला झाँक्रीका लागि पुरुष प्रेतात्माले निर्देशन दिने गरेको मान्ने गर्थे । उनीहरूले संरक्षक प्रेतात्माको सहायकको रूपमा झाँक्रीलाई सम्मान गर्ने परम्परा छ । जति धेरै प्रेतात्माको चाकडी गऱ्यो त्यति नै झाँक्रीले आफूलाई राम्रो गर्न सक्ने विश्वास गरिन्थ्यो । त्यस्तै झाँक्री जति शक्तिशाली भयो प्रेतात्माले त्यति नै वढी उसलाई पनि सहयोग गर्ने विश्वास गरिन्थ्यो । प्रेतात्मासँगै मानिसको शत्रु दुष्ट प्रेतात्मामा पनि विश्वास गरिन्थ्यो । उसले रोग लगाउने र हुन लागेको काम गर्न नदिने दुष्ट र कुटिल काम गर्ने विश्वास गरिन्थ्यो । सिंगो संसार नै यस्तो प्रेतात्माले भरिपूर्ण मानिन्थ्यो । त्यस्तै, झाँक्रीको कामचाहिँ बलिपूजा र भेटी प्रयोग गरी त्यस्ता कुरावाट छुटकारा दिलाउने हो भन्ने थियो । झाँक्रीहरूले वारम्वार वलि चढाउन र पूजा गर्ने अनुरोध गर्ने गर्दथे । सामान्य जनता आफ्ना पशु र घरपालुवा वस्तुहरू प्रेतात्मालाई दिने गर्दथे । यसो गरेपछि प्रेतात्माले दुःख नदिने विश्वास थियो । झाँक्रीहरूले मन्त्र प्रयोग गर्ने चलन पनि फेला परेको छ । झाँक्रीहरू आफैं प्रेतात्मा र अलौकिक शक्तिमा भित्रैबाट विश्वास गर्दथे । उनीहरू आफ्नो पेसा झन्झटिलो भएको तर छोड्न नसकिने बताउँथे । प्रेतात्माले आफैंलाई मार्ने डरले उनीहरूले आफ्नो पेसा कायम राख्नुपर्ने वाध्यता थियो । शरीरबाट रगत निकालेको, बिरामीबाट ढुङ्गा निकालेको जस्ता काम गरेर देखाउन उनीहरूले विभिन्न किसिमका छल प्रयोग गर्दथे । यसलाई आमसमाजले चाहिँ विश्वास गर्ने गर्थ्यो । त्यसबाहेक मानिसले नबुझ्ने भाषा बोल्नु, मानिसले सामान्यतया गर्न नसक्ने काम गर्नु, अग्लो ठाउँमा कुद्नु, राम्ररी बाँधेको वस्तु पनि चुडाल्नुजस्ता काम उनीहरू गर्दथे । उनीहरूका विशेष पोसाक, घन्टी, माला, साङ्लो आदि अनुष्ठानको समयमा प्रयोग गरिन्थ्यो । कहिलेकाहीं मुकुट, लाठी आदि पनि प्रयोग गरिन्थ्यो । हरिण, घोडा, गोरु आदिको छाला प्रयोग गरिन्थ्यो । यिनीहरूको छुट्टाछुट्टै मिथकीय अर्थ पनि थियो । झाँक्री बन्नका

लागि झाँक्री खानदानकै अथवा प्रेतात्माले विश्वास गरेको परिवारको व्यक्ति चाहिन्थ्यो। यो वंशानुगत परम्परा विकसित हुनुको पछाडि अनुभवी झाँक्रीबाट नयाँ झाँक्रीले सिक्नका लागि धेरै समय लाग्नुले पनि हो भन्ने देखिन्छ।

अन्ध विश्वासमा आधारित आदर र भयको विषय झाँक्री मात्र नभएर अन्य व्यक्ति पनि बन्ने गर्दथे। याकुत र बुर्यात समुदायमा फलामको काम गर्ने लोहारहरूलाई पनि झाँक्री जस्तै भय र आदरका रूपमा हेरिन्थ्यो। फलाममा र फलामका काम गर्नेहरूमा झाँक्री जस्तै शक्ति हुने विश्वास गरिन्थ्यो। बुर्यातहरू लोहारले झाँक्रीलाई पनि मार्न सक्ने तर झाँक्रीले मार्न नसक्ने विश्वास गर्दथे। उनीहरू कालो र सेतो लोहार हुने र कालो लोहार आत्मालाई खाने भूतजस्तो हुने विश्वास गर्दथे। तर यति वढी विश्वास भए पनि उत्तर एसियाका जनजातिहरू झाँक्रीमा मात्रै विश्वास गर्दैनथे। उनीहरूको अन्य धार्मिक विश्वास पनि थियो। उनीहरू गोत्र र परिवारको संरक्षक प्रेतात्मामा पनि विश्वास गर्दथे। कतिपय जनजातिले यसलाई शामान धर्ममा घुलमिल गरेका थिए भने कतिपयले अलग ढङ्गले हेर्ने गर्दथे। साइवेरियाका सबै जनजातिमा गोत्र र अग्निपूजाको प्रचलन थियो। आगोमा थुक्न र फोहोर वस्तु फचाक्न प्रतिवन्धित थियो भने आगोलाई भेटी चढाउने चलन पनि थियो। कहिलेकाहीं आगोसँग संरक्षक माग्दै अनुष्ठान गरिन्थ्यो। अग्निपूजाचाहिँ महिलाको जिम्मामा थियो। मातृसत्तात्मक गोत्र व्यवस्थाको यो रूप कुनै-कुनै समुदायमा स्त्रीलाई घरको आगो सम्झिएर सुरक्षित राखिन्थ्यो। आगोलाई कतै हजुरआमा, कतै आमा र कतै अग्निमाता मान्ने गरिन्थ्यो। खाना खानुभन्दा अघि सवैभन्दा स्वादिष्ट टुक्रा आगोमा हाल्ने गरिन्थ्यो। र, आगोबाट राम्रो सिकार तथा अन्य कुराको आशीर्वाद मागिन्थ्यो।

कतिपय जनजातिमा गोत्रप्रथाको मात्र नभएर टोटेमवादको अवशेष पनि पाइन्छ। आमुरको तल्लो भाग, सखालिनका गिल्याक, उल्चा एवम् ओवका तल्लो भागमा रहेका खान्ती र मन्सी जनजातिमा भालुपूजा चलनमा थियो। उनीहरू भालु र आफ्नो एउटै गोत्र भएको सम्झने गर्दथे। भालुको सम्मानमा ठूलो उत्सव आयोजना गरिन्थ्यो र मुख्य भूमिका त्यहाँ भालुकै हुन्थ्यो। भालुको बच्चा समातेर ल्याइन्थ्यो र त्यसलाई सम्मान गर्दै घरघर घुमाइन्थ्यो। अन्त्यमा अर्को गोत्रका मानिस आएर भालुको बच्चा मार्थ्यो र मासु खान्थ्यो। तर, पूजा गर्नेहरूले चाहिँ उसको मासु खानु र मरेपछि छुनु ठूलो अपराध हुन्थ्यो। वरु शिर र हड्डीलाई ठूलो अनुष्ठानसहित गाड्ने गरिन्थ्यो। यो टोटेमवाद नभएर टोटेमवादको एउटा अवशेष थियो भन्न सकिन्छ। यसरी मारिएको पशु त्यही जातिको अन्य पशुको रूपमा फेरि बाँच्ने विश्वास गरिन्थ्यो। मरेर पुनर्जीवित हुने त्यो पशुको रूपका विषयमा मिथक पनि चलनमा थियो। उनीहरूको मिथक किसान भएको हुनाले होला वनस्पति देवताको मिथकजस्तै थियो। अधिकांश समाजमा गोत्रीय विश्वास र अनुष्ठान तथा शामानवाद वा धर्मको वीचमा सम्वन्ध देखिँदैन। गिल्याक जनजातिहरू प्रस्टसँगै यी दुईओटा वस्तुमा समानता नरहेको वताउने गर्दथे। जस्तो कि उनीहरू शामानसम्वन्धी

काम गर्नुपर्दा भालुको उच्चारण गर्नुसमेत भालुको अपमान हुने काम हो भन्दथे। साइवेरियाका जनजातिमा सिकार गर्ने र माछा मार्ने विषयका धार्मिक अनुष्ठान पाइन्छन्। कहिलेकाहीं यी अनुष्ठान र शामानी अनुष्ठानमा अन्तर फेला पार्न पनि गाह्रो हुन्छ। सबैभन्दा बढी आदिम सामाजिक पद्धति यहाँ बचेको देखिन्छ। यो समाजमा सिकार र माछा मार्ने विषयका पूजा र अनुष्ठान नै गोत्र र जनजातिका अनुष्ठानका मुख्य आधार थिए। यिनीहरूको मुख्य उद्देश्य सिकार र माछा मार्ने काम सुरक्षित गर्नु नै थियो। सिकार र माछा मार्ने कामसम्बन्धी विश्वास र अनुष्ठानको अनिवार्य अङ्ग स्वामी प्रेतात्माको विश्वास थियो। कैयौं श्रेणीमा विभाजित स्वामीले नै सिकारीलाई जनावर पठाउने वा नपठाउने भन्ने तय गर्ने विश्वास गरिन्थ्यो। नदी, वन र पर्वतको स्वामी प्रेतात्मा पनि छ भन्ने विश्वास गरिन्थ्यो। भूमि, पानी र समुद्रको प्रेतात्मामा पनि विश्वास गरिन्थ्यो। यीमध्ये आफूलाई बढी काम लाग्ने र प्रयोग हुने प्रेतात्मा सबैभन्दा ठूलो र पवित्र मानिन्थ्यो। त्यस्तै, मानिसको आचरणअनुसार प्रेतात्माले श्राप या सहयोग गर्ने विश्वास पनि गरिन्थ्यो, त्यसले गर्दा समाजलाई नैतिक रूपमा बाँध्न मद्दत गरेको थियो। आफ्नो सम्पूर्ण बुद्धि सिकार र माछा मार्न प्रयोग गर्ने उत्तर क्षेत्रका जनजातिहरू प्रकृतिको अगाडि आफूलाई निरीह सम्झने गर्दथे। यसले गर्दा उनीहरू अलौकिक शक्तिमा विश्वास गर्न थालेका थिए। कठिन भौगोलिक र जलवायुमा बाँच्नुपरेकाले उनीहरू यस्तो सोच बनाउन बाध्य थिए। तर, उत्तरी एसियाका अधिकांश जनजातिमा पूजालाई देवताको नभएर प्रेतात्माका लागि गर्नुपर्ने अनुष्ठान सम्झने परम्परा थियो। उनीहरू एउटा सर्वोच्च देवता मान्दथे भन्ने प्रमाण पनि कतै-कतै फेला परेको छ। नेनेत्स वा नुमा नामले पुकारिने देवतालाई धेरैले मान्ने गर्दथे। नुमाको अर्थ आकाश हो। तर, आकाश देवताको पूजा गर्नेभन्दा उसलाई सम्झिने र श्रद्धा गर्ने चलन थियो। इसाई वा इस्लाम धर्मको प्रभावको परिणाम पनि यस्तो भएको हुनसक्छ भन्ने विश्वास गरिन्छ। कतिपय जनजातिले चाहिँ पूजा नगर्ने तर विश्व स्रष्टालाई मान्ने चलन थियो। त्यो स्रष्टाले धर्ती, आकाश, पानी आदि सिर्जना गरेको मानिन्थ्यो। तर मानिसलाई सहयोग नगरेकाले उसको अपमानसमेत गरिन्थ्यो।

साइवेरियाका विकसित जनजातिहरूमा ठूला देवताको विम्ब केही प्रस्ट देखिन्छ। उनीहरू त्यस्ता देवतालाई अनुष्ठानमा पूजा गर्दथे। याकुतहरूको विश्वासमा दयालु र दुष्ट देवताको एउटा पूरै समूह थियो। महान् दयालु देवता तोइयोन थियो। त्यस्तै ओगोन्योर र अरसानचाहिँ दुष्ट देवता थिए। अल्ताईहरूका पनि महान् र दुष्ट अलग-अलग देवता थिए। सम्भवतः वुद्ध धर्मको प्रभावले बुर्यातहरूले पश्चिमी र पूर्वी दुई किसिमका देवता मान्ने गर्दथे। यी दुई खानदानबीच संघर्ष भएको उनीहरूको विश्वास थियो। उनीहरूले बढ्दै गएको सामाजिक विभेदीकरणसँगै देवताहरूको पुनर्व्याख्या पनि गरेका थिए। उत्तरी स्केन्डीनेभिया र कोला प्रायद्वीपमा बस्ने साआम जनजाति वीचको आर्थिक र सामाजिक जीवन मिल्छ। त्यससँगै उनीहरूको धार्मिक

जीवन पनि मिल्न आउँछ । उनीहरूले विकसित छिमेकी सभ्यताबाट केही कुरा र रुसीहरूका आसपासका समाजबाट केही कुरा लिएका थिए । उनीहरूको धर्ममा पनि सिकार र माछा मार्ने पेसाको छाप पाइन्छ । सबै प्राकृतिक घटनाको संरक्षक प्रेतात्मा हुने र त्यसलाई पूजा गर्नुपर्ने उनीहरूको विश्वास थियो । आफूले पालेका जनावरहरूको रक्षा प्रेतात्माले नै गर्ने विश्वासमा उनीहरू प्रेतात्माको पूजा गर्ने गर्दथे । माछाको सिकार गर्ने भएकाले उनीहरूले समुद्री देवतालाई पनि मान्ने गर्दथे । यसलाई अक्करुवा भन्ने गरिन्थ्यो । यसको माथिल्लो भाग मानिसजस्तो र तल्लो भाग माछाजस्तो हुने विश्वास थियो । त्यस्तै वनमा सिकार गर्नुपर्ने भएकाले मेत्स खोजिन नामको वन देवतालाई पनि उनीहरू मान्ने गर्दथे । कसैलाई दण्ड दिनुपरेमा उसलाई जंगलको बीचमा लगेर वनदेवताको जिम्मा लगाइन्थ्यो । त्यस्तै, अन्य सभ्यताका प्रभावमा सबै जीवजन्तुका संरक्षकलाई पनि मान्ने गरिन्थ्यो । भालुलाई शुभ र भेडालाई अशुभ जनावरका रूपमा मान्ने गरिन्थ्यो ।

साइबेरियाका जनजातिहरू पितृपूजक थिएनन् । तर साआमहरूमा पितृपूजा प्रचलित थियो । मानिस मरेपछि उसलाई विभिन्न कुरा खुवाउन मुखमा कोच्याउने, उसका लागि बलि दिने र विशेष अनुष्ठान गर्ने चलन थियो । यति गरेपछि मौसम राम्रो हुने र सिकार चाँडै भेटिने विश्वास थियो । पितृपूजासँगैं ठूलो प्राकृतिक चट्टानलाई पनि सिकारमा सहयोग गर्ने विश्वासमा पूजा गरिन्थ्यो । परिवारको संरक्षक प्रेतात्मा र घरको अग्निको पूजा सबै जनजातिमा प्रचलित थियो । साआमहरू पनि झाँक्री प्रथामा विश्वास गर्थे । तर, १७ औं शताब्दी यता यो विश्वास घट्दै गएको थियो भने १९औं शताब्दीमा जादुमा विश्वास बढेको थियो । कारेल तथा साआम जातिमा जादुको चलन शक्तिशाली र व्यवस्थित थियो । कतिपय अहिले पनि गाइने लोकगीतहरूले उनीहरूमा जादु प्रथा रहेको प्रमाण दिन्छ ।

***

अध्याय-८

ककेसियाका मानिसको धर्म

ककेसियाको सभ्यता पूर्वको उन्नत सभ्यतामध्ये प्रभावशाली सभ्यतामा गनिन्छ । आजका आर्मेनियन, जर्जेयाली र अजरवैजानीहरूका पूर्वज यही क्षेत्रवाट आएका थिए । उनीहरूको सभ्यतामा आफ्नै राज्य थियो र विकसित संस्कृति थियो। तर, ककेसियाका उच्च पहाडी क्षेत्रमा सोभियत सत्ता स्थापनाको समयसम्म अत्यन्त पुरातन पितृसत्तात्मक गोत्रीय व्यवस्था र सामन्ती सामाजिक व्यवस्था कायम थियो। धार्मिक जीवनमा पनि यसको प्रतिविम्व हामी देख्न सक्छौं । चौथो शताव्दीमा इसाईहरूको प्रभावमा परेका ककेसियनहरू सातौं शताब्दीवाट इस्लाम सभ्यताको प्रभावमा परे । तर, पहाडी इलाकामा भने त्यहाँका जनजातिले मुस्लिम, इसाई र जनजाति धर्मको मिश्रित रूप विकसित गरेर त्यसलाई स्वीकार गरेको आज पनि देख्न पाइन्छ । यिनीहरूको धार्मिक विश्वासका विषयमा ठोस जानकारी पाउन कठिन छ। तर, उनीहरू पारिवारिक गोत्र, अन्त्येष्टि संस्कार तथा सामुदायिक कृषि र पशुसम्बन्धी अनुष्ठान गर्दथे ।

ककेसियामा पितृसत्तात्मक गोत्र व्यवस्था स्थिर रूपले रहेकाले पारिवारिक र गोत्रीय विश्वास निकै दह्रो थियो । यो विश्वाससँगै अग्निपूजा प्रचलित थियो । पहाडी जर्जियाली, इगुस र ओसेतीहरूले घरमा अग्निपूजा गर्दथे । यीमध्ये इगुसहरू चुलो र चुलोमाथि राखिने भाँडालाई पनि पवित्र मान्दथे । चुलोमा राखिने भाँडो राख्ने वस्तुलाई घरवाहिरको मानिसले छोएमा उसलाई घरको पवित्र व्यक्तिका रूपमा स्वीकार गरिन्थ्यो । अतिथि सत्कारको यो चलनलाई उनीहरूले मौलिक धार्मिक व्याख्या गरेका थिए । ओसेतीहरूले चाहिँ चुलोमाथि राखिने विशेष साङ्गलोलाई फलाम देउता मानेर श्रद्धा गर्दथे । स्वानहरू घरको आगोको सट्टा वुर्जामा बालेर राखिएको दियोको आगोलाई पवित्र मान्दथे । हरेक घरमा वुर्जा हुन्थ्यो र त्यसलाई पनि प्रतिरक्षाको प्रतीक मानिन्थ्यो । विशेष अनुष्ठानमा त्यहाँ दियोजस्तो आगो बालेर पूजा गरिन्थ्यो । इगुस, ओसेती र जर्जियाई समूहमा हरेक कुलको आफ्नो संरक्षक हुन्थ्यो र त्यसको पूजा गरिन्थ्यो । कुलको संरक्षक आफ्नो पुर्खा पनि हुनसक्थ्यो।

उसको सम्मानमा ढुङ्गाको स्मारक बनाइन्थ्यो र पितृपूजाको वार्षिक समारोहमा प्रार्थना गरिन्थ्यो । गोत्रहरूको समूहको पनि छुट्टै संरक्षक हुन्थ्यो ।

पारिवारिक र गोत्रीय विश्वास तथा अनुष्ठानसँगै मृतकसँग सम्वन्धित काज-किरिया गरिन्थ्यो । कतिपय मृत्यु संस्कार निकै जटिल किसिमका थिए । केही जनजातिमा मृतकको अन्त्येष्टि प्रक्रिया इसाई र मुस्लिम दुवैसँग नमिल्ने किसिमको हुन्थ्यो । इगुस र ओसेती जनजातिमा मृत्यु संस्कार कफनमा लास राखेर गाड्ने गरिन्थ्यो । केही जनजातिमा अन्त्येष्टिको समयमा खेल र प्रतियोगिता आयोजना गरिन्थ्यो । समय-समयमा मृतकको पूजा गर्ने परम्परा थियो र श्राद्धको समयमा मृतक उपस्थित हुने विश्वास गरिन्थ्यो । मृतकलाई केही नदिएर भोकै राख्नु ठूलो पाप सम्झने गरिन्थ्यो । कोही मानिस मरेमा निकै कडाइका साथ शोक मनाउने चलन थियो । विधवा महिलालाई निकै कडाइको व्यवस्था गरिन्थ्यो । एक वर्षभरि मृतक श्रीमान्लाई ओछयान लगाउन, राति अवेरसम्म श्रीमान्को प्रतीक्षामा जागै बस्न र विहान उसलाई हातमुख धुने पानी व्यवस्था गर्न लगाइन्थ्यो । ककेसियाका जातिहरूको विश्वास र अनुष्ठान कृषि र पशुपालनसँग सम्वन्धित थिए । ककेसियाका ग्रामीण कृषिकर्मी समुदाय निकै वलिया थिए । उनीहरूको जिम्मा भूमिको बन्दोवस्त गर्नु र समुदायको झगडा मिलाउनु थियो । त्यसबाहेक खेती राम्रो बनाउने, पशु संख्या वढाउने आदिका लागि पूजापाठ र जादु-टुना गर्ने गरिन्थ्यो । यसका लागि जादु-टुनाको संरक्षक देवताको पनि पूजा गर्ने चलन थियो । उनीहरूका अन्य देवतामा वाली, पशु र जमिनको संरक्षक देवताको पूजा गर्ने चलन थियो । इसाई र इस्लाम धर्मको प्रभाव रहे पनि प्रारम्भमा यो प्रथा छुट्टै थियो । अहिले पनि ककेसियामा परोक्ष रूपमा उनीहरूको प्रसिद्ध देवताको छाप पाइन्छ । उनीहरू ठूला देवताबाहेक हरेक समुदायमा स्थानीय देवतालाई पनि मान्ने गर्दथे । गोत्र व्यवस्था प्रवल भएकाले उनीहरू गोत्र देवता पनि मान्ने गर्दथे । सामुदायिक संरक्षण समूहले स्थानीय पवित्र स्थल संरक्षक गर्दथ्यो । पुरानो भवन र रूखलाई पवित्र स्थल मानेर मन्दिर जस्तै पूजा गरिन्थ्यो । त्यहाँ पूजा गर्ने पुरोहित समुदायले तोक्दथ्यो र उसले नै पूजाको व्यवस्था गर्दथ्यो । इगुसहरूले विशेष भवन र रूख वा बुटालाई पवित्र स्थल मान्दथे । त्यस्ता रूखबुटा काट्न मनाही थियो । हरेक पवित्रस्थलको नाममा गुठीजस्तै जमिन, गाईवस्तु र आम्दानीको स्रोत हुन्थ्यो । त्यहाँको पूजाका लागि केही आम्दानी खर्च गरिन्थ्यो । पुजारीको ठूलो शक्ति थियो र उनीहरूको प्रभाव पनि निकै थियो । ककेसियाका पहाडी क्षेत्रका मानिसहरूको धार्मिक विश्वास पेसा र कलासँग जोडिएको छ । फलामको कामसँग जोडिएको उनीहरूको विश्वास लोहार देवताको पूजामा टुंगिन्थ्यो । उनीहरू लोहार, फलाम र फलाम कारखानामा अलौकिक शक्ति भएको विश्वास गर्दथे । बिरामीलाई निको पार्न र घाइतेलाई ठीक बनाउन फलाम देवताले सहयोग गर्ने विश्वास थियो । खानी र कारखानामा विशेष अनुष्ठान गरिन्थ्यो । त्यसबाहेक बिरामीलाई फलाम दलेर निको पार्ने पनि गरिन्थ्यो । फलामको महत्त्व कति थियो

भने नवविवाहितहरूलाई तरवारमुनि सुत्न लगाइन्थ्यो । ककेसियालीहरूको धार्मिक विश्वासमा शामान प्रथा र झाँक्रीप्रथाको अवशेष पनि फेला पर्छ । पुरोहितबाहेक भविष्य बताउने विशेष व्यक्ति पनि समाजमा हुन्थ्ये । महिला र पुरुष दुवैलाई यो काम गर्न छुट दिइएको थियो । मन्दिरमा उत्सव भएको समयमा धामी काम्ने, अर्धमूर्छित हुँदै बर्बराउने र भविष्य बताउने चलन थियो । देवता रिसाएपछि भलो नहुने विश्वासले धामीको कुरा सुन्ने प्रचलन थियो ।

ककेसियाका जनताका यी सबै विश्वास जादु-टुना, झारफुक, लिंगपूजा आदिले पछिसम्म मौलिकता कायम राखेका थिए । तर इसाई र इस्लाम धर्मको प्रभावमा उनीहरू बिस्तारै पर्दै गए । पहिला इसाई र पछि इस्लाम धर्ममा विश्वास गर्ने भएकाले उनीहरूले प्राचीन र त्यसपछि दुवै धर्मका गुणहरू स्वीकार गरेका थिए । आर्मेनियन, जर्जेयाली, ओसेती र अवखाजहरूले इसाई धर्मलाई निकै स्विकारेका थिए । त्यस्तै, अजरवैजानी, दागेश्तानी, इगुस, चचेन, कवार्दिन, चर्कोस आदिले इस्लाम धर्म स्विकारेका थिए । कतिपय जनजातिमा लगभग आधा-आधाको संख्यामा इसाई र मुस्लिम रहेको देखिन्छ । पहाडी जनजातिहरूले बाहिर जे स्विकारे पनि आदिम धर्मको अवशेष उनीहरूको धर्ममा निकै बढी पाइन्छ ।

***

अध्याय-९

भोल्गा र पश्चिम उरालका जनताको धर्म

धर्मको प्रारम्भिक स्वरूप निकै पछिसम्म सुरक्षित राख्ने सभ्यतामा भोल्गाको मध्यक्षेत्र पनि पर्दछ । यो क्षेत्रमा मोर्दवा, मारी तथा उद्मुर्त जस्ता फिनिस भाषी र चुवास, तातार र वस्किरजस्ता तुर्कीभाषी जनता वस्दथे । १४ औं देखि १६औं शताव्दीको वीचमा उनीहरूले इस्लाम धर्म स्वीकार गरेका थिए र वाँकी क्षेत्रमा रुसीहरूले १८औं शताव्दीमा इसाई धर्म फैलाएका थिए । तर, आदिवासीहरूको पुरानो धर्म र विश्वास आज पनि त्यहाँ दह्रोसँग सुरक्षित रहेको देख्न सकिन्छ । सन् १९१७ को अक्टुवर क्रान्तिसम्म त्यहाँका जातिको विकासको गति ढिलो थियो । त्यो वेलासम्म उनीहरूको गोत्र व्यवस्थामा आधारित सामुदायिक जीवनको अवशेष देख्न पाइन्थ्यो । ककेसियायीहरू जस्तै भोल्गाका मानिस पनि कृषिसम्वन्धी अनुष्ठान र पारिवारिक अनुष्ठानमा विश्वास गर्दथे । कृषिसम्वन्धी अनुष्ठान समाजका लागि महत्त्वपूर्ण थियो । पारिवारिक अनुष्ठान पितृपूजा या गोत्र व्यवस्थासम्बन्धी थियो । सूर्य उत्तरतर्फ ढल्किएपछि उनीहरू वालीनाली राम्रो होस् भनेर अनुष्ठान गर्दथे । नाचगान गर्नु र युवाहरूलाई खेलकुद प्रतियोगिता गराउनु उनीहरूको नियमितता थियो । बसन्तमा न्वागी खाएजस्तै पहिलो फसल खाने चलन थियो । त्यस समयमा विशेष व्यञ्जन र रक्सी तयार पारिन्थ्यो । सबैले नयाँ लुगा लगाएर पवित्र वनमा जम्मा भएर वा घरमै यो उत्सव मनाउँथे । विभिन्न जातिको अलग-अलग मिथक र व्याख्याअनुसार केही चलन फरक थियो । तर, मूल रूपमा यो चाड सवैले मनाउँथे । बढी पानी परोस् भनेर ईश्वरसँग पुकार गरिन्थ्यो । वाली उठाउँदै गरेको बेला जमिन खन्ने, घर वनाउने, रूख काट्नेजस्ता काम प्रतिवन्धित थिए । पृथ्वी गर्भवती भएको र वाली जन्माउने समय आएकाले पृथ्वीलाई पीडा दिन नहुने उनीहरूको विश्वास थियो । वालीलाई असिना, आँधी र अन्य प्राकृतिक दुर्घटनावाट बचाउन भोग चढाउने चलन पनि थियो । वाली उठाएपछि चाहिँ भगवानलाई धन्यवाद दिँदै नयाँ उत्पादन चढाइन्थ्यो, त्यसपछि पर्व सकिन्थ्यो ।

भोल्गा प्रदेशका जातिहरूमा मारी र उद्मुर्तहरूमा पारिवारिक र गोत्र विश्वास सुरक्षित थियो । उनीहरू पितृपूजा गर्ने गर्दथे र मृतकहरूको श्राद्ध गरिन्थ्यो । त्यहाँ यो प्रथा आजसम्म पनि कायमै छ । मृतकबाट नराम्रो हुने अन्धविश्वासका कारण उनीहरूलाई विशेष सम्मान गरिन्थ्यो । मृतकको मृत्युको तेस्रो दिन, सातौं दिन, चालीसौं दिन र वार्षिक तिथिमा श्राद्ध गरिन्थ्यो । त्यसबाहेक पवित्र हप्ताको बिहीबारको दिन र इस्टरमा पनि बोलाएर विभिन्न वस्तु खुवाउने चलन थियो । त्यसबेला आफ्ना शाखासन्तानलाई सहयोग गर्न अनुरोध गरिन्थ्यो । श्राद्ध र त्यस्ता अवसरमा मृतकहरू त्यहीं आएर खाने विश्वास गरिन्थ्यो । कोही एक व्यक्तिले मृतकजस्तै कपडा लगाएर आफू मृतक बनेको अभिनय गर्ने र उसलाई आफूहरूप्रतिको धारणा, आफ्नो प्रगतिलगायतका विषय सोध्ने गरिन्थ्यो । गोत्रीय विश्वासको उनीहरूको रूप यतिमा मात्रै सीमित थिएन । उनीहरू आफ्नो परिवारको संरक्षक र पवित्र वस्तुलाई पनि मान्ने गर्दथे । घर वा अन्यत्र विशेष ठाउँमा त्यस्ता वस्तु राखिन्थ्यो । कुनै जातिले महिला आकारमा खेलौना बनाएर राख्थे भने कसैले जनावरका छालाभित्र त्यस्ता वस्तु राख्थे । कसैले फूलका गुच्छाजस्तो बनाएर कोठाभित्र राखी परिवारको संरक्षक भन्दै पूजा गर्ने र बलि दिने गर्दथे । त्यस समयमा पुरोहित बोलाएर या समाजका पुराना पाका व्यक्तिलाई बोलाएर अनुष्ठान गरिन्थ्यो ।

भोल्गा प्रदेशका विभिन्न जातीय समूहमा शामानी विश्वास रहेको र उनीहरूले समयसँगै यो विश्वास त्याग्दै गएको देखिन्छ । मारी जातिले पुरोहितलाई निर्वाचनबाट छान्ने गर्दथे भने मोभ्फान भन्ने भ्फाँक्रीमा पनि विश्वास गर्दथे । मोभ्फानले प्रेतात्मासँग कुराकानी गर्ने र बिमार निको पार्ने विश्वास थियो । अन्य जातिमा पनि विभिन्न नामले पुकार्ने र भ्फाँक्रीको सल्लाह लिने चलन थियो । केही जातिमा यो काम पुरोहितले नै गरेको देखिन्छ । त्यस्तै, भ्फारफुक र प्राचीन औषधिको व्यवस्थामा पनि उनीहरूको सल्लाह विशेष मानिन्थ्यो । पूर्वी युरोपका उत्तरी क्षेत्रका कोमी-जिर्यान र कोमी-पेर्म्याक जातिको धार्मिक विश्वास भोल्गा प्रदेशभन्दा निकै फरक छ । उनीहरू कृषिको सट्टा वन र आखेट व्यापारको अर्थतन्त्रमा टिकेका थिए । त्यस्तै, रुसीहरूले उनीहरूको धर्म र समाजमा पहिले नै प्रभाव पारेका थिए । १४औं शताब्दीमा उनीहरू इसाई बनेकाले उनीहरूले अर्थोडक्स इसाई धर्म स्विकारेका थिए । यिनीहरूमा सिकारसम्बन्धी विश्वास र अनुष्ठान निकै थियो । उनीहरू आफूलाई राम्रो सिकारी मान्दथे । सिकारले जीवन धान्न जटिल हुने भएकाले राम्रो सिकारी बन्नु उनीहरूको बाध्यता थियो । सामूहिक रूपमा सिकार गर्ने र भ्फाँक्रीले सिकार खोज्ने चलन थियो । सिकारीहरूबीच प्रतिस्पर्धा र भ्फगडा पनि हुने गर्दथ्यो । आखेटमूलक अर्थ व्यवस्थाकै कारण प्रकृतिमा रहेको प्रेतात्माको विश्वास पनि टिकेको थियो ।

***

अध्याय-१०

प्राचीन स्लाभको धर्म

इसाई धर्म अंपनाउनुअघि स्लाभहरूले अंगीकार गरेको धार्मिक विश्वासबारे हामीलाई त्यति धेरै जानकारी छैन। १८औं शताब्दीको अन्त्यतिर मात्र विद्वान्हरूले यसबारे खोज सुरु गरेका हुन्। तर, त्यसबेलासम्म स्लाभहरूले इसाई धर्मअघिको आफ्नो विश्वास र समाज बिर्सिसकेका थिए। प्राचीन स्लाभ राजनीतिक र आर्थिक दृष्टिकोणले एउटै थिएन। उनीहरूको सामूहिक पूजा र साझा देवता फेला पार्न निकै गाह्रो छ। यहाँ हरेक जनजातिको छुट्टाछुट्टै गोत्रअनुसारको देवता रहेको र उसलाई पूजा गर्ने चलन रहेको देखिन्छ। तर, विभिन्न जानजातिका देवता र पूजा गर्ने चलन उस्तै-उस्तै थियो। स्लाभहरू पितृसत्तात्मक गोत्र व्यवस्था स्वीकार गर्दथे। उनीहरूले गोत्र विश्वाससँगै पितृपूजा गर्ने गर्दथे। स्लाभ जनजातिको बसोबास भएका क्षेत्रमा चिहानसँगै त्यहाँ राखिएका टिलो र अन्य सामग्री फेला परेका छन्। अन्त्येष्टि प्रथा जटिल र विविध भएको देखिन्छ। पूर्वी स्लाभहरू विशेष दाहसंस्कार गर्दथे। कतै-कतै शव जलाउने चलन पनि थियो भने कतै नदीमा सेलाउने वा गाड्ने चलन थियो। चिहान बनाउनेहरूले भने माटोले पोतेर उसलाई विभिन्न वस्तुसँगै गाड्ने गर्दथे। खानदानी व्यक्तिको मृत्युमा चाहिँ श्रीमती, दास र घोडालाई पनि मारेर गाड्ने गरिन्थ्यो। इसाई विश्वासभन्दा फरक मृतक र जीवित व्यक्तिको सम्बन्धको विश्वास निकै प्रबल थियो। सजिलै मरेको व्यक्तिको मृत्युलाई शुद्ध मृत्यु मान्ने गरिन्थ्यो र उसलाई पितृको दर्जा दिइन्थ्यो। अशुद्ध मृत्यु मर्नेहरूलाई चाहिँ पितृको दर्जा दिइँदैनथ्यो। त्यस्तै, इसाई धर्मको प्रभावले बप्तिज्मबिना नै मरेका व्यक्तिलाई वा टुना गर्ने व्यक्तिलाई पनि दोस्रो दर्जामा राखिन्थ्यो। सहज मृत्यु मर्नेलाई सम्मान गरिन्थ्यो भने असहज मृत्यु मर्नेसँग भूत भएको विश्वास गर्दै ऊसँग डराउने गरिन्थ्यो। पितृलाई सम्मान गर्ने यो चलन पितृपूजाकै एउटा रूप थियो। रुसी किसानहरू अहिले पनि वर्षमा एक दिन पितृलाई सम्झिएर भोज खाने गर्दछन्। बेलारुसका किसानहरू वर्षमा धेरै पल्ट दज्यादो भनिने पितृपूजाको पर्व मनाउने गर्दथे। सरसफाइ, नयाँ

व्यञ्जन र आफन्तहरूबीच मेलमिलाप आदि तरिकाद्वारा यो पर्व मनाइन्थ्यो । सर्व र बल्गार जातिले चिहानमा खानेकुरा लिएर मृतकलाई चढाउने गर्दथे । सर्वहरू अहिले पनि पारिवारिक कीर्ति दिवसर बनाउने गर्दछन् । त्यसलाई पितृपूजाको अवशेषका रूपमा हेर्न सकिन्छ । यो दिवस इसाई सन्तको स्मृतिमा मनाउने गरेकाले पितृपूजा र इसाई धर्मको मिश्रित रूपमा बुझ्न सकिन्छ । पूर्वी स्लाभहरूले चाहिँ पितृपूजाको अवसरमा घरमा बसेको प्रेतात्मालाई पनि सम्झने गर्दथे । उनीहरू अदृश्य प्रेतात्मा घरमा बसेर सबैको रक्षा गरिरहेको विश्वास गर्दथे । चुलोको छेउमा या कतै मानिसको अनुहारको आकृति बनाएर उसलाई मान्ने चलन थियो । अल्छी र फटाहालाई प्रेतात्माले दण्ड दिने विश्वास गरिन्थ्यो । गृहपतिका रूपमा उसलाई सम्मान गरिन्थ्यो र कामको सफलता र असफलतामा उसकै आशीर्वादले काम गरेको विश्वास गरिन्थ्यो । रुसी र बेलारुसी किसान परिवार तथा पश्चिम स्लाभका जनतामा रहेको पितृपूजाको विश्वास लगभग उस्तै थियो ।

अशुद्ध मृतकलाई चाहिँ नकारात्मक ढङ्गले हेरिन्थ्यो । जीवनका गरेका नराम्रा काम र जादु-टुनाका कारण उसको मृत्यु भएको विश्वास गरिन्थ्यो । उनीहरू प्रेतात्माबाट नभएर त्यसरी मरेको व्यक्तिको लाससँग डराउने गर्दथे । त्यो लासले उठेर समाजमा नराम्रो नगरोस् भनेर चिहानमा लासलाई काठको ठूलो टुक्रामा बाँधिदिने, काठले किच्याउने र त्यस्तै उपाय गर्ने गरिन्थ्यो । लास हिड्ने अलौकिक क्षमतामा उनीहरूको विश्वास थियो । अशुद्ध मृतकले पानी पर्न नदिने, मौसम बिगार्नेलगायतका डरहरू समाजमा व्याप्त थिए । त्यसो नगरोस् भनेर लासलाई फेरि निकालेर हिलोमा फ्याँकिन्थ्यो या चिहानमा लगेर पानी हालिन्थ्यो । स्लाभहरू सामुदायिक विश्वास र अनुष्ठान पनि गर्दथे । उनीहरू कृषि पञ्चांगमा विश्वास गर्दथे र उत्सव आयोजना गर्दथे । पछि, यही चलनको इसाईकरण भयो । बसन्तको सुरुमा मनाइने स्रोवटाइड, मकरसंक्रान्तिमा गरिने क्रिसमसटाइड लगायतका पर्वहरू जनजाति र इसाईका मिश्रित रूप हुन् । केही समय यस्ता पर्वहरूमा जादुसँग सम्बन्धित विश्वास पनि जोडिएका थिए ।

लिखित स्रोत-सामग्रीहरूले प्राचीन स्लाभका देवी-देवताका नाम पनि फेला पारेका छन् । उनीहरूले पछि विस्तारै त्यस्ता देवता बिर्सिएको देखिन्छ । सायद कृषिसँग सम्बन्धित नभएकाले त्यस्ता देवतालाई बेवास्ता गर्न थालियो । पेरुन भन्ने देवता कृषिसँग सम्बन्धित थियो तर पछि रुसी राजाहरूले उसको पूजा गर्न थाले । त्यस्तै, वेलेस वा बोलोस भनिने पशु देवताको पनि पूजा गरिन्थ्यो । मोकोस नामक एउटी देवीको पूजा गरेको प्रमाण रुसी सामग्रीले फेला पारेको छ । अहिले पनि स्लाभहरूमा सुरक्षित रहेको देवताको नाममा यसलाई लिइन्छ । यो देवताले महिलाको काम, कटाइ र बुनाइको संरक्षण गर्ने विश्वास गरिन्छ । प्राचीन स्लाभहरू रोद र रोझनित्सालाई पनि पूजा गर्दथे । तर, उनीहरू केका देवता थिए भन्ने थाहा हुन सकेको छैन । कसैले उनीहरूलाई गोत्र देवता र कसैले उर्वरताको देवताका रूपमा

हेरेका छन् । पूर्वी स्लाभहरूले अलग र पश्चिम स्लाभहरूले अलग देवता पूजा गर्दथे । दक्षिण स्लाभहरूले चाहिँ पूर्वी र पश्चिमबीचको बाटो पहिल्याएका थिए । तर, पेरुन देवतालाई हरेकले पूजा गर्दथे । बोग भन्ने शब्द सबै स्लाभ भाषामा पाइन्छ । इरानी र भारतीय शब्दमा यसलाई बग र भग भनिन्छ । यसको अर्थ सुख र सफलता हो । कालान्तरमा सुख र सफलताको धारणालाई यस्तै देवताको विम्व बनाएर मान्न थालिएको पाइन्छ । त्यस्तै, अलौकिक तत्त्व बुझाउने अर्को स्लाभ शब्द बेस हो । सुरुमा यसलाई भयावह चिजका रूपमा प्रयोग गरियो, तर लेटिन भाषामा यसको अर्थ भयंकर र घृणित भन्ने हुन्छ । स्लाभहरूले इसाईमत स्वीकार गरेपछि दुष्ट आत्मा र सैतानका ठाउँमा बेस शब्द प्रयोग गर्न थाले । राज्यको रूपमा स्लाभहरू संगठित भएपछि उनीहरूको जातीय विश्वास र अनुष्ठानमा पनि परिवर्तन हुन थाल्यो । राज्यभन्दा टाढा रहेका जनजातिले आफ्नो आदिम चलन सुरक्षित राखे भने राज्य नजिकै रहेकाहरूले अर्को धर्म विकास गर्न थाले । उनीहरूबीच देखिएका धर्मका विविधताले राजाहरूलाई विस्तारै इसाई धर्म स्वीकार गर्न बाध्य पार्‍यो । इसाई धर्माधिकारीहरूले आफ्नो धर्म चर्चित बनाउन जनजातिका धेरै विश्वास र रिवाजलाई सामेल गरेका थिए । उनीहरूले कृषिसम्बन्धी पुराना अनुष्ठानहरू इसाई धर्मका चाडपर्वमा मनाउने चलन चलाए । त्यसले गर्दा पुराना देवी-देवता इसाई धर्ममा बिलाउँदै गए । पुजारीको सट्टा इसाई पादरी र सन्तहरूले सम्मान पाउन थाले । यसरी पेरुनको पूजा इल्या पैगम्बरका रूपमा, पशुको देवता बेलेसको पूजा सन्त ब्लासीको पूजाको रूपमा र मोकोसको पूजा सन्तिन परास्केवा वा प्यात्नित्साका रूपमा गर्न थालियो । तर, ठूला देवताभन्दा साना देवताको विम्ब र विश्वास पछिसम्म अडिएको पाइन्छ । तर, यी विम्बमा कुन कुरा पछि जोडिएका र कुन सुरुदेखि नै चलनमा आएका भन्ने छुट्ट्याउन गाह्रो छ ।

सबै स्लाभ जातिमा प्रकृतिमा रहने प्रेतात्माप्रति विश्वास देखिन्छ । वनको नजिकका क्षेत्रमा यो चलन अझ बढी देखिन्छ । रुसीहरूले ल्येसी भनिने वन देवतालाई मान्ने गर्दथे । किसान स्लाभहरूले जंगल फडानी गरेर खेती गर्नुपर्ने भएकाले वनसँग सर्तकतापूर्वक डराउने चलन थियो । यससम्बन्धी विभिन्न विम्वहरू पनि प्रचलनमा थिए । यसले गर्दा वन देवतालाई मान्ने र त्यहाँका जनावरसँग डराउने चलन थियो । खेतमा प्रेतात्मा रहेको विश्वास गरिन्थ्यो । रुस, पोल्यान्ड र चेकमा पनि त्यस्तो विश्वास थियो । रुसीहरू यसलाई पोलुद्नित्सा भन्ने गर्दथे । पोलिसहरू पोलुद्निसे र चेकहरू पोलेदनिचे भन्ने गर्दथे । दिउँसोको गर्मीमा काम रोकेर आराम गरेन भने सेतो कपडा लगाएको स्त्रीका रूपमा प्रेतात्मा आउने र मानिसको शिर काटेर दण्ड दिने विश्वास गरिन्थ्यो । रुसाल्का भनिने जलपरिको विम्व पनि सबै स्लाभहरूमा पाइन्छ । कसैले उसलाई मूर्ति भएको ईश्वर मान्दथे भने कसैले डुबेर मरेकी महिलाको प्रेतात्मा । तर, यसको विस्तृत जानकारीका लागि युनानी रोमन र प्रारम्भिक इसाई कर्मकाण्डको प्रभाव पनि अध्ययन गर्नुपर्ने

हुन्छ । भूमध्यसागरका बासिन्दामा पेन्टेकोस्ट भनिने पर्वको मौसममा पनि जलपरीको पूजा गर्ने गरिन्थ्यो । त्यसलाई दोमेनिका रोसारुम, पास्खा रोसाता भन्ने गरिन्थ्यो । युनानमा यसलाई रोदालिया भन्ने गरिन्थ्यो । स्लाभहरूले इसाई धर्मसँगै युनानी रोमन पर्वलाई पनि स्वीकार गरे । उनीहरूका विभिन्न अनुष्ठान स्लाभहरूको आफ्नै जस्तो बन्न पुगेका थिए । १८ औं शताब्दीमा मात्र रुसका केही क्षेत्रमा जलपरीको विम्ब विकास भएको थियो । त्यसले मानिसलाई विभिन्न बहानामा पानीमा तान्ने, बप्तिज्म नगरेका केटाकेटी मरेमा त्यस्तो हुने, पानीमा डुबेर युवतीको मृत्यु भएमा जलपरी बन्ने विश्वास गरिन्थ्यो । दक्षिणी रुसमा चाहिँ घाँस र खेतमा रुसाल्का पाइने विम्ब चलनमा थियो । यो विम्वले प्राचीन र जटिल लाग्ने बेरेगिन्या भनिने प्रेतात्माको ठाउँ लिएको थियो ।

स्लाभ जातिहरूमा अलौकिक वस्तु र अन्धविश्वासका मान्यताहरू प्रशस्त पाइन्छन् । यी अलौकिक वस्तुहरू कहिले मानिसका शत्रु र कहिले सहयोगी हुने गर्दथे । यी वस्तुहरू प्रकृतिका शक्तिको साथ या भौतिक उत्पादनसँग जोडिएका हुन्थे । केही विश्वास स्लाभहरूले इसाई धर्म स्वीकार गर्नुअगाडिका थिए भने केही इसाईकरणपछिका । उनीहरू स-साना प्रेतात्मामा पनि विश्वास गर्दथे । गरिब किसानको दयनीय नियतिका यस्ता प्रतीकहरू पछि चर्चको प्रभावले सैतानी शक्तिको सामूहिक नाम बन्न पुग्यो । स्लाभहरूमा पारिवारिक गोत्रीय अनुष्ठान परिवार वा गोत्रको मुखियाले गर्ने चलन थियो । समाजका अनुष्ठानहरू पेसेवर पुरोहितले गर्दथे । उनीहरूलाई वोल्ख्व भनिन्थ्यो । तर, यिनीहरूको बारेमा त्यति धेरै प्रमाण पाइँदैन । एक समय वोल्ख्वहरू इसाईकरणविरुद्ध संघर्ष गर्ने विद्रोही नेता पनि थिए । युद्धले लादेको इसाई धर्मविरुद्ध उनीहरू लाग्नका लागि वोल्ख्वहरूको सहायता लिएका थिए । उनीहरूमा झारफुक र टुनामुनाको विश्वास थियो । रुसीहरूमा फिन, कारेली, मोर्दवाजस्ता जनजातिमा झाँक्री र जादुगरलाई निकै शक्तिशाली मानिन्छ । स्लाभहरूको चाहिँ मन्दिर वा पवित्र स्थल र बलि दिने ठाउँ पनि हुने गर्दथ्यो ।

***

अध्याय-११

प्राचीन जर्मनीमा धर्म

प्राचीन विश्वका सभ्य जातिको सम्पर्कमा आउने बेलासम्म स्लाभजस्तै जर्मनहरूले पनि शुद्ध गोत्रसम्बन्धको घेराबाट निस्कने क्रम सुरु गरेका थिए । यसले गर्दा उनीहरूको धार्मिक विश्वास आदिम रूपबाट परिवर्तित हुँदै थियो । तर, उल्लेखनीय के छ भने फरक-फरक जर्मन जनजाति र उनीहरूका समूहबीच विकासको स्तरअनुसार एवम् केल्ट र रोमनहरूको धार्मिक प्रभावअनुसार धर्म र समाज फरक थियो । स्क्यान्डिनाव जातिहरू अूको प्रभावबाट टाढा भएकाले उनीहरूले आफ्नो धार्मिक विश्वास र परम्परा पछिसम्म सुरक्षित राखेका थिए । तर, दक्षिणी र दक्षिण-पश्चिमका राइन र डेन्युब जातिमा चाहिँ धर्म र विश्वास लामो समय टिकेन । प्राचीन जर्मनहरूमा टोटेमवादको विश्वासको छाप देखिन्छ । कतिपय जनजातिहरूले राख्ने नाम र उनीहरूमा चलेका मिथकका आधारमा यसो भन्न सकिन्छ । कतिपय जनजातिहरू आफ्नो गोत्र रूखबाट र कतिपयले जलदानवबाट सुरु भएको किंवदन्तीमा विश्वास गरेका छन् । टोटेमवादको अवशेष यस्ता मिथकहरूमा निकै नै सुन्न पाइन्छ । पुरुषको उत्पत्ति ऐस भनिने एउटा रूख र स्त्रीको उत्पत्ति ऐल्डर भन्ने अर्को रूखबाट भएको विश्वास गरिन्थ्यो । त्यस्तै, टोटेमवादको अर्को अवशेषका रूपमा जीवपूजा पनि पर्दछ । जसअनुसार भेडा र कागलाई ओडिन नामको देवताको प्रतीक मानिन्थ्यो भने बँदेललाई स्केन्डियन मिथकको मुख्य पात्र । त्यस समयमा पवित्र ढुङ्गाको पूजा गर्ने चलन पनि थियो । त्यस्तै, पवित्र अग्नि तथा केही रूखहरूको पनि पूजा गर्ने चलन थियो । उनीहरू विभिन्न प्रेतात्मामा पनि विश्वास गर्दथे । जमिनमा रहने एल्फ, पहाडमा रहने ट्रोल, पानीमा रहने निक्स र जमिनमुनि रहने ग्नोमो देवतामा उनीहरू विश्वास गर्दथे । यीमध्ये केही मानिसका साथी जस्ता थिए भने केहीले मानिसलाई दुःख दिन्थे । यी सबै विश्वास त्यहाँका आखेटजीवी मानिसका जीवनका प्रतिविम्ब जस्ता थिए । उनीहरूको धर्म र अन्य विश्वास अहिले ध्वस्त भए पनि लोकसाहित्यमा अझै पनि कतिपय विश्वासहरू सुरक्षित देखिन्छन् । उनीहरू

झारफुक र टुनाको प्रयोग पनि निकै गर्दथे । मन्त्र र आगो यसका लागि आवश्यक वस्तु मानिन्थे । विरामीलाई जडींवुटी प्रयोग गर्ने र भूतप्रेत भगाउने चलन थिए । जादु र जादुगरमा यति धेरै विश्वास थियो कि उनीहरू भगवानलाई पनि शक्तिशाली जादुगर नै मान्दथे । उनीहरूको सामाजिक र निजी जीवनमा सकुनी विद्या महत्त्वपूर्ण थियो । चराको उडानको दिशा, घोडाको व्यवहार आदिलाई धर्म र संस्कारसँग जोडेर व्याख्या गरिन्थ्यो । अन्य सभ्यतामा जस्तै मृत्युसंस्कार पनि फरक-फरक थिए । शव जलाउने र शव गाड्ने दुवै प्रथा अस्तित्वमा थिए । उनीहरूले मृत्युलाई पुनर्जीवित हुने निद्राको रूपमा हेर्दथे । त्यस्तै, लडाइँमा मारिएका वीरहरू ओडिन देवताको विशाल दरबारमा सुखसँग बाँच्ने विश्वास गरिन्थ्यो । मृतकको सम्मानमा पितृपूजा या गोत्रपूजा गरिन्थ्यो । यसका लागि पुरोहितको भूमिका पनि गोत्र प्रमुखले नै निर्वाह गर्दथे । रोमनहरूको सम्पर्कमा आउने समयमा उनीहरू संरक्षक देवता र पवित्र स्थलको पूजा गर्दथें । जंगलको छेउमा हरेक गाउँको मन्दिरजस्तै पवित्र स्थल हुन्थ्यो । रोमनी लेखकहरूले आफ्नो पुस्तकमा धेरै ठाउँ यस्तो पवित्र स्थलको उल्लेख गरेका छन् । यस्ता ठाउँमा सामुदायिक पूजा, घरेलु वलि र पूजाजस्ता अनुष्ठान मात्र नभएर जातीय सभा पनि हुने गर्दथे । समाजमा देखिएका समस्या त्यहाँ समाधान गरिन्थे । अन्तरजातीय किसिमका संघ र पवित्र स्थल पनि अस्तित्वमा थिए । त्यस्ता ठाउँलाई चाहिँ सवैले पवित्र मान्ने गर्दथे ।

संरक्षणक देवी-देवताहरू धेरै भए पनि केहीको नाम मात्र प्राप्त हुन सकेको छ । टानफाना भनिने आराध्यदेव मार्सहरूको देंवी, वाडुगेन्ना देवी र फ्रिजहरूको देवी नेर्टुस देवी युटलेन्ड प्रायद्वीपका सात जनजातिकी संरक्षिका मानिन्थे । त्यस्तै, रायन नदीको तल्लो भागमा नेगालेनिया देवीको पूजा गर्ने चलन थियो । उनको नाम विभिन्न शिलालेखमा पाइन्छ । कतिपय ठूला देवताको विम्ब जटिल भए पनि आफ्नो गोत्रको उत्पत्तिसँग जोडेर फरक-फरक ढङ्गले उपासना या पूजा गर्ने चलन थियो । यीमध्ये दक्षिण जर्मन जनजातिको देवता बोडान (बुओटान) को विम्ब देखापर्छ । उत्तरी जर्मन जनजातिले यो देवतालाई ओडिन भन्ने गर्दथे । प्रकृतिसम्वन्धी मिथकको मूर्तीकरणको तत्त्व बोडानमा फेला पर्छ । उसलाई आँधीतुफानको देवता, मृतकको देवता पातको राजा र आत्माको सारथी आदि भन्ने गरिन्थ्यो । उत्तरी जर्मनका पुराणकथाहरूमा ओडिन वाल्गाल्लाको राजा भएको र वालकिरी नामक लडाकू कुमारीले युद्धमा वीरगति प्राप्त गरेपछि उनीहरूको आत्मा ओडिनसमक्ष पुगेको विम्ब प्रचलित थियो । ओडिनलाई युद्ध देवता हुनुका साथै वुद्धिमान र चतुर व्यक्तिको रूपमा लिइन्थ्यो । दक्षिणी जर्मनहरूले चाहिँ उसलाई आत्मिक हलचल विक्षिप्तता र वेचिनीको देवता मान्दथे । उनीहरू वोडानसँग मुर्दाहरूको भीड भएको लगायतका मिथकहरू सुनाउने गर्दथे । केही ठाउँमा उसलाई ठूलो सिकारी मान्ने गरिन्थ्यो । त्यस्तै, वादल र वर्षाको देवता, आकाशको देवता उर्वरताको देवता, वतस्पतिको देवता, आदि देवता पनि अस्तित्वमा थिए । उनीहरू कुनै न कुनै रूपवाट खेतीसँग जोडिएका थिए ।

अन्य सभ्यतामा जस्तै रोमनहरूविरुद्ध संघर्ष गर्ने समयमा सवै जातिको विशाल र ठूलो देवता मान्ने चलन उनीहरूमा चलेको थियो ।

प्राचीन जर्मनहरूको पुरान र आख्यानको बारेमा निकै कम मात्र जानकारी पाइन्छ । उनीहरूका मिथक पनि साहित्यिक रूपमा परिमार्जित अवस्थामा फेला पर्दछन् । ११ औं र १२ औं शताब्दीको बीचमा लेखिएको *वडी एड्डा* नामक पुस्तकले केही जानकारी दिन्छ । सेमुन्ड, सिगफुत्सन नामक लेखकले शताब्दीऔं अगाडिका मिथक र गीतहरू समावेश गर्न भ्याएका छन् । त्यस्तै, अन्य पुस्तकहरू पनि फेला परेका छन् । यस्ता एड्डा गीतहरूमा सृष्टि रचनाका मिथकहरू उल्लेख गरिएका छन् । उनीहरू मानिसभन्दा पहिला देवताले र त्यसभन्दा पहिला शक्तिशाली अलौकिक प्राणीले पृथ्वीमा शासन गरेको विश्वास गर्दथे । त्यस्तो प्राणीलाई दानव योटुन भन्ने गरिन्थ्यो । देवताले इमिर नामको एउटा दानवलाई मारेर उसको शरीरबाट आकाश र पृथ्वीको निर्माण गरेको विश्वास गरिन्थ्यो । त्यसपछि रूखबाट महिला र पुरुषको जन्म भएको तथा देवता आकाशमा बनाइएको विशाल भवनमा रहन्छ भन्ने विश्वास गरिन्थ्यो । त्यस्तो देवता र दानववीच पटक-पटक युद्ध भएको, युद्धमा वान जातिको विजय भएको र वानहरू देवताका सन्तान भएका मिथकहरू त्यस्ता पुस्तकमा उल्लेख छन् । वान जाति को हो ? भन्ने विषयमामा चाहिँ अहिलेका विद्वान्‌हरू पनि फरक-फरक मत राख्छन् । स्क्यान्डिन मिथकहरूमा दानव जातिका साथै अन्य दुष्ट शक्तिको पनि उल्लेख पाइन्छ । यी दुष्ट शक्तिहरूसँगै ठूलो आकारका भेडा, अन्धकार र मृत्युको देवी हेल, हेलको राज्यको मुख्य पाले हाँस, मृत इमिर दानवको शरीरभित्र वस्ने कीरा आदिलाई दुष्ट शक्ति मानिन्थ्यो । अन्तरजातीय लडाइँ र शाहसी जातिहरूले गरेको लुटपाटको अवशेषका रूपमा यी विम्व उत्पन्न भएको अनुमान गरिन्छ । दुष्ट जाति र मानव तथा ईश्वरको पटक-पटक संघर्ष भएको मिथक पाइन्छ । प्राचीन जर्मनहरूले संसारको अन्त्यको विषयमा पनि मिथक वनाएका थिए । सृष्टि विषयको कथामा एक समय दुष्टहरू जागेपछि मान्छे र देवताको नास हुने र त्यसपछि विश्वको पुनर्जन्म हुने मिथक चर्चामा थियो । जसअनुसार फेरि शक्तिशाली व्यक्ति आउने र मानिस र देवताको नयाँ पुस्ता संसारमा रहने विश्वास थियो । बाइबलको मिथकमा केही-केही यो कथा पनि मिल्न जान्छ । उत्तरी जर्मनीमा पृथ्वीको अन्त्य र अन्य अलौकिक विषयका कथाहरू निकै रोचक थिए । उनीहरू विभिन्न जातिवीच संघर्ष भएको र असल जातिको विजय भएको विश्वास गर्दथे । उनीहरूका मिथक कृषिसँग सम्वन्धित देवताको पूजामा पनि आधारित थिए । एड्डाअनुसार भाग्यकी देवी र उनका तीन वहिनी सुखको रूख, ओडिनको घोडा, वीरनायकका पवित्र वस्तुहरू आदिलाई पनि विभिन्न विम्व निर्माण गरेर विश्वास गरिन्थ्यो । रोमन सम्राट जुलिएस सिजरले जर्मनहरूसँग लडेको समयमा त्यहाँ पुरोहित नभएको र वलिप्रथा नभएको थाहा पाएका थिए । उनले जर्मनहरूको समाजमा युद्धसम्वन्धी सल्लाह दिने काम वृद्ध महिलाले गर्छन् भन्ने पत्ता लगाएका थिए । जर्मन समाजको पुरानो

मातृसत्ताको अवशेषका रूपमा यो उदाहरणलाई लिन सकिन्छ। रोमनहरूसँग लडाइँ गरेपछि जर्मनीमा सामुदायिक गोत्र व्यवस्था विघटनतिर लाग्यो। सिजरको हमलापछि जर्मन पुरोहितको उपस्थिति हुन थाल्यो। राजा र सेनापतिहरूले पनि पुरोहितलाई सम्मान गर्न थाले। समाजको न्याय व्यवस्था उनीहरूको हातमा थियो र मृत्युदण्डसम्म पनि उनीहरूले दिन सक्दथे। जनजातिहरूका आमसभा सञ्चालन गर्नु, बलि दिनु, भविष्यवाणी गर्नुलगायतका काम उनीहरूको जिम्मामा थिए। कुनै जनजातिमा पुरोहित वंशअनुसार हुन्थ्यो भने कतै राज्यले नियुक्त गर्ने गर्थे। युद्ध हारेमा वा राम्रो उब्जनी नभएको अवस्थामा त कति पुरोहितहरूले राजा नै फेरिदिएका घटनासमेत देखिन्छन्। त्यस समयमा राजा पवित्र र ईश्वरको अवतार हो र हुनुपर्छ भन्ने विश्वास थियो। राजाको व्यक्तित्वसँग सम्वन्धित विभिन्न मिथक चलनमा थिए।

जर्मन जनजातिहरूको सामाजिक र धार्मिक जीवनमा स्त्रीको भूमिका महत्त्वपूर्ण थियो। टेसिटस नामक लेखकले उल्लेख गरेअनुसार महिलाहरू पवित्र र असाधारण क्षमताका हुन्छन् भन्ने मानिन्थ्यो। भविष्य कथनका लागि पनि उनीहरू पुरुषभन्दा बढी योग्य हुने विश्वास गरिन्थ्यो। यसले गर्दा भविष्यवक्ता महिलाहरूलाई समाजमा विशेष सम्मान दिइने गर्दथ्यो। कहिलेकाहीं जनजातिका अतिरिक्त अन्य जातका मानिसमा पनि त्यस्ता महिलाले अमिट छाप छोड्ने गर्दथे। सवैभन्दा चर्चित भविष्यवक्ता स्त्रीको नाम वेलेडा थियो। इसापूर्व ६९-७० मा भएको सिविलिस विद्रोहमा उनको भूमिका महत्त्वपूर्ण थियो। तर, महिलाहरूको यो सम्मान र एक किसिमको शासनविरुद्ध मानिसहरू मुख खोल्न थालिसर्केका थिए। विद्रोहको समयमा एकजनाले के सम्म भनेछन् भने- 'हामीमाथि शासन चलाउने नै छान्नुपर्छ भने जर्मन महिलाभन्दा रोमन राजालाई हामी स्वीकार गर्छौं।' भविष्य दर्शनको प्रतिभा भएका एल्व्रुना नामक स्त्रीको पनि चर्चा पाइन्छ। त्यस समयमा महिलाहरूले झाँक्रीको काम पनि गर्ने गरेको संकेत फेला परेको छ। उत्तर अमेरिका र साइवेरियाका जनजातिहरूमा पनि महिलाले झाँक्रीको काम गरेको प्रमाणित भएको छ। जर्मन जनजातिहरूमा पूजा र अनुष्ठान त्यति अप्ठ्यारो थिएन। उनीहरू देवतालाई बलि दिन र देवताको इच्छा बुझ्न अनुष्ठान गर्दथे। युद्धवन्दीहरूलाई वलि दिने चलन थियो। कहिलेकाहीं अन्तरजातीय युद्धमा विरोधीहरूलाई पनि वलि दिइन्थ्यो। उनीहरूलाई चाहिँ बन्दी बनाएर घोडासहित सामूहिक रूपमा इश्वरका नाममा बलि दिइन्थ्यो। केही ठाउँमा महिला झाँक्रीहरूले आफ्नै हातले वलि दिएका र त्यसैवेला महत्त्वपूर्ण भविष्यवाणी गरेको कथाहरू पाइन्छ। यो बर्वर प्रथाले त्यस समयको युद्ध र समाजको चित्रण गरेको छ।

जर्मनहरू मन्दिर र पूजाघर बनाउँदैनथे। तर, जंगलको छेउमा पूजास्थल छान्ने गर्दथे। त्यस्तै, जंगलमा भेटिएका काठका ठुटाहरूलाई पूजा गर्ने प्रचलन भेटिए पनि देवताको मूर्ति बनाएको फेला परेको छैन। चौथो र दसौं शताब्दीको बीचमा

जर्मन समुदायमा इसाई धर्मको प्रचार सुरु भयो। यसपछि त्यहाँ इसाईहरूले उनीहरूका मौलिक संस्कार र धार्मिक विश्वास ध्वस्त वनाए। धनी र इसाईहरूले लादेका धार्मिक विश्वासविरुद्ध जनता लागिरहे। यो मनस्थिति बुझेपछि पादरीहरूले त्यहाँका पुराना रीतिरिवाज र विश्वासलाई इसाईकरण गरेर मान्ने सल्लाह दिए। यसपछिका धार्मिक विश्वास र प्रथाहरू निकै समय टिकेको देखिन्छ। मध्ययुगीन भूत विद्या, दुष्टआत्मा र टाइनिमा विश्वासलगायतका इसाईहरूका धर्मसँग मिल्ने तर केही फरक विश्वासहरू अघि वढे। निकै पछिसम्म मान्छेको वलि दिने चलन पनि जारी थियो। जर्मन जातिका प्राचीन विश्वासका अवशेष, लोककथा, जनविश्वास आदि वस्तु विभिन्न विलक्षण प्राणी र दानवसँग सम्वन्धित कथाहरूमा जोडिएका थिए। कृषिसँग सम्वन्धित अनुष्ठानमा पनि यस्ता विषय प्रयोग गरिन्थ्यो। वाली उठाउने वेला गरिने अनुष्ठान र कर्महरूमा दानव र रहस्यमय प्राणी खेतमा वसेको विश्वास गरिन्थ्यो। वाली काट्ने मान्छे हतियारसहित अघि वढ्दै जाँदा ऊ भाग्दै गरेको विश्वास गरिन्थ्यो। र, अन्तिम मुठा त्यही अदृश्य शक्तिलाई मन्साउन छोड्ने गरिन्थ्यो। अर्कोपल्ट वाली लागेपछि मात्रै त्यो अन्तिम मुठा या खेतको अन्तिम उत्पादनवाट अनौठो जनावर भागेको विश्वास गरिन्थ्यो। यस्तो प्रथा स्लाभ र अन्य किसान जानजातिहरूमा पनि पाइन्छ। तर, जर्मनहरूमा अन्तिम फल या वालीको अन्तिम मुठाप्रति विशेष धारणा थियो। कहिले उनीहरू त्यो अन्तिम मुठा मान्छेले त कहिले दानवले खाने विश्वास गर्दथे। कहिले कुनै जनावरले त कहिले खेतमा वाली फलाउने प्रेतात्माले खाने गरेको विश्वास उनीहरूको थियो। उनीहरूको लोक विश्वास र चलन मृत्यु संस्कारसँग पनि जोडिएको छ। मृतकसँग डराउनु, मुर्दालाई घेरा वाधेर नाच्नु, भूतप्रेतमा विश्वास गर्नु, सेतो कपडा लगाएकी स्त्रीलाई फरक ढङ्गले हेर्नु आदि। झारफुक र जादु-टुनामा पनि एक हदसम्म उनीहरूको विश्वास थियो।

***

अध्याय-१२

प्राचीन केल्टमा धर्म

प्राचीन केल्ट जनजातिहरू रोमनहरूको सम्पर्कमा आउनुअघिको जीवनशैली फरक थियो। तर, रोमन लेखक र शिलालेखहरूका आधारमा मात्र उनीहरूको धार्मिक विश्वासवारे केही कुरा वुझ्न सकिन्छ। रोमनहरूको प्रभाव र इसाई प्रभावभन्दा अगाडिको उनीहरूको धार्मिक जीवन प्रस्ट खुल्न पनि सक्दैन।

इसापूर्वको पहिलो शताव्दीदेखि सन्को तेस्रो शताव्दीवीचमा उनीहरू रोमनहरूसँग सम्पर्कमा आएका थिए। त्यस समयमा उनीहरूको गोत्र जनजाति व्यवस्था स्लाभ र जर्मनहरूभन्दा निकै माथि थियो। केल्ट जनजातिहरू पेरिनिच प्रायद्वीप, गाल प्रदेश र व्रिटिस टापुमा वसेका थिए। गाल प्रदेशमा एलोव्रोग, हेल्वेत, सेक्वान, आर्वेर्न, एदुई, त्रेवेर र नेर्वी जनजाति वस्दथे। उनीहरू पनि एक आपसमा लडाइँ गरिरहन्थे। इसापूर्वको प्रथम शताव्दीमा जुलियस सिजरको समयमा गाल प्रदेशमा दुईओटा जनजाति समूह लडाइँ गरिरहेका थिए। एउटाको नेतृत्व एदुईले गरेको थियो भने अर्कोको सेक्वानले। अन्य जनजातिहरू भने दुईतिर नै विभाजित थिए। जावतको समुदायको यो लडाइँ निकै पछिसम्म रहचो। केल्टहरूको धार्मिक विश्वास र गोत्रीय विश्वास यो लडाइँमा प्रतिविम्वित भएको थियो। उनीहरूको पूजा अनुष्ठान पुरोहितहरूले सञ्चालन गर्दथे। विशेष अधिकारप्राप्त तहमा पुरोहितहरू पनि पर्दथे। उनीहरूको वंशानुगत तह थियो। पुरोहितहरूले संघ निर्माण गरेर गाल प्रदेशलाई नियन्त्रणमा लिएका थिए। उनीहरू वार्षिक सभा गर्दथे र पुरोहितमध्येका उच्च पदस्थको छनोट गर्दथे। पुरोहितका नेता वन्नका लागि २० वर्ष लामो विभिन्न अभ्यास र प्रशिक्षण गर्नुपर्दथ्यो। महिलालाई पनि ड्रुइड भनिने पुरोहित वन्न छुट थियो। उनीहरूको सम्मान र प्रभावले केल्ट धर्मलाई ड्रुइडवाद पनि भन्ने गरिन्छ। उनीहरू वलि दिन्थे, राम्रो नराम्रो लक्षण वताउँथे, झारफुक र जादु-टुनामा विश्वास गर्दथे र गोप्य ज्ञान दिने र लिने गर्दथे। केल्टहरूले गर्ने पूजामा वर्वर र निर्मम रूप पनि देखिन्थे। प्राय: नरवलि दिइन्थ्यो र भविष्यवाणी पनि त्यससँग जोडिएको हुन्थ्यो।

धेरै अनुष्ठानहरू दुईओटा पवित्र लहराका विषयमा सम्वन्धित थिए। पूर्णिमाको रातमा लहरा काट्ने व्यक्तिले सेतो कपडा लगाएर सुनको हसिया लिएर जान्थ्यो। रोमन लेखकहरूले ड्रुइड पुरोहितहरूबाहेक अन्य दुईओटा धर्मसँग सम्वन्धित पेसाको उल्लेख गरेका छन्। वलिमा सहयोग गर्ने युहागी र झाँक्रीको काम गर्ने बार्ड। केल्टहरू आत्माको पुनर्जन्ममा विश्वास गर्दथे। त्यसवाहेक मानिस मरेपछि पृथ्वीमुनि या समुद्रको बीचमा रहेको संसारमा पुग्ने विश्वास थियो। केल्ट देवताहरू धेरै थिए। जनजातिका इष्टदेवता र स्थानीय देवता बढी थिए। केल्ट समुदाय र जनजातिहरू टोटेममा विश्वास गर्दथे। उनीहरूका देवी-देवता र पूजाका शैली पनि त्यस्तै किसिमका थिए। घरेलु पशुपन्छी, पशुपालन र प्राकृतिक घटनासम्वन्धी देवताहरू पनि थिए। त्यस्तै, उर्वरता र कृषिसँग सम्वन्धित देवता पनि थिए। केही विद्वान्हरूले केल्टहरू एक ईश्वरवादमा विश्वास गर्दथे भनेका छन्। तर, त्यहाँ एसुसका दुईओटा त्यस्ता मूर्ति फेला परेका छन् जसमा मानिसको रूपले रूख काटिरहेको छ। यीमध्ये एउटा मूर्ति नोत्रदाममा परिवर्तन गरेर राखिएको छ।

ओग्मिओस भनिने अन्नको देवतालाई वौद्धिकता र वाककलाको पनि देवता मानिन्छ। प्राचीन लेखकहरूले उनलाई हर्कुलस पनि भनेका छन्। उनीहरूको युद्ध गरिरहनुपर्ने जीवनले युद्धसम्वन्धी देवताको विकास भयो। पहिलादेखि विश्वास गरेको देवतामा युद्धसम्वन्धी गुण र विश्वास थपियो। विस्तारै उनीहरू व्यापार गर्न थालेपछि व्यापारका संरक्षक देवता पनि मान्न थाले। त्यस्तै, मातृ देवीको पूजा निकै प्राचीनकालदेखि चलेको थियो। मातृसत्तात्मक समाजको अवशेषका रूपमा यसलाई हेर्न सकिन्छ। उनीहरूले प्रेतात्मा, परी, दैत्य आदिमा विश्वास गर्दै रूख, पानी र पर्वतलाई पनि देवता मान्ने गर्दथे। पूजा कर्म ड्रुइडहरूको हातमा थियो। जुलियस सिजरले गालमा विजय प्राप्त गरेपछि ड्रुइडहरूलाई समर्थन गरेर त्यहाँका अभिजात वर्गको विरुद्ध प्रयोग गर्ने प्रयास गरे। गाल प्रदेशलाई नियन्त्रणमा लिएपछि रोमले पनि नीति फेऱ्यो। रोमनहरू ड्रुइड प्रथालाई निकै निन्दा गर्दथे। केल्टहरूको धर्ममा अर्को र घातक प्रहारचाहिँ इसाईहरूले गरेका थिए। तर, फ्रान्स, बेलायत र आयरल्यान्डका वासिन्दाको धार्मिक विश्वासमा त्यो प्राचीन विश्वासको अवशेष कतै-कतै अझै देख्न पाइन्छ। पछिल्लो केही समयमा देखापरेको आयरल्यान्ड र वेल्सको बेलायतविरोधी आन्दोलन प्राचीन केल्ट धर्मको पुनर्जीवनसँग पनि जोडिएको छ। आइरिस र वेल्सहरू नव ड्रुइडवादलाई आफ्नो आदर्श मान्दछन्।

जाति र राज्यसँग जोडिएको धर्म

सामुदायिक र गोत्रीय व्यवस्थाको अन्तिम सिंढीमा उभिएका जनजातिहरू, पोलेनेसियाइहरू, अफ्रिकीहरू आदिको धार्मिक विश्वासको अध्ययनले वर्गपूर्व समाज र वर्गीय समाजको संक्रमणको ज्ञान दिन्छ। सरदारमा देवत्व रोपण, जनजातिको युद्ध देवताको पूजा, धर्मद्वारा निजी सम्पत्ति र दासताको मान्यता, पेसेवर पुरोहितको उदय

आदि प्रारम्भमा अविकसित रूपमा थिए। वर्गीय समाजको विकासको प्रारम्भिक चरणमा धर्ममा पनि त्यस्ता विषय थिए। तर, अघि बढेर राज्य वलियो हुँदै जाने र वर्गीय विरोध बढ्दै जाने क्रम सुरु भयो। धर्ममा स्वस्फूर्त रूपले उत्पन्न र प्राचीनकालमा विरासतवाट प्राप्त धारणा र अनुष्ठानहरू थिए। त्यसलाई पुरोहितहरूले आफ्नो निजी रुचि पनि थपेर बढाउँदै लगेका थिए। त्यसमा वैयक्तिक स्वैरकल्पना तथा धार्मिक पौराणिक प्राणालीका अवधारणाहरू जोडिएका थिए। शासकहरूको हित र पुरोहितहरूको पेसा सुरक्षासँग धेरै विषय जोडिएका थिए। यसरी विस्तारै एउटा धार्मिक र दार्शनिक प्रणालीको विकास हुन थाल्यो।

वर्गीय समाजको धर्म आदिम समुदायको धर्मभन्दा फरक छ। वर्गीय समाजको धर्मको अध्ययन लिखित स्रोत-सामग्रीका आधारमा गरिन्छ। यसमा मुख्यतः धर्मग्रन्थ हुन्छ। केही धर्मग्रन्थका मूल ग्रन्थको रचना निकै प्राचीनकालमा भएका थिए। अध्येतालाई यसले कहिलेकाहीं निकै टाढासम्म लाने र थप अध्ययन गर्ने रुचि पैदा गराउँछ। पुस्तकको यो खण्डमा पहिलादेखि नै वर्गीय विकासको वाटोमा हिँडेका समाजको धार्मिक विश्वास अध्ययन गर्दछौं। त्यहाँका जातिहरूमा वर्गीय विकास पनि भएको थियो। मध्यअमेरिका, पूर्वी एसिया, दक्षिण एसिया, मध्यपूर्व र आसपासका देश, युनान र रोम आदि क्षेत्रमा राज्य र धर्म जोडिएका थिए। अर्थात्, त्यसवेला राज्यको नै धर्म हुन्थ्यो। धर्म, समाज र राजनीतिक व्यवस्था जोडिएर आउने गर्दथे। यसपछि हामी वर्गीयधर्मको एउटै तर फरक विश्वव्यापी धर्म पनि अध्ययन गर्दछौं।

***

अध्याय-१३

मध्य अमेरिकी जातिको धर्म

युरोपेलीहरू अमेरिका छिर्नुअघि नै मध्यअमेरिकीहरूले नगर संस्कृतिक तथा वर्गीय र राज्य व्यवस्थासहितको समाज निर्माण गरेका थिए । केहीले यो संस्कृतिलाई पूर्वीय गोलार्द्धको संस्कृतिको प्रभाव माने पनि यसका ठोस प्रमाणहरू फेला परेका छैनन् । यसले गर्दा त्यहींको उत्पादन, भूगोल र परिवेशले गर्दा सभ्यताको विकास भएको मान्न सकिन्छ । उनीहरूमा रहेको विलक्षण संस्कृतिको स्पेनी उपनिवेशले नष्ट गरेको भन्न सकिन्छ । उनीहरूका केही धार्मिक लेख र पुरातात्त्विक अवशेषहरू मात्र सुरक्षित राखिएका थिए ।

मध्यअमेरिकी जातिहरूमा अन्यत्रको तुलनामा कृषिको विकास भएको थियो । उनीहरू सघन सिँचाइ प्रणालीमा आधारित खेती गर्दथे । श्रमको स्पष्ट विभाजन थियो । कुमाले, धातुको काम गर्ने, गहना बनाउने, सिलाइ-बुनाइको काम गर्नेजस्ता श्रम विभाजनमा कलाको पनि अनुपम नमुना देख्न पाइन्छ । अन्तरप्रदेशीय व्यापार निकै फस्टाएको थियो । वर्गीय समाज तीव्र रूपमा विकास भएको थियो भने गोत्रप्रथाको अवशेष पनि निकै देखिन्थ्यो । राज्यसत्ता पनि सशक्त थियो । युरोपेलीहरू मध्यअमेरिका छिर्नुअघि उनीहरूको संस्कृतिमा चारओटा स्वतन्त्र केन्द्र फेला पर्छ । यीमध्ये मध्यमेक्सिकोको अजटेक, ग्वाटेमालाको माया संस्कृति, कोलम्बियाको चिब्चा जातिको संस्कृति र पेरुको केचुवा संस्कृति मुख्य छन् । यी चारओटै केन्द्रमा केही साझा विषय पनि देख्न सकिन्छ । धर्मको पुरातन रूपलाई उनीहरूले सुरक्षित राखेका थिए । विजेता जनजातिद्वारा राजकीय धर्मका रूपमा आफ्नो धर्मलाई स्थापित गरिएको थियो । कृषिसँग सम्बन्धित धर्म र पुरोहितको व्यवस्था त्यहाँका विशेषता थिए ।

मेक्सिकोको धर्ममा कृषिसँग सम्बन्धित अजटेक धर्म मुख्य थियो । उनीहरू कृषिको संरक्षक देवताको पूजा गर्थे भने पानी पार्नका लागि जादु गर्थे । मकैको बिरुवालाई उनीहरू देवतासमान मान्दथे । सत्तामा पुगेका नयाँ जातिको आक्रमणपछि चाहिँ उनीहरूको धर्मले जटिल रूप धारण गर्‍यो । उनीहरूको समाज र राज्यको ढाँचा पनि निकै जटिल थियो । गोत्र समुदाय यथावत् थियो तर सामाजिक विभेदीकरण

निकै बढेको थियो। समाजमा कुलीन स्वतन्त्र समुदायको सदस्य, सैनिक, दास र निम्नस्तरका व्यक्तिको तह थियो। पुरोहितको एउटा तह समाजमा उत्पन्न भयो र धर्मको नाममा उनीहरू काम नगरी खाने गर्दथे। कतिपय मन्दिरका पुरोहितहरू स्थानीय राजाजस्तै शक्तिशाली र सम्पन्न थिए। त्यहाँ विद्यालयको व्यवस्था पनि थियो। कुलीनका छोराछोरी र भावी पुरोहितहरूलाई पढाउने गरिन्थ्यो। पुरोहित बन्नका लागिचाहिँ निकै अप्ठ्यारा तगाराहरू पार गर्नुपर्ने र खानपिनमा विशेष ध्यान दिनुपर्ने हुन्थ्यो। प्रशस्त संख्यामा मन्दिरहरू रहेकाले पूजा, अनुष्ठान त्यहाँ गरिन्थ्यो। केही अग्लो ठाउँमा पिरामिड जस्तो आकारमा मन्दिरको निर्माण गरिन्थ्यो। उनीहरूको देवमण्डल अर्थात् देवतासमूह निकै जटिल थियो। उनीहरूका करिब एक दर्जनजति देवताका नाम फेला परेका छन्। मानिसका विभिन्न पेसासँग सम्बन्धित ती देवताहरूमध्ये बढी कृषिसँग सम्बन्धित थिए। पानी पार्ने देवतालाई त्लालोक भनिन्थ्यो। मकै र अन्नको देवतालाई सिन्तेओत्ल भनिन्थ्यो। उर्वरता र बालबालिकाको देवतालाई तोनान्तिसन भनिन्थ्यो। पछि स्पेनीहरूले यी देवीलाई मारियमसँग जोड्ने प्रयास गरेका थिए। देवमण्डलका सबैभन्दा शक्तिशाली र महत्त्वपूर्ण तीनओटा देवतामा एउटा केत्जालकोआत्ललाई लिइन्छ। उसलाई टोटेमी लक्षणयुक्त सांस्कृतिक नायक मानिन्थ्यो। यस्तै, केत्जालकोआत्लको अर्थ हरियो पखेटा भएको सर्प हुन्छ र उनीहरू त्यसलाई पूजा गर्ने गर्दथे। पछि, यो देवतालाई मानवीकरण गरेर सेतो दाह्री पालेको बूढाको रूपमा चित्रण गरिन्थ्यो। मेक्सिकोको प्राचीन केन्द्र चोलुलामा यो देवताको पूजा गरिन्थ्यो। त्यहाँ उसको सबैभन्दा ठूलो मन्दिर पनि थियो। दोस्रो देवता तेज्कात्लिओका थियो। उसलाई सूर्यलाई जलाउने शक्तिका रूपमा मानिन्थ्यो। ऊ निर्मम थियो र बलि चाहन्थ्यो भन्ने विश्वासले उनीहरू बलि दिने गर्दथे। त्यस्तै, तेस्रो देवता उइत्जिलोपोच्त्लीको सम्बन्ध पनि टोटेमसँग जोडिन्थ्यो। उसले पनि बलिको माग गर्दथ्यो। सुरुमा तेनोच्को जातिको मात्र देवता रहेको उसलाई पछि यो जातिको विजयसँगै सर्वोच्च देवता मानियो। उसलाई पनि नरबलि दिएर खुसी पारिन्थ्यो। स्पेनीहरू पुग्नुअघिसम्म त्यहाँ राज्य-राज्यबीच बन्दी आदानप्रदान गर्ने र तिनीहरूलाई बलि दिने सम्झौता हुन्थ्यो। युद्धबन्दीलाई बलि दिनुले त्यहाँको समाजको वर्गसम्बन्ध पूर्ण विकसित नभएको प्रमाण दिन्छ। अन्यथा बलिको सट्टा उनीहरूलाई दास बनाउन पनि सकिन्थ्यो। उइत्जिलोपोच्त्लीको पूजामा पीठोबाट देवताको मूर्ति बनाइन्थ्यो र पूजा पगरेपछि त्यो मूर्तिका टुक्रा गाउँभरि बाँडेर खाइन्थ्यो। देवभक्षणको यो नमुना अन्य जाति र इसाईहरूको प्रभु भोजमा पनि फेला पर्दछ। १६औं शताब्दीका स्पेनी लेखकहरूले अजटेकमा धुमधामसँग मनाइने अर्को अनुष्ठानको चर्चा गरेका छन्। त्यहाँ वसन्तकालमा मानिसको बलि दिएर यो पर्व मनाइन्थ्यो। त्यो समयमा बन्दीहरूमध्ये सबैभन्दा सुन्दर र स्वस्थ बन्दीलाई तेज्कात्लिपोका मानेर बलि दिने गरिन्थ्यो। एक वर्षसम्म उसलाई सुखमा राखेर सम्मानका साथ पूजा गरिन्थ्यो र अनुष्ठानको समयमा मारिन्थ्यो। कतिसम्म भने उसलाई पत्नी, सेविका, सुसारे,

नोकरचाकर सबैको व्यवस्था गरिन्थ्यो र पहाडको चुच्चोमा लगेर ढुङ्गामाथि राखेर चक्कुले छाती चिरेर बलि दिइन्थ्यो । उसको मुटु सूर्य देवतालाई अर्पित गर्नका लागि यस्तो प्रथा अपनाइएको थियो ।

अजटेकहरूले विश्व उत्पत्तिसम्बन्धी आफ्नै मिथक बनाएका थिए । त्लोक नहुआक नामक देवताले यो ब्रह्माण्डको रचना गरेको मानिन्थ्यो । तर, उसको पूजा गर्ने चलनचाहिँ थिएन । त्यस्तै, पूर्वीय दर्शनमा युग भनेजस्तो कल्प पनि फरक-फरक हुने र त्यसलाई इतिहास भनिने उनीहरूको विश्वास थियो । हरेक कल्पको अन्त्यमा महाविनाश हुने र जल प्रलय, भोकमरी, आगो आदि देखिने उनीहरूको विश्वास थियो । उनीहरू यो युग पनि त्यसै गरेर विनाश हुने विश्वास गर्दथे ।

युकातान प्रायद्वीपमा भएको माया राज्यमा विश्वास र अनुष्ठानको फरक रूप फेला पर्दछ । मेक्सिकोका जनताको तुलनामा मायाहरूको धर्म र संस्कृतिबारे कमै ज्ञान मिल्छ । उनीहरूको राज्यको पतन स्पेनहरू त्यहाँ पुग्नुअघि नै भएको थियो । तर, अन्तिम आघातचाहिँ स्पेनी विजेता कोकिस्टाडोर समूहले गरेका थिए । उनीहरूका प्राचीन चित्र र लिपि पढ्ने प्रयास अझै पनि जारी छ । ती लिखित रचनामा विभिन्न देवी-देवताका नाम उल्लेख छन् । ती लिखित रचना हाल पढ्न नसकिए पनि अन्य स्रोतवाट उनीहरूका देवताका केही नाम प्राप्त भएका छन् । तीमध्ये सवैभन्दा ठूला देवता इत्जाम्नालाई मानिन्छ । सुरुमा जनजाति र एउटा सहरको देवता भए पनि उसलाई पछि माया सभ्यताकै देवता मानियो । उसलाई सांस्कृतिक नायक, आकाशको देवता आदि मान्ने गरिन्थ्यो । त्यस्तै, कुकुल्कान भनिने देवतालाई नगरको संरक्षक, राजवंशको संरक्षक आदि मानिन्थ्यो । उसको विम्बको रूपमा अर्ध मानव र अर्ध सर्पलाई सम्मान गरिन्थ्यो । त्यस्तै, हुराकान भनिने वायुको देवताले विश्व निर्माणमा ठूलो भूमिका खेलेको विश्वास गरिन्छ । सृष्टि रचनाको विषयको उनीहरूको सोच निकै जटिल छ । पोपोल वुह नामक पुस्तकलाई १७औं शताब्दीमा एक स्पेनीले अनुवाद गरेका थिए । त्यसमा रहेको वर्णनअनुसार माहामाता र माहापिताले पहिला पृथ्वी, त्यसपछि जीवजन्तु र अन्त्यमा मानिसको सिर्जना गरेको उल्लेख छ । मानिसलाई सुरुमा माटोको र पछि काठको वनाइएको र अन्त्यमा मात्र अहिलेको जस्तो मानिस बनाएको उल्लेख छ । उनीहरू देवताले मानिसलाई सुरुमा मकैको दानावाट बनाएको विश्वास गर्दथे । उनीहरू सुरुमा चारजना पुरुष र चारजना महिला मात्र धर्ती बनाइएको विश्वास गर्दथे । त्यससँगै उनीहरूको समाजमा चार संख्यालाई पवित्र पनि मानिन्थ्यो । देवताका जुम्ल्याहा भाइहरू, कुमारी कन्याका कथाहरू आदि पनि उनीहरूका मिथकमा चर्चित थिए । त्यस्तै, युग र प्रलयको विषयमा पनि उनीहरूको मिथक विकास भएको थियो । प्राचीन अमेरिकीहरू भावी महाविनाशमा विश्वास गर्दथे ।

युकातानको सहर धार्मिक केन्द्र थियो । त्यहाँ रहेको ठूलो मन्दिरमा टाढा-टाढावाट दर्शनार्थीहरू आउने गर्दथे । मन्दिरभित्र पिरामिड आकारका धेरै मूर्ति थिए ।

देवताको सामनेमै उनीहरू नरवलि दिन्थे । सुरुमा माया सभ्यताका बासिन्दाले नरवलि नदिए पनि १५औं शताब्दीमा उनीहरूले अजटेक विजेताहरूबाट सिकेका थिए । माथि उल्लेख गरिएका धेरै विषय पुरोहित र अविजात वर्गसँग सम्बन्धित छन् । आममानिसहरू चाहिँ धेरै अन्न दिने देवता, पानी पार्ने देवता आदिमा वढी विश्वास गर्ने गर्दथे । मायाहरू जंगलमा रहने जनावरसँग मानिसको अनुहार र अन्य विषय मिल्ने कुरामा विश्वास गर्दथे । त्यसलाई टोटेमवादको अवशेषका रूपमा लिइन्छ । उत्तरअमेरिकी इन्डियनहरूले चाहिँ व्यक्तिगत संरक्षक प्रेतात्मा मान्दथे । यसलाई नगुआलवाद पनि भनिन्छ ।

प्राचीन अमेरिकाका तेस्रो केन्द्र अहिलेको कोलम्बियाको राजधानी वोगोटा र त्यसको पश्चिम क्षेत्रमा थियो । त्यहाँ चिव्चा जाति रहने गर्दथे । उनीहरूलाई मुइस्का पनि भनिन्छ । उनीहरूको मन्दिरमा वंशानुगत पुरोहितको वोलवाला चल्थ्यो । ग्वाटीओटा भनिने पवित्र ताल पनि बोगोटा नजिक थियो । त्यसमा पूजा गर्दै सुन र अन्य वस्तु चढाउने चलन थियो । नाउमा मूल्यवान वस्तु राखेर तालको वीचमा चढाउने चलन थियो । मनुष्य बलिको चलन पनि थियो । उनीहरूको धर्मका युद्ध देवताको पूजाको पनि ठूलो महत्त्व थियो । वीर र शक्तिशाली योद्धालाई पवित्र मानिन्थ्यो र मृत्युपछि उनीहरूको लास ममी वनाएर सुरक्षित रूपमा राख्ने गरिन्थ्यो । युद्धको समयमा उनीहरूको लास पनि लगिन्थ्यो र अन्य योद्धालाई प्रेरणा दिइन्थ्यो । उनीहरूको धर्ममा वोचिका भनिने सांस्कृतिक नायकको पनि अर्थ थियो । उनीहरूले पनि मेक्सिकोका केत्जालकोआत्ल जस्तै लामो दाह्री भएको सेतो वूढाको रूपमा बोचिकालाई मान्ने गर्दथे । ऊ सूर्य देवता भएको र उसकी पत्नी चन्द्रमा भएको विश्वास गरिन्थ्यो । चन्द्रमाले मानिस मार्न चाहेको तर श्रीमान् सूर्यले नदिएको विश्वास गरिन्थ्यो ।

प्राचीन अमेरिकी सभ्यताको अर्को केन्द्र पेरु थियो । युरोपेलीहरूभन्दा अघि इन्काहरूले त्यहाँ शासन गर्दथे । त्यहाँ विभिन्न जनजाति रहने गर्दथे । यसले गर्दा धर्मका पुराना रूपहरू सँगै विकसित रूपहरू पनि त्यहाँ पाइन्थ्यो । उनीहरूको राजकीय धर्मअनुसार समाजलाई संगठित गरेर धार्मिक रूपमा केन्द्रीकृत गरिन्थ्यो । महिला वा स्त्री पुरोहितले विशेष अधिकार पाएका हुन्थे । त्यस्तै, त्यहाँ जादु-टुना र झाँक्री प्रथाको पनि विकास भएको थियो । उनीहरू सूर्यलाई इष्टदेव मान्दथे । राजधानी कुस्कोमा रहेको सूर्य देवताको मन्दिर विशेष मन्दिर थियो । राज्य प्रमुखलाई सूर्यको छोरा र सवैभन्दा ठूलो पुजारी मानिन्थ्यो । मन्दिरमा मानवअनुहारमा किरण फैलिएर बनेको सूर्यको मूर्ति थियो । इन्काहरूले आफ्ना अन्य देवतालाई प्राचीन देवतासँग जोड्ने प्रयास गरेका थिए । विराकोचा भनिने सांस्कृतिक नायकलाई सरदार मान्न थालिएको थियो । उसको सम्झनामा पूजा र अनुष्ठान गर्ने चलन थियो । इन्काहरूको शासन सुरु हुनुअघि थालिएका अनुष्ठानहरूमा विराकोचाको पूजा गर्ने चलन चलाइयो । पृथ्वी, पृथ्वीकी पत्नी, वर्षा, समुद्र आदिलाई पनि देवता मानिएको थियो । इन्का राजवंशका संस्थापक मान्को कपाकलाई आधा भगवान् मानिन्थ्यो । ऊ

सूर्यबाट पृथ्वीमा छोराको रूपमा आएको विश्वास गरिन्थ्यो । पेरुमा सामान्य रूपमा नरबलि दिइए पनि अजटेकमा जस्तो डरलाग्दो रूप त्यहाँ थिएन । नयाँ राजाको राज्यरोहण या सैनिक अभियानमा निस्कने समयमा नरबलि दिइन्थ्यो । युद्धबन्दी वा अन्य जनजातिका व्यक्तिलाई बलि दिन छानिन्थ्यो ।

धर्मका यी राजकीय रूपबाहेक प्राचीन रूप पनि त्यहाँ थिए । टोटेमवादको अवशेष पनि त्यहाँ थियो भने पशु, रूख, ढुङ्गा आदिलाई पनि स्थानीय देवता मानिन्थ्यो । पूर्वजहरूको प्रेतात्मालाई पनि पूजा गर्ने गरिन्थ्यो । विभिन्न स्रोतबाट प्राप्त जानकारीअनुसार कतिपय अमेरिकीहरूले देवपूजालाई आलोचना गर्न थालेका थिए । अन्तिम इन्का शासकलाई सूर्यको देवत्वमा विश्वास थिएन । उनी सूर्य देवता हुन्थ्यो भने सधैं एउटै बाटोमा मात्र किन हिँड्थ्यो भन्ने प्रश्न गर्दथे ।

***

अध्याय-१४

पूर्वी एसियाका जातिमा धर्म

१. चीनको धर्म

चीनको धर्मको इतिहास खोतल्दै जाँदा इसापूर्व २ हजारको हाराहारीमा पुगिन्छ । त्यसवेला साँग वा यीन वंशको शासन थियो । त्यसवेला पितृसत्तात्मक र दासप्रथाले जन्म लिँदै थियो । गोत्र व्यवस्था पनि प्रबल थियो । त्यसवेला भविष्य कथन र शुभ फल दिने वस्तुका रूपमा पशुको काँध, कछुवाका हड्डी आदि प्रयोग गरिन्थ्यो । त्यसमा प्राचीन चिनियाँ अक्षर फेला परेका छन् । अहिले पढ्न निकै गाह्रो हुने त्यस्ता अक्षरहरूले त्यस समयको कृषि, मौसम, युद्ध, सिकार, वलि आदि विषयको जानकारी दिन्छन् । समाजका सामान्य व्यक्तिहरूले कछुवाको हाड वा अन्य वस्तुमा प्रश्न लेखेर पुरोहितलाई दिने र पुरोहितले त्यसको जवाफ दिने चलन देखिन्छ । अहिले फेला परेका हाडहरूमा पनि प्रश्नै-प्रश्न छन् । त्यस्ता हाडमा प्राय: देवताको प्रयोग भएको छ । यो वर्ष देवताले पानी पार्छ कि पार्दैन ? वाङ (राजा) सहर बनाउन चाहन्छन् तर देवताले सहयोग गर्छ कि गर्दैन ? जस्ता प्रश्न सोधिएका हुन्थे । देवताको साथसाथ उनीहरू टोटेममा पनि विश्वास गर्दथे । साङ जातिको मान्यताअनुसार उनीहरू चराका सन्तान थिए । त्यस्तै, विभिन्न जनजातिलाई घोडा, हाँस, भेडा आदिका सन्तान पनि मानिन्थ्यो । टोटेमचाहिँ जीवजन्तु, रूख आदिको हुन सक्छ भन्ने विश्वास थियो । पछि लोकसाहित्य र धार्मिक विश्वासमा पनि यी विषय उल्लेख हुँदै गए । पेसेवर पुरोहित र विभिन्न धन्दा गर्ने पुरोहितहरूको अस्तित्व त्यहाँको समाजमा फेला परेको छ । त्यहाँ जादु-टुना गर्नेलाई ऊ, पुजारीलाई चू, पात्रो लेख्नेलाई सी आदि भन्ने गरिन्थ्यो । उनीहरूको विश्वास र अनुष्ठानमा समाजको वर्ग विभाजनको छाप थियो । मरेका राजालाई धुमधामका साथ गाडिन्थ्यो । राजासँगै केही दास र अन्य वस्तु पनि गाड्ने गरिन्थ्यो ।

साङपछि चोउ वंशको शासन सुरु भयो । इसापूर्व ११२२-२५५ लाई चोउकाल भनिन्छ । यो समयको धर्मको जानकारी निकै बढी पाइन्छ । यिनीहरू साङभन्दा बढी शक्तिशाली थिए । यिनीहरूको शासनकालमा दास र स्वामी जस्ता वर्गको उत्पन्न भएको थियो । विशिष्ट व्यक्तिहरू आफू आफूमा लड्ने र चोउ राजालाई नमान्ने

समाज थियो। यो समयमा लेखनकला र शिक्षाको विकास भयो। राजनीतिक, दार्शनिक, धार्मिक र नैतिक प्रणालीको निर्माण पनि यही समयमा भयो। त्यस समयमा भौतिकवादी मत पनि सुरु भएको थियो। यसमध्ये मुख्यतया फा चिया भनिने विधिवादी मतलाई मान्न सकिन्छ। त्यसको सुरुआत हान फेईले गरेका थिए। तर,. चोउकालको उत्तरार्द्धमा देखिएका केही दार्शनिक मान्यताले धार्मिक मतको विकासमा योगदान दिए। पछि, चीनले राजकीय धर्म त्यसैलाई बनायो। कन्फचुसियसवाद र ताओवादलाई पनि यही रूपमा हेर्न सकिन्छ। अर्ध पौराणिक दार्शनिक लाओत्सेको मत छैटौं शताब्दी इसापूर्वमा निर्माण भएको थियो। लाओत्से शब्दको अर्थ बृद्ध दार्शनिक हुन्छ। लाओत्सेले जीवनकालमै लेखेका विचारलाई सम्पादन गरेर चीनको दर्शन बनाइयो। **ताओ ते चिङ** भनिने यो पुस्तकमा शुक्ति र नीति वचनको संकलन छ। ताओ विचारको वरिपरि लाओत्सेको दर्शन घुमेको छ। ताओ शब्दको अर्थ चिनियाँ भाषामा बाटो हुन्छ। यो ताओले चिनियाँहरूलाई रहनसहन, विधिसिद्धान्त आदिको जानकारी दिन्छ। प्राचीन युनानी संकलन **लोगोस**सँग चीनको यो पुस्तक नजिक देखिन्छ। तर, कतिपय चिनियाँ र अन्य विद्वान्हरूले लाओत्सेको शिक्षामा भौतिकवाद पनि रहेको दावी गरेका छन्। उनीहरूले ताओलाई वस्तुगत र प्रकृत भएको बताएका छन्। आलोत्सेका चेलाहरू हान फेई र याङ चुले ताओलाई भौतिकवादी भनेर दावी गरेका छन्। लाओत्सेको दर्शनमा विशिष्ट द्वन्द्ववाद भेटिन्छ। हरेक वस्तुको उत्पत्ति भाव र अभावले भएको उनी बताउँछन्। निष्पादनको उत्पत्ति सम्भव र असम्भवले र आकृतिको उत्पत्ति लघु र गुरुले भएको उनको मान्यता थियो। अग्लोले होचोलाई कावुमा राख्ने, उत्तरवर्तीहरू पूर्ववर्तीको मातहतमा रहने, अपूर्णबाट पूर्ण हुने, टेढोबाट सोझो हुने, बाङ्गोटिङ्गोबाट सपाट हुने उनको मान्यता थियो। नष्ट हुने वस्तु पुनर्निर्मित हुने, खुम्चिने वस्तु फैलने र क्षीण वस्तु बढ्ने उनको मान्यता थियो। तर, यो द्वन्द्ववाद अहिले हेर्दाचाहिँ अधुरो छ। उनले प्रजालाई चाहने राजा निष्क्रिय हुने दर्शन अघि सारेका थिए। यो निष्क्रियताप्रति देखिएको उनको अनुरागले सबै ज्ञानको पूरा अर्थ लगाउन सकेको थिएन। सबैले निष्कर्म भएमा पृथ्वीमा शान्ति आउने उनको विश्वास थियो। उनले प्रथा र राजाको विषयमा धेरै बोलेका छन्। उनले राजा, ताओ, आकाश र पृथ्वीलाई विश्वका महान् चार वस्तु मानेका छन्। उनले राजा पवित्र र निष्क्रिय सरदार हुनुपर्ने कल्पना गरेका छन्। उनी समकालीन राज्यसत्ताप्रति नकारात्मक थिए। वढी कर उठाएकाले जनता भोकै मर्नुपरेको उनको दावी थियो।

लाओत्सेले मानिसको मुख्य सद्गुण निग्रहलाई मानेका थिए। उनको यस्तो दर्शनले चिनियाँ समाजको एउटा तप्काको मनोदशा र बाध्यता प्रतिविम्बित गर्दछ। पुरानो पितृसत्तात्मक पुरोहित समुदाय त्यस समयमा समाज परिवर्तनको विपक्षमा थियो। लाओत्से आफैं पनि सरकारी जागिरे थिए भनिन्छ। तर, उनले राज्य र व्यवस्थाबाट दिक्क भएर काम छोडेका थिए। चीनमा विकसित ताओ धर्म लाओत्सेकै शिक्षाको आधारमा भएको थियो। चीनका तीनओटा धर्ममध्ये यो आज पनि एउटा मुख्य

धर्म हो । लाओत्से र उनका शिष्यहरूको समूहपछि कन्फचुसियसको जन्म भयो । उनको दर्शन र सम्प्रदाय लाओत्सेभन्दा फरक थियो । उनले चाहिँ कुलीन र शक्तिशाली व्यक्तिहरूका लागि काम लाग्ने र उनीहरूको हित हुने दर्शन सार्वजनिक गरेका थिए । कन्फचुसियसका रचनाहरूको दुईओटा संग्रह उल्लेखनीय छन् । **ऊ चिङ** र **सि सु** नामक दुईओटा पुस्तकमध्ये **ऊ चिङ**लाई अहिले पनि कन्फचुसियस धर्मको मुख्य पुस्तक मानिन्छ । त्यस्तै, **ई चिङ** भनिने परिवर्तनको पुस्तक अर्थ लाग्ने सामग्री सबैभन्दा पुरानो र जादुका सूत्र उल्लेख भएको पुस्तक हो । **सु चिङ** भनिने इतिहाससम्बन्धी पुस्तकमा पुराना राजाहरूको जीवनी उल्लेख छ । सी चिङ भनिने काव्य पुस्तकमा कविताहरू संकलित छन् । यो पुस्तक संकलित एउटा गीतलाई विभिन्न अनुष्ठानमा भजनको रूपमा गाइने गर्दथ्यो । त्यसबाहेक अनुष्ठानका पुस्तक, ऋतुको पुस्तक तथा कन्फचुसियस मार्गका पुस्तकहरू पनि उल्लेखित छन् । कन्फचुसियस धर्ममा वास्तविक धार्मिक सामग्री अत्यन्त कम छ । पुस्तकमा नैतिक शिक्षा, पुराना कथा आदिको बाहुल्य छ । त्यस्तै, सम्यक् शिक्षाले व्यक्तिगत अनुशासनलगायतका राम्रा गुणहरू सिकाउने उनको दर्शनको अर्को सार हो । कन्फचुसियसको जन्म इसापूर्व ५५१ मा भएको थियो । उनी चीनको लु राज्यका सरकारी अधिकृत थिए । तर, कन्फचुसियसका नाममा लेखिएका सबै रचना उनका आफ्नै चाहिँ होइनन् । उनका चेला र अनुयायीहरूले उनको निधनपछि यसलाई अघि बढाएका थिए । कन्फचुसियसको पुस्तकमा अलौकिक शक्ति, प्रेतात्मा, परलोक आदिको पनि चर्चा भएको पाइन्छ । उनी आफैं पनि इमानदारीपूर्वक धार्मिक अनुष्ठान सम्पन्न गर्थे । मृत्युपछि उनलाई भगवान जस्तै मानियो र राजाले पनि उनको पूजा गर्न थाले । २०औं शताब्दीको सुरुसम्ममा चीनका विभिन्न ठाउँमा उनका १५ सय मन्दिर फेला परेका थिए । कन्फचुसियस मत समयअनुसार परिमार्जन पनि भएको थियो । विभिन्न पूजापाठ सरकारी अधिकारी र परिवारका कुल प्रमुखहरूले सम्पन्न गर्दथे । पारम्परिक गोत्र अनुष्ठानका विभिन्न रूप स्वीकार गर्दै कन्फचुसियसले त्यसलाई कठोरतापूर्वक पालन गर्नुपर्ने मत अघि सारेका थिए । यसमध्ये पितृपूजा मुख्य थियो । हरेक घरमा पूजा गृह हुन्थ्यो र त्यसमा वर्षमा एक पटक पूर्वजहरूलाई अनुष्ठानसहित सम्झने गरिन्थ्यो । घरको जेठो व्यक्तिले अनुष्ठानमा मुख्य भूमिका निभाउँथ्यो । प्राचीनकालमा चाहिँ मृतकको समाधिनजिकै मन्दिर बनाउने र बलि दिने चलन स्थापित भएको थियो । तर हान वंशको शासनकालमा यस्तो मन्दिर निर्माण आर्थिक कारणले सबैलाई सम्भव थिएन । उनीहरूले मन्दिर निर्माण नगरे पनि घरमै अन्य अनुष्ठान सम्पन्न गर्दथे । मन्दिरमा सुरुमा मृतकको पुतला राखिन्थ्यो र पछि विस्तारै मूर्ति राख्न थालियो । सन् ९६० देखि १२६० सम्म चलेको सुङ कालमा मूर्तिको सट्टा काठको तख्ती राख्न थालियो ।

चिनियाँहरूले धार्मिक विश्वासमा पूर्वजहरूको पूजा र सन्तानहरूप्रति विनम्र हुने व्यवहार सुरक्षित राखेका छन् । कन्फचुसियसले पनि यो कुरा दोहोऱ्याएका थिए । आमाबाबुलाई सम्मान गर्नु, चाहेको कुरा खान दिनु, बिरामी हुँदा दुःख मान्नु र

मृत्युमा चिन्ता गर्नु उनको सुझाव थियो । त्यस्तै, पूर्वजहरूलाई श्राद्ध गर्नुपर्ने उनको धारणा थियो । चिनियाँहरू मृतकलाई सम्मान गर्दै विभिन्न अनुष्ठान गर्ने काममा निकै कट्टर थिए । तर, प्रेतात्मा खुसी पार्नका लागि भन्दा पनि परम्परा धान्नका लागि पूर्वजहरूको श्राद्ध गर्नुपर्ने चिनियाँ मत थियो । कन्फ्युसियस आफैं प्रेतात्मा मान्दैनथे । उनले मानिसको हितका लागि ज्ञान र अन्य वस्तु खर्च गर्नुपर्ने धारणा राखेका थिए । प्राचीन रीतिरिवाज बदलेमा समाज खलबलिने उनको धारणा थियो । त्यस्तै, राज्य र शासन चलाउनु जस्तै समाज चलाउन अनुशासन अनिवार्य थियो भने कन्फ्युसियस मत हो । पितृसत्तात्मक राजतन्त्र र चीनको सामन्तवादी विचार, त्यसअनुसार बाँडिएको समाजका विभिन्न तह र सम्बन्ध सिंढी जस्तै थिए । त्यहाँ पुरोहित समुदाय थिएन । सरकारी अधिकारीहरूले ठूला अनुष्ठानमा नेतृत्व लिन्थे भने साना अनुष्ठान घरको मूल व्यक्तिले गर्दथ्यो ।

यस धर्मको समानान्तर रूपमा ताओपन्थ पनि त्यहाँको समाजमा थियो । कन्फ्युसियस धर्मभन्दा र लाओत्सेको धर्मभन्दा यो फरक थियो । यो धर्मका अनुयायीहरूको आफ्नै धर्म ग्रन्थ र पुजारी हुने गर्दथे । २०औं शताब्दीको सुरुमा पुजारीको संख्या १ लाखभन्दा बढी पुग्यो । भिक्षु वा गृहस्थी जीवनका व्यक्ति दुवैलाई पुरोहितका रूपमा मानिन्थ्यो । गुरुहरूको पनि तह छुट्टयाइएको थियो । आकाशीय गुरु भनिने सर्वोच्च गुरुको परम्परा दोस्रो शताब्दीदेखि सुरु भएको थियो । सबै प्रेतात्माहरूले र गुरुहरूले पनि उनको आदेश मान्ने तथा उनी पहाडमा बस्नुपर्ने मान्यता थियो । कन्फ्युसियस धर्मको विपरीत ताओ धर्मका अनुयायीहरूले तन्त्रमन्त्र र भविष्यवाणीमा विश्वास गर्दथे । ताओ पुरोहितहरू धामी-झाँक्रीजस्ता अनुष्ठान र नृत्यहरू पनि गर्ने गर्दथे ।

चीनमा ती धर्मबाहेक बाहिरबाट आएको बौद्ध धर्म पनि लोकप्रिय छ । यसको इतिहास अगाडि छुट्टै चर्चा गरिन्छ । चीनमा बौद्ध धर्मको प्रवेश हिनयान मतको रूपमा पहिलो शताब्दीमा भयो । तर, त्यसबेला यो धर्म धेरै समय टिकेन । दोस्रो पटक महायान मतको रूपमा पाँचौं शताब्दीमा बौद्ध धर्म छिरेपछि चीनमा तेस्रो धर्म बन्यो । चीनका शासकहरूले धेरै पटक बौद्ध भिक्षुहरूलाई दमन गरे पनि यसलाई फैलिनबाट रोक्न सकेनन् । बौद्ध भिक्षुलाई अन्य धर्मका अनुयायीहरूले विशेष सम्मान नदिए पनि उनीहरूबाट सहयोग लिने परम्परा विकसित भयो । कन्फ्युसियस मत, ताओपन्थ र बौद्ध धर्मकाबीच शान्तिपूर्ण सहअस्तित्व भए पनि यी तीनबीच संघर्ष पनि चल्यो । अर्काका अनुयायीहरूलाई आफूतिर तान्ने प्रयासचाहिँ निकै कम भयो । तर, राजनीतिक रूपमा सरकारी अनुष्ठान कसका र कसले गर्ने भन्ने विषयमा तानातान जारी रहन्थ्यो । पुरोहित वर्गहरूले विभिन्न पार्टी र धार्मिक व्यक्तिलाई हातमा लिएर राज्य धर्म उल्टाएको जस्ता घटना चीनको इतिहासमा भएका थिए । ठूला-ठूला सत्ता परिवर्तनमा पनि पुरोहितहरूको हात हुन्थ्यो । यसले गर्दा राजवंश फेरिने र राज्यबाट बढी माया पाउने धर्म पनि त्यससँगै फेरिने क्रम बढ्यो ।

मञ्चु वंशको शासनकाल १६४४ देखि १९११ सम्ममा चीनमा शामान धर्म पनि प्रचलनमा आयो। मञ्चु विजेताहरूले आफूसँगै लिएर यसलाई सरकारी धर्मको रूप दिएका थिए। यो दरवारिया धर्म भएकाले जनतामा स्थापित हुन सजिलो भएको थियो। निर्धारित मितिमा अनुष्ठान गर्ने र वलि दिने काम गरिन्थ्यो। बेइजिङमा यससम्वन्धी कर्मकाण्ड पुस्तक पनि प्रकाशन भएको थियो। त्यस्तै, चीनमा मुसलमानको संख्या पनि निकै ठूलो छ। १०औं देखि १२औं शताब्दीको बीचमा चीनका विभिन्न प्रान्तमा यो धर्म फैलिएको थियो। पश्चिम प्रान्तमा भने त्योभन्दा अगाडि नै मुस्लिमहरूको पक्षमा जनमत देखिएको थियो।

चीनको देवमण्डल निकै ठूलो र जटिल छ। स्थानीय देवता र विभिन्न धर्मका देवताहरू सवैलाई मान्ने गरिन्छ। चोउ कालमा साङ ती भनिने आकाशको देवतालाई मान्ने गरिन्थ्यो। उनलाई साङ जातिको आदि पूर्वज र आकाशको प्रतीक मानिन्थ्यो। चोउ कालकै पछिल्लो चरणमा साङ ती को ठाउँमा अज्ञात सर्वोच्च देवतालाई मान्न थालियो। उसलाई तियेन भनिन्थ्यो। पुरानो चीनमा आकाश पनि राजाको अधिकारभित्र पर्ने वस्तु मानिन्थ्यो। राजाले मात्र आकाश देवतालाई वलि दिने हैसियत राख्थ्यो। कन्फचुसियस र ताओवादीहरूले एउटै देवतालाई मान्ने गर्दथे। त्यसवाहेक धनधान्यको देवता चाइ सेङ किसानहरूवीच प्रिय देवता मानिन्थ्यो। शिल्प व्यवसायको संरक्षक देवता, मरेका प्रतिष्ठित व्यक्तिहरूको देवता आदिलाई पनि मान्ने गरिन्थ्यो। व्यापारीहरू व्यापारसँग सम्वन्धित अर्कै संरक्षक देवतामा विश्वास गर्दथे। त्यस्तै, प्रेतात्मालाई नाग दैत्यको रूपमा लिने गरिन्थ्यो। तर, पानी पार्ने र नियन्त्रण गर्ने हैसियत राख्ने भएकाले किसानहरू उसको पनि पूजा गर्थे। नाग दैत्यको राजा लुङवाङको पनि पूजा गरिन्थ्यो। पुरानो चीनको अर्थ व्यवस्था कृषि भएकाले राज्यले पनि विशेष ध्यान दिन्थ्यो। कृषिसँग सम्वन्धित पूजा अनुष्ठानले राजकीय अनुष्ठानको हैसियत पाएका थिए। विश्वका अधिकांश ठाउँमा चाहिँ कृषि देवतालाई किसानले मात्र मान्ने गरेको देखिन्छ। कृषिको मुख्य देवता सेन नुङ थियो। उसलाई कृषि कर्मको आविष्कार गरेको श्रेय दिइन्थ्यो। वसन्तको सुरुमा पहिलो पल्ट खेत जोत्दा राजा पनि हलो समाएर किसानहरूसँगै निस्कने परम्परा थियो। तर, पछि फेरि कृषिसम्वन्धी अनुष्ठान किसानहरूमा मात्र सीमित रह्यो। जनविश्वास र विभिन्न अनुष्ठान स्थानीय प्रेतात्मासँग पनि सम्वन्धित थिए। वर्षा, राम्रो बाली, आपत्-विपत् आदिवाट मुक्ति पाउनका लागि तिनीहरूको प्रार्थना गरिन्थ्यो। नगररक्षक देवता पनि सहरपिच्छे छुट्टै हुन्थे। त्यस्तै, साम्राज्यकालमा गुआङ ती भनिने युद्ध देवता पनि चर्चित देवतामा गन्न सकिन्छ। ताओमतसँग सम्वन्धित व्यक्तिहरू जादु र भविष्यवाणी पनि गर्दथे। हरेक ठाउँको राम्रो र नराम्रो प्रभाव हुन्छ भन्ने उनीहरूको विश्वास थियो। हरेक ठाउँमा गाडिएका मान्छे, त्यहाँ भेटिने ढुङ्गा, त्यहाँको माटो आदिले गर्दा त्यो ठाउँको विशेषता अन्यत्रभन्दा फरक हुन्छ भन्ने उनीहरू विश्वास गर्दथे। अन्त्येष्टिको समयमा मानिस गाड्ने ठाउँ खोज्न निकै समय लगाइन्थ्यो। कहाँ गाड्दा मृतकको आत्माले सुख पाउँछ त्यहाँ गाड्नुपर्छ

भन्ने मान्यता थियो । यसले गर्दा राम्रो ठाउँ, भविष्यवाणी, प्रेतआत्मासम्वन्धी ज्ञान आदि भएको विशेष मान्छेको जरुरी हुन थाल्यो र यो पेसाकै रूपमा फस्टायो ।

चीनमा कुमारीको गर्भधारणसम्वन्धी लोकविश्वास पनि ताओमतसँग जोडिन्छ । टोटेमी मान्यताको छाप रहेको यो भनाइअनुसार सुरुका राजाहरू कुमारी आमावाट जन्मिएका थिए । एउटी कुमारी आमाले दानव हिँडेको ठाउँमा टेकेकाले छोरा जन्माएको र ऊ राजा भएको, अर्को राजा पहाडी प्रेतात्माको गर्भबाट जन्मिएको, अर्को राजा प्रकाशको गर्भबाट जन्मिएको आदि मिथकहरू चर्चित थिए । ताओमतमा मरणोपरान्त जीवनको चर्चा पनि छुट्टै ढङ्गको छ । उनीहरू जीवन र आत्मा दुई विषयलाई मान्दथे । जीवन शरीरसँग अभिन्न हुने र आत्मा शरीरवाट अलग हुने उनीहरूको विश्वास थियो । मानिसले जीवनमा राम्रो काम नगरेमा उसको आत्मा सैतान अर्थात् गुईमा परिणत हुने उनीहरूको विश्वास थियो । त्यस्तै, सम्मानित व्यक्तिको आत्मा देवता या सेन वन्ने विश्वास गरिन्थ्यो । यो विषयमा कन्फचुसियस र ताओ दुवैका अनुयायीहरू लगभग उस्तै धारणा राख्दथे ।

चिनियाँहरूको मुख्य विश्वास पितृपूजा थियो । सन् १९११ को क्रान्तिसम्म यो प्रथाले राजकीय रूप धारण गरेको थियो । पारिवारिक र गोत्र व्यवस्थाको विकसित रूप भए पनि गोत्रलाई जीवनको केन्द्रविन्दु मानिन्थ्यो । चिनियाँहरू एउटा गाउँमा एउटै गोत्रका या कुलका मात्र बस्ने भएकाले त्यहाँका मन्दिर र गोत्र पूजाप्रति सवैको श्रद्धा हुने गर्दथ्यो । मन्दिरको पुजारी र गोत्रपूजाको समयमा हर्ताकर्ता चाहिँ सम्पन्न र बुद्धिजीवीहरू हुने गर्दथे । कतै-कतै चुनाववाट पुजारी छनोट गरिएको पनि पाइएको छ । चीनको धर्ममा रहस्यवाद र वैराग्यवादतिरको झुकाव पनि देखिन्छ । अमूर्त विषयको व्याख्यालाई पनि चीनको मौलिक स्वरूप मान्न सकिन्छ । कन्फचुसियस मतको व्याख्या हेर्दा हामी यो निष्कर्षमा पुग्न सक्छौं । चीनको धर्ममा उत्छृङ्खलतापूर्ण व्यवहारलाई स्थान दिइएको थिएन । तर, सन् १९११ को क्रान्तिपछि चीनको स्थिति पूरै वदलियो । सन यात्सेनको समयमा धर्मलाई राज्यवाट अलग गरिएको थियो । कन्फचुसियस शिक्षा विद्यालयमा दिइने प्रथाको अन्त्य भएको थियो । सन् १९२७ मा च्याङ काइ सेकको प्रतिक्रान्तिकारी परिवर्तनले सन यात्सेनको निर्णय उल्टचाउने प्रयास गरिएको थियो । तर, जनवादी व्यवस्था सुरु भएपछि चीनमा कुनै पनि मतलाई राजकीय धर्म मानिएन । सरकारी धार्मिक अनुष्ठानमा रोक लगाइयो । पुराना मन्दिरहरूलाई संग्रहालय बनाइयो । तर, ग्रामीण क्षेत्रमा चाहिँ धर्म मरेन, भित्रभित्रै सामान्य रूपमा अस्तित्वमा रह्यो ।

२. जापानको धर्म

जापानको मुख्यतयाः दुईओटा धर्ममध्ये सिन्तो स्थानीय र वौद्ध धर्म वाहिरवाट आएको हो । यी दुई धर्मबीच जटिल सम्वन्ध छ । जापानीहरूको पुरानो मिथक सातौं र आठौं शताब्दीको बीचमा रचिएको पाइन्छ । कोजिकी र निहोनस्योकी नामक पुस्तकमा उनीहरूका विश्वास उल्लेख भएका छन् । विश्व उत्पत्तिसम्वन्धी जापानी

मान्याताअनुसार सुरुमा संसारमा आकाश र पृथ्वी मात्रै थिए । उनीहरूले पहिला तीन र पछि दुई गरी पाँचजना देवतालाई जन्माए । त्यसपछि उनीहरूका जोडी पनि पैदा भए । जापानीहरूको विश्वास यस्तो भए पनि कुनै देवतालाई पनि पूजा उपासना गरिँदैन । अन्तिम दुई देवता इजानागी र इजानामीको मात्र नाम उनीहरू भन्दथे । इजानागीलाई विश्वकर्मा देवता, भूमिको देवता र जापानका टापुहरूको निर्माता भनिन्थ्यो । आफ्नी श्रीमतीसँग मिलेर त्यो देवताले लामो भालाले ठेलेर समुद्रबाट टापु निकालेको विश्वास गरिन्थ्यो । इजानागीले बायाँ आँखाबाट सूर्यको उत्पत्ति गरेको मानिन्थ्यो । सूर्यलाई चाहिँ उनीहरू आराध्य देव मान्दथे । त्यस्तै, त्यसपछि चन्द्रमा, बादल, हावा आदिको रचना गरेको विश्वास गरिन्छ । तर, यी मिथकहरू निकै पछि जन्मिएका थिए । पहिलो शताब्दीमा जापानीहरू पितृसत्तात्मक र गोत्रीय जनजाति व्यवस्था मान्ने गर्दथे । त्यसबेला लडाकु समुदाय प्रभावमा थियो र दासताको पनि सुरुआत भइसकेको थियो । त्यस समयका जापानीहरू परिवार, गोत्र र जातिका संरक्षक देवतामा विश्वास गर्दथे । त्यसपछि उनीहरूले पितृपूजा गर्न थाले र कन्फ्युसियस मतको प्रभावमा परे । आफ्नो संरक्षक प्रेतात्माको पूजा गर्ने पवित्र ठाउँ पहाड वा ढुङ्गाको कुनो हुन्थ्यो । मूर्ति नवनाए पनि पूजास्थल वरिपरि प्रतीक बनाइन्थ्यो । टोटेमी स्वरूपको लक्षण पनि समाजमा विद्यमान थियो । कृषिसम्वन्धी जादु-टुना र लिंगपूजाको अवशेष पनि थियो । तर, पछि गोत्रधारित व्यवस्थाको अन्त्य र पेसेवर पुरोहित तथा झाँक्रीको प्रभाव सुरु हुन थाल्यो ।

सामाजिक व्यवस्थाको परिवर्तनसँगै जापानीहरूको धर्ममा पनि परिवर्तन आयो । चौथो शताब्दीमा चीनसँग सम्बन्ध सुरु भएपछि कन्फ्युसियस विचार जापानमा प्रवेश भयो । छैटौं शताब्दीको मध्यमा कोरियावाट बौद्ध धर्म प्रचार गर्नेहरू जापान छिरे, सातौं शताब्दीको मध्यमा केन्द्रीय जापान राज्यको स्थापना भयो । सम्राट् तेन्नो अथवा मिकादोले बौद्ध धर्मको समर्थन गरे । आठौं शताब्दीमा जापानमा वुत्सु भनिने बौद्ध धर्म राजकीय धर्म वन्यो । जापानको परम्परागत धर्मलाई पहिला कुनै नामले नपुकारिए पनि स्थानीय देवताको धर्म भन्न थालियो । चिनियाँ भाषामा यसलाई सिन-तो भनिन्थ्यो । त्यसको अर्थ पनि स्थानीय देवताको धर्म भन्ने नै हुन्थ्यो । पछि, विस्तारै चिनियाँ नामको आधारमा त्यहाँको स्थानीय धर्मलाई सिन्तो भन्न थालियो । सिन्तो धर्ममा वौद्ध धर्मको छाप परेको छ । उनीहरूले बौद्ध मन्दिरका नक्कल गर्दै साधारण मन्दिरहरू निर्माण गर्न थाले । शवदाहन गर्ने परम्परा पनि सुरु भयो । यसअघिचाहिँ त्यहाँ जलाउनुको सट्टा गाड्ने चलन थियो । दुई धर्म यति नजिक भए कि बौद्ध मन्दिरका कुनामा पनि सिन्तो देवताको मूर्ति राख्न थालियो । अर्कोतिर सिन्तो देव मण्डलमा पनि बौद्ध देवताको प्रवेश भयो । नवौं शताब्दीमा सान्नो र रियोबु नामक दुईओटा सम्प्रदाय देखा परे । उनीहरूले सिन्तो र वुद्ध धर्मलाई एउट वनाउने प्रयास गरेका थिए । यसपछि शुद्ध सिन्तो र बौद्धमार्गीहरूको संख्या घट्यो । पछि, फेरि सिन्तो मन्दिरमा बौद्ध

कर्मकाण्डसम्वन्धी शव्दहरू बुद्ध, प्यागोडा, भिक्षु आदि शव्द उच्चारण गर्न पनि प्रतिवन्ध लगाइयो । १२औं शताव्दीको अन्त्यमा सैनिक सामन्ती समुदायले त्यहाँको सत्ता हातमा लियो । राजालाई धार्मिक काम गर्न मात्र जिम्मा दिइयो । मिकादोलाई पहिले नै पवित्र विभूति मानिन्थ्यो । तर, सत्ता र सुविधा केही पनि थिएन । देशमा सामन्ती अराजकता छाइरहयो । १६औं शताव्दीमा केही सामन्तहरूले क्याथोलिक प्रचारकहरूको समर्थन पाउन आफूहरू इसाई वनेको घोषणा गरे । कुनै-कुनै किसानले चाहिँ लडाइँ र गरिवीविरुद्ध इसाई धर्म स्वीकार गरेका थिए । तर, १६औं शताव्दीको अन्त्यमा हिदेयोसी र तोकुगावा वंशको जगजगी सुरु भयो । उनीहरूले इसाईहरूलाई देश निकाला गरे र धर्ममा प्रतिवन्ध लगाए । यसपछि जापान अन्य देशसँगको सम्पर्कवाट विच्छेद भयो । कतिसम्म भने चीन र कोरियाको प्रभाववाट आएका धार्मिक विचारलाई पनि घृणा गर्न थालियो । १८औं शताव्दीमा सिन्तो धर्मतर्फ फर्किने आन्दोलन सुरु भयो । वौद्ध भिक्षुहरू समाजमा वदनाम भएको कारण पनि सिन्तो धर्म फेरि प्रभावशाली वन्यो । शासकहरूले सिन्तोलाई मात्र राज्य धर्म बनाउने प्रयास गरे पनि बौद्ध धर्म नामेटचाहिँ हुन पाएन । वरु सिन्तो मन्दिरवाट वौद्ध मूर्ति र वस्तुहरू हटाउने तथा दुई धर्मका जनतावीच वैमनष्य बढाउने काम गरियो । दरवारी र सरकारी व्यक्तिहरूले सिन्तो कर्मकाण्डअनुसार अनुष्ठान गर्दथे । तर, समाजमा भिक्षुद्वारा मानिसको अन्त्येष्टिलगायतका अनुष्ठानहरू गराइन्थ्यो । सिन्तो मतको उद्‌गम स्थल इजुमो प्रान्तमा वौद्धहरू कमजोर भए पनि अन्य प्रान्तमा लगभग उस्तै संख्या थियो ।

सिन्तो मत त्यस्तो पुरानो मत थियो, जसले २०औं शताव्दीसम्म पनि आफूलाई उस्तै रूपमा राखेको थियो । दोस्रो विश्वयुद्धसम्म यसलाई राज्य धर्म वनाइएको थियो । राजाको सत्तालाई दैवी स्वरूप मान्ने गरिन्थ्यो । उसको अगाडि झुक्नुलाई जापानीहरूको धर्म मानिन्थ्यो । त्यस्तै, दरवारलाई मन्दिर जस्तै पवित्र मानिन्थ्यो भने मरेका राजाको समाधिस्थललाई पनि पवित्र नै मानिन्थ्यो । राजाको जन्मदिनलाई विशेष दिन मानिन्थ्यो । सिन्तो मतभित्रै पर्वतको पूजा गर्ने र नगर्ने समूह, कन्फचुसियसको मान्यतालाई स्वीकार गर्ने र नगर्ने समूह तथा वौद्ध धर्मको प्रभाव लिने र नलिने समूह थिए । यसले गर्दा सिन्तो मत भित्रै विभिन्न किसिमका विचार र समूह एवम् सम्प्रदाय देखिन थाले । रोगीको उपचारका लागि धार्मिक अनुष्ठान गर्ने विषय जस्ता सामाजिक विषयमा पनि समाज विभाजित थियो । सिन्तो धर्ममा पितृपूजा महत्त्वपूर्ण थियो । हरेक व्यक्ति मरेपछि कामी हुन्छ भन्ने विश्वास थियो । सवै मृतक प्रेतात्मा र देवताको साझा नाम कामी थियो । घरको मुख्य व्यक्तिले हरेक दिन पितृपूजा गरेर भेटी चढाउने परम्परा सुरु भयो । हरेक घरमा पूजाकोठा हुन्थ्यो र त्यहाँ मृतकको नाम लेखेर सानो कापीमा राखिन्थ्यो । यो प्रभावचाहिँ चीनवाट आएको थियो । सार्वजनिक स्थलमा पनि कामी पूजा गर्ने चलन थियो । सवैभन्दा वढी पुजिने अमातेरासु अर्थात् सूर्य देवता थिए । त्यस्तै, कृषि संरक्षक देवता, धान वालीको देवता, मृत सम्राट्‌हरू आदिलाई पूजा गरिन्थ्यो । पवित्र स्थानका

रूपमा पहाडलाई छानिन्थ्यो र यीमध्ये फुजियामा पहाड सबैभन्दा ठूलो र पवित्र थियो। बाँदर, स्याल, चितुवा आदि जनावरलाई पनि पूजा गर्ने गरिन्थ्यो। बौद्ध मन्दिरका तुलनामा सिन्तो मन्दिर आडम्बरहीन हुन्थे। सबैभन्दा चर्चित सिन्तो मन्दिरमा इजुमो तहसिल, यमादा, इजे प्रान्त आदिमा थिए जहाँ भक्तजनहरूको ठूलो भीड लाग्ने गर्दथ्यो। सिन्तो पुरोहितलाई कान्नुसी भनिन्थ्यो र उनीहरू वंशाणुगत रूपमा पुरोहित बन्दथे। पुरोहितहरूका पनि आठओटा श्रेणी थिए।

सिन्तो पूजा अत्यन्त सरल थियो। मन्त्र पढ्ने र नैवेद्य चढाउने चलन थियो। नैवेद्यको रूपमा भात, तरकारी र माछा चढाउने चलन वढी थियो। धामी-झाँक्रीमा विश्वास गर्ने र अनुष्ठानमा प्रयोग गर्ने चलन पनि थियो। पवित्र स्थलमा अशुद्ध वस्तु र दुषित मानिस ल्याउन नहुने लगायतका मत विद्यमान थिए। ३० जून र ३१ डिसेम्वरलाई सार्वजनिक शुद्धी दिवसका रूपमा मनाएर अनुष्ठान गरिन्थ्यो। रगत र मृत्युसम्वन्धी वस्तुलाई अपवित्र मानिन्थ्यो। उनीहरूको आचार, नियम पनि सजिलो थियो। राजाको आज्ञा विनासर्त पालन गर्नुपर्ने मान्यता थियो। बाँध र नदीमा क्षति पुऱ्याउन नहुने, पशुमाथि निर्दयी व्यवहार देखाउने तथा पवित्र स्थान छेउछाउमा दिसापिसाव गर्ने कामलाई पाप मानिन्थ्यो। सिन्तो धर्मका अनुयायीहरूले जापानीहरू नैतिकवान् भएको कारण उपचार नियम पनि सरल भएको वताउँथे। उनीहरूको परलोकमा र मरेपछिको संसारको विषयमा त्यति धेरै कट्टर धारणा थिएन। सन् १९४५ मा भएको दोस्रो विश्वयुद्धले जापानी धर्मको राजकीय रूप हल्लायो। त्यस समयमा सिन्तो धर्मलाई राजकीय धर्मवाट अलग गरिएको थियो। १९४६ मा राजआज्ञा जारी गरेर तत्कालीन सम्राट्ले राजा देवताको रूप भएको पहिलाको धारणा र विचारलाई भर्त्सना गरे। राज्यले सिन्तो धर्ममा लगानी गर्न छोड्यो।

३. कोरियाको धर्म

चीन र जापानको बीचमा रहेको कोरियाले दुवै देशको पुलको काम गरेको छ। पहिलो शताव्दीमा जापानलाई प्रभाव पार्न सफल भएको कोरियाले पछिचाहिँ विस्तारै जापान र चीन दुवैका संस्कृतिलाई स्वीकार्न थाल्यो। धर्ममा पनि कोरियालीहरूले यस्तै गरेका थिए। तर, उत्पादनमा कमी र सामाजिक, आर्थिक सम्वन्धको यथास्थितिका कारण पुरानो मान्यता र धर्मका प्राचीन लक्षणहरू पनि यथावत् रहेका थिए। कोरियालीहरूलाई चीन र जापानको वीचमै राखेर हेरियो भने उनीहरू दुवैतिरवाट समान रूपमा प्रभावित थिए भन्ने थाहा हुन्छ।

कोरियालीहरू पितृपूजा गर्दथे र, कन्फचुसियस परम्पराको छाप पनि स्वीकार गर्दथे। केही विद्वान्हरूले त कोरियालीहरू मौलिक रूपमा नभएर कन्फचुसियसवादीहरूकै कारण पितृपूजा गर्न थालेको वताएका छन्। चिनियाँजस्तै तरिका उनीहरू अपनाउँथे। यहाँको समाजमा पूर्वजहरूको नाम लेखिएका पारिवारिक

मन्दिर हुन्थे र मानिसका तीनओटा आत्मा रहेको विश्वास गरिन्थ्यो । एउटा आत्मा त्यही मन्दिरमा बस्ने, अर्को आत्मा चिहानमा बस्ने र तेस्रो आत्मा आकाशमा जाने विश्वास थियो । विभिन्न तिथिमा घरेलु मन्दिरमा पूजा गरी भेटी चढाइन्थ्यो । परिवारका अगुवाले पूजाको जिम्मा लिने र घरका सवै सहभागी हुने चलन थियो । समाजमा शामानवादको अवंशेष पनि निकै प्रवल थियो । पुरुष वा महिला दुवै झाँक्री वन्न सक्थे । जन्मजात अन्धा व्यक्तिलाई सवैभन्दा ठूलो झाँक्री मानिन्थ्यो । उसलाई पान-सु भनिन्थ्यो । उनीहरूको एउटा विशेष संघ हुन्थ्यो र त्यसले नयाँ झाँक्रीलाई प्रशिक्षण पनि दिन्थ्यो । त्यस्तै, झाँक्रीहरूको पनि तह हुन्थ्यो र महिलाचाहिँ प्रायः दोस्रो तहमा पर्दथे । दुष्ट प्रेतात्मालाई खुसी राख्ने, अपशकुनहरूको संकेत गर्नेलगायतका काम उनीहरू गर्दथे । धेरै प्रेतआत्माको पूजा गर्ने चलन कोरियामा थियो । मानिसलाई मृत्यु संस्कारका लागि गाड्न विशेष र शुद्ध पहाड खोज्ने गरिन्थ्यो । धेरै ढुङ्गा भएको पहाड वढी पवित्र मानिन्थ्यो । चिहानमा झन्डा, कागज, डोरी आदि फर्फराउने र टाङ्ने चलन थियो । त्यस्तै, चिनियाँहरूं जस्तै कोरियालीहरू पनि नाग दैत्य र प्रेतआत्मामा विश्वास गर्दथे । वाघ, स्याल आदिलाई विशेष जनावर भनिन्थ्यो । घरेलु प्रेतात्माको वास पनि घरका अलग-अलग कुनामा हुने र ती प्रेतात्माको काम पनि फरक-फरक हुने विश्वास गरिन्थ्यो ।

कोरियामा कन्फचुसियस र वौद्ध धर्म पटक-पटक फेरिँदै शक्तिशाली वनिरहे । यी दुई धर्म लगभग सँगै चीनवाट कोरिया प्रवेश गरेका थिए । सुरुमा मुलुकका दक्षिण क्षेत्रका मानिसले दुवै धर्ममा रुचि देखाएका थिए । वौद्ध धर्म जनतावीच र कन्फचुसियस धर्म शासकहरूवीच लोकप्रिय भएका थिए । तर, शासकहरूसँग राज्य धर्म पनि फेरिने क्रम सुरु भयो । १०औं शताव्दीमा वौद्ध धर्म राष्ट्रिय धर्म घोषित भयो । त्यस समयमा मन्दिर, मठ, वौद्ध मूर्ति आदिको निर्माण भयो । पछि, १४औं शताव्दीमा कन्फचुसियस मत राज्य धर्म वन्यो । कोरियामा जापानले असफल आक्रमण गरेपछि कोरियालीहरू चीनतर्फ नजिक हुन यो मत स्विकारेको पाइन्छ । तर, जनस्तरमा चाहिँ वौद्ध धर्मको प्रभाव नै वढी थियो । १९औं शताव्दीको अन्त्यमा जापानले फेरि कोरिया कव्जा गरेपछि वौद्ध धर्म फेरि शक्तिमा आयो ।

***

अध्याय-१५

भारतको धर्म

भारतका मूलवासीको धार्मिक विश्वास र अनुष्ठानको अनुसन्धान गर्दै जानुपर्दा हामी इसापूर्व तेस्रो सहस्राब्दीको सिन्धु-मोहेनजोदडो र हडप्पा संस्कृतिसम्म पुग्नुपर्छ। त्यहाँ कृषिमा आधारित उन्नत सभ्यता थियो। जहाँ कास्य धातु र अन्य शिल्पको व्यवसाय पनि फस्टाएको थियो। पोलेको इँटाले घर वनाएर सहर निर्माण गर्ने यी वासिन्दाहरूले लेखनकलाको पनि विकास गरिरहेका थिए। तर, उनीहरूको तत्कालीन लिपि अहिले पढ्न सकिँदैन। मोहेनजोदडो संस्कृतिका मानिसको जात ठोकुवा गर्न नसकिए पनि उनीहरू द्रविड थिए भन्ने तर्क सत्यको नजिक देखिन्छ। हामी सिन्धु सभ्यताका निर्माताहरूको धर्मको विषयमा केही अनुमान मात्र गर्न सक्छौं। उनीहरूका मुद्रामा पशु र जंगली जनावरको चित्र फेला परेका छन्। यसले गर्दा त्यहाँ पशुपूजाको प्रचलन रहेको अनुमान गर्न सकिन्छ। उनीहरू टोटेमवादको नजिक थिए भन्ने अर्को अनुमान पनि यसले गराउँछ। तर, भारतका द्रविडहरूमा आज पनि टोटेमवादको लक्षण पाइने भएकालें यसलाई त्यस सन्दर्भमा जोडेर हेर्न सकिन्छ। रूखको पूजा गर्ने, महिला र स्त्रीका अनुहार भएका साना-साना मूर्ति वनाउने, त्रिमुख पुरुष आकृतिलाई पूजा गर्ने जस्ता प्रमाणहरू फेला परेका छन्। उत्तरकालीन हिन्दू देवता शिव जस्तै उनीहरूको पनि देवता थियो भन्ने संकेत फेला परेको छ। मन्दिरको अवशेष नभेटिए पनि पक्की इँटाले वनाएका निजी र सार्वजनिक स्नानागारहरू फेला परेका छन्। अनुष्ठानसहित नुहाउने कार्यक्रम त्यस्ता ठाउँमा गरिन्थ्यो भने अनुमान गरिएको छ।

भारतका वासिन्दाको धर्मको विषयमा प्राचीन जानकारी खोज्दा उत्तर-पश्चिम भागवाट आर्य जनजातिको प्रवेशको समयमा पुगिन्छ। यो इसापूर्व दोस्रो सहस्राब्दीको समय हो। यो समयदेखि अहिलेसम्म भारतीय धर्मलाई तीन भागमा वाँड्नुपर्ने हुन्छ। वैदिककाल, व्राह्मणकाल र हिन्दूकाल। वैदिककालको भारतमा वेदको रचना भएको थियो। वेदका अलग-अलग भागको रचना अलग-अलग समयमा

भए पनि यसका मुख्य संकलनलाई पछि सम्प्रेषण गरिएको थियो । सबैभन्दा प्राचीन वेद ऋग्वेद हो । त्यसपछि सामवेद र यजुर्वेद तथा अन्त्यमा अथर्ववेद रचना गरियो । अथर्ववेदमा जादु-टुना र कर्मकाण्डसम्बन्धी मन्त्र छन् भने अन्यमा स्तुति, प्रार्थना र यज्ञमा प्रयोग गरिने मन्त्रहरू छन् । यिनीहरूलाई हिन्दू मान्यताअनुसार पवित्र ऋचा भनिन्छ । वेद निकै ठूलो रचना हो, ऋग्वेदमा मात्र १०८२ ऋचाहरू छन् । धेरै शताव्दीसम्म ऋग्वेदलाई मौखिक रूपले अर्को व्यक्तिमा सुनाउँदै जीवित राखियो र पछि त्यसको लिखित रूप तयार गरियो । यसले गर्दा ऋग्वेदको मौलिकता केही गडवड भएको हुन सक्ने प्रशस्त आधार छन् । तर, जे होस् भारतीय आर्यहरूको धर्मको विषयमा यसले एउटा प्रस्ट चित्रचाहिँ दिन्छ नै ।

इरानको पठारबाट भारत प्रवेश गरेका आर्यहरू सांस्कृतिक दृष्टिले मोहेनजोदडो संस्कृतिको निर्माण गर्ने मूल देशका बासिन्दाको संस्कृतिसँग सम्बन्धित थिएनन् । उनीहरू निकै पिछडिएका समुदायमा पर्दथे । पशुपालनमा विश्वास गर्ने, पितृसत्तात्मक गोत्र व्यवस्थामा विश्वास गर्ने तथा वर्गपूर्व समाजमै रहेका उनीहरूमा सैन्य अभिजात वर्ग र राजाको विकास हुन थालेको थियो । जसले भारतका आदिवासीहरूको लडाइँमा आर्यको नेतृत्व गरेको थियो । त्यो समूहले पहिला सिन्धु घाँटी र उत्तर-पश्चिम भारत जित्यो भने पछि गंगा र उत्तरपूर्वी भारतको प्रदेश हातमा लियो । ऋग्वेद र अन्य वेदमा यो अवस्थाको प्रतिविम्ब देख्न सकिन्छ । त्यस समयमा भारतीय आर्यहरूमा बहुदेव प्रणाली रहेको थियो । देवताको संख्या ३३ भएको र वेदमा कतै-कतै ३३९९ देवता भएको उल्लेख छ । त्यसबाहेक सर्वोच्च देवता र पारिवारिक देवताको अस्तित्व पनि देखिएको छ । इन्द्रलाई आर्यहरूले सबैभन्दा पुरानो देवताको रूपमा मानेका छन् । वेदमा रहेका ऋचामध्ये दुई सय ५० भन्दा बढी ऋचाहरू उनलाई नै समर्पित गरिएका छन् । एक त इन्द्रलाई युद्धको देवता मानिन्थ्यो भने अर्कोतिर वर्षा र फलको देवता पनि मानिन्थ्यो । इन्द्र सुरुदेखि नै आर्य अथवा प्रभावशाली जनजातिको जातीय देवता भएको अनुमान गर्न सकिन्छ । ऋग्वेदमा इन्द्रलाई योद्धाको रूपमा चित्रण गरिएको छ । अन्य वेदहरूमा चाहिँ आकाश देवता या अरू विभूषणले पुकारिएको छ । इन्द्रलाई विघ्नहर्ता र राक्षस मार्ने शक्तिशाली देवता पनि भनिएको छ । अन्य देवता डराए पनि इन्द्रले एक्लै राक्षस मारेका कथाहरू छन् । त्यस्तै, रात्रिको आकाश र जल देवताको रूपमा बरुणलाई मानिएको छ । वेदमा उनलाई पनि निकै सम्मान गरिएको छ । एक ईश्वरवादको प्रमाणजस्तो लाग्ने गरी बरुणलाई मानिएको देखिन्छ । त्यसबाहेक आकाशको अर्को देवता द्यौ पनि हो । उसलाई युनानी देवता जियसको नजिक मान्न सकिन्छ । आकाशको मूर्त रूप या पितासमेत भन्न सकिन्छ । त्यसबाहेक अहिले समाजमा अस्तित्वमा नदेखिएका र ठोकुवा गरेर भन्न पनि नसकिने केही देवताको उल्लेख पनि पाइन्छ ।

कैयौं देवताहरूले कर्मकाण्डमा पनि स्थान पाएका छन् । मान्छे र देवताका वीचमा मध्यस्थताको काम गर्ने त्यस्ता देवतामा अग्निलाई लिन सकिन्छ । अग्निको

स्तुतिमा वेदमा २ सयभन्दा वढी ऋचाहरू छन्। यज्ञको अग्निलाई विशेष रूपमा अग्निदेवता मान्ने गरिन्थ्यो। सोमलाई पनि कर्मकाण्डको देवता मान्ने गरिन्छ। एस्क्लिपिया एसिडा भनिने विशेष वनस्पतिले सोमरस तयार पारिन्थ्यो र देवतालाई चढाइन्थ्यो। तर, अग्निजस्तो सर्वपूज्य देवताको रूपमा सोमलाई मानिदैनथ्यो। ऋग्वेदका कतिपय ऋचाहरू सबै देवतालाई सामूहिक रूपमा समर्पित गरिएका छन्। त्यहाँ विश्वदेवका रूपमा सवै देवतालाई चित्रण गरिएको छ। असुर र देव दुई समूहमा वैदिक देवतालाई बाँडिएको छ। इरानी देवता अहुर र असुर उस्तै प्राचीन लाग्दछन्। पछि बिस्तारै दुष्टहरूको संरक्षक वा खराब देवतालाई असुर भन्न थालिएको पाइन्छ। अघिल्ला पाठमा यसको चर्चा गरिने छ। राक्षसलाई दुष्ट शक्ति मानिन्थ्यो र इन्द्र तथा अन्य देवतासँग राक्षसको सधैं लडाइँ पर्थ्यो। राक्षसको रूपमा चाहिँ स्थानीय द्रविड जनजातिलाई चित्रण गरिएका मिथकहरू पनि आर्य सभ्यतामा पाइन्छन्। आर्यहरू देवताका अतिरिक्त पूजा पनि गर्दथे। पितृसत्तात्मक गोत्र व्यवस्थामा आधारित यस्ता पूजा कर्मकाण्डसँग सम्वन्धित थिए। कर्मकाण्ड र यज्ञलाई देवतासँग सम्वन्ध जोड्ने महत्त्वपूर्ण साधन मानिन्थ्यो। देवतालाई मह, गाईको दूध, चिनी, अन्न, सोमरस आदि चढाइन्थ्यो। यज्ञ गर्ने पुरोहितहरूको तह र स्तर निर्धारण गरिएको थियो। धेरै पहिलाचाहिँ पेसेवर पुरोहितहरू उत्पन्न नभएको देखिन्छ। आहुति र वलिको चलनलाई देवताको भोजनका रूपमा व्याख्या गरिन्थ्यो। त्यस्तै, आगोमा घ्यू चढाएर हवन गर्ने चलन पनि थियो। यज्ञलाई निकै अर्थपूर्ण मानिन्थ्यो। यज्ञसँग सम्वन्धित मन्त्रहरूलाई पनि विधिपूर्वक उच्चारण गर्ने र सम्मान गर्ने गरिन्थ्यो। यसो गरेपछि देवताले मानिसको प्रार्थना सुन्न वाध्य हुनुपर्ने उनीहरूको विश्वास थियो। देवतालाई प्रभावशाली ढङ्गले प्रार्थना गरेमा उनीहरू मानिसको पक्षमा उभिन वाध्य हुने विश्वास गरिन्थ्यो। वैदिक आर्यहरूमा सृष्टि उत्पत्ति र मानव उत्पत्तिको मिथक त्यति विकास भएको थिएन। ऋग्वेदमा विशाल पुरुषको शरीरवाट संसारको उत्पत्ति भएको उल्लेख छ। देवताहरूले उसको शरीरलाई खण्ड-खण्ड पारेर दृश्यजगत्को उत्पत्ति गरेको मानिन्छ। त्यस्तै, मृत्युको विषयमा पनि प्रथम मानिस यमको मृत्यु भएको र ऊ नर्कको राजा यमराज बनेको विश्वास गरिन्छ। वैदिक धर्ममा परलोकसम्वन्धी धारणा र कल्पना त्यति प्रस्ट छैन। मरेपछिका फल र आत्माका विषयका तर्कहरू उत्पन्न भएको देखिँदैन। यसले गर्दा परलोकमुखी धर्मभन्दा यो धर्मलाई इहलोकमुखी धर्म मान्न सकिन्छ। समग्रमा वैदिककालको धर्म सरल देखिन्छ। यज्ञ, उपहार र बलिबाट धेरै देवतालाई खुसी पार्ने उनीहरूको प्रयास प्राकृतिक घटनाहरूका मूर्त रूप जस्ता पनि लाग्छन्। धेरै देवता एउटै घटनाका फरक-फरक रूप मानिन्छन् र आवश्यकताअनुसार रूप बदल्ने गर्दछन्। स्त्री देवताको संख्या निकै कम हुनुले पितृसत्तात्मक व्यवस्थाको उच्च रूपको प्रतिविम्व पाइन्छ। वेदमा पवित्र स्थल र मन्दिरको उल्लेख भएको पाइँदैन। खुला ठाउँमा कतै वेदिका बनाएर यज्ञ गर्ने चलन थियो भने देवताको मूर्तिको चलन थिएन। यसले गर्दा गोत्रीय जनजाति सामाजिक

व्यवस्थासहितको वैदिक धर्म सरल र लोकप्रिय थियो ।

पहिलो सहस्राब्दीको सुरुमा भारतका जातिहरूको सामाजिक जीवनमा गम्भीर परिवर्तन आयो । आर्यहरूले सिन्धु र गंगाको आसपासका क्षेत्र कब्जा गरेर स्थायी खेती प्रणाली सुरु गरे । त्यहाँ निरंकुश दासप्रथासहितको राज्य व्यवस्था सुरु भयो । यो समयमा आर्यहरूको संस्कृति र रहनसहनमा स्थानीय द्रविड र मुण्डा जातिको प्रभाव पर्न थाल्यो । अहिलेसम्मको भारतीय संस्कृतिको विकासमा यो संघर्षले ठूलो योगदान दिएको छ र धर्म मात्र नभएर यो क्षेत्रका अधिकांश विषयमा यही संघर्षको रूप देख्न पाइन्छ । विजेता र पराजितहरूको अन्तरविरोध तीव्र हुँदै गयो भने विजेताहरूवीच पनि फुट पैदा हुन थाल्यो । इसापूर्व पहिलो सहस्राब्दीको मध्यतिर मगत राज्य वलियो हुन थाल्यो र यसले लगभग पूरै भारतका उत्तरी क्षेत्रलाई एकीकृत गर्न सक्ने तथा आफू व्यापारिक केन्द्र बन्ने हैसियत वनायो । यो समयमा नै भारतमा वर्ण व्यवस्था अर्थात् जाति प्रथाको विकास भयो । त्यस समयमा नै अहिले अस्तित्वमा रहेका ब्राह्मण, क्षत्री, वैश्य र शुद्रको जन्म भयो । त्यसवाहेक पुरोहित वर्गको वंशाणुगत प्रथा, वेदका ज्ञाता, ब्राह्मणहरूको प्रभुत्व जस्ता वैदिककालसँग जोडिएका तर केही फरक व्यक्ति र वर्गको उदय भयो । ब्राह्मणहरूले धर्म र अनुष्ठानसँग सम्वन्धित सवै कुरा आफ्नो हातमा लिए । क्षत्रीहरूले सामन्ती व्यवस्था र राज्य व्यवस्था चलाउने समुदायको प्रतिनिधित्व गरे । विजेता वैश्यहरूको हातमा व्यापार, कृषि र पशुपालनको काम पर्‍यो । उनीहरूलाई आर्य र द्विज भन्ने गरिन्थ्यो । त्यसपछि चौथो वर्ग समाजमा पीडित र अपहेलित किसिमको थियो । दास र शुद्रहरू यो वर्गमा पारिए । उनीहरू भारतका पराजित मूलवासी र पिछडिएका आर्यहरू थिए ।

मनुस्मृतिले यो वर्ण व्यवस्था र जाति व्यवस्थालाई कानुनी एवम् शास्त्रीय रूप दिएर धार्मिक अनुमोदन प्राप्त गर्ने काम गर्‍यो । पाँचौं शताव्दी इसापूर्वमा रचिएको अनुमान गरिएको यो ग्रन्थ धेरैपछि मात्र लिखित रूपमा तयार भयो । त्यसपछि भारत र आसपासका क्षेत्रमा सामाजिक व्यवस्थाको विधिसंहिताका रूपमा यसलाई लिन थालियो । मनुस्मृतिले समाजमा सवैभन्दा ठूलो वर्ग ब्राह्मण भएको व्याख्या गर्‍यो । जन्मजात रूपमा ब्राह्मण पृथ्वीको सवैभन्दा ठूलो प्राणी र सवै प्राणीको मालिक हो भन्ने व्याख्या गरियो । धर्मका नियमहरूको पालना गर्नकै लागि ब्राह्मणको जन्म भएको र संसारका सबै वस्तुमा ब्राह्मणको हक लाग्ने व्याख्या गरियो । ब्राह्मणले संसारका सबै वस्तु अरूलाई पनि भोग गर्नु र खान दिएर अरू जातिलाई गुण लगाएको व्याख्या गरियो । वेदको अध्ययन गर्नु र अरूलाई वेद सिकाउनु ब्राह्मणको मुख्य काम हुन्थ्यो । मनुस्मृतिका अनुसार नै ब्राह्मणको जीवनलाई ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास गरी चार भागमा बाँडियो । ब्राह्मणमा देवत्वरोपण गरेर ईश्वरले नै जाति व्यवस्था सुरु गरेको भ्रम पार्ने काम पनि मनुस्मृतिले नै गरेको थियो । किसिमका आर्यहरूलाई दीक्षा संस्कार अनिवार्य थियो । उपनयन भनिने यो संस्कार ब्राह्मणको सात वर्षमा, क्षेत्रीको १० वर्षमा र वैश्यको ११ वर्षमा गरिन्थ्यो ।

शरीरमा जनै भनिने पवित्र धागो धारण गर्नुपर्ने र त्यसलाई कहिल्यै पनि शरीरबाट भिन्न गर्नु नहुने चलन थियो । उपनयनजस्तै दोस्रो जन्ममा पनि विश्वास गरिन्थ्यो । तर, शुद्रहरूलाई चाहिँ उपनयन संस्कारबाट वञ्चित गरिएको थियो । मनुस्मृतिले राजालाई पनि निकै आदर गरेको पाइन्छ । ईश्वरले नै राजालाई सत्ता दिएको र चारै दिशाको रक्षा गर्नका लागि राजाको निर्माण गरेको व्याख्या मनुस्मृतिमा छ । यसका लागि इन्द्र, अनिल, यम, सूर्य, अग्नि, बरुण, चन्द्रमा, कुवेर आदिको अंशको रूपमा राजालाई हेर्ने गरिन्थ्यो । ब्राह्मणको रक्षा गर्नु र धर्म व्यवस्थालाई कायम राख्नु राजाको मुख्य काममा पर्दथ्यो । त्यस्तै, विहान उठ्नेबित्तिकै राजाले ब्राह्मणहरूको पूजा गरेर उनीहरूको सल्लाहअनुसार शासन गर्नु अन्यथा उनीहरूको राज्य नटिक्ने विश्वास थियो । युद्धमा पराक्रम देखाउनु र प्रजाको रक्षा गर्नु राजाको मुख्य काम थियो र त्यसका लागि धार्मिक तथा जातीय व्यवस्था मान्नै पर्दथ्यो । देवमण्डलमा एउटा नयाँ देवता ब्रह्मा भएको विश्वास पनि यही समय पलायो । ब्रह्माकै शरीरका विभिन्न भागबाट चार जातिको उत्पत्ति भएको मानियो । मुखबाट ब्राह्मणको, काँधबाट क्षत्रीको, कम्मरबाट वैश्यको र खुट्टाबाट शुद्रको उत्पत्ति भएको र ब्रह्मा आफैंले चारओटा जातिको काम र पेसा तोकिदिएको मनुस्मृतिको व्याख्यालाई समाजमा विश्वास गर्न थालियो । ब्राह्मणहरूको शक्ति भएको यो समयलाई ब्राह्मणकाल पनि भन्न सकिन्छ । यो समयमा ब्राह्मणहरूको शक्ति र जिम्मेवारीसँगै कर्मकाण्ड पनि जटिल हुन थाल्यो । देवमण्डलमा परिवर्तन आयो । प्राकृतिक शक्तिका प्रतीक देवताहरू पछाडि धकेलिए र नयाँ देवता अगाडि आए ।

ब्रह्माको उत्पत्तिको किंवदन्ती पनि रोचक छ । ब्राह्मणकालमा ब्रह्मणस्पति देवताको स्थान सर्वोच्च थियो । ब्राह्मणले मन्त्र उच्चारण र अनुष्ठान गरेपछि त्यसको शक्ति अगाडि सिंगो संसार झुक्ने र सबै शक्तिसहितको साकार रूप त्यही ब्रह्मा भएको विश्वास गरियो । सिंगो संसार देवताको नियन्त्रणमा भएको, देवता मन्त्रको नियन्त्रणमा रहेको र मन्त्र ब्राह्मणको नियन्त्रणमा भएकाले ब्राह्मणलाई देवतासरह मान्न थालियो । ब्रह्मापछि विष्णु र शिवलाई अर्को स्थान दिइयो । शिवलाई रुद्रको रूप मानिए पनि उसलाई आर्यपूर्व देवताको रूपमा मान्न सकिन्छ । विष्णुलाई वेदमा वर्णित सूर्यका विभिन्न रूपमध्ये एउटा रूप मानियो । यी मुख्य तीनओटा देवताबाहेक अन्य देवताको पनि कल्पना गरिएको थियो । वैदिक कालमा देवमण्डलमा नभएका स्त्री देवता पनि मान्न थालियो । हरेक पुरुष देवतासँगै उनीहरूका पत्नी स्त्री देवताको रूपमा रहेको देखिन्छ । जस्तै शिवसँगै पार्वती छिन् जसलाई दुर्गा वा कालीको रूपमा हेरिन्छ । यी नयाँ देवताहरूले वैदिक देवताहरूलाई पछाडि धकेले । स्थानीय आर्यपूर्व जनजातिहरूबाट आएका यी देवताहरूले नयाँ रूप लिँदै देवमण्डलमा सम्मिलित हुन पाए । वैदिक धर्मका अवशेषका रूपमा पितृपूजा बाँचिरहयो । देवपूजाभन्दा बढी मनुस्मृतिमा पितृपूजाको महत्त्व उल्लेख गरिएको छ । कर्मकाण्ड र सामाजिक अनुष्ठान अभिजात वर्गको हातमा पुग्यो । यज्ञ र बलिको चलन सामाजिक रूपबाट निजी र

पारिवारिक अनुष्ठानका रूपमा परिवर्तित भयो । अनुष्ठानका सञ्चालन र मन्त्रोच्चारण ब्राह्मणको जिम्मामा गयो । यज्ञ र बलि महँगो हुने भएकाले सम्पन्नहरूको काममा सीमित भयो । त्यस्तै, देवताहरू पनि जातअनुसार फरक हुन थाले । ब्रह्मालाई ब्राह्मणको देवता, इन्द्रलाई क्षत्रीको देवता, रुद्र वा शिवलाई वैश्यको देवता मानियो । शुद्रहरूलाई चाहिँ अनुष्ठान र धार्मिक कार्यमा बन्देज लगाइयो ।

पुनर्जन्मको सिद्धान्त पनि यही कालमा प्रतिपादन गरियो । पछि, यो हिन्दू धर्मको आधारभूत सिद्धान्तका रूपमा रह्यो । पुनर्जन्म ब्राह्मण धर्म र प्राचीन स्थानीय विश्वासको बीचबाट निर्माण गरिएको देखिन्छ । वैदिक धर्ममा परणोपरान्त आत्माको स्थितिको विषयमा जटिल धारणा समावेश गरिएको छ । तर, स्थानीय जनजाति द्रबिड र मुण्डाहरूले पुनर्जन्मसम्वन्धी विषयमा टोटेमी अवधारणाअनुसार विश्वास गरेका थिए । ब्राह्मण धर्म र स्थानीय जनजातिको विश्वासको बीचबाट पुनर्जन्म हुने मान्यता निर्माण गरियो । मृत्युपछि मानिसको आत्मा नष्ट नहुने र अन्य भौतिक पिण्डमा समावेश हुने विश्वास गरियो । मानिसको जीवनको कर्मअनुसार त्यसले कुनै रूप लिने र अहिले भन्न नसकिने विश्वास गरियो । आफ्नो जातिका लागि निर्मित आचारसंहिताको पालन गर्नु मानिसको आधारभूत धर्म मानियो । शुद्रहरूले उच्च जातिको सेवा गरेमा मरेपछि उच्च जातिमा पैदा हुने विश्वास गरिन्थ्यो । त्यस्तै, उच्च जातिका मानिसले आफ्नो जाति धर्मको उल्लंघन गरेमा उनीहरू पनि मरेपछि पशु या तल्लो जातिको हुने बताइयो । पापका पनि तीनओटा तह निर्धारण गरियो । मनमनै पाप गर्नेले अर्को जन्ममा शुद्र हुनुपर्ने, वचनमा पाप गर्नेले पशु बन्नुपर्ने र कामले पाप गर्नेले मृतवस्तु बनेर बस्नुपर्ने व्याख्या गरियो । कर्म सिद्धान्तको आधारमा धर्म र पुनर्जन्मसम्बन्धी धारणाको विकास गरियो । त्यस्तै, भाग्यलाई पनि धर्म र संस्कारसम्बन्धी महत्त्वपूर्ण वस्तुका रूपमा राखियो । राम्रो कर्म गरेमा पुरस्कार र नराम्रो कर्म गरेमा दण्ड पाइने विश्वास गरियो । तर, त्यो दण्ड आगामी जन्ममा हुने विश्वास गरियो । त्यस्तै, अहिलेको जन्मको भाग्यचाहिँ पूर्वजन्मको कर्मअनुसार मिल्ने बताइयो । मानिस आफ्नो आचरणअनुसार नै आगामी जन्मका लागि भाग्य निर्माण हुने भएकाले राम्रो काम गर्न वाध्य पारिए । यो समयमा धार्मिक, दार्शनिक साहित्यको व्यापक प्रचार भयो । उपनिषद्हरूको प्रभाव पनि समाजमा निकै बढ्न थाल्यो । उपनिषद्मा विभिन्न वर्गको हित र विचारधारा प्रतिविम्वित भएका छन् । त्यसै समयमा योग दर्शनको पनि विकास भयो । यो तपस्यामूलक शिक्षालाई आत्म उत्कर्ष धर्म, स्वास्थ्य र दार्शनिक सिद्धान्तको संगमका रूपमा हेर्न सकिन्छ । शुद्ध रहनसहन र नियमहरू पालना गर्न योगलाई साधन बनाइयो ।

यो सँगै बौद्ध र जैन धर्मको पनि पाँचौं शताब्दी इसापूर्वमा सुरुआत भएको थियो । वर्ण व्यवस्था नमाने पनि अन्य कतिपय विषयमा धार्मिक समानता थियो । मानिसले आफ्नै प्रयासद्वारा दुःखवाट छुट्कारा पाउने आधार खोज्न सक्ने, कर्म र पुनर्जन्ममा विश्वास गर्ने तथा नैतिक शिक्षालाई उच्च स्थान दिने यी दुई धर्मको

प्रभाव पनि पर्न थाल्यो । जैन धर्मका प्रवर्तक वर्धमान महावीर क्षत्री कुलका थिए। यो संसार खराब भएकाले मानिसले त्यसबाट मुक्ति पाउनुपर्ने प्रयास गर्नुपर्ने उनको मत थियो । उनले ब्रह्मचर्य र अहिंसामा जोड दिएका थिए । कीराहरूको समेत हत्या गर्नुहुँदैन भन्ने उनीहरूको मत थियो । पानीमा स-साना कीरासमेत नखाइयोस् भनेर उनीहरू छानेर खाने गर्दथे । मुखमा कपडा बाँध्नुको कारण पनि कुनै कीराहरू मुखभित्र छिरेर नमरून् भन्ने थियो । व्यापारीहरूबीच जैन धर्म लोकप्रिय हुँदै गयो। तर, बौद्ध धर्मजस्तो यो धर्म भारतबाहिर पुग्न सकेन ।

बौद्ध धर्मको विस्तृत व्याख्या २२औं अध्यायमा गरिन्छ। तर, इसापूर्वको अन्तिम र ईस्वीसंवत्को पहिलो शताब्दीको बीचमा जैनसँगै यो धर्मले व्यापकता पाएको थियो । थोरै अपेक्षा भएका समाजका व्यक्तिहरू त्यसको पछि लाग्न थाले। मौर्य र कुषाणहरूको शासनकालमा बौद्ध धर्म सरकारी धर्म भयो । यसले गर्दा पुरोहित र ब्राह्मणहरू निकै चिन्तित हुन थाले । ब्राह्मणहरूले गाउँ र समाजतिर पसेर बौद्ध धर्मको विरोध गर्न थाले । ब्राह्मणहरूले आफ्नो धर्म रक्षाका लागि तरिका पनि फेरे । उनीहरू बौद्ध धर्मसँग टक्कर लिन ब्राह्मण धर्मको सट्टा हिन्दू धर्म विकसित गर्न बाध्य भए। कर्मकाण्डलाई अझ व्यापक बनाउन जनतालाई हातमा लिने, सार्वजनिक अनुष्ठान बढाउने र मन्दिर तथा पूजास्थल निर्माण गर्ने क्रम सुरु भयो। अर्कोतिर बौद्धहरूले पनि मन्दिर निर्माण गर्न थालेकाले निर्माणको होडबाजी नै सुरु भयो । त्यस्तै, श्रद्धायुक्त भय जनतामा स्थापित गराउने र परम्परागत मिथकहरूसँग जोडेर धार्मिक अनुष्ठान सुरु गर्ने काम थालियो । मन्दिरभित्र र वरिपरि देवताको पूजा गर्ने मूर्तिहरू निर्माण गरियो। सडकमा उनीहरूको शोभायात्रा निकाल्न थालियो। देवतासम्बन्धी धारणा जनवादी बन्न पुग्यो । अन्य लोकदेवता र लोकरक्षक देवताको कल्पना गरेर त्यसलाई जनसमक्ष स्थापित गरियो । यीमध्ये बौद्ध देवमण्डलबाट समेत केही देवताहरू ल्याइएका थिए । बुद्धजन्मको मिथक र तत्कालीन समाजलाई विश्लेषण गरेर त्यसलाई हिन्दूकरण गरिएको थियो । यस अवस्थामा नै कृष्णको जन्म, उनले गरेका जनहितका काम, रामायण र रामको लंका विजय जस्ता प्रेरणादायी ग्रन्थहरू लेखिए ।

अवतार पूजाले विभिन्न सम्प्रदायको जन्म दियो। साधु, सन्त र गुरुहरूको साथसाथै केही फरक किसिमका पेसाहरू सुरुआत हुन थाले। पुरोहित पहिलाजस्तो वेद ज्ञान मात्र नबाँडेर समाजको शिक्षक तथा मार्गदर्शक बन्न थाले। यसले गर्दा गुरूपूजाको प्रथा सुरु भयो। गुरु अर्थात् पुरोहितलाई देवताको जीवित रूप मान्न थालियो र अनुष्ठानहरू पनि कृषि र शिल्पसँग सम्बन्धित हुन थाले। तर, केही जनजातिहरूले चाहिँ आफूलाई गुरूपूजातिर नढालेर जनवादी व्यवस्थातिर ढाले। जाति र व्यवसायमा स्थानीय देवताको पनि महत्त्व हुन्छ । त्यस आधारमा हरेक जाति र क्षेत्रका व्यक्तिले कुनै नयाँ र कुनै पुराना देवमण्डलका देवतालाई पूजा गर्न थाले। हरेक गाउँको छुट्टै सामूहिक देवस्थल पनि हुन थाल्यो। त्यस्तै, हिन्दूहरूले टोटेमी

अवधारणाअनुसारका पशुपूजा, सर्पपूजा, बाँदरपूजा आदि गर्न थाले । अनेक हिन्दू देवतालाई विभिन्न जीवको रूपमा जन्म भएको मान्न थाल्यो । बाँदरको रूप हनुमान, हात्तीको रूप गणेश आदि मानियो भने आर्यकालीन सभ्यतावाट गाई पूजा निरन्तर गर्न थालियो । त्यस्तै, जलपूजा र जलको शुद्धतामा विश्वास गरियो । मान्छेको पाप धुने शक्ति जलमा भएको विश्वास गरियो । गंगा किनारमा गएर जलमै प्राण सुम्पने प्रथासमेत सुरु भयो । केही सम्प्रदायले रहस्यवादी शक्तिमा पनि विश्वास गर्न थाले । त्यस्तै, शिवपूजा गर्ने समूह पनि पैदा भयो । शिवलाई काम देवता पनि भन्न थालियो । मुन्डा जनजातिहरूले पहिला स्वीकार गरेको किशोरको वलि दिने प्रचलनपछि अन्यले पशुको वलि दिने प्रचलनमा परिवर्तन गरे । विभिन्न सम्प्रदायले फरक-फरक देवतालाई ठूलो देवता मान्न थाले । विष्णु र शिव दुईओटालाई मान्ने वैष्णव र शैव सम्प्रदाय उत्पन्न भयो । कुनै संघर्ष नभए पनि दुवैले व्रह्मालाई सबैभन्दा ठूलो र पूजा गरिरहनु नपर्ने देवता माने । दक्षिण भारतमा धर्मको पुरातन रूप अझै पाइन्छ । हिन्दू धर्मको अंग मानिए पनि फरक देखिने योग दर्शनको हठ योग विकास भयो । योगीहरूले अत्यन्त कडा व्रत लिन थाले । घाँटीमा फलामको जाली लगाउनु, जमिनमा टाउको गाडेर वस्नु, विच्छी खानु, एउटा हात सधैं उठाइरहनु, आगोमा नाच्नु जस्ता योगको पनि प्रचलन सुरु भयो । पुनर्जन्मको विश्वास त २१औं शताव्दीमा पनि त्यसैबेलादेखि उही रूपमा देखिन्छ । आगामी जीवनमा भाग्य सपार्नका लागि जीवनभरि सुकर्म गर्ने र मरेपछि पनि आफन्तहरूले काजकिरिया गरिदिने चलन सुरु भयो । पवित्र नदीको छेउमा दाहसंस्कार गर्ने र अस्तुलाई पवित्र जलमा फचाक्ने परम्परा सुरु भयो । त्यस्तै, सतीप्रथाको प्रचलन पनि १९औं शताव्दीसम्म जारी रह्यो ।

एक दृष्टिले हेर्दा हिन्दू धर्मलाई एउटै धर्म भन्न पनि सकिँदैन । वरु हिन्दू धर्मलाई एक अर्कासँग अलग कैयौं धर्मको समग्र रूप मान्नु तर्कसंगत हुन्छ । सबै हिन्दूहरूको धर्मको मूल सिद्धान्त वेद हो भने कर्मफल र पुनर्जन्ममा विश्वास तथा ईश्वरले वर्णव्यवस्था सुरु गरेको विश्वास साझा रूप हो । धार्मिक संगठनको स्वार्थ र फरक मतले विदेशी आक्रमणकारीलाई भारतका विभिन्न इलाकामा आक्रमण गर्न मद्दत पुऱ्यायो । यसले गर्दा सुरुमा मुसलमान र पछि वेलायतीहरूले भारत कब्जा गर्न सफल भएका थिए । भारतीय नेताहरूले धार्मिक राष्ट्रिय सुधारको बारम्वार चर्चा गर्नुको एउटा कारण यो पनि थियो । भारतीय समाज मध्ययुगमा इस्लाम र पछि इसाईहरूको प्रभावमा पुगेकाले यो विषय बारम्वार उठिरहने गरेको थियो । समय-समयमा भएका केही सुधार आन्दोलनले देवमण्डलमा सरलीकरण गर्ने काम पनि गऱ्यो । १३औं शताव्दीमा विष्णु र शिवलाई एउटै देवताको दुई रूप मानियो । समाजका प्रगतिशील व्यक्तिहरूको उदय हुन थाल्यो । १५औं शताव्दीमा कवीरले जातपातको व्यवस्था नमान्ने घोषणा गरे र जटिल धार्मिक अनुष्ठानविरुद्ध अभियान सुरु गरे । भारतीयहरूलाई विदेशी शासकविरुद्ध एक जुट बनाउने प्रयास पनि उनले

गरे । पछि यो विचार आजसम्म अस्तित्वमा रहेको कवीरपन्थका रूपमा परिणत भयो । १५औं शताब्दीको अन्त्यमा मुस्लिम शासकविरुद्ध संघर्ष गर्ने अर्को सम्प्रदाय सुरु भयो । यो शिख सम्प्रदाय थियो । पन्जाबमा खत्री परिवारमा जन्मिएका नानक नामक एक व्यक्तिले कवीर र पुराना वेदान्त दर्शनका आधारमा यो विचारको सुरुआत गरेका थिए । उनको उद्देश्य हिन्दू र मुसलमानलाई एक बनाउने थियो । मानिसहरूलाई एकताबद्ध गर्ने र अंग्रेजविरुद्ध लडाइँ गर्ने काममा यो विचारले केही सफलता प्राप्त गरेको थियो । तर, पछि बिस्तारै शिख विचार स्वयम् धर्ममा परिणत भयो र १८औं शताब्दीमा पन्जाव उनीहरूको कब्जामा गयो । यसपछि आजसम्म पन्जाबीहरू शिख धर्म मान्दछन् । १८औं र १९औं शताब्दीमा बेलायती र फ्रान्सेलीविरुद्ध संघर्ष गर्नुपर्दा धार्मिक आन्दोलन पनि सँगसँगै अघि बढाइयो । त्यस समयमा वैष्णव सम्प्रदाय र कर्मकाण्डको सट्टा पवित्र भावनामा जोड दिने विचारको उदय भएको थियो । १९औं शताब्दीमा राजा राममोहन रायले हिन्दू धर्मको एक ईश्वरवादलाई आधुनिकीकरण गर्ने प्रयास गरेका थिए । उनले जातीय कलहविरुद्ध अभियान चलाए । त्यसको केही पछि आर्य समाज आन्दोलनसँगै वेदकालमा फर्किनुपर्ने अभियान सुरु भयो । इस्लाम र इसाईहरूविरुद्ध लड्नका लागि यस्ता अभियानहरू सुरु भएका थिए । तर, केही सुधारकहरूले हिन्दू धर्मलाई विदेशी धर्मसँग नजिक लैजान खोजे । रामकृष्ण परमहंसले सर्वेश्वरवादी धर्मको सुरुआत गरे । उनका अनुयायीहरूले त अझ मिसन बनाएर यो विचारलाई निरन्तरता दिए । यो समयमा विभिन्न धर्म र समुदायको एकीकरणको प्रयास भए पनि त्यो सम्भव हुन सकेन । स-साना भेदहरूमा नै सम्प्रदाय उत्पन्न हुने परम्परा झन् झाँगियो । द्रबिड र मुन्डाहरूले हिन्दू देवमण्डलको प्रभाव स्वीकार गरे पनि मौलिक ढङ्गले आफ्ना अनुष्ठानहरू चलाइरहे ।

हिन्दू धर्मको अर्को विशेषता धार्मिक सहिष्णुता हो । त्यसबाहेक अन्य देश र जातिको विश्वास र अनुष्ठानलाई आफूमा समाहित गर्ने क्षमता पनि हिन्दूहरूमा देखियो । हिन्दूहरूले द्रबिड र अन्य जातिका धर्मलाई पनि आफूमा विलीन गरे । अनौठो त के छ भने उनीहरू यसका लागि थोरै मात्र मेहनत गर्थे । जस्तो कि कुनै जनजातिले पूजा गर्ने जीव या देवतालाई विष्णु वा शिवको अवतार मानिदिन्थे र त्यो जातिलाई पनि हिन्दू बनाउँथे । अर्कोतिर हिन्दूहरू अनुष्ठान र विशेष पूजाआजामा अरू जातिको सहभागिता स्वीकार गर्दैनथे । हिन्दूहरूमा रहेको कट्टरता र जाति व्यवस्थाले यसो गर्न रोक लगाएको थियो । हिन्दू जातिमै जन्मनुपर्ने अन्यथा हिन्दू बन्न सम्भव नहुने उनीहरूको विश्वास थियो । यसले गर्दा यो धर्म भारतीय उपमहाद्वीपको सीमा पार गरेर विश्वव्यापी धर्म बन्न सकेन । भारतमा जन्मिएको हिन्दू धर्म यसरी खुम्चियो भने जातीय प्रथा नभएकै कारण बौद्ध धर्म यो क्षेत्रबाट विश्वव्यापी धर्म बन्न सफल भयो । तर, पनि हिन्दू धर्मले अन्य धर्म र व्यक्तिको जीवनलाई गहिरोसँग प्रभावित पारिरहयो । अहिलेको भारतीय धर्म र दर्शनले युरोप र अमेरिकी समुदायलाई पनि प्रभावित पारेको छ । योगमा देखिँदै गरेको पश्चिमी

आकर्षण, पूर्वीय मिथक र संस्कृत साहित्यमा देखिएका पश्चिमा रूचिलाई यसको प्रमाण मान्न सकिन्छ। अहिलेचाहिँ भारतमा जातीय भेदभाव र छुवाछूत गैरकानुनी छ र धर्मलाई देशको समकालीन आर्थिक र राजनीतिक जीवनसँग जोड्ने प्रयास जारी छ। उर्वरता, समृद्धि तथा सौन्दर्यकी देवी लक्ष्मीलाई अब उद्योगधन्दाकी देवी तथा सरस्वतीलाई शिक्षा, विज्ञान र कलाकी देवी मानिन्छ। किसानले मात्र नभएर बुद्धिजीवीहरूले पनि आफ्नो धर्म पालन गर्छन्। त्यस्तै, धार्मिक विश्वासहरूमा प्रकृतिको संरक्षण गर्नुपर्ने चेतना पनि झल्किन्छ। तर, पुरानो धर्मको अन्यायपूर्ण जाति व्यवस्थाको कुपरिणामले तल्लो जातिका मानिस अझै उत्पीडित छन्। देशको ६ भागको एक भाग संख्या दलितको वा शुद्रहरूको छ। अहिलेसम्म पनि सार्वजनिक कुवा वा पँधेरामा उनीहरूको पहुँच छैन भने राजनीतिक सहभागिता भर्खरै मात्र सुरुआत भएको छ। यसअघि उनीहरूलाई छोएमा अपवित्र हुने धारणा परिवर्तन भए पनि अझै ईश्वरद्वारा नै जाति व्यवस्था सुरु गरिएको भ्रम पालिने गरेको छ।

***

अध्याय-१६

प्राचीन मिश्रको धर्म

प्राचीन मिश्र र पश्चिम एसियाको लिखित र पुरातात्त्विक स्रोत सामग्रीले त्यहाँको धर्मको विषयमा प्रशस्त जानकारी दिन्छन् । विशेषतः मिश्र र मेसोपोटामियाका बासिन्दाहरूमा अन्य जातिभन्दा पहिला नै वर्गीय विकास र महान् सभ्यताको निर्माण भएको थियो । अहिलेसम्म इसापूर्व चौथो सहस्राव्दीसम्मको समाजको प्रमाण हामीले फेला पार्न सकेका छौं । अविकसित दासप्रथा र बलियो एवं स्थिर सामुदायिक समाज व्यवस्था निकै रुढीवादी र परिवर्तन नहुने किसिमको थियो । पूर्वी राज्यहरूमा राजाको निरंकुश शासन र कर्मको स्तुति गरिन्थ्यो भने त्यही कर्मले गर्दा राजनीतिक पद्धति गतिशून्य थियो । सामाजिक र राजनीतिक परिस्थितिद्वारा पैदा भएका विभिन्न जटिल संघर्षमा पुरातन लक्षण र मान्यताको वोलवाला देखिन्छ । धर्मको आदिम र जटिल रूपको यो ढाँचा मिश्रको धर्ममा देखिन्छ ।

ऐतिहासिक स्मारकहरूले स्थानीय संरक्षक देवताको पूजालाई धर्मको प्राचीन रूपका रूपमा प्रमाणित गरेका छन् । चौथो सहस्राब्दी इसापूर्वको अन्त्यमा एकजना राजा शक्तिशाली भएको र त्यसअघि पूजा गरिने नोम देउताको पूजालाई अन्य देवताको पूजासँगै जोडेर पूजा गर्न थालिएको पाइन्छ । नोममाथिको विश्वास निकै पुरानो मानिन्छ । स्थानीय देवता र पवित्र जीवलाई पनि नोमसँग जोडेर पूजा गर्ने गरिन्थ्यो । भेडा, गाई, गिद्ध, मयूर, गोही, विरालो आदि जनावरलाई पवित्र मान्ने गरिन्थ्यो । यो विश्वासलाई प्राचीन टोटेमवादको अवशेष मान्न सकिन्छ । त्यसबाहेक स्थानीय संरक्षक देवतालाई विभिन्न जीवको मान्यता दिएर राखिएको थियो । वास्तेत देवता विरालोको देवता भएकाले उसको मूर्ति वनाउँदा वा पूजा गर्दा विरालोको शिर भएको मूर्ति बनाइन्थ्यो । अन्य जनावरहरूको पनि यहीअनुसारको शरीर भएको विश्वास गरिन्थ्यो । स्थानीय संरक्षक देवतामा महिला देवीको संख्या पनि प्रशस्त थियो । नेखेब्त, हाथोर, नेइत, सेख्मेत, नेफ्थिस आदि देवीको अस्तित्वलाई प्राचीन मातृसत्तात्मक समाजको अवशेषका रूपमा हेरिन्छ । मिश्रको एकीकरण अघि नै सबै

मिश्र देवताको पूजा गर्ने गरिन्थ्यो । नोम राज्य शक्तिशाली भएपछि राज्यस्तरबाट नै देवताहरूको पूजा गर्न थालियो । सवैभन्दा पुरानो मिश्री देवता वाज अर्थात् होरुस थियो । उसको पूजा सुरुआत गर्ने राजाले मिश्रको एकीकरण गरेको थियो । यो समयमा राजाहरूले त्यहाँका जनजाति देवतालाई सूर्य देवतामा परिवर्तन गरेका थिए । पछि, राजधानी मेफिसमा सरेपछि मुख्य देवता पनि प्ताह बनाइयो । त्यस्तै, पाँचौं राजवंश ओनको शासनकालमा एतोमको पूजा गर्न थालियो र सर्वोच्च देवता बनाइयो । यो लगभग २७ सय इसापूर्वको समय थियो । ११औं र १२औं राजवंशको कालमा थिब्जलाई मुलुकको राजधानी बनाइयो र आमोन भनिने देवतालाई सर्वोच्च देवता बनाइयो । त्यसअधिको रा देवतालाई पनि जोडेर नामचाहिँ आमोन-रा. राखियो । सातौं शताब्दी इसापूर्वमा शेस राजवंश सुरु भएपछि लिबियाली देवी नेइतलाई सर्वोच्च देवता बनाइयो ।

मिश्रको एकीकरणमा जुन जातिले महत्त्वपूर्ण भूमिका निभाउँथ्यो, उसैले आफ्ना देवतालाई सर्वोच्च देवता घोषणा गर्दथ्यो । राजवंश फेरिएपछि नयाँ राजाले पनि त्यसै गर्ने परम्परा विकसित भएको थियो । धेरै देवी-देवताको सम्वन्ध विभिन्न वस्तुका संरक्षक र अन्तरिक्षका परिघटनासँग जोडिएका थिए । स्थानीय जनजाति देवता आदिलाई पनि सूर्यसँग जोडिन्थ्यो । चन्द्रमासँग जोडिएका देवताहरू पनि थिए भने आकाश र पृथ्वीसँग पनि धेरै देवता जोडिएका थिए । पछि, विस्तारै सम्पूर्ण मिश्र देवमण्डलको स्थापना गर्ने क्रममा देवताहरूवीच साइनो छुट्ट्याएर जम्मा तीनओटा वा तीन/तीनओटाको समूह गरी नौओटा देवताको कल्पना गरियो । अलग-अलग ठाउँमा अलग-अलग किसिमले वा देवताहरूको क्षेत्र, भाग र कर्म छुट्ट्याएर व्याख्या गरियो । समयअनुसार यस्ता व्याख्याहरू परिवर्तन गर्न थालियो । र, सयौं वर्ष लगाएर निर्माण गरिएको देवमण्डललाई मिश्रको पवित्र देवता मान्न थालियो । त्यसमा प्राचीन टोटेमको पूजा गर्ने र विभिन्न जनजातिका विश्वासहरू पनि सामेल गर्ने क्रम सुरु भयो । मिश्रीहरूको लोकविश्वास र अनुष्ठान प्राचीन कृषिकालसँग सम्वन्धित छ । यो समयमा लोकधर्म भन्दा बढी राजधर्मको झलक पाइन्छ । ओसिरिस सुरुमा डेल्टा प्रदेशको बुसिरिसको संरक्षक देवता थियो र उर्वरताका लागि उसको पूजा गर्ने गरिन्थ्यो । उसलाई वनस्पति र फलको देवता मानिन्थ्यो र उसका चित्र पनि वनाउने गरिन्थ्यो । ऊ काठको टुक्रामा चेपिएको माटोबाट उत्पन्न भएको मानिन्थ्यो । त्यहाँ वीउ फुटेर देवताको चित्र बनेको जस्तो पुराना सामग्री फेला परेका छन् । हरेक वर्ष ओसिरिसको मरण र पुनर्जीवनको उत्सव मनाइन्थ्यो । १८ दिनसम्म यो उत्सव चल्ने गरेको एउटा शिलालेखमा उल्लेख छ । ओसिरिसको मूर्ति वरिपरि पूजा गर्ने चलन पनि थियो । ओसिरिसलाई साक्षात् अनाज पनि मान्ने गरिन्थ्यो । एउटा मिथकमा ओसिरिस राजा भएको र उसलाई भाइले विश्वासघात गरेर चारै दिशामा शरीर फ्याँकिदिएको उल्लेख छ । ओसिरिसका बहिनी र श्रीमतीले लामो मेहनतपछि उसको शरीर जोडेर उसलाई बँचाएको र उसबाट होरुस छोरो जन्मिएको उल्लेख छ । होरुसले नै घाती काका

सेतलाई लडाइँमा हराएको विश्वास गरिन्छ । यो कथा अनाज र फसलको प्रतीकात्मक कथा मान्न सकिन्छ । यो धार्मिक मिथक भए पनि उब्जनीसँग सम्बन्धित थियो भन्ने प्रशस्त आधार छ । किसानहरूले ओसिरिसको पूजा गर्ने चलन व्यापक थियो । पछि, ओसिरिसका विम्बमा अन्य व्यापक विषयहरू जोडिएर मिथकहरू पनि फरक हुन थाले । ओसिरिससँग जोडिएका विम्बमध्ये आइसिसको विम्ब पनि हो । आइसिसलाई पनि स्थानीय देवी मानिन्थ्यो भने पछि उर्वरताको लोकप्रिय देवी मानियो । हेलेनिस्टिन र रोमनकालमा आइसिसको पूजा भूमध्य सागरसम्म फैलियो र इसाई धर्मलाई चुनौती दिइयो । पाँचौं राजवंशको समयमा सूर्यसँग सम्बन्धित रा देवतालाई सर्वोच्च देवता मानियो । सूर्यपूजा त्यहाँको राजकीय धर्म थियो । त्यसबेला सूर्यको मन्दिर बनाइयो र अन्य देवताहरूलाई सूर्यका शाखा सन्तान भएको व्याख्या गरियो । त्यस्तै, मिश्रीहरूले फराउनको पनि दैवीकरण गरे । मिश्रलाई एक बनाउन र होरुसको उत्तराधिकारी ठान्ने राजा मानोलाई पनि देवता जस्तै मान्न थालियो । पाँचौं राजवंशको कालमा सूर्य देवतालाई राको छोरो घोषणा गरियो । त्यस्तै, फराउनलाई पनि देवपुत्र मानियो र यो प्रथा इसाई धर्मको आक्रमणको समयसम्म कायम रहयो । फराउनले सबै धार्मिक अनुष्ठान आफैं गर्दथे र देवतालाई गएर भेट्न सक्थे भन्ने विश्वास थियो । पुरोहितहरू फराउनको आज्ञाअनुसार मात्र काम गर्छन् भन्ने विश्वास थियो ।

अन्त्येष्टिसम्बन्धी कमकाण्ड पनि समयअनुसार परिवर्तन हुन थाल्यो । जमिनमा अण्डाकार खाल्डो बनाएर मृतकको घुँडालाई छातीसम्म ल्याएर दोब्र्याएर गाड्ने र केही वस्तु लाससँगै राख्ने चलन थियो । कुन समयमा चाहिँ मृत शरीरलाई टुक्रा-टुक्रा पार्ने चलन पनि थियो । पहिलो राजवंशले राजाहरूको अन्त्येष्टि प्रक्रिया फेरेपछि समाजले पनि यो सिक्दै गयो । ठूलो जमिनमा लास गाड्ने चलन सुरु भयो भने तेस्रो राजवंशको समयमा पिरामिड बनाउने प्रचलन सुरु भयो । मृत फराउनको शरीरमा रसायनको लेप लगाएर उनीहरूको लास राख्न थालियो, पछि राजपरिवारका आफन्त र मध्यमवर्गले पनि पिरामिड बनाउन थाल । शव सड्न नदिने र लामो समयसम्म जीवित राख्ने उद्देश्यले यी काम गरिएका थिए । पुरोहितहरूलाई यसको जिम्मा दिइएको थियो । इसापूर्वको १६औं शताब्दीयताका शवहरू अहिले पनि सुरक्षित छन् । चौथो राजवंशको कालमा भव्य पिरामिड बनाइयो । ११औं र १२औं राजवंशको समयमा साना पिरामिड बनाइए भने त्यसपछि पिरामिड प्रथा नै बन्द गरिए । त्यसपछि चाहिँ समाधिस्थलको काम गर्ने मन्दिर निर्माण गर्न थालियो । यस्ता पवित्र स्थलहरूमा सम्पन्न व्यक्तिहरूको दाहसंस्कार गरिन्थ्यो । तर, गरिबका लासहरू चाहिँ वालुवामा गाड्ने चलन थियो । फराउनहरूको लासलाई पिरामिड बनाएर राख्नुको पछाडि जटिल अन्त्येष्टि संस्कार, जादुमाथिको विश्वास र मरणोपरान्त मानिसको विश्वाससँग जोडिएका थिए । मिश्रवासीहरू शरीरको मात्र मृत्यु हुने र पन्छीजस्तै आकाशमा आत्मा उड्ने विश्वास गर्दथे । सम्पन्न व्यक्तिको संस्कारमा खाद्य र पेय पदार्थ दिइएन भने ऊ नष्ट हुने विश्वास गरिन्थ्यो । दैत्यले उसलाई नखाओस् भनेर तन्त्रमन्त्र गर्नुपर्ने उनीहरूको विश्वास थियो । उनीहरू

आत्मालाई बा र शरीरलाई का भन्ने गर्दथे। उनीहरू पश्चिमतिर निकै टाढा आत्मा बस्ने ठाउँ रहेको विश्वास गर्दथे। सम्पन्न व्यक्तिहरू जीवनभरि सुख, सुविधा उपयोग गर्थे र मरेपछि पनि उनीहरूलाई विभिन्न वस्तु र सहयोगीसहित गाडेर पिरामिड वनाइन्थ्यो। मानिस मरेपछि अर्को विशेष देवताको अधीनमा जाने उनीहरूको विश्वास थियो। यस्तो देवताचाहिँ स्थानीय देवता नै हुने र उसको संख्या धेरैओटा हुने विश्वास गरिन्थ्यो। तर, प्राचीन राज्यमा सूर्य देवता रा र वनस्पतिको देवता ओसिरिस सबैभन्दा ठूला थिए।

अन्त्येष्टिसँग सम्वन्धित विश्वास र कर्मकाण्डमा ओसिरिसको विम्ब महत्त्वपूर्ण थियो। सुरुमा मृतक संस्कार र विश्वाससँग नजोडिएको ओसिरिसलाई पाँचौं राजवंशको समयदेखि मृत्यु संस्कारसँग जोडियो। उसलाई मृत्युलोकको शासक र न्यायाधीश भन्न थालियो। ओसिरिस मरेर पुनर्जीवन लिन सक्ने देवता मानियो। पहिलो पटक मृत्यु प्राप्त गर्ने भएकाले उसलाई मृत्युको स्वामी मानियो। मृतकको रक्षाका लागि उसको प्रार्थना गरियो। त्यति मात्र नभएर मृतकसँग सम्वन्ध राख्नलाई ओसिरिसको उपासना गर्न थालियो। सुरुमा राजाहरूबाट सुरु भएको यो प्रथा पछि जनतामा पुग्यो। पिरामिडहरूमा त राजालाई नै सोझै ओसिरिस पनि भनेको अभिलेख पाइन्छ। पछि, अभिजात वर्गलाई र अझ पछि त साधारण मृतकलाई पनि ओसिरिस भन्न थालियो।

मृतात्माले न्यायका लागि कठघरामा उभिनुपर्ने धारणा मध्यराज्ययुगमा विकसित भयो तर पिरामिडमा यो मान्यता उल्लेख गरिएको छैन। न्यायाधीश ओसिरिस नै हुने र अन्य ४२ जना देवता र पिशाचहरूले उसलाई मद्दत गर्ने विश्वास गरियो। यो अदालतमा मृतकको हृदय तौलिने तथा पाप र पुण्यको हिसाबको आधारमा उसको आत्माको भाग्य फैसला गर्ने जनविश्वास वढ्यो। त्यसपछि मिश्रवासीहरू मरणोपरान्त प्रतिफलमा विश्वास गर्न थाले। उनीहरूले लौकिक जीवनको सामान्य सिलसिलाका रूपमा मरेपछिको जीवनलाई पनि मान्न थाले। मरेपछि आत्मासँग हुने दुर्घटना, ओसिरिसको अदालतमा हुने खतरा आदिवारे **मृतकको पुस्तक** नामक संग्रहमा उल्लेख छ। त्यसमा विभिन्न मन्त्र र पिरामिड लेख पनि समावेश छन्। सुरुमा फराउनको समाधिमा भित्तामा लेखिने या शव पेटिकामा लेखिने ती लेखहरू केही समय लासको छातीमा पनि राख्ने गरिन्थ्यो। अन्तरविरोधपूर्ण विषयवस्तु समावेश गरिएका यी लेखहरू अहिले पनि पिरामिडहरूमा सुरक्षित छन्। केही अध्यायमा देवताहरूले मृतकलाई हानि पुऱ्याउन सक्ने उल्लेख छ। कतै मृतक आफैं विभिन्न देवताको रूप भएको उल्लेख छ भने कतै जन्मको कर्मअनुसार फल प्राप्त गर्ने नैतिक उत्तरदायित्वको धारणासँग सम्वन्धित विषय उल्लेख गरिएको छ। देवताको अपमान गर्नु नहुने, दासलाई दुःख दिन नहुने, कसैलाई भोकै मार्नु नहुने, कसैलाई रुवाउन नहुने, हत्या गर्न नहुने, मन्दिरको सम्पत्ति लुट्न नहुने र देवतालाई चढाएको भेटी चोर्न नहुने तथा यीमध्ये कुनै अपराध गरेमा मरेपछि दण्ड पाउने विश्वास थियो। यो क्रमसँगै मरणोपरान्तको डर देखाएर समाजमा अन्य अन्धविश्वास फैलाउँदै आफ्नो स्वार्थपूर्ति गर्ने समूह पनि त्यहाँ उत्पन्न

भयो। १८औं शताब्दी इसापूर्वको किसान र दास विद्रोह यस्तै विषयका जडताको प्रतिफल थियो। मिश्री धार्मिक अवधारणालाई नै पछि इसाई र इस्लामहरूले पनि आफ्नो धर्ममा सामेल गरेका थिए। यति हुँदाहुँदै पनि मिश्रीहरू परलोकमा आत्माको कुशलता नाटकीय ढङ्गले सुरक्षित हुन्छ भन्ने विश्वास गर्दथे। मृतकहरूको पुस्तकका मन्त्र प्रयोग गरेर त्यसो गर्न सकिने उनीहरूको विश्वास थियो। यसरी मिश्रीहरूको विश्वासमा जादु र धर्मसँग सम्वन्धित र मरणोपरान्त जीवनको प्रतिविम्व पाइन्छ।

मिश्रवासीहरूको पौराणिकता निकै समृद्ध भए पनि पछिसम्म त्यसको सानो भाग मात्र सुरक्षित रह्यो। विश्व उत्पत्तिसम्वन्धी उनीहरूका मिथक धेरै र विरोधाभाषसहितका थिए। संसारको प्रारम्भवारे हरेक ठाउँमा स्थानीय देवतालाई आधार मानेर मिथक रचना गरिएका थिए। सृष्टि रचनाको श्रेय मिथकअनुसार प्ताह देवतालाई जान्छ। ऊ होरुस र टोथ देवतालाई पछाडि धकेलेर आफू अघि आउन सफल भएको थियो। हेलियोपोलिसका पुरोहित सूर्य देवतालाई पृथ्वीको रचनाको श्रेय दिन्छन्। राले नै विभिन्न अन्य देवताको र मानिस तथा प्राणी निर्माण गरेको उनीहरूको विश्वास छ। देवताहरूको तह हुने गरेको र उनीहरू फरक-फरक जिम्मेवारीका भएको विश्वास गरिन्छ। पृथ्वी र आकाश सुरुमा टासिएको र बीचमा वायु देवताले आकाशलाई माथि उठाएको अर्को विम्व प्रचलित थियो। मिश्रीहरू आकाशलाई स्त्री र पृथ्वीलाई पुरुष मान्दथे। यसवाट उनीहरूको मातृसत्तात्मक दृष्टिकोणको संकेत पाइएको छ। मानव उत्पत्ति र पृथ्वी उत्पत्तिका फरक र अनौठा मिथकहरू पनि त्यहाँ थिए। विशाल अण्डाबाट सूर्यसहित सबै वस्तुको रचना भएको एउटा विश्वास थियो। यो विश्वासले चाहिँ वैज्ञानिक विश्वाससँग सामीप्य राखेजस्तो देखिन्छ। प्राकृतिक परिघटना र मिथकीय रूपान्तरणमा सूर्यलाई प्रमुख स्थान दिइन्थ्यो। सूर्यको स्थान मिथकमा जताततै पाइन्छ। सूर्यको गति र सूर्यास्त प्रक्रियालाई पनि विभिन्न मिथकसँग जोडेर व्याख्या गरिन्थ्यो। जस्तो कि सूर्यलाई नागले निलेको, बाजले छेकेको आदि। आकाशलाई नुत देवीले औंलाले उठाएर अडचाएर राखेको विश्वास गरिन्थ्यो। नुत देवीलाई गाईको आकारको देवी मानिन्थ्यो। चन्द्रमा, वायु पृथ्वी, ताल, मरुभूमि आदि सबैमा व्यक्तित्वरोपण गरिएको थियो। त्यस्तै, राक्षसी देवताहरू सेत र सेख्मेत पनि अस्तित्वमा थिए। प्राचीन नायकसँग सम्वन्धित मिथकहरू पनि अस्तित्वमा थिए। हेर्मोपोलिसको देवता आइविस टोथ एउटा मुख्य नायक थियो। उसले लिपि, विद्वान्, विज्ञान, लेखन र आविष्कारको संरक्षण गर्ने विश्वास गरिन्थ्यो। ओसिरिसको चरित्रमा पनि सांस्कृतिक नायकको गुण थियो नै। उसलाई मानिसहरू शासक मान्नुको साथै कृषि र अंगुर उत्पादनको नायक मान्दथे। एउटा मिथकमा देवताले मानिसलाई दण्ड दिएको पनि उल्लेख गरिएको छ। यस्तो मिथकको वैचारिक सार्थकता मानिसहरूलाई कष्ट र विपत् मानिसलाई जोगाउने काममा विश्वास गर्नुले देखाउँछ। पशिचम एसियाका जातिहरूमा जस्तै दण्ड र प्रलयलाई जोडेर मिश्रीहरू व्याख्या गर्दैनथे। अफ्रिकीहरू पनि प्रलयमा विश्वास गर्दैनथे। नील नदीको वाढीलाई उनीहरू वरदान भन्दथे र वाढी आएमा अनिष्ठ हुन्छ भन्ने

कल्पना पनि गर्दैनथे । उनीहरू मानिसलाई देवताले दण्ड दिने कुरामा विश्वास गर्दथे । सेख्मेत देवतालाई रक्तपिपासु भन्ने गरिन्थ्यो । रक्सी पिएपछि उसको विनाशलीला रोकिएका मिथक समाजमा थिए ।

मिश्री धर्ममा जादु-टुनाले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । मिश्रको इतिहासका अवशेष, लेख आदि सबैमा जादुको उपयोग देखिन्छ । झारफुक र टुना चिकित्सापद्धतिका अभिन्न अंग थिए । १२औं राजवंशको कालमा चिकित्साग्रन्थलाई विज्ञान नै मान्ने गरिन्थ्यो । तर, त्यससँगै मन्त्रमा पनि विश्वास गरिन्थ्यो । चिकित्सापद्धति पुरोहितको जिम्मामा पुगेपछि चाहिँ रोग निवारणको काममा शिथिलता आयो । विस्तारै औषधिभन्दा मन्त्रमा बढी विश्वास गर्न थालियो । मौसमसम्वन्धी जादु र अनुष्ठान पनि समाजमा अस्तित्वमा थिए । सूर्य देवताको शत्रु अपोपको पनि मिथक पाइन्छ । त्यस्तै, मृत्युसम्वन्धी र मृतकसम्वन्धी जादु-टुना पनि समाजमा अस्तित्वमा देखिन्छन् । जादु-टुनामा देवताले पनि भाग लिने विश्वास गरिन्थ्यो । विस्तारै धार्मिक जीवनमा पुरोहितको प्रभाव बढ्दै गयो । पुरोहितहरूको उदय हुन लामो समय लागेको थियो । फराउनहरूले सम्पन्न गर्ने अनुष्ठानमा उनीहरू भाग लिने गर्दथे । उनीहरूले नै मिश्रका प्राचीन धार्मिक पुस्तकको रचना गरेका थिए । इसापूर्व १७००-१५७० मा जातीय भावनाको वृद्धिसँगै पुरोहितहरूको प्रभाव बढेको थियो । पुरोहितलाई राजाले अधिकार दिएर नियुक्त गर्ने तथा राजनीतिक सिंढीमा उनीहरूलाई पनि गणना गर्ने प्रचलन सुरु भयो । पुरोहितको समर्थन पाएर र खुसी तुल्याएर राजाले अनेक मन्दिर निर्माण गर्ने चलन विकसित भयो । यीमध्ये थिब्जका मन्दिर ठूला उदाहरण हुन् । इसापूर्व १४औं शताब्दीदेखि फराउनहरूले सत्तामा पकड गुमाउँदै गए । पुरोहितहरूलाई बढी भेटी दिनुपर्ने बाध्यताले उनीहरू आफैं गरिब हुँदै गए । मन्दिरका नामको सम्पत्ति राज्यको नामको सम्पत्तिभन्दा बढी हुन थाल्यो । त्यस्तै, दास र गाईवस्तुको संख्या पनि मन्दिरसँग बढी हुन थाल्यो । राजा कमजोर र गरिब तथा पुजारी शक्तिशाली हुन थाले । राजाले खुसी पार्न दिने र जनताले श्रद्धाले भेटी चढाउने काम गरेकोले पुरोहितहरू यसरी शक्तिशाली भएका थिए । यसपछि इसापूर्व १०५० मा पुरोहितहरूले राज्य कब्जा गरे र विभिन्न व्यवधानसहित करिब ४ सय वर्ष शासन गरे । त्यसपछि असिरियालीहरूले मिश्रमा विजय प्राप्त गरे । यो समयमा पुरोहितहरूलाई धार्मिक कामको जिम्मा दिइएको थियो । प्रत्येक वर्ष थिब्जका मन्दिरहरूमा ६० भन्दा बढी समारोह गरिन्थ्यो । अन्त्येष्टिलगायतका काममा पनि पुरोहितहरू नै अघि सर्दथे । श्राद्धकर्म, चिहान निर्माण आदि पनि उनीहरूकै दायित्वमा पर्दथ्यो । उनीहरूको प्रभाव समाजमा निकै ठूलो थियो । चित्रकला, वास्तुकला र मूर्तिकलाको चरम विकास भएको थियो । कलाकारहरूलाई कला नियम र लेखकहरूलाई कर्मकाण्डीय नियमको पालना गर्नुपर्दथ्यो । युनानका तान्त्रिकहरूले मिश्री पुरोहितहरूमा गुप्त विज्ञान रहेको उल्लेख गरेका थिए । तर, यो प्रमाणित हुन सकेको छैन । उनीहरू चिकित्साविज्ञान र खगोल विज्ञानमा निकै पारङ्गत थिए ।

मिश्री धर्म रुढीवादी धर्म थियो । तर, ऐतिहासिक स्थितिमा आएको परिवर्तनसँगै यसमा पनि परिवर्तत आयो । विस्तारै विशाल मिश्री देवमण्डल निर्माण हुनु, स्थानीय विश्वास र अनुष्ठान सुरक्षित हुनु आदि यसका प्रमाण हुन् । मध्यराज्ययुगमा मिश्रको साम्राज्य विस्तार भएपछि देवमण्डल परिवर्तन र विशाल हुन पुग्यो । एसिया र अफ्रिकाका देवताहरूलाई पनि स्थान दिन थालियो । धर्मको अन्तर्राष्ट्रिय मिश्रण प्रक्रिया सुरु भयो । धार्मिक समन्वयका लागि र शान्ति सुरक्षाका लागि पनि यस्ता उपाय अपनाइएको थियो । समाजमा उत्पन्न हुने विरोधका स्वरहरूलाई धार्मिक संशोधनमार्फत घटाउने काम गरियो । सामाजिक उत्पीडनस्वरूप अगाडि आएका दासका विद्रोह र किसानका विद्रोहलाई धर्मसँग जोडेर व्याख्या गरियो । त्यति हुँदा पनि इसापूर्व १८औं शताब्दीमा ठूलो सामाजिक क्रान्ति भयो । पवित्र स्थललाई पनि जनताले छोडेनन् । मानिसहरू यति अराजक भए कि शवलाई पिरामिडबाट निकालेर पहाडको टुप्पोबाट फ्याँकिदिन थाले । मन्दिरहरूलाई उल्लु बस्ने ठाउँ भन्दै भेटी चढाउन बन्द गरियो । त्यसबेला पुरोहित र अन्य व्यक्तिले फेरि स्थिति सम्हालेर धर्म र पुरानो व्यवस्थाको रक्षा गरेका थिए ।

***

अध्याय-१७

पश्चिम एसियाका प्राचीन जातिको धर्म

१. मेसोपोटामियाका जातिको धर्म

मिश्रका वासिन्दा जस्तै मेसोपोटामियाका जनता पनि विकासको उन्तत स्तरमा पुगेको पाइन्छ । मिश्र र दोआववीच ऐतिहासिक सम्पर्क कम भए पनि धर्मको दृष्टिकोणले दुई सभ्यतामा धेरै समानता पाइन्छ । प्राचीन दोआवमा धर्मको अध्ययनका लागि वेविलोन र असिरियाली वस्ती एवम् दरवारको उत्खननबाट प्राप्त लेख एवम् माटाका पाटीमा पाइएका शिलालेखहरूले मद्दत गरेका छन् । त्यहाँ देवता प्रेतात्मा आदिका मूर्ति पनि रहेका छन् ।

दोआवको उन्नत सभ्यता चौथो सहस्राव्दी इसापूर्वमा सुरुआत भएको थियो । कृषि र नदीको संगम मानिने यो सभ्यताका निर्माता सुमेरी जाति थिए । मेसोपोटामियाका प्राचीन र सेमेटिक जातिको आगामनपूर्व उनीहरू त्यहाँ थिए । उनीहरूका स-साना वस्तीहरू हुन्थे र वस्ती आफैंमा एउटा संगठन र समुदायजस्तै हुन्थ्यो । हरेक समुदायको स्थानीय, जातीय वा गोत्रीय आराध्यदेव हुन्थ्यो । संरक्षक देवताको मुख्य सेवक राजालाई मानिन्थ्यो । राजा सरदार, पुरोहित जो पनि वन्न सक्थ्यो । तेस्रो सहस्राव्दी इसापूर्वको आरम्भसम्ममा सुमेरीहरूको सामुदायिक, धार्मिक विश्वास र अनुष्ठान स्वतन्त्र थियो । लगस नगरमा संरक्षक देवता निगिर्सुलाई मानिन्थ्यो । गिर्सु एउटा सानो वस्ती थियो र लगसभित्र पर्दथ्यो । लगसमा जोडिएको अर्को वस्तीको देवीको नाम बाउ थियो । यी दुई वस्तीको एकीकरण भएपछि बाउलाई निगुर्सुकी पत्नी मान्न थालियो । चौथोदेखि तेस्रो सहस्राव्दी इसापूर्वलाई सुमेरी युग भनिन्छ । यो समयमा सुमेरीहरूले मान्ने गरेका देवी-देवताको उत्पत्ति भयो । उनीहरूले मुख्यतया अनु, एआ र एनलिल तीनओटा देवता मान्ने गर्दथे । अनुलाई आकाश देवता मानिन्थ्यो । एनलिलको नाम र आस्थाको विषयमा चाहिँ विवाद छ । लिल शब्दले वायु, हावा, छाया र प्रेतात्मा भन्ने बुझाउँछ । पुराना लेखहरूमा एनलिललाई बाढीको राजा, वायुको पहाड भूमिको राजा आदि विशेषणले बुझाउँछ । उनीहरू

देवता पहाडमा हुन्छन् र हावा पनि पहाडबाट आउँछ भन्ने विश्वासमा प्रकृति पूजाको निकट पुगेको हुन सक्छ। एआचाहिँ समुद्री तटमा रहने समुदायको संरक्षक देवता भएकाले उसलाई माछा वा जलदेवताको रूपमा मानिन्थ्यो। उनीहरू अर्धमानव र अर्धमत्स्य रूपमा एआको कल्पना गर्दथे। उसलाई सांस्कृतिक नायक मानिन्थ्यो। देवताहरूलाई मान्छेको रक्षा गर्ने मानिन्थ्यो र देशको एकीकरणका लागि उनीहरूको पूजा गरिन्थ्यो।

पुरोहितहरूले यी र अन्य स्थानीय देवताबीच साइनो छुट्टयाउन थाले। निगिर्सुलाई एनलिलको छोरो, देवी इन्निनीलाई सिनकी छोरी र पछि अनुकी पत्नी घोषणा गरियो। अन्य देवी-देवताको पनि सम्वन्ध जोडियो। सुमेरीकालमै त्यस क्षेत्रमा देवमण्डल निर्माण सुरु गरियो र त्यहाँ प्राकृतिक शक्ति एवम् सांस्कृतिक नायकहरूलाई पनि स्थान दिइयो। देवी-देवताका मूर्तिहरू मानव आकृतिकै थिए। मेसोपोटामियामा मिश्रमा जस्तो पशुका आकृतिका देवमूर्ति बनाइँदैनथ्यो। यसको अपवादचाहिँ एआको मूर्ति पर्दछ, जसलाई अर्धमानव र अर्धमत्स्य रूपमा दिइएको छ। मेसोपोटामियाका जनता जीवपूजाबाट लगभग अपरिचित थिए। मिश्रसँग उनीहरूको यो कुरा पनि मिल्छ। टोटेमवादको निसान यहाँ निकै कम पाइन्छ। सुमेरीहरूका विच्छी र सर्पजस्ता केही पवित्र जीव थिए। मानिसको टाउको ती जनावरको शरीरमा जोडेर उनीहरूको चित्र बनाइन्थ्यो। तर, मिश्रीहरूचाहिँ मानिसको शरीर अन्य जनावरको टाउकोमा जोड्दथे।

मेसोपोटामियाका देवताको उत्तरकालीन सेमेटिकहरूको विम्बवाट नै व्याख्या गर्नुपर्ने हुन्छ। सुमेरी देवता तेस्रो सहस्राव्दी इसापूर्वको मध्यवाट सुरु भएका थिए। धेरै देवताका नाम पछिसम्म पूर्ववत् नै थिए। तर, धेरै नयाँ सेमिटिक नामका देवता पनि थपिएका थिए। यसले गर्दा पुराना र नयाँ देवता मिलेर ठूलो देवमण्डल निर्माण भयो। पछि, इन्निना देवीलाई इस्तर नामले पुकार्न थालियो। यसलाई अक्कदीहरू एस्तर, असिरियालीहरू इस्तर, पश्चिमी समेटिकहरू अस्तर्त नामले पुकार्दथे। लार्साको सूर्यसँग सम्बद्ध देवता उतुलाई समस भन्न थालियो। यसको अर्थ सूर्य हुन्छ। यसलाई पनि हरेक जातिले आ-आफ्नो भाषाअनुसार सेमेस, सम्स, सम्सु र समस भन्ने गर्थे। फिनिसियाली र दक्षिण अरवी जस्ता समेटिक जातिका अनुसार समस स्त्री देवता थिए। निगिर्सुलाई निनुर्ता भन्न थालियो। यीवाहेक नगरको देवता, पातालाको देवता आदि पनि त्यहाँ सिर्जना गरियो।

वेविलोनको सभ्यताको उत्कर्षको समयमा अर्थात् दोस्रो सहस्राब्दीको सुरुदेखि बेविलोनको संरक्षक मार्दुकलाई सर्वोच्च देवता मानियो। पुजारीहरूले उसको उच्चताको विषयमा व्याख्या गर्दै एक ईश्वरवादसँग मिल्दोजुल्दो सिद्धान्त प्रतिपादन गरे। उनीहरूले सबै देवता मार्दुकका फरक-फरक रूप मात्र भएको बताउन थाले। यो एकईश्वरवादको मोहले समाज राजनीतिक केन्द्रीकरणतर्फ जान थाल्यो। बेविलोनका राजाहरू अन्य दोआव राज्यहरूलाई जितेर पश्चिम एसियाको शक्तिशाली शासक

बने । तर, स्थानीय पुरोहितहरूले विरोध गरेपछि अन्य क्षेत्रमा एकईश्वरवाद लागू हुन पाएन । अन्य प्राचीन पूर्वराज्य जस्तै दजला र फरातमा शासकलाई पूजा गरिन्थ्यो । पुरोहितले पनि पूजामा महत्त्वपूर्ण भूमिका निभाउँथे । सारगोनको युग सुरु भएपछि त्यस क्षेत्रका सबै शासकहरू आकाश देवतासँग आफ्नो विशेष सम्बन्ध भएको दाबी गर्न थाले । राजाहरूलाई देवताका प्रिय र प्रतिनिधि मान्न थालियो । उनीहरूले देवताको तर्फबाट शासन गरेको र देवताको चिह्न धारण गरेको मान्न थालियो । एउटा शिलालेखमा राजालाई देवतालाई जस्तै सिंग पलाएको अवस्थामा राखिएको छ । बेबिलोन र अन्य पुरोहितहरू राजाको पूजाको पक्षमा देखिएर आफैं पनि शक्ति लिन सफल भएका थिए । तर, मिश्री पुरोहितजस्तो उनीहरू राजाको प्रतिस्पर्धीचाहिँ हुन पाएनन् । मेसोपोटामियामा राज्यको संरक्षक देवता र राजाको पूजाबाहेक अन्य अनुष्ठान र पूजा पनि प्रचलित थियो । यीमध्ये सबैभन्दा ठूलो कृषिको र उर्वरताको देवताको पूजा थियो । इस्तर देवीलाई सुमेरिनगरको संरक्षक र उर्वरताकी देवी मानिन्थ्यो । तर, यिनलाई कामुक देवी र रतिक्रियापछि आफ्नो प्रेमीको हत्या गर्ने देवीका रूपमा पनि चिनिन्थ्यो । इस्तरको श्रीमान्का रूपमा दुमुजी अथवा तम्मुज देवतालाई मानिन्थ्यो । एउटा मिथकमा यो देवता मरेर पाताल पसेको र फेरि पृथ्वीमा फर्किएको उल्लेख छ । यो देवता मरेको सम्झिएर गृष्मऋतुमा विलाप गर्दै शोक मनाउने चलन पनि थियो । कृषि पेसा र त्यससँग सम्बन्धित देवताको निर्माणको उदाहरणको रूपमा यसलाई हेर्न सकिन्छ । कतिपय स्थानीय देवता र बिम्बहरूलाई पुरोहितहरूले ठूला विषय र बिम्बसँग जोडिदिने गर्दथे । सेमाइटहरू तम्मुजलाई एडोन भन्दथे । युनानी र ल्याटिनमा यसलाई एडोनिस भनिन्थ्यो । प्रभु अर्थ लाग्ने यो देवताको पूजा पछि पश्चिम एसियामा व्यापक हुन पुग्यो । एउटा मिथकअनुसार एडोनिस सिकार खेल्न जाँदा जंगली सुगुरको दाँतले घाइते भएर मरेको थियो । यहुदी पैगम्बर इजकिलले जेरुसेलममा तम्मुजको मृत्युमा विलाप गर्ने महिला देखेका थिए । समुदायको एकीकरणसँगै मेसोपोटामियामा पुरोहितहरूको श्रेणी विभाजन भयो । उनीहरू मन्दिर र त्यसको सम्पत्तिका मालिक थिए । कुलीन परम्पराका मानिसहरू नै पुरोहित बन्न सक्ने अवस्था लियो । पुजारीबाहेक पुजारिनी र महिला परिचारिका पनि हुन्थे । उनीहरू इस्तर देवीको पूजा गर्ने, वेश्यावृत्ति गर्ने र गोप्य धार्मिक अनुष्ठानमा भाग लिने गर्दथे । इस्तरको सेवाका लागि हिजडाहरूको पनि व्यवस्था गरिन्थ्यो । सबैको पूजाविधि प्रस्ट तोकिएको हुन्थ्यो । बेबिलोनका मन्दिरहरू सामान्यतया सिंढीसहितका धरहराजस्ता हुन्थे । बेबिलोनका धरहराबारेका हिब्रू आख्यान यसैलाई हेरेर बनाइएका थिए । पुरोहितहरू वैज्ञानिकको काम पनि गर्दथे । संगठित र सिँचाइमा आधारित कृषि कर्मका लागि उनीहरूलाई प्रयोग गरिन्थ्यो । बाढीको पूर्वानुमान गरेर सिँचाइ व्यवस्था मिलाउने, ग्रह नक्षत्रको अनुमान गर्ने काम उनीहरूकै थियो । यसले गर्दा बेबिलोनमा खगोल विज्ञानको निकै पहिलै विकास भएको देखिन्छ । र, मिश्रको खगोल विज्ञानभन्दा यो कुनै

हालतमा पनि कम थिएन। ज्ञानको आकाशतर्फको झुकाव, ग्रह नक्षत्रको भविष्यवाणीलगायतका विषयमा धर्म र मिथकको गम्भीर प्रभाव थियो। देवी-देवताहरूलाई आकाशको पिण्डसँग सम्बद्ध गराइन्थ्यो र तिनीहरूको चित्र बनाउने चलन थियो। खगोल विज्ञानको स्तर बढ्दै गएपछि देवताहरूलाई ठूलो र विभिन्न समूहमा बाँडिएको थियो। सूर्यसँग सम्बन्धित देवता समस, चन्द्रमासँग सम्बन्धित सिनजस्तै अन्य ग्रहहरूका पनि विभिन्न देवता थिए। कतिपय भाषामा अहिले पनि ती नामअनुसार नै ती ग्रहलाई पुकार्ने गरिन्छ। बेबिलोनीहरूले खगोलको यो चेतनालाई पञ्चाङ्ग निर्माणसम्म पुऱ्याए। पछि, युरोपेलीहरूले यसलाई नै अपनाएका थिए। बेबिलोनी पुरोहितहरूले कालखण्ड र त्यसको संख्यात्मक भाग पनि निर्माण गरेका थिए। ३, ७, १२, ६० (५X१२) जस्ता पवित्र संख्या मान्न थालियो। युरोपेलीहरूले पनि बेबिलोनीहरूबाटै पवित्र संख्या पाएका थिए।

बेबिलोनीहरूले प्राचीनकालमा नै विश्व उत्पत्तिसम्बन्धी मिथक सुरु गरेका थिए। माटोका विभिन्न पाटीमा लेखिएका प्रमाणहरूमा देवतासँग भएको उनीहरूको संघर्ष उल्लेख गरिएको छ। त्यस्तै जन्म, मृत्युलगायतका विषयमा पनि उनीहरूको विश्वास थियो। देवताले राम्रो र दानवले नराम्रो काम गर्ने गरेको, देवताको पक्षधरले विजय प्राप्त गरेको र उसको श्रेष्ठता स्थापित भएको जस्ता मिथकहरू यो समाजमा पाइन्थे। त्यस्तै, मानिसको रचनाको विषयमा एआ देवताले बनाएको अदापालाई पहिलो मानव मानिन्छ। ऊ आफ्नै गल्तीले अमरतातिर नलागेर मृत्यु भएपछि मानिसमा मर्ने परम्परा सुरु भएको विश्वास गरिन्छ।

केही रोचक मिथकहरू चर्चित गिल्गेमिस काव्यमा पनि भेटिन्छन्। विश्वको सबैभन्दा प्राचीन यो महाकाव्यमा नायक गिल्गेमिसले आफ्ना पूर्वज उत्नापिस्तीमसँग भेट गरेको कथा छ। उत्नापिस्तीम गिल्गेमिसलाई ठूलो बाढीको विषयमा बताउँछन्, जहाँ देवताहरूले पृथ्वी डुबाउने गरी बाढी पैदा गरेका हुन्छन्। उत्नापिस्तीम एकजनाको परिवार र केही पशुपन्छी मात्र जीवित रहेका हुन्छन्। देवताहरूले डुंगामा शरण दिएपछि उनीहरू बाँच्छन्। यो मिथक बाइबलको महाप्रलयसँग मिल्छ। बेबिलोनीहरूबाट यहुदीहरूले यो कथा सिकेका थिए भन्न सकिन्छ। दोआबका निवासीहरू आकाश देवतालाई सांस्कृतिक नायक मान्नुको साथै धेरै प्रेतात्माहरूलाई विश्वास गर्दथे। उनीहरू विनाशकारी र दुष्ट छन् र जमिन, पानी र हावामा बस्छन् भन्ने विश्वास थियो। उनीहरूसँग बिरामी बनाइदिने र नराम्रो काम गर्ने शक्ति हुन्थ्यो। पुरोहितहरूले विभिन्न मन्त्र पढेपछि बिमार ठीक हुन्छ भन्ने विश्वास थियो। यसका लागि किसिम-किसिमका जादु र अनुष्ठान गर्ने गरिन्थ्यो। प्रेतात्माको कुरूप चित्र बनाएर ऊ डरले भागोस् भन्ने आशयले भयानक चित्र बनाएर प्रेतात्मा लखेटिन्थ्यो। धेरै किसिमका जादु र अनुष्ठानमध्ये रोग र युद्धसँग सम्बन्धित अनुष्ठान पनि निकै थिए। बेबिलोनका बासिन्दाले जादुसँगै भविष्यवाणी तथा शकुन/अपशकुनका विषयमा पनि धारणा विकसित गरेका थिए। राजाले समेत आफ्नो भविष्य हेराउन

पुरोहितको घर जाने चलन थियो। त्यस्तै, बारु भनिने पुरोहितले गाउँ समाजमा सपनाको अर्थ, जनावरहरूको व्यवहार, चराको उडान, पानीमान देखिएको तेलको मिसावट जस्ता वस्तु हेरेर भविष्यवाणी गर्ने चलन थियो। त्यसबाहेक बेबिलोनीहरूले बलि दिएका जनावरको मुटु हेरेर भविष्यवाणी गर्ने प्रथा विकसित गरेका थिए। पछि, यो विद्या हित्ती र एट्रुस्कन जातिमार्फत रोम पुग्यो र कालान्तरमा मानिसको मुटुको प्रतिमा बनाएर उसको भविष्य बताउने विद्याका रूपमा विकसित भयो।

मरणोपरान्त जीवनको विषयमा बेबिलोनीहरूको मान्यता प्रस्ट थियो। मानिस मरेपछि उसको आत्मा निराशासँगै बीचमा पातल प्रवेश गर्ने विश्वास गरिन्थ्यो। मिश्रीहरू आत्माअनुसारको नियति फरक-फरक हुने धारणा राख्थे भने बेबिलोनीहरूले त्यस्तो राख्दैनथे। मेसोपोटामियाका जातिहरूको विशेषता नै परलोकका लागि कुनै अनुष्ठान नगर्नु हो। मिश्रीहरूले चाहिँ सभ्यताको एक चरण पार गरेपछि भविष्य अर्थात् मरेपछिको जीवनका लागि राम्रो काम गर्ने विश्वास जन्माएका थिए। वर्गपूर्व समाजमा जस्तो वर्गीय समाजमा मरणोपरान्त पुरस्कारसम्बन्धी मान्यता कमै फेला पर्छ। सातौंदेखि आठौं इसापूर्व शताब्दी असिरी साम्राज्यकालको युग थियो। असिरीहरूले बेबिलोनीहरूको आर्थिक, सांस्कृतिक र धार्मिक जीवनमा कुनै प्रभाव पारेनन्। उनीहरू बेबिलोनीहरूकै संस्कृति, नीति र धर्मलाई स्वीकार गरेर अघि बढे। यसले गर्दा बेबिलोनी पुरोहितहरू आफ्नो अस्तित्व बचाउन सफल भए। बरु असिरीहरूले त्यहींका विज्ञान, धर्म, मन्त्र आदि सिक्न थाले। आज पनि त्यस समयका ग्रन्थहरू सुरक्षित नै छन्। देवमण्डलमा चाहिँ असिरीहरूका देवतालाई पनि जोडियो। उनीहरूको असुर भनिने युद्ध देवतालाई राज्यको संरक्षक देवता बनाइयो। तर, पुराना देवताहरूको पूजा र अनुष्ठानमा हस्तक्षेप गरिएन। असुर पूजा स्वयम् राजाले गर्ने चलन थियो। त्यसबाहेक आँधीको देवता अदादलाई पनि पूजा गर्न थालियो। असिरीहरूले बेबिलोनी देवताहरूका बिम्बलाई आफ्नो जातिको युद्धप्रेमी चरित्रअनुसार ढाल्ने प्रयास गरे। असिरीहरूले उर्वरता र प्रेमकी देवी इस्तरलाई भयंकर योद्धाको रूपमा मान्न थाले। असिरी साम्राज्यको पतनपछि चाहिँ मेसोपोटामियामा असिरी देवताको नामनिशान पनि बाँकी रहेन। बेबिलोनी धर्म र तत्कालीन विज्ञान पुरोहितहरूको चेतनाका कारण निकै लामो समय टिक्न सक्यो। देशबाहिर पनि यसको प्रचार हुन थाल्यो। यो धर्म र विज्ञानले यहुदी, नवप्लेटोवादी र प्रारम्भिक इसाई धर्मावलम्बीहरूलाई पनि प्रभावित पार्‍यो। प्राचीन युनान र रोममा बेबिलोनी पुरोहितहरूलाई उनीहरूका ज्ञानका कारण निकै धेरै सम्मान गरिन्थ्यो। बेबिलोनी भूत विद्याकै कारण मध्ययुगीन युरोपले दुष्ट प्रेतात्मासम्बन्धी टुट्टै धारणा बनायो। त्यहाँ मायाजाल, भूतविद्या, बोक्सी, चुँडेल आदि अस्तित्वका विषयमा ठूलो विश्वास पलायो।

सुमेरी-बेबिलोनी समाजमा धार्मिक विचारधाराको वर्चस्व रहे पनि शिक्षित व्यक्तिहरूलाई स्वतन्त्र चिन्तन र धर्मको आलोचना गर्ने छुट थिएन। युवा र शिक्षित जमातले धर्मप्रति आलोचनात्मक दृष्टिकोण राखेका केही झलकहरू पाइन्छन्। केही

दार्शनिक र लेखहरूले समाजको विरोध गर्दा उनीहरू दण्डित भएका उदारहण पाइन्छन् । त्यस समयका निराशावादी रचना र धर्मले साथ नदिएपछि दण्डित व्यक्तिहरूका चित्कार उल्लेख भएका साहित्य पनि फेला पर्दछ ।

२. लघुएसिया, सिरिया र फिनिसियाका जातिको धर्म

टर्कीको एसियाली भागलाई लघुएसिया भनिन्छ र त्यहाँ मानिसको निकै प्राचीन वस्ती रहेको प्रमाणित भएको छ । त्यहाँका मानिस ककेसियालीसँग मिल्दो भाषा बोल्ने हुर्री, हित्तीलगायतका जनजाति थिए । यी जनजातिहरू लामो समयसम्म विभिन्न ढङ्गले मेसोपोटामियाका प्रभावमा परे । इसापूर्व दोस्रो सहस्राब्दीको सुरुआतसँगै नेसी, लुवी जस्ता भारोपेली जनजातिको प्रवेश सुरु भयो । त्यससमयमा हुर्री जातिको मिट्टनी राज्य र हित्ती राज्यचाहिँ भारोपेली जातिको जस्तो देखियो । बहुभाषी भए पनि त्यो सिंगो समाजलाई हित्ती संस्कृति भनेर चिनिन्छ । यो इतिहासलाई तीन भागमा वाँडिन्छ । भारोपेली जनजातिको आगमनपूर्वको प्राग् हित्तीकाल, १७ देखि १३औं शताब्दी इसापूर्वको हित्ती साम्राज्यकाल र हित्ती साम्राज्य पतन भएपछि नवहित्तीकालका रूपमा यसलाई अध्ययन गर्न सकिन्छ ।

हित्ती जनजातिको धर्ममा मुख्य रूपमा स्थानीय संरक्षक देवताको पूजा गर्ने चलन थियो । यिनीहरूमध्ये केही देवताको पूजा व्यापक रूपमा प्रचारित भयो । सूर्यदेवी अरिन्नाको पूजा प्राग हित्तीकालदेखि नै व्यापक थियो । मुलुक एकीकरण भएपछि तेसुव र उनकी पत्नी हेवतको पूजा गर्न थालियो । यसलाई राजकीय धर्म घोषित गर्दै हेवत अरिन्नाकै रूप भएको व्याख्या गरियो । यस्तो परिवर्तन अन्य देवताको विषयमा पनि गरियो । हित्तीहरू राजालाई पवित्र मान्दथे र राजाले उनीहरूलाई पुरोहितको काम गर्ने जिम्मा पनि दिएका थिए । राजकीय धर्मका रूपमा उर्वरताकी देवी महामाताको पूजालाई सामेल गरिएको थियो । उनीहरू सुरुमा कुन नामले देवीलाई पुकार्थे भन्ने थाहा नभए पनि पछि मा, रेआ र सिवेला नामले पुकार्न थालियो । बेविलोन र मिश्र जस्तै उर्वरताकी देवीको प्रेमीलाई अत्तिस भन्ने गरिन्थ्यो । मन्दिरभित्र रहस्यमय अनुष्ठान गर्ने, वेश्यावृत्ति गराइने र पुरोहितहरूले बन्ध्याकरण गरेर अन्य महिलालाई भोग्ने चलन यहाँ व्यापक थियो । यो प्रथालाई उचित ठहऱ्याउनका लागि मातृदेवी र अत्तिसको रागात्मक सम्वन्धका विषयमा मिथक पनि बनाइएको थियो । वसन्तमा अत्तिसको मृत्यु र पुनर्जीवनको पर्व मनाइन्थ्यो । पछि इसाईहरूले यशुको मरण र पुनर्जीवनको अनुष्ठान सुरु गर्नुमा यसकै छाप पाइन्छ । वनस्पति र उर्वरताको देवता तेलेपिनुसको मिथक पनि निकै रोचक छ । यो पनि मरेर जीवित हुने देवतामा पर्दछ । तेलेपिनुस मरेपछि संसार उजाड भएको, घाँस सुकेको, खेत बाँझै रहेको, गाईवस्तुको प्रजनन रोकिएको मानिसहरूले बच्चा जन्माउन छोडेको र अन्त्यमा उसलाई एउटा माहुरीले ब्यूँझाएपछि संसार हराभरा

भएको विश्वास छ । कृषिसम्वन्धी काम गर्ने जनताका यस्ता मिथकलाई राजधर्म वनाइयो । त्यस्तै, हित्ती राजधानी नजिकै विशाल चट्टानमा उवरताको देवता र मातृदेवीको मिलनको चित्र कुँदियो । त्यो चित्रलाई त्यहाँका राजाले हेरिरहेको अर्को चित्र पनि छ ।

वान ताल वरिपरिका स-साना देशहरू पहिलादेखि नै मेसोपोटामिया, लघुएसिया र ककेसिया क्षेत्रका प्रदेशसँग सम्वन्ध राख्थे । उनीहरूको भाषा हुर्रीहरूको जस्तै थियो । नवौंदेखि सातौं शताव्दी इसापूर्वमा उरार्तु भनिने स्वतन्त्र राज्य थियो । पछि, यो क्षेत्र जर्जिया र आर्मेनियामा विलय भयो । त्यहाँको धर्मको विषयमा त्यति धेरै जानकारी नभए पनि त्यहाँ आकाशवासी खल्द देवतालाई जाति देवता मानिन्थ्यो र हित्ती देवता तेसुवलाई पनि पूजा गरिन्थ्यो । उसलाई राजाको संरक्षक मानिन्थ्यो । मुसासिर भनिने सहरमा मुख्य मन्दिर थियो र राजाले छरछिमेकवाट लुटेका सम्पत्ति मन्दिरमा चढाउने परम्परा थियो । राजाले आफू नजिकको मानिसलाई पुरोहित राख्ने चलन थियो ।

सिरिया र फिनिसियाका समेटिकहरू मेसोपोटामियाका सामी जातिसँग निकट थिए । तर, त्यहाँ स-साना राज्यहरू मात्र थिए र ती भूमध्यसागरको किनारामा थिए । उनीहरूको मुख्य पेसा व्यापार थियो । उनीहरू आफैं राज्यमा सक्रिय नभएकाले छिमेकी हित्ती, असिरियाली र मिश्रीहरूले समय-समयमा कव्जा जमाउने गर्दथे । हरेक सहरको आफ्नो संरक्षक देवता हुने गर्दथे । छिमेकी देशका देवी-देवतालाई पनि उनीहरूले आफ्नै नाम दिएर मान्ने गरेका थिए । जस्तो कि वेविलोनीहरूको इस्तरलाई उनीहरू अस्तार्ता भन्ने गर्दथे । पूजा र धार्मिक अनुष्ठान मन्दिरमा धुमधामका साथ गरिन्थ्यो । राजा र जनताले मन खोलेर भेटी चढाउने हुँदा मन्दिरहरू सम्पन्न थिए । तर तिनीहरूको प्रभाव सहरभित्र मात्रै थियो । युद्ध वा त्यस्तै समयमा मानव वलि पनि दिइन्थ्यो । युद्धवन्दीवाहेक साना वालवालिकालाई पनि वलि लिने चलन मन्दिरका वेदीहरूमा निकै पछि फेला परेका हड्डीका अवशेषले प्रमाणित गर्छ । फिनिसियाली देवता मोलोखलाई क्रूर देवता भनिन्थ्यो । उसले मान्छे खाने विश्वास गरिन्थ्यो र उसलाई खुसी पार्नका लागि वालकको वलि दिइन्थ्यो । देवताको अनुहारचाहिँ मानिस या कुनै जनावर जस्तै अथवा ढुङ्गाको आकारको हुने विश्वास थियो । समुद्र किनारको सभ्यता भएकाले यहाँको धर्म र समुद्रको पनि सम्वन्ध थियो । कृषि र पशुपालनसँग सम्वन्धित देवतामा उनीहरू इस्तरलाई मात्र मान्दथे । फिनिसियाको उत्तरी भागमा रहेको उगारित राज्यका लेख र दस्तावेजहरू सन् १९२९ मा प्राप्त भएका थिए । यसले कृषि र पशुपालनसम्वन्धी देवताको पूजा गरिएको प्रमाण दिन्छ ।

***

अध्याय-१२

इरानको धर्म (मजदा धर्म)

इरानका जातिहरूको धर्मको विकास निकै विशिष्ट र विश्वका अन्य प्राचीन जातिको भन्दा निकै फरक थियो । त्यो धर्मलाई अनेक नामले पुकारिन्छ । मुख्य देवता अहुरमजदाको नामले मजदा धर्म, संस्थापक पैगम्बर जरथुस्ट्रको नामले जरथुस्ट्र धर्म, मुख्य ग्रन्थ अवेस्ताका नामले अवेस्ती धर्म, अग्निपूजक धर्म आदि भनिन्छ । पछि, गएर इरानी धर्मको एउटा शाखालाई मिथ्र देवताको नामले मिथ्र धर्म भन्न थालियो । यसको निकै परिवर्तित रूप भारतीय उपमहाद्वीपको पश्चिम क्षेत्रको पारसी समुदायमा पारसी धर्मका रूपमा सुरक्षित छ ।

स्रोत-सामग्रीको अभावले इरानको धर्मको इतिहास निकै जटिल छ । हेरोडोटस वा अन्य युनानी लेखकहरूले केही मात्रामा आफ्ना रचनामा इरानको धर्म उल्लेख गरेका छन् । तर त्यो अल्पविश्वसनीय र आंशिक मात्र छ । केही विश्वासिलो मानिने हखामनी राजाहरूका छैटौंदेखि चौथो शताब्दी इसापूर्वका शिलालेखहरू उपलब्ध छन् । इरानीहरूकै धर्मग्रन्थबाट केही पूर्ण सामग्री पनि फेला परेका छन् । यीमध्ये सबैभन्दा महत्त्वपूर्ण सामग्री अवेस्ता हो । सातौं शताब्दीमा अरबहरूले इरान कब्जा जमाएपछि त्यहाँको पूरै समाजलाई मुसलमान बनाए । तर यीमध्ये केही अनुयायीहरू भागेर भारतको बम्बई छेउ गएर बसेका थिए । युरोपेलीहरूले १८औं शताब्दीमा मात्र पारसी समुदायले इरानको प्राचीन धर्मग्रन्थ मान्ने गरेको थाहा पाए । अक्स्फोर्ड पुस्तकालयमा सन् १९२३ मा भारतबाट ल्याइएको ग्रन्थ सुरक्षित राखिए पनि त्यसलाई कसैले पढ्न जानेन । १७५४ मा फ्रान्सेली विद्वान् अक्सेल द्युपेरो यो पुस्तकको अर्थ लगाउन भारत आएका थिए । उनले लामो प्रयासपछि १७७१ मा अवेस्ताको फ्रान्सेली भाषामा अनुवाद गरे । पछि, यो पुस्तकको जर्मन अनुवाद पनि छापियो । तर, त्यसको प्रामाणिकता र मूल्यको विषयमा विद्वान्हरूबीच अझै विवाद छ । पछि, अवेस्ताका धेरै भाग रहेको र युगअनुसार ती सामग्री फरक-फरक कालमा रचिएको थाहा भयो । अवेस्ताको सबैभन्दा प्राचीन रचनामा गाथा सामेल छ । त्यसको रचना हखामनी

वंशभन्दा पुरानो मानिन्छ । त्यो जेंद वा अवेस्ता भनिने इरानी भाषामा लेखिएको थियो । भारतीय मूलको संस्कृत भाषासँग यो भाषा निकट देखिन्छ । पछि, लेखिएको अवेस्ताको भाग पहलवी भनिने मध्यइरानी भाषामा थियो । यो तेस्रोदेखि सातौं शताब्दीको बीचमा बोल्ने गरिन्थ्यो । यसमा वेन्दीदाद भनिने पुरोहित कर्मकाण्डका नियम, प्रार्थना मन्त्र स्तुति आदि थिए । सबैभन्दा अन्त्यमा बुन्दाहिस रचियो जसमा जरथुस्तको जीवनकथा र पृथ्वीको अन्त्यको भविष्यवाणी थियो । जनश्रुतीहरूले अवेस्ताका २१ भाग रहेको देखाए पनि यीमध्ये धेरै भाग अहिले पाइँदैन । र, अर्को समस्या कुन रचना कुन युगको हो भन्ने प्रमाण पनि पाइने गरेको छैन ।

इरानको धर्मको उत्पत्तिको समय जस्तै स्थान पनि प्रस्ट छैन । केही विद्वान्ले अवेस्ताको रचना उत्तर-पश्चिम इरानमा मिडो जनजातिको भूमिमा भएको मानेका छन् । तर, केहीले उत्तरपूर्वी इरान, अहिलेको अफगानिस्तान र ताकिस्थानको भूमिका भएको मत राखेका छन् । जरथुस्तसम्बन्धी जनश्रुती र प्रयोग भएका भाषाले पनि पूर्वी इरान नै उद्गम भूमि भएको संकेत गरेको छ । तर, सुरुमा दुईओटा अलग-अलग स्थानमा फरक-फरक धर्म रहेको र पछि दुवै धर्म एउटै भएको मत पनि सार्वजनिक भएको छ । यो कामचाहिँ हखामनी राजवंशको स्थापनाको समयमा भएको थियो । सम्भवत: दोस्रो इसापूर्वमा प्राचीन इरानी र भारतीय आदि जनजातिबीच पृथकीकरण भयो । यिनीहरूको भाषा र धार्मिक विश्वास उस्तै-उस्तै थियो । वेदमा वर्णित धर्मअनुसार उनीहरूको अनुमान लाउन सकिन्छ । अवेस्तामा मृत पूर्वजहरूको प्रेतात्मा फ्रवसीको पूजा गरिन्थ्यो । वैदिक आर्यहरू जस्तै इरानीहरू पनि गाई, कुकुर, काग आदिलाई पवित्र मान्ने गर्थे । आगो र वैदिक सोमरसको पूजा गरिन्थ्यो । इरानहरू अहुर र वैदिकहरू असुरको पूजा गर्दथे । पछि, आर्यहरूले असुरलाई दानवको पर्याय बनाए । सूर्य देवतालाई इरानहरू मिथ्र र वैदिकहरू मित्र भन्दथे । त्यस्तै, वैदिकहरूले इन्द्र मान्दथे भने इरानीहरू अन्द्रको पूजा गर्दथे । वैदिकहरूले सांस्कृतिक नायक मानेको यमलाई इरानीहरू यिम भन्दथे । यसबाट के देखिन्छ भने यो पुरातन धर्मको आधारमा इरानीहरूले मजदा अथवा जरथुस्त धर्म विकास गरेका थिए ।

इसापूर्व छैटौं शताब्दीको कालमा पैगम्वर जरथुस्तले अवेस्ताको रचना गरेको बताइन्छ । राजा विस्तास्पको समयमा यो ग्रन्थ रचना गरिएको विश्वास गरिन्छ । तर, जरथुस्तको ऐतिहासिकताका विषयको विवाद भने कायमै छ । अवेस्ताको मूल सिद्धान्तअनुसार विश्वमा प्रकाश र अन्धकार दुईओटा तत्त्व छन् । अन्धकारको प्रतीक अहुर र प्रकाशको प्रतीक देवतालाई मानिन्छ । उज्ज्वल शक्तिमध्ये सबैभन्दा शक्तिशाली अहुर मजदा र उसको विरोधमा अन्धकारको प्रमुख शक्ति अह्रिमन भएको मानिन्छ । अरिमनका विषयमा विस्पेरेद नामक पुस्तकमा २५ ओटा स्लोक उल्लेख छन् । त्यस्तै, अहुरमजदासँग ६ ओटा अमरशक्ति भएको मानिन्छ । यी दुई महान् शक्तिलाई समान रूपमा नै सृष्टिको रचनाकार मानिए पनि अहुर मजदालाई लाभदायक मानिन्छ ।

प्रकाशको प्रतीक देवताले खेतीयोग्य भूमिको, दिनको, उज्यालोको, हराभराको निर्माण गरेको र अँध्यारोको प्रतीक देवताले मरुभूमिको, बाली नलागेको, हिंस्रक जनावरको रचना गरेको मानिन्छ। प्रकाश र अन्धकार दुईओटाबीच आदिकालदेखि भीषण संघर्ष चलेको र त्यसमा मानिसले पनि भाग लिएको उनीहरूको जनविश्वास थियो। अहुर मजदाले संसारलाई उज्यालोमा डोऱ्याउन अवेस्ताको निर्माण गरेको विश्वास गरिन्थ्यो। अवेस्ता र मजदा धर्मको मूलमन्त्र अर्थात् अँध्यारो र प्रकाशबीचको द्वैतवाद संसारका अन्य कुनै पनि धर्ममा पाइँदैन। यो द्वैतवाद कसरी उत्पन्न भयो भन्ने विषयमा विद्वान्हरू नै अलमलमा छन्। एकातिर उर्वर भूमि र अर्कातिर मरुभूमि, वाढी, भूकम्प आदिको प्रतीकको रूपमा धेरैले व्याख्या गरेका छन्। यो सही भए पनि यतिले मात्र यो धारणा जब्बर भएको चाहिँ होइन होला। यस्तो विरोधाभाष अन्य देशमा भए पनि त्यहाँ द्वैतवादको विकास भएको पाइँदैन।

अवेस्ताको द्वैतवादमा एक स्थानजीवि जनजाति र घुमन्ते पशुपालकहरूको शत्रुता प्रतिविम्वित भएको देखिन्छ। उनीहरूबीच लामो समयसम्म झगडा भइरह्यो। एक स्थानजीविहरू खेती गर्दथे भने भारतीय आर्यनहरू घुमन्तेहरू थिए। यही झगडाले भारतीय आर्य र इरानीहरूबीच संघर्षको रूप लियो। पछि, पूर्वी इरानका बासिन्दाले मध्यएसियाका जनजातिसँग लडाइँ गर्नुपऱ्यो। यसले गर्दा एक स्थानजीवी किसान र घुमन्ते पशुपालक जुम्ल्याहा भएको र शत्रु बनेको विम्ब निर्माण हुँदै अहुर मजदा र अह्रिमन शत्रु बनेको कथा निर्माण भएको देखिन्छ। अवेस्तामै पनि यसको संकेत पाइन्छ। वेन्दीदादको पहिलो अध्यायमा अहुरमजदा र पैगम्बर जरथ्रुस्तबीचको कुराकानी उल्लेख छ। त्यसमा ईश्वरले कुन-कुन सहरको रचना गरे भन्ने प्रश्नमा खेतीयोग्य भूमि भएका बस्तीहरूको नाम उल्लेख छ। त्यस्तै, खेतीयोग्य ठाउँलाई संसारको राम्रो वस्ती मानिएको छ। मजदा धर्मले खेती र उर्वरतालाई मान्नुपर्ने उल्लेख गरिएको छ। त्यस्तै, दुष्ट या अह्रिमनहरू उत्तरी देशबाट आएको संकेत गरिएको छ। त्यहाँनिर स्तेपीहरू बस्ने गरेका थिए।

द्वैतवादी मजदा धर्मले विकसित हुने समयचाहिँ हखामनी साम्राज्यको समयमा पायो। हखामनीहरूले मजदालाई राष्ट्रिय धर्म बनाए। उनीहरू सत्तामा आएपछि मिडो जातिका पुरोहितहरूलाई उच्चस्तरमा राखियो। इसापूर्व ६१२ मा उनीहरू सत्तामा आए। त्यो उतारचढावको समयमा इसापूर्व ५२३ मा विद्रोह भएको थियो। हखामनीहरू आफूहरूलाई अहुरमजदाको भक्त सम्झने गर्दथे। राजा दारयवउसको समयको एउटा शिलालेखमा अहुरमजदाको मानव मूर्ति फेला परेको छ। राजनीतिक कारणले प्राचीन आर्य देवतालाई दुष्टशक्ति मान्न थालिएको विद्वान्हरूको विश्लेषण छ। हखामनीहरू धार्मिक हुनुका साथै सतर्कतापूर्वक शासन गर्दथे। उनीहरूले मजदा धर्म लागू गरेपछि अन्य देवताको पूजा गर्न प्रतिबन्धि लगाएका थिए। धार्मिक केन्द्रीकरण तेस्रोदेखि सातौं शताब्दीसम्म चलेको शासान वंशको शासनकालमा अझ बढ्यो। मजदा धर्म राष्ट्रिय धर्म बन्यो र भूमध्यसागरका इसाई राज्य एवम् अबर

जातिविरुद्ध उनीहरूले संघर्ष गर्नुपऱ्यो । अवेस्ताको पछिल्ला भागहरू यही समयमा लेखिएका थिए । मजदा कर्मकाण्डअनुसार बलि, आनुष्ठानिक शुद्धता, पवित्र अग्निलाई प्रज्ज्वलित पार्नु आदि काम गरिन्थ्यो । पुरोहितहरू यसमा सक्रिय हुने गर्दथे । मानिसलाई अनुष्ठान र त्यसका नियम पालन गर्न लगाइन्थ्यो । उनीहरूलाई अशुद्ध वस्तुबाट टाढा राखिन्थ्यो र मृत्युसँग सम्बन्धित वस्तुलाई अशुद्ध मानिन्थ्यो । लासलाई अशुद्ध मानिएकै कारणले जमिन, पानी र आगोमा छुन दिइँदैनथ्यो । त्यसले गर्दा उनीहरू अन्त्येष्टि निकै फरक किसिमले गर्दथे । लासलाई खराब जनावर र पन्छीले खाउन भनेर खुला ठाउँमा राखिन्थ्यो । दखमा भनिने विशेष ठाउँ बनाएर ढुङ्गामा लास राखिन्थ्या र त्यसलाई पानी र माटोमा छुवाउनुहुँदैन भन्ने गरिन्थ्यो । स्त्री, पुरुष र बच्चाका लागि लास राख्ने छुट्टै स्थान बनाइएको हुन्थ्यो । समाजमा विशेष व्यक्तिहरूले नांगो लासलाई ल्याएर दखमामा राख्ने गर्दथे । गिद्धले खाएर हड्डी केही टाढा रहेको पानीमा फ्याँक्ने गर्दथ्यो । मरणोपरान्त जीवनको विषयमा प्राप्त विश्वास उनीहरूको अन्त्येष्टि विधिसँग मिल्दैन । मिश्रीहरू शरीर र आत्मालाई अविभाज्य मान्दथे भने मजदा अनुयायीहरू मृत शरीरबारे केही खास मान्यता राख्दैनथे । धर्मात्मा मरेपछि उज्ज्वल स्थान या स्वर्गमा पुग्ने विश्वास गरिन्थ्यो र खराब व्यक्ति अह्रिमन नर्कमा पुग्थ्यो भनिन्थ्यो । विश्वको अन्त्य भएपछि अह्रिमन पनि नासिने विश्वास गरिन्थ्यो । उनीहरूको मरणोपरान्त जीवन अवधारणा नैतिक विचारमा आधारित थियो । उनीहरूको द्वैतवादी धर्म पनि नैतिकतामूलक थियो । मजदा शब्दको अर्थ बुद्धिमान र अह्रिमन शब्दको अर्थ मूर्खता या दोषयुद्ध भन्ने हुन्थ्यो । उनीहरूको यो नैतिक मान्यता ऐतिहासिक परिस्थितिको उपज थियो । धार्मिक व्यक्तिले रूख रोप्ने र खेती गर्ने काम गर्नुपर्थ्यो । शुद्धताको उल्लंघन गर्नेलाई पापी मानिन्थ्यो । मृतकको लास जलाउनु, सडेको मासु खानु र अप्राकृतिक यौन सम्बन्ध राख्नुलाई सोझै नर्क जाने विषय मानिन्थ्यो । मानिसलाई मरेपछि स्वर्ग जाने आशा देखाएर नैतिकवान् बनाइएको थियो । मजदा धर्मको विश्वासअनुसार आत्माको पनि भाग्य हुन्थ्यो ।

प्राचीन विश्वका अन्य धर्मको तुलनामा मजदा धर्म अन्य कारणले पनि भिन्न थियो । उनीहरूले युग र विश्वको अन्त्य तथा अन्तिम न्यायको सिद्धान्त प्रतिपादन गरेका थिए । अवेस्ताका अनुसार विश्वको अन्त्यको समयमा कुनै सन्त या महापुरुषको जन्म हुन्छ । सामाजिक मिथकमा जरथुस्तको छोराले जन्म लिने र कुमारी आमाको कोखबाट धर्तीमा आएर मानव जातिको उद्धार गर्ने उल्लेख गरिएको छ । अहुरमजदाले फेरि पनि सुन्दर राज्य सुरु गर्ने विश्वास गरिएको छ । यस्तै, उनीहरूको विश्वासमा रहेको मिथ्र पूजा निकै प्राचीन हो । सूर्य देवताको प्रतीकका रूपमा गरिने यो पूजा नैतिक मान्यतासँग पनि जोडिएको थियो । अर्तक्षयार्स दोस्रो नामक राजाले इसापूर्व ४०५-३६२ मा यो पूजालाई प्रतिष्ठित बनाएका थिए । तेस्रो शताब्दी इसापूर्वदेखि सन्‌को तेस्रो शताब्दीसम्ममा रोमन साम्राज्य र अन्त्यत्र पनि यो पूजा फैलिएको थियो ।

रोमन सेनाहरू शक्तिका लागि मिथ्र पूजा गर्दथे । मिथ्रलाई महान् योद्धा मानिन्थ्यो र मकरसंक्रान्तिमा उसको जन्मदिन मनाइन्थ्यो । सातौं शताब्दीमा मुसलमानहरूले विजय प्राप्त गर्ने समयसम्म इरानको राष्ट्रिय धर्म मजदा थियो । हखामनी कालदेखि नै मजदा धर्मले यहुदीहरूको समाजमा प्रभाव पारेको थियो । पछि मिथ्र पूजाको माध्यमबाट भूमि मध्यसागर क्षेत्र र अन्यत्र फैलिएपछि इसाई विचारधाराको निर्माणमा यसले ठूलो भूमिका खेल्यो । मजदा र यहुदी-इसाई मान्यताको समन्वयअनुसार तेस्रो शताब्दीमा मानिपन्थी विचार अगाडि आयो । त्यसपछि इसाईका विभिन्न सम्प्रदायको उत्पत्ति भयो । पश्चिम एसियामा मजदा र अन्य धर्मको मिश्रित रूप येज्द सम्प्रदाय पैदा भयो । केही कुर्दहरू आज पनि यो मतसँग नजिक छन् । त्यस्तै भारतीय क्षेत्रका पारसीहरूले यो धर्मको अवशेषका रूपमा अग्निपूजा र अन्य संस्कार अझै जोगाएर राखेका छन् ।

***

अध्याय-१९

यहुदी धर्म

यहुदी धर्म आजसम्म थोरै मात्र परिवर्तन भएर सुरक्षित रहेको प्राचीन विश्वको एउटा धर्म हो । यसलाई यहुदीहरूको पुरानो नाम हिब्रूका आधारमा हिब्रू धर्म र उनीहरूको पौराणिक विधिनिर्माता मुसाको नामबाट मुसा धर्म पनि भन्ने गरिन्छ । धर्मको इतिहासमा त्यो धर्मको भूमिका ठूलो र अनौठो छ । यो धर्मलाई विश्व विभाजन गर्ने इसाई र इस्लाम दुईओटा धर्मको बीचको धर्म मानिन्छ । तर, यहुदी धर्मको आफ्नै विशिष्ट भूमिकाका कारण त्यसको इतिहास अध्ययन गर्न निकै गाह्रो पर्छ । युरोपमा यहुदी परम्परा इसाई परम्पराको अंगको रूपमा रहेको थियो । आज पनि धर्मभीरु यहुदी र इसाईहरू बाइबललाई इतिहासको स्रोत नमानी धार्मिक ग्रन्थ र ईश्वरको प्रेरणाले रचिएको सामग्री मान्दछन् । प्राचीन यहुदी धर्म अध्ययनका लागि बाइबल नै स्वतन्त्र स्रोत हो । बाइबल शब्द युनानी भाषाबाट लिइएको हो । त्यसको अर्थ पुस्तक भन्ने हुन्छ । हिब्रू भाषाबाट सोफेरिमको अनुवादलाई युनानीहरूले बाइबल भन्थे । बाइबल एउटा रचना नभएर धेरै रचनाहरूको संकलन हो । त्यसलाई परम्पराअनुसार तीन समूहमा विभाजन गरिन्छ ।

पहिलो समूहमा हिब्रू भाषामा तोराह भनिने नियम र कानुनका पुस्तक छन् । यिनको रचना पुरानो मिथकीय पात्र मुसाले गरेको मानिन्छ । ईश्वरद्वारा मान्छेको रचना, स्वर्गमा पहिलो मानिसको जीवन, स्वर्गबाट उसको निष्कासन, उसको पतन र मानववंश वृद्धि, मान्छेको प्राचीन इतिहास, विश्वव्यापी प्रलय तथा त्यसपछि बाँचेका यहुदी जातिका कुलपिता आदिको विवरण त्यसमा छ । त्यस्तै, निर्गमन वा एक्सोडसमा मुसाको जीवन र मिश्रको जेलबाट यहुदीहरूको मुक्ति, ईश्वरका चर्चित १० आदेशहरू उल्लेख छन् । त्यस्तै, लेविग्रन्थ अर्थात् लेविटिकसमा धार्मिक कानुन उल्लेख छ । गिन्ती अर्थात् नम्बर्समा यहुदी कानुन र प्यालेस्टाइन विजयसम्मको इतिहास छ । व्यवस्था विवरण अर्थात् ड्युटेरोनोमीमा मुसा निर्मित कानुनहरू छन् । बाइबलको संकलित पुस्तकहरूका दोस्रो समूहमा इतिहासका पुस्तक छन् अनि

न्यायीहरूको वृतान्त, स्यामुएलको पहिलो पुस्तक, स्यामुएलको दोस्रो पुस्तक, राजाहरूको वृतान्त आदि छन् । त्यसका रचनाकार राजा डेबिटलाई मानिएको छ । तेस्रो समूहमा विभिन्न महात्माहरूका पुस्तक छन् । त्यसमा आइजाइ, जेरेमाइ, इजकिल र डेनियल तथा अन्य १२ जना छोटा महात्माको सन्दर्भ उल्लेख छ । यहुदीहरू बाइबलको पुरानो टेष्टामेन्ट मान्दछन् भने इसाईहरू नयाँ टेस्टामेन्ट मान्ने गर्दछन् ।

इसापूर्व दोस्रो सहस्राव्दीको पूर्वार्द्धमा उत्तरी अरवमा रहने पशुपालकहरूको समूह यहुदी थियो भन्ने वैज्ञानिक मत छ । उनीहरूको समाज पितृसत्तात्मक जनजातीय रहनसहनमा आधारित थियो र धर्ममा समाजको प्रतिविम्व आउने गरेको थियो । त्यस समयमा प्रेतात्मा र पूर्वजहरूको पूजा गर्ने चलन थियो । वाइबलमा पनि यसको अप्रत्यक्ष प्रमाण भेटिन्छ । उत्पत्ति भागमा ज्याकपले आफ्नी श्रीमतीका साथ पिता लेवनको घर छाडेर भाग्दा घरवाट उसकी श्रीमती रेचेलले वावुले पुज्ने केही मूर्ति चोरेको उल्लेख छ । कुल देवताको मूर्ति अस्तित्वमा रहेको यो एउटा प्रमाण हो । लेवानलाई छोरी-ज्वाइँसँग भागेको भन्दा कुल देवताको मूर्ति चोरेकोमा वढी रिस उठेको थियो । यसले कुलपूजाप्रति उनीहरूले देखाएको श्रद्धा प्रमाणित गरेको छ । वाइवलमा गोत्र देवताको उपासनाको पनि उल्लेख छ । युवा योद्धा डेविटले राजाद्वारा मारिने आशंकाले भोजमा सामेल नभएको घटना स्यामुएल-१ मा उल्लेख छ । उसले नगरमा आफ्नो कुलको यज्ञ भएको र दाजुले उपस्थित नहुन आग्रह गरेको जवाफ दिँदै ऊ भोजमा नभएको सन्दर्भ छ । गोत्रपूजासँगै गोत्र प्रवर्द्धकहरूको वंश पनि मिथकमा प्रचलित थियो । बाइवलभन्दा पुरानो जेहोविस्टमा कुलपिताको कार्यस्थल पनि तोकिएको छ । तर, पछि पुरोहितहरूले नियमसंहिता वनाएर जेरुसेलमतर्फ सवैको ध्यान लगेका थिए । प्रारम्भिक यहुदीहरूको अन्त्येष्टि संस्कार हामीलाई निकै कम मात्र थाहा छ । मृतकहरूलाई जमिनमा गाडिन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । तर, के विश्वासले यस्तो मृत्यु संस्कार चलनमा थियो भन्ने थाहा हुन सकेको छैन । उनीहरूको मृत्युलोकसम्वन्धी मान्यता प्रस्ट थिएन । मरणोपरान्त प्रतिफलमा विश्वास थिएन र मानिसले यही जन्ममा पापको दण्ड भोग्छ भन्ने मानिथ्यो । प्रेतात्मालाई वोलाउने र ऊसँग कुराकानी गर्ने विषयमा पनि विश्वास गरिन्थ्यो । राजा शालले एउटा भूतसँग कुराकानी गर्ने महिलालाई मृत स्यामुएलको आत्मासँग कुरा गर्न लगाएका थिए । प्राचीनकालमा पशुचरण र त्यससँग सम्वन्धित अनुष्ठान गरिन्थ्यो । पास्काको पर्व वसन्तमा मनाइन्थ्यो र त्यो वर्ष जन्मिएको पहिलो बाछो, पाडो वा पाठोलाई वलि दिइन्थ्यो । यसलाई टोटेमी मूलसँग जोडेर पनि हेर्ने गरिन्छ । पछि, यो पर्व कृषिसम्वन्धी विश्वासमा परिणत भयो । पशुचरणसम्वन्धी विश्वासमा केही प्रेतात्मा र देवताका विम्वहरू पनि जोडिएका थिए । बाइवलमा यसका केही अप्रत्यक्ष प्रमाणहरू पाइन्छन् । हुनत बाइवललाई जेरुसेलमका पुरोहितहरूले निकै संशोधन गरेका थिए । तैपनि अजाजेलको पुरानो विम्व र वलिको सन्दर्भले वलिप्रथा पापविरुद्धको अनुष्ठान भएको संकेत गर्दछ । यो समयमा किसिम-किमिसका प्रेतात्मामा विश्वास गरिन्थ्यो ।

वाइबलमा पनि यसको उदाहरण फेला परेको छ। चन्द्र पञ्चांग मान्ने र चन्द्रपूजा गर्ने चलन पनि त्यहाँ पाइन्छ। त्यससँगै धर्म र अनुष्ठान पनि जोडिएको थियो। औंसी या पूर्णिमामा काम नगरेर विदा मनाइन्थ्यो, जुन पछि साप्ताहिक विदाका रूपमा परिणत भयो। सुदूरप्राचीनकालमा यहुदी धर्ममा किसिम-किसिमका वस्तु खान वन्देज थियो। यसको सम्वन्ध धर्मसँग जोडिएको पाइँदैन भने यकिन कारण पनि थाहा छैन। उँट, खरायो, सर्प, सुँगुर, माउसुली आदि खान हुँदैनथ्यो। उँटलाई मार्न नहुने विश्वास थियो भने कुनै पनि जनावरको रगत खाने चलन थिएन। रगतलाई शरीरको आत्मा मानिने भएकाले रगत फचाँकेर मात्र मासु खाने चलन थियो।

नवजात शिशुको खतना गर्ने चलन पनि थियो। वाइवलमा ईश्वरले अव्रामहलाई यससम्वन्धी निर्देशन दिएको उल्लेख छ। तर, समाजमा चाहिँ वाल्यकालमा नभएर किशोर अवस्थामा दीक्षासहित खतना गरिने चलन थियो। अरवका सेमेटिक जनजातिसँग घुलमिल भएर यहुदीहरूले यो चलन सिकेको मानिन्छ। केही विद्वान्हरूले यो चलनलाई मिश्रीहरूवाट आएको मानेका छन् भने केहीले अफ्रिकावाट। यहुदीहरू आफ्नो इतिहासको प्रारम्भिक कालमा रूख, पहाड, ढुङ्गा पवित्र स्तम्भ र प्राकृतिक स्रोतहरूको पूजा गर्दथे। वाइवलमा यसको पनि प्रमाण पाइन्छ। अन्त्यमा याहवेको पूजा गर्न थालियो र ऊ मात्र सर्वोच्च देवता वन्न पुग्यो। याहवेको पूजाको उत्पत्तिको प्रश्न यहुदी धर्मसम्वन्धी अध्ययनका लागि निकै महत्त्वपूर्ण छ। तर, यो अध्ययन निकै कठिन पनि छ। याहवेलाई पहिला जेहोवा भनिन्थ्यो र त्यसको प्राचीन रूप जाहु थियो। यो नाम यहुदी मूलको नहुने सम्भावना पनि छ। याहवे सुरुमा मिदियान जनजातिको देवता थियो र ऊ मिश्रको सीमाक्षेत्रमा रहन्थ्यो। वाइवलमा मिदियानी पुरोहितकी छोरीसँग मुसाले विहे गरेको, उसको ससुराले भेडावाखा चराएको तथा होरेव पर्वतमा ईश्वरले उसलाई दर्शन दिएर आफ्नो नाम याहवे वताएको सन्दर्भ उल्लेख छ। याहवे विम्व प्राचीन टोटेमी अवधारणाको उपज भएको केही विद्वान्हरूको मत छ। सिंह र साँढेसँग याहवेको सम्वन्ध भएको उनीहरूको मत छ। याहवेको विम्वमा दीक्षाकी देवीको लक्षण पनि देखिन्छ। याहवेले सवै इजरायलीहरूलाई आफ्नो पूजा गर्न भनेको र पहिलो वच्चा आफूलाई समर्पित गर्न माग गरेको घटनाले पहिलो सन्तान प्रेतात्मालाई समर्पित गर्ने आदिम प्रथा यथावत् रहेको देखिन्छ। यहुदीहरूले सधैं र सवैले निर्विवाद रूपमा याहवेलाई स्वीकार गरेनन्। सुरुमा यहुदी जनजाति समूहका नाभिकको रूपमा याहवेलाई मानियो। जुडा जातिको देवताको रूपमा मात्र उसलाई हेरियो। तर, पछि सवैले उसलाई मान्न थाले। याहवेलाई यति वढी मानेर सवै इजरायलीहरूले स्वीकार गर्नुको पछाडि राजनीतिक कारण देखिन्छ। दसौं शताब्दी इसापूर्वमा सुरु भएको राजवंश जुडाइ जनजातिको राजवंश भएकाले उनीहरूले याहवेलाई स्थापित गराएका थिए र त्यसका लागि राजकीय धर्ममा नै उसको पूजा अनिवार्य गरिएको थियो। युद्ध देवताको रूपमा पनि उसलाई केही समयपछि हेर्न थालियो। याहवेको प्रेरणाअनुसार प्यालेस्टाइनमा इसापूर्व १५औं शताब्दीमा आक्रमण सुरु गरियो। लामो समय संहारकारी युद्ध हुँदा याहवेलाई युद्ध देवता मान्न

थालियो। बिस्तारै हिब्रू जातिको सर्वोच्च र साझा देवताको रूपमा स्थापित भयो। यही कारणले बाइबलमा पटक-पटक याहवेको भूमिको उल्लेख पनि भएको मानिन्छ। उसलाई सवाओत अर्थात् सेनाहरूको देवता पनि भन्ने गरिन्थ्यो। प्यालेस्टाइनका मूल बासिन्दालाई निर्ममतापूर्वक मार्ने आज्ञा याहवेले दिएको मानिन्थ्यो। यसले गर्दा प्यालेस्टाइन र इजरायलको लडाइँ हजारौं वर्षसम्म चल्यो। केनानी र अन्य सहरका बासिन्दालाई यहुदीहरूले अन्यन्त क्रूरताका साथ मारेर उनीहरूका गाई बस्तुलाई चाहिँ मार्नुको सट्टा सामान बोकाएर आफ्नो देश ल्याएका थिए। कतिपय ठाउँमा इजरायलीविरुद्ध प्रदर्शनसमेत भएका थिए। भविष्यमा पनि युद्ध अभ्यास गर्नुपर्छ र अहिले नै सबैलाई मारेर सिध्याउनु हुँदैन भनेर सीमा जोडिएका कैयौं जातिलाई केही समय बाँच्न दिइयो। तर, उनीहरूलाई माया र दयाले बाँच्न दिइएको थिएन बरु युद्धमा कसरी मानिस मार्ने भन्ने उदाहरण देखाउनका लागि त्यसै छोडिएको थियो। बाइबलका रचनाकारले पनि आफ्नो रचनामा त्यही उल्लेख गरेका छन्।

इजरायलीहरूले छिमेकका स-साना राज्य र जनतालाई पुस्तौंपुस्ता लडाइँ गर्ने र उनीहरूको संहार जारी राख्ने साधन बनाए। यी सबै काममा याहवे पात्र र उसको व्यवहारले महत्त्वपूर्ण भूमिका निभाएको थियो। याहवेले नै इजरायलीहरूलाई लडाकु स्वभावको बनाएको थियो भने उनीहरू सम्पन्न र सुखी जीवनसमेत भोगिरहेको हुनाले क्रूर बन्दै गएका थिए। यहुदीहरूले प्यालेस्टाइन कब्जा जमाएपछि त्यहाँको रहनसहन, आर्थिक र सामाजिक पद्धति र धर्ममा पनि असर पऱ्यो। यहुदीहरू कृषि पेसामा सामेल हुन थाले। अन्य जनताको जीवनशैलीभित्रका कतिपय राम्रा र सकारात्मक कुराहरू उनीहरूले लिन थाले। बिस्तारै समाजमा धनी र गरिब तथा दास र स्वतन्त्र मानिस देखिन थाले र राजाको सत्ता स्थापना भयो। यी सबै परिवर्तनहरू त्यहाँको धर्ममा पनि देखापर्न थाले। स्थानीयवासीसँग घुलमिल गरेर उनीहरूले त्यहाँका बासिन्दाका देवी-देवताको पूजा गर्न थाले। नगर संरक्षक देवता मानिने बआललाई पूजा गर्न थालियो। सिरिया र प्यालेस्टाइनमा बआल पूजा निकै पहिलादेखि चलेको थियो।

दसौं शताब्दी इसापूर्वमा राजा सोलोमनले जेरुसेलम राज्यमा याहवे मन्दिर निर्माण गरेका थिए। यहुदीहरूले प्यालेस्टाइन भूमिका जनता, कृषिसम्बन्धी चाडपर्व र अनुष्ठानहरू स्वीकार गर्न थाले। बसन्तमा मनाइने मत्जोथ भनिने पर्व, गहुँ काट्ने समयमा मनाइने सबुओथ पर्व, रूख पर्व, बाली पर्व आदि मनाउन थाले। लेवी भनिने जनजातिमध्येबाट छानिने वंशाणुगत पुरोहितहरूले कर्मकाण्ड गर्ने प्यालेस्टाइनको प्रचलन थियो। लेवी शब्द त्यहाँ पुरोहितको पर्यायवाची बन्यो। प्यालेस्टाइन युगमा यहुदीहरूले परम्परागत वंशानुगत पुरोहितबाहेक अन्य धार्मिक कार्यकर्ता पनि राख्ने गर्दथे। बाइबलमा उल्लेखित जादुगर महिला र पुरुषको सन्दर्भ, प्रेतात्मा, भविष्यको फलमा विश्वास गर्ने संस्कार आदिले उनीहरूको जीवनको प्रतिनिधित्व गर्छ। समाजमा नाजिर भन्ने केही व्यक्ति हुन्थे जसलाई देवताको अनुकम्पा प्राप्त भएको

विश्वास गरिन्थ्यो । अनुष्ठानसम्वन्धी शुद्धता र आहारविहारको विशेष वन्देज यो समाजमा लगाइएको थियो । उनीहरूले रक्सी पिउन, लास छुन र केस काट्न हुँदैन थियो । महिला या पुरुष जो भए पनि उनीहरूलाई सन्त र क्षमतावान् सम्झिइन्थ्यो । वाइबलको गिनती नामक पुस्तकमा उनीहरूले पालन गर्नुपर्नेमा नियम दिइएको छ । त्यहाँ आजीवन नाजिर भएका व्यक्तिहरूको उल्लेख छ । सेमसन कुमारी आमाबाट जन्मिएको र याहवेको दूतले उसकी आमालाई छोरा जन्मिएपछि उसको केस नकाट्नु भन्ने सन्देश दिएको बाइवलमा उल्लेख छ । त्यही सेमसनका सन्तानलाई वंशानुगत रूपमा नाजिर भन्न थालियो । वाइवलका अनुसार सेमसनले लडाइँमा यहुदीको नेतृत्व गरेका थिए । तर, पछि केस काटेपछि केसमा रहेको उनको शक्ति समाप्त भएर सामान्य व्यक्ति बन्नुपरेको थियो । आठौं शताब्दी इसापूर्वमा अर्को एक छुट्टै किसिमको धार्मिक कार्यकर्ताको अस्तित्व पनि भेटिन्छ । उनीहरू महात्मासरह मानिन्थे । भविष्यवाणी गर्ने, धामी-झाँक्रीको काम गर्ने, अनुष्ठानका समयमा वाजा बजाउने आदि काम उनीहरूले गर्दथे । यहुदीहरू इजरायल र जुडा दुई राज्यमा वाँडिएपछि उनीहरू जनअसन्तुष्टिका कुरा समाजमा फैलाउने गर्न थालेका थिए । विभिन्न विकृति र पापको कथा बनाएर प्रतीकात्मक ढङ्गले समाजलाई सुनाउने जिम्मा उनीहरूको थियो । धार्मिक विकृतिका पनि आलोचकका रूपमा उनीहरू देखा परे । समाजलाई नैतिक रूपमा उच्च बनाउन उनीहरूले अभियान सुरु गरे । उनीहरूले सत्य र न्यायको पक्षमा जनतालाई अघि वढाउँदै जाँदा वर्गीय र अन्य शोषणका विषय पनि सुनाउन थालेका थिए । मानिसहरू सामाजिक असमानताभन्दा धार्मिक नियमलाई अस्वीकार गर्ने र अपव्याख्या गर्ने गरेकाले वढी दुःखी भएको उनीहरू विश्वास गर्थे । उनीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिको पनि विश्लेषण गर्दथे । वेविलोन, असिरिया आदि राज्यका खवर र आफ्नो राज्यमा हुनसक्ने हमला जस्ता विषय उनीहरूकै कारण समाजमा सवैलाई कण्ठ भएको थियो । शत्रुमाथि हमला गरेमा यहुदी जातिलाई अप्ठ्यारो पर्ने उनीहरूको प्रचारप्रसारको एउटा विषय थियो । तर, उनीहरू अन्त्यमा याहवेले आफ्नो जातिको रक्षा गर्ने वताउँथे । उनीहरूसँग मन्दिरमा काम गर्ने पुजारीहरूको कुनै सवन्ध थिएन । वरु पुजारीहरूको विरोधमा नै उनीहरू रहेका हुन्थे ।

यहुदी धर्मको प्राचीन इतिहासको तेस्रो काल तीनओटा घटनासँगै सुरु भएको पाइन्छ । जुडाका राजा जोसाइको धार्मिक सुधार (इसापूर्व ६२१) ले कर्मकाण्ड र केन्द्रीकरण वढाएको थियो । इसापूर्व ५८६ वेविलोनीहरूले आक्रमण गरेर यहुदीहरूलाई युद्धवन्दी वनाएका थिए । त्यस्तै, इरानको सम्राट् कुरुसको शासनकालमा इसापूर्व ५३८ मा यी कैदी फर्किएपछि उनीहरूले जेरुसेलममा मन्दिर पुनर्निर्माण गरेका थिए । तर, पुरानो यहुदी धर्मको प्राचीनकालका केही विशेषताहरू सधैं रहिरहे । पूर्ण एक ईश्वरवाद, कर्मकाण्डको केन्द्रीकरण तथा वाइवलमा संकलित पुस्तकमा श्रद्धा । राजा जोसाइको धार्मिक सुधारको पछाडि राजनीतिक स्वार्थ थियो । जुडा राज्यको सीमा विस्तार गर्न तथा छिमेकीहरूबाट बच्नका लागि पनि एकजुट हुन आवश्यक थियो ।

जोसाइले मुसाको पाँचौं पुस्तक व्यवस्था विवरणलाई आधार बनाएर धार्मिक सुधार सुरु गरेका थिए। वर्षौं पुरानो मानिएको त्यो पुस्तक लेख्नचाहिँ त्यही वर्ष मात्र लेखिएको थियो। धार्मिक जीवनको कडाइको साथ पालन गर्नु र लडाइँमा जोड दिनुपर्ने त्यसको मुख्य सार थियो। याहवेको पूजा गर्ने र उसको लडाइँसम्बन्धी मान्यता स्वीकार गर्ने मानसिकता जनतामा निर्माण गरियो। जोसाइले याहवेबाहेक अन्य सवै देवी-देवताका मूर्ति र पूजामाथि प्रतिबन्ध लगाए। जादुगर र तन्त्रमन्त्रसम्वन्धी काम गर्ने सबैलाई मृत्युदण्ड दिइयो। प्राचीन यहुदी पर्व पास्कालाई फेरि मनाउने आदेश दिइयो। तर, यो सुधारको प्रयासले पनि जुडा राज्य वलियो हुन सकेन। इसापूर्व ५९७ र ५८६ मा बेबिलोनी राजाले दुई पटक उनीहरूलाई लुटे। सयौं यहुदीहरूलाई बेबिलोन लगियो। यसरी लगिएकामध्ये अभिजात वर्ग र पुरोहित बढी थिए। बेविलोनी कैदका यी ५० वर्षलाई राष्ट्रिय विपत् मानियो र वर्षौंसम्म त्यसको सम्झना गरियो। बेबिलोनमा अभिजात वर्गले बिताएका ५० वर्षले यहुदी समाज र धर्ममा पनि असर पऱ्यो। त्यसपछिको जेरुसेलम मन्दिरको पुनर्निर्माण यता प्राचीनकालभन्दा फरक किसिमले यहुदी धर्म अघि बढ्यो।

भूस्वामी र दासस्वामी बेबिलोनको कैदबाट फर्किएपछि यहुदी समाजमा वर्गीय विरोध तीव्र भयो। कैदी बनाइएकाहरूले आफ्नो सम्पत्ति फिर्ता माग्न थाले भने दासदासी बनाइएका मानिसहरू आफ्नै समाजमाथिको अन्याय हेरेर नबस्ने भन्दै प्रतिरोधमा ओर्लिए। जनतालाई सामान्य जीवनमा फर्काउन निकै कडा उपाय प्रयोग गर्नुपऱ्यो। यहुदीहरूको राज्यमा पनि इरानको कब्जा भइसकेको थियो। त्यस समयमा पुरोहित समुदाय मात्र सम्पन्न थियो। किनभने उनीहरूलाई इरानको आशीर्वाद प्राप्त थियो। श्रद्धालुहरूले चढाउने सबै वस्तुमा पुरोहितहरूको एकाधिकार हुन थाल्यो। याहवेका भक्तहरूबाट पाइलैपिच्छे भेटीको माग गर्न थालियो। हरेक अनुष्ठानमा, हरेक पूजामा या कुनै अशुद्ध वस्तु छोएमा भेटी चढाएर चोखिनुपर्दथ्यो। मन्दिरका लागि भोकै श्रम पनि गर्नुपर्ने अवस्था आयो। तर, मन्दिरको सम्पत्तिको दुरूपयोग पनि बढ्दै गएको थियो। त्यहाँका पुरोहितहरू धर्माधिकारी र पूजापाठ गर्ने दुई समूहमा बाँडिएका थिए। उनीहरू आफूलाई लेवी गोत्रका मान्दथे। एक ईश्वरवादको जड झनै बढ्यो र बेबिलोनी कैदको घटनापछि याहवे मात्र संसारको नियन्त्रक तथा सञ्चालक हुन पुग्यो। यसरी धर्मको इतिहासमा यहुदीहरूले पहिलो पटक एक ईश्वरवादको घोषणा गरे। राजाको एकतन्त्री शासनको प्रतिविम्ब दिने एक ईश्वरवादी प्रवृत्ति मिश्र, बेबिलोन र इरानमा पनि थियो। तर, स्थानीय स्तरमा चाहिँ त्यहाँका स्थानीय पुजारी र जनताका कारण एक ईश्वरवाद लागू भएको थिएन। किनभने उनीहरू स्थानीय देवी-देवतालाई पनि मान्दथे। तर, केन्द्रबाट चाहिँ इरानी राजा र धर्माधिकारीहरूले एक ईश्वरवाद नै लादेका थिए। यो समयमा त्यही सिद्धान्तअनुसार बाइबलका पहिला पाँचओटा पुस्तकको सम्पादन गरियो। इसापूर्व पाँचौं शताब्दीमा यसको अन्तिम रूप दिइएको मानिन्छ। त्यसपछि पुरोहितहरूको नियमसंहिता

तयार गरियो। यहुदीहरूले याहवेबाहेक मान्ने गरेका अन्य देवी-देवताको पूजाको सन्दर्भको उल्लेख पूरै हटाइयो। यसरी यहुदीहरूले सुरु गरेको एक ईश्वरवाद र पहिलो मानिस आदमको नाम बेबिलोनी मिथकको पहिलो मानिस आदपसँग नजिक छ।

यहुदीहरूको विश्वउत्पत्तिसम्बन्धी धारणा केही घुमाउरो किसिमको थियो। बाइबलको पहिलो पुस्तकमा विश्व र मनुष्यको उत्पत्तिको बारेमा दुई भिन्न-भिन्न कथा छन्। एउटा कथाअनुसार ईश्वरले पहिला पुरुष बनायो र स्वर्गको बगैंचा इडन निर्माण गऱ्यो। पहिलो मानिस आदमलाई सहयोग गर्न विभिन्न जीवजन्तु बनायो। तर, आदमले आफ्नो सहयोगी कोही पनि फेला पारेन र ऊ दुःखी भइरह्यो। ईश्वरले आदम निदाएको बेला उसकै शरीरको हड्डी निकालेर महिलाको निर्माण गऱ्यो। अर्को कथाअनुसार ईश्वरले ६ दिनसम्म संसारको निर्माण गऱ्यो। पाँचौं दिन माछा र पन्छी बनायो भने छैटौं दिन थलचर जीवसँगै मानिसका महिला र पुरुष दुई जाति बनायो। यस्ता परस्पर विरोधी सामग्रीहरू बाइबलमा अरू पनि निकै छन्। कतिपय विद्वान्हरूले उत्पत्ति शीर्षकमा बाइबलमा लेखिएका सामग्रीलाई यहुदी समाजका लोकआख्यान र मिथक मानेका छन्। बेबिलोनी मिथकको परिमार्जित रूप मानिसको पतन र मृत्युको उत्पत्तिको रूपमा आएको छ। तर, बेबिलोनी मिथकमा यसलाई अझ तार्किक र स्पष्ट पारिएको छ भने बाइबलमा ईश्वरले मानिसलाई अमरता दिएको र फेरि खोसेको उल्लेख गरिएको छ। बाइबलका प्रलयका कहानी बेबिलोनीहरूको प्रलय आख्यानसँग लगभग पूरै मिल्छ। नाउमा बसेर नुखले बचाएको बाइबलको कथा बेबिलोनीहरूको उत्नपिस्तिम जस्तै छ। बाइबलको कथामा चाहिँ तार्किक सूत्र टुटेको छ। बाइबलमा मानिसको संहार र उद्धार सर्वशक्तिमान ईश्वरले गरेको उल्लेख छ।

यहुदी धर्ममा बेबिलोनी धर्म र परम्पराबाहेक केही मजदा धर्मको पनि प्रभाव परेको छ। छैटौंदेखि चौथो शताब्दी इसापूर्वमा इरानी सम्राट्को अधीनमा रहेको समयमा यहुदीहरू मजदाको सम्पर्कमा आएका थिए। ईश्वरविरोधी सैतात या दुष्टात्माको झिनो उल्लेख मजदा धर्मबाटै आएको थियो। बाइबलमा स्यामुएल-२ मा ईश्वरले इजरायलीसँग रिसाएर डेभिडलाई जनगणना गर्न उक्साएको र जनतालाई दण्ड दिएको उल्लेख छ। इतिहास-१ मा यो कथालाई संशोधित गरिएको छ। डेभिडलाई सैतानले जनगणना गर्न उक्साएको त्यहाँ उल्लेख गरिएको छ। यहुदी धर्म प्रचारप्रसार हुने समयसम्म अमूर्त आध्यात्मिक सन्दर्भहरू त्यहाँ उल्लेख थिएनन्। प्राचीन यहुदी धर्ममा मरणोपरान्त जीवन, आत्माको अमरता, मरणोपरान्त प्रतिफल आदिको अभाव थियो। ईश्वरले दण्ड वा पुरस्कार जे दिए पनि यही धर्तीमा आफूलाई या आफ्ना सन्तानलाई दिने विश्वास गरिन्थ्यो। दोस्रो मन्दिरको कालमा वर्गीय विरोध बढेपछि धार्मिक सुधार गरियो र नयाँ परिस्थितिअनुसार ढाल्ने कोसिस गरियो। त्यससँगै धर्मग्रन्थ सम्पादन गरियो। यहुदीहरूको इतिहासको अर्को युगलाई प्रसार युग पनि भनिन्छ। यो कालमा मिश्र, सिरिया, लघुएसिया र अन्य भूमध्य सागरका

मुलुकमा धेरै यहुदी रहन्थे । यहुदीहरूको बाहिर जाने क्रम रोमन आधिपत्यविरुद्ध भएका दुईओटा विद्रोहपछि सुरु भएको थियो । ती विद्रोह सन्‌को पहिलो र दोस्रो शताब्दीमा भएका थिए । टाइटस फ्लेवियसले सन् ७० मा जेरुसेलम मन्दिर ध्वस्त गरेका थिए भने १३३ सन्‌मा यसको पूरै विनाश भएको थियो । यी घटनाले यहुदीहरूको धर्ममा गम्भीर प्रभाव पारेको थियो । यसपछि यहुदीहरूले एकै ठाउँ जम्मा भएर प्रार्थना गर्ने काम सुरु गरेका थिए । यसका लागि प्रार्थनागृह निर्माण गरियो । सो गृहमा अन्य सामाजिक काम पनि गरिन्थ्यो । समुदायका सम्पन्न व्यक्तिलाई यसको जिम्मा दिइन्थ्यो । सिनेगाग भनिने प्रार्थनागृहको सम्पत्ति र आम्दानी निकै थियो । त्यहाँ सक्रिय हुनेहरू निःशुल्क रूपमा खट्ने गर्दथे । त्यहाँ बलि दिइँदैनथ्यो किनभने उनीहरूमा याहवेका लागि जेरुसेलमको मन्दिरमा मात्र बलि दिइनुपर्छ भन्ने मान्यता थियो । जेरुसेलमको मन्दिर भत्किसकेको थियो । इतिहासमा प्राप्त भएअनुसार इसापूर्व तेस्रो शताब्दीमा पहिलो सिनेगाग बनाइएको थियो । यो मिश्रमा निर्माण भएको थियो । तर, यसको महत्त्वचाहिँ जेरुसेलम मन्दिर ध्वस्त भएपछि निकै बढ्यो र पुरानो मन्दिरको ठाउँ अब सिनेगागले लियो ।

यहुदी धार्मिक विचारधारालाई हेलेनिस्टिन धार्मिक विचारधाराले निकै प्रभावित पार्न थालेको थियो । हेलेनिस्टिन संस्कृतिमा बसेका यहुदीहरू युनानी भाषा बोल्न थाले । उनीहरूको सामाजिक कारणले हिब्रू भाषा कर्मकाण्डमा मात्र सीमित भयो । तेस्रो र दोस्रो शताब्दी इसापूर्वमा बाइबलका सबै भागको युनानी भाषामा अनुवाद गरियो । मिश्रका राजा टालमी द्वितीयले गैरयहुदीहरूको आवश्यकता महसुस गरी अनुवादको आदेश दिएका थिए । बाइबलको पुरानो टेस्टामेन्टको युनानी अनुवादपछि हेलेनिस्टिन र यहुदी धर्मको निकटता बढ्यो । यी दुईको समन्वयवादी विचारले इसाई धर्मको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्यो । विस्तारै याहवेको पूजा कम हुँदै गयो र खतनाको प्रचलन पनि सुरु भयो । यहुदी धर्मको वैचारिक अन्तरवस्तुमा पनि निकै परिवर्तन आयो । सामाजिक र राजनीतिक कारणले उनीहरू पहिला विदेशको अधीनमा थिए । त्यस्तै; पटक-पटक विद्रोह र लडाइँ गर्नुपर्ने, विदेशी उत्पीडनमा बस्नुपर्ने र फेरि दबिनुपर्ने उनीहरूको नियति बन्यो । यसले गर्दा कट्टर बनेको उनीहरूको समुदायमा मसिहवाद विचार देखापर्‍यो । वास्तविक राजालाई मसिह भनिने त्यो चलनले पछि इसाई विचारधारा निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्यो । मसिहवादसँगै जोडिएको अर्को एउटा विचार पनि थियो, भविष्यका लागि युगान्तमूलक सिद्धान्त । यहुदीहरू सुरुमा विदेशी शासनको अन्त्य र स्वतन्त्र राज्यको स्थापनाको सपना देख्थे । तर, पछि उनीहरूको साहित्यमा भावी जीवनको आनन्ददायी कल्पना, आगामी युगको विश्लेषण आदि प्रतिविम्बित हुन थाल्यो । पूर्ववर्ती युगमा नपाइएका मरणोउत्तर जीवन र मृतकको पुनर्जीवनको झिनो विश्वास पनि पैदा भयो । राजनीतिक दमन र सामाजिक चक्रले उनीहरू त्यो बिन्दुसम्म पुगेका थिए । विश्वको अन्त्य मरणफल पुनर्जीवन आदि विषय मजदा धर्मबाट लिइएका थिए । प्रसारयुगकै

समयमा यहुदी धर्ममा विभिन्न सम्प्रदायको सुरुआत भइसकेको थियो । यहुदी समाजका विभिन्न वर्गका दृष्टिकोण प्रतिविम्वित भएका थिए । कट्टरपन्थी जेरुसेलमका पुरोहितहरूको समुदायबाट सद्‌दुक सम्प्रदाय पैदा भएको थियो । उनीहरू जेरुसेलम मन्दिर पूजा गर्दा ताकाको कट्टरतामा विश्वास गर्दथे । तर, यिनीहरू मन्दिर विनाशपछि खासै अस्तित्वमा देखिएनन् । फरिसीहरूको सम्प्रदाय जनतासँग निकट थियो । उनीहरू जनतालाई उक्साउने र देखावटी आस्तिकता पालन गरेर मानिसलाई आफ्नो कब्जामा राख्ने गर्दथे । उनीहरू सिनेगागसँग सम्वन्धित थिए, धार्मिक कानुन सिकाउने र व्याख्या गर्ने गर्दथे । उनीहरू मरणोत्तर जीवनमा विश्वास गर्दथे । यिनीहरूले सन् ६६ को विद्रोहमा आफ्नो समाज छोडेर रोमन शासकलाई सहयोग गरेका थिए । एस्सेन सम्प्रदायका व्यक्ति सामुदायिक सम्पत्ति र कम्युनिज्ममा विश्वास गर्दथे । मरणोत्तर जीवनमा विश्वास गर्ने यिनीहरू धार्मिक व्यक्तिलाई स्वर्गमा पुरस्कार मिल्ने वताउँथे । दोस्रो शताव्दीमा दोस्रो यहुदी विद्रोह दमन गरेपछि रोमका शासकहरूले प्यालेस्टाइनवाट यहुदीहरूलाई निकालिदिए । यहुदीहरू जहाँ छरिए पनि शोसित र गरिब हुँदै गए । उनीहरू धर्मका ध्यान दिन सक्ने अवस्थामा पनि रहेनन् । इसाई धर्म यहुदीवाट छुट्टिइसकेको थियो । त्यस्तै, हेलेनिस्टिन धर्म पनि यहुदीसँग छुट्टिएर आफ्नै प्रचारमा लागेको थियो ।

तदमुल भनिने दैनिक जीवन र नियमको संकलित रूप तेस्रोदेखि चौथो शताव्दीको वीचमा सार्वजनिक गरियो । वेविलोन र प्यालेस्टाइनका यहुदीहरूले यो काम गरेका थिए । मिसना भनिने पुरानो भाग र गेमारा भनिने नयाँ भाग यसमा सामेल थिए । मिसना हिब्रू भाषामा थियो भने गेमारा पूर्वी यहुदीले वोल्ने अरामाइक भाषामा थियो । तदमुलको अर्को व्याख्या छैटौं शताव्दीमा गरिएको थियो । तदमुलको रचना अभिजात वर्गका यहुदीलाई ध्यानमा राखेर गरिएको थियो । यसमा यहुदी समाजका वर्गीय विरोध प्रतिविम्वित भएका छन् । तदमुलमा किसान र तल्लो तहका मानिसलाई हेला गरिएको छ । दासका विषयमा कुनै उल्लेख गरिएको थिएन किनभने दासहरू गैरयहुदी जनजातिका हुने गर्दथे । ईश्वी संवतको पहिलो शताव्दीदेखि तदमुल यहुदी समाजको पूरै जीवनको आधार वन्यो । यहुदीहरूको आफ्नो शासन कतै थिएन । समुदाय छरपष्ट भएको थियो । अन्य धर्म मान्नेहरूको वीचमा मिलेर यहुदीहरू रहनुपर्ने वाध्यता थियो । यस्तैमा समुदायका नेताहरूले आफ्नो नियन्त्रण कायम गरे । रव्वी भनिने यी नेताहरूले समाजमा आफ्नो कठिनाइ सुनाउने र धार्मिक व्याख्या गर्ने चलन थियो । अन्य धर्मसँग यहुदीहरूको फाटो अझै बढ्यो । गरिव यहुदीहरू सम्पन्न यहुदीहरूसँग निर्भर हुनुपर्ने स्थिति आयो । मध्ययुगको आरम्भमा यहुदीहरू पूर्वरोमन साम्राज्यका सबै प्रान्त र सीमामा बसेका थिए । स्पेन र जर्मनीमा पनि उनीहरूको संख्या ठूलो थियो । स्पेनमा बसेका यहुदीहरू मात्र नभएर अरव र अन्य मुलुकका बसेका यहुदीहरू व्यापार गर्ने गर्दथे । उनीहरू सम्पन्न हुँदै गएपछि आफ्नै समुदायभित्र उत्पीडन बढ्ने काम पनि हुन थाल्यो । विस्तारै उत्पीडनविरुद्ध स्वस्फूर्त लडाइँ सुरु

भयो । तदमुलको सत्तालाई उल्टचाएर मुसाको शुद्ध शिक्षामा फर्किनुपर्ने आन्दोलन सुरु भयो । कालासागरको खजारिया क्षेत्रबाट आठौं शताब्दीमा सुरु भएको यो आन्दोलन अन्य यहुदी वस्तीमा पनि फैलियो । आन्दोलनको नेतृत्व गर्ने कराइम समुदायका व्यक्तिहरू आज पनि लिथुआनिया र क्रिमिआमा रहने गरेका छन् । लामो समयसम्म उनीहरूले तदमुल मान्नेहरूलाई शत्रुतापूर्ण व्यवहार गरे । अरब र आसपासका मुलुकमा बसेका यहुदीहरू आर्थिक र सामाजिक रूपले पनि सम्पन्न बनेका थिए । अरब संस्कृतिको मुख्य केन्द्र उत्तरअफ्रिका र स्पेन थियो । मुसलमानजस्तै यहुदीमा पनि स्वतन्त्र चिन्तनले जन्म लिगो । त्यससँगै पुराना भएका बाइबल र तदमुलका धर्म सिद्धान्तलाई ज्ञान विज्ञानको स्तरअनुरूप ढाल्ने प्रयत्न पनि गरियो । रहस्यवाद र तर्कबुद्धिवाद दुईओटा दिशा त्यतिबेला देखापरेका थिए । यहुदी धर्मशास्त्रीहरूमा तर्कबुद्धिवादी मुसा वेन मेमन १२औं शताब्दीमा जन्मिएका मिश्रवासी थिए । उनले आफ्ना रचनाहरूमा विज्ञान र अन्य दर्शनलाई धर्मसँग जोडेका थिए । मुस्लिम विद्वान् मोतजलिअका विचारसँग नजिक उनी अरस्तुका अनुयायी थिए । बाइवललाई उनले रुचाएनन् । यहुदी धर्मका १३ मूलभूत सिद्धान्त प्रतिपादन गरे । यहुदी रब्बीहरू यो चिन्तनलाई खिल्ली उडाउन थाले । मेमनको मृत्युपछि उनको चिहानमा यो पापी मुसा वेन मेमनको चिहान हो भनेर लेख्ने कामसमेत गरियो । अन्य यहुदी धर्मशास्त्रीहरूले सुरु गरेको विरोध यति बढी प्रस्ट थिएन । त्यसमा अन्य धर्मका रहस्यवादी प्रभावहरू परेका थिए । नवप्लेटोपन्थको जगमा उभिएका इस्लामी रहस्यवादसहितका विचार स्पेनबाट सुरु भएका थिए । १३औं शताब्दीमा कवालावादी भनिने यो विचारधाराको पुस्तक जोगार सार्वजनिक भयो । समस्त विश्वलाई ईश्वरको रूप मान्दै ईश्वरलाई अनन्त भएको स्वीकार गरियो । मानिस नाम, नामको अक्षर र अक्षरको संख्याको अर्थको माध्यमबाट ईश्वर ज्ञानको नजिक पुग्छ भन्ने उनीहरूको मान्यता थियो । खराब वस्तु संसारमा केही पनि छैन र देखिएको खराब ईश्वरको बाहिरी रूप मात्रै हो भन्ने उनीहरूको विश्वास थियो । एक किसिमले सामाजिक अन्यायलाई उचित ठहऱ्याउने दर्शन पनि थियो यो । यिनीहरू आत्माको पुनर्जन्ममा विश्वास गर्दथे । र, पापबाट मुक्त नभएसम्म आत्माले जन्म लिइरहने विश्वास गर्दथे । दुष्ट प्रेतात्मा र छलकपटपूर्ण व्यवहारमा उनीहरू विश्वास गर्दथे ।

युरोपमा पुँजीवाद र बुर्जुवा संस्कृतिको उत्थान भएपछि यहुदीहरूको वैचारिक प्रवृत्ति फरक हुन थाल्यो । रहस्यवादी र तर्कबुद्धिवादी विचारहरू फेरि फैलिन थाले र रब्बीहरूले थोपरेका संकीर्ण विचारप्रति जनअसन्तोष पैदा भयो । रहस्यवादले हसिदवादको रूप धारण गऱ्यो । अहिदवादको अस्तित्व मध्ययुगमा पनि थियो । यसको संगठित रूप १८औं शताब्दीमा दक्षिण-पश्चिम रुसमा देखापऱ्यो । दयनीय यहुदीहरूले यसको सुरुआत गरेका थिए । रब्बीहरूको निर्देशन पालन गर्नुहुँदैन भन्ने भावना पैदा भयो । रब्बीको विरोध गरेपछि आन्दोलनमा रहेका धूर्तहरूबाट नयाँ पुरोहित खानदानको जन्म हुन थाल्यो । उनीहरू आस्तिकहरूलाई ठग्न थालेका थिए । रब्बी र हसिदवादीहरूको

संघर्ष पनि चल्यो । आधुनिककालमा चाहिँ यहुदीहरू तर्कबुद्धवादी आन्दोलनबाट प्रभावित भए । धार्मिक परम्परालाई नरम बनाउने यो अभियान १८औं शताब्दीमै जर्मनीमा सुरु भएको थियो । हस्काला आन्दोलन पछि बिस्तारै कट्टर यहुदीवादमा बदलियो र प्यालेस्टाइनमा राष्ट्रिय यहुदी राज्यको स्थापनातर्फ अघि बढ्यो । तर, यहुदीहरूको ठूलो संख्या रब्बी वा त्यस्तै बाठाहरूको अनुयायी बन्नुपर्ने अवस्था आयो । सिनेगागी समुदायमा तदमुलको प्रभाव पहिला जस्तै परिरह्यो । तदमुलमा यहुदीहरूले दैनिक जीवनमा गर्नुपर्ने कामको निर्देशन छ । त्यस्तै, धर्मभीरु यहदीहरूले गर्न नहुने काम पनि उल्लेख छ । यसमा निर्देशन र प्रतिवन्धको संख्या ६१३ छ । १६औं शताब्दीमा यसको एउटा संहिता बनाइएको थियो । आस्थावान् यहुदीहरूलाई यसका निर्देश निकै महत्त्वपूर्ण हुन्थे । तर, कतिपय नियम र निर्देशन आधुनिक जीवन र समाजसँग मेल खाँदैनथे । यसले गर्दा तदमुलका समर्थकहरू कट्टर र अव्यावहारिक हुन पुग्यो । रब्बीहरूको बोलवाला यति बढ्यो कि उनीहरू पैसा लिएर हरेक व्याख्यामा सम्पन्नहरूलाई साथ दिन थाले । धार्मिक अदालतको नियममा रब्बीहरूको हात माथि पर्न थल्यो ।

हरेक यहुदीको सारा जीवन धार्मिक अनुष्ठान र वर्जित वस्तु प्रयोग नगर्ने धारणाले बाँधिएको हुन्छ । भोजन, कपडा, दिसापिसाव, दिनचर्या, पूजा सबै विषयमा उनीहरूको जिम्मेवारी तोकिएको हुन्थ्यो । बालकलाई आठ दिनमा नै खतना गरिन्थ्यो । आज पनि यहुदीहरू आहारविहारसम्बन्धी विशेष नियम पालना गर्दछन् । यहुदीहरूलाई हलाल गरिएको मासु मात्र खाने अनुमति थियो । अन्य प्रकारका मासुलाई उनीहरू अशुद्ध मान्दछन् । पुरुषको पहिरन एउटै कपडाले बनाएको लामो र कम्मरभन्दा तल गोजी भएको हुनुपर्ने नियम थियो । सुतेको समयमा पनि शिर ढाक्नुपर्ने नियम थियो । कानको छेउमा कपाल पाल्ने र दाह्री नकाट्ने धार्मिक यहुदीहरूको विश्वास थियो । त्यस्तै, स्नानको विषयमा पनि पानी नबग्ने ठाउँमा मात्र महिलाले नुहाउन पाउने जस्ता कडा नियम लगाइएको थियो । विशेष पर्वको दिनमा काम गर्नु नहुने, खान नहुने, आगो बाल्न नहुने, पैसा छुन नहुने र कुनै वस्तु उचाल्न नहुने चलन थियो । यो पर्व निसान महिनाको १४ तारिखमा मनाइन्थ्यो ।

यहुदी समुदायको जीवनमा धर्मको प्रभाव निकै ठूलो थियो । बालकलाई आठ वर्षपछि सिनेगागका स्कुलमा पठाइन्थ्यो । धार्मिक शिक्षाअन्तर्गत बाइवल र तदमुल रट्न वाध्य पारिन्थ्यो । अध्यापक बन्नका लागि धार्मिक साहित्यको पण्डित हुन जरुरी थियो । यहुदीहरू वर्गीय उत्पीडनजस्तै स्त्री र पुरुषको असमानतालाई पनि स्वाभाविक मान्दथे । उनीहरूको समाजमा महिलाको भूमिका अहिले पनि निकै कम छ । महिलालाई अदालतमा साक्षी बस्ने, सडकमा टाउको खुला राखेर निस्कने जस्ता अधिकार थिएनन् । हरेक स्त्रीलाई तदमुलले श्रीमान्को दासी भनेको छ । हरेक आस्थावान् यहुदीले प्रत्येक दिन प्रार्थना गर्दै आफूलाई स्त्री नबनाइदिएकोमा ईश्वरलाई धन्यवाद दिने चलन थियो । १९औं शताब्दीको सुरुमा यहुदी धर्मलाई आधुनिकीकरण गर्ने र आधुनिक सामाजिक, आर्थिक एवम् सांस्कृतिक असङ्गतिहरू कम गर्ने प्रयास गरियो । तदमुलका निर्देशन र

बाइबलका कतिपय सन्दर्भलाई अस्वीकार गर्न थालियो। सिनेगागमा पूजापाठको आधुनिकीकरण गरियो। यसले गर्दा यहुदीहरूवीच उदारपन्थी र कट्टरपन्थी नेताहरूको संघर्ष चल्न थाल्यो। यहुदी राज्य इजरायलमा अन्यत्रभन्दा वढी रुढीवादी धर्म पुनर्जीवन हुने खतरा बढ्यो। अहिले पनि त्यहाँ बाइबल र तदमुल सिद्धान्तको बोलवाला छ र विद्यालयमा धार्मिक शिक्षा दिइन्छ।

***

अध्याय-२०

प्राचीन युनानीहरूको धर्म

प्राचीन युनानी धर्मका विषयमा होमरका महाकाव्यवाट हामीलाई धेरै जानकारी प्राप्त हुन्छ। त्यहाँ वर्णन भएका मन्दिर र मूर्तिहरूले धेरै कुरा वताए पनि त्यहाँवाट एकांगी जानकारी मात्र प्राप्त हुन्छ। प्राचीन युनानीहरूको धारणाविपरीत होमरको दृष्टिकोण देवताप्रति अनादरपूर्ण थियो। युनानी मूर्ति र वास्तुकला, देवमूर्ति र मन्दिर आदि सामग्रीलाई कलात्मक विकासको नमुनाको रूपमा लिन सकिन्छ। युनानीहरूको धार्मिक विश्वासभन्दा कलाको विकास निकै माथि थियो भन्ने कुराको प्रमाण पनि यो हो। फिडियस, स्कोपस र प्रेक्सिटेलिसले वनाएका मूर्तिहरू र मन्दिरहरूवाट त्यहाँको धार्मिक जीवनको निकै कम मात्र जानकारी पाइन्छ। युनानका पुराना आख्यान समृद्ध र प्रभावशाली मानिन्छन्। तर, धर्मलाई त्यसमा मात्र सीमित गर्नु मूर्खता हुन्छ। यो धर्मको आनुष्ठानिक पक्ष, सामाजिक पृष्ठभूमि, राजनीतिक महत्त्व र वर्गीय भूमिका पनि अध्ययन गर्नु जरुरी हुन्छ। अध्येताहरूवीच युनानी धर्मका विषयमा केही पूर्वाग्रही पनि पाइन्छ। युनानी धर्म रोमन धर्मसँग मिल्दोजुल्दो र दुवैले आफ्नो व्यापारी र अन्य सम्पर्कका कारण उस्तै देवता स्वीकार गरेको पाइन्छ। यसले गर्दा रोमन धर्मभन्दा यसमा फरक छैन, भाषाको मात्र अन्तर हो भन्ने भनाइ पनि छ। तर, धेरै अन्तर दुईओटा धर्मकावीच पाइएको छ।

युनानी धर्मको ऐतिहासिक मूल र प्राचीन रूप अझै अनुत्तरित छ। भारोपेली युगमा जोडिने तत्त्व त्यहाँ निकै कम पाइन्छ। केही देवताका नामहरू समान छन्। जियस र वैदिक द्यौ, रोमन जुपिटर र जर्मन टिउ, युरेनस र वैदिक वरुण यसका उदाहरण हुन्। २०औं शताब्दीको सुरुमा प्राचीन इजियन सभ्यताको खोजपछि युनानी धर्मको विषयमा फरक अध्ययन गर्नुपर्ने जरुरी देखियो। यो धर्ममा पूजाका वस्तुहरूमध्ये कुटोको स्थान निकै वढी छ। कुटोको संख्या निकै वढी भएको र त्यसले आत्मरक्षाका लागि हतियारको काम पनि गर्ने गरेको विवरण प्राप्त हुन्छ। साँढेको लडाइँको मूर्ति फेला पर्नुले साँढे जुधाउने खेलवाहेक त्यसको धार्मिक पक्ष पनि खुल्न

आउँछ । मानिस र गोरुको संयुक्त चित्र फेला पर्नुले त्यहाँका पुराना मिथकहरूको स्मरण गराउँछ । सर्पपूजाको प्रमाण सर्पका धेरै चित्र र सर्प समातेकी नारीको मूर्तिले दिने गर्दछ । सर्पमूर्तिका पुजारी महिलाहरूको चित्र यसरी बनाइने गरिन्थ्यो । पन्छी पूजा पनि त्यहाँ प्रचलित रहेको देख्न पाइन्छ । त्यसले गर्दा युनानका इजियन जातिहरू टोटेमवादको विकसित रूप मान्दथे भन्ने देखिन्छ । मानव आकृतिका स्त्री र पुरुष दुवै देवताको पूजा गर्ने चलन त्यहाँ थियो । युनानका देवताका नामहरू आर्टेमिस, हर्मिस, पोसिडन, हेरा, जियस, हेस्टिया आदि थिए । चक्रको चित्रले सूर्यपूजा या पूर्णिमाको चन्द्रपूजाको संकेत गरेको छ । ढुङ्गा र रूखको पनि उनीहरू पूजा गर्दथे । गुफालाई मृत्यु संस्कारका लागि पवित्र स्थल भन्दै प्रयोग गरिन्थ्यो । मानव निर्मित मन्दिर र पूजास्थल नभेटिनाले गुफा र खुला स्थानमा पूजा गर्ने चलन रहेको देखिन्छ । क्रिटो-माइसिनी संस्कृतिका निर्माताहरूको धर्मबारे हामीलाई निकै थोरै मात्र जानकारी छ । यतिको आधारमा मात्र तत्कालीन धर्मको स्वरूपको विश्लेषण गर्न जटिल हुन्छ । क्रिटो-माइसिनी संस्कृतिका संवाहक एकियान युनानीहरू थिए । तर, उनीहरूको युनानीहरूसँगको सम्बन्ध र अवस्था के थियो भन्न सक्ने स्थिति छैन । एकियनहरूपछि युनानी मूललाई आयोनी र डोरियन जनजातिले कब्जा जमाएका थिए । त्यसबेला माइसिनी संस्कृति विनाश भएको थियो । यसले गर्दा क्रिटो-माइसिनी धर्मलाई युनानी धर्मको प्रारम्भिक चरण मान्नु ठीक हुँदैन । क्लासिकल युगमा युनानीहरूको विश्वास र अनुष्ठानमा क्रिटो-माइसिनी धर्मका धेरै अवशेष फेला परेका छन् । युनानी धर्म अविभाज्य र जटिल छ जसका विभिन्न ऐतिहासिक मूल फेला परेका छन् । युनानी धर्मको इतिहास डेढ हजार वर्ष लामो छ र पहिलो सहस्राब्दी इसापूर्वको सुरुदेखि चौथो शताब्दीमा इसाई धर्मले विजय प्राप्त नगरेसम्म यो अस्तित्वमा थियो ।

प्राचीन युनानी धर्ममा आदिम टोटेमवादका निसाना देखिन्छन् । कमिला र सर्पका मिथकहरू, जिएससम्बन्धी मिथकहरू, हाँस, साँढे र सुनौलो वर्षाका मिथकहरू यसका उदाहरण हुन् । कुनै महिलाले टोटेमबाट गर्भधारण गरेको आदि विश्वासको रूप पनि त्यहाँको मिथकमा पाइन्छ । अपलोलाई भेडो, आर्टेमिसलाई हरिण, हर्मिजलाई भेडा र हेरालाई गाईसँग जोड्ने गरिन्थ्यो । विभिन्न जीवसँग सम्बन्धित वर्जित नियमहरू पनि समाजमा थिए । कतै-कतै कछुवा र कतै विशेष जातिका माछा मार्न प्रतिबन्धित थियो । सिकारसँग सम्बन्धित विश्वास र अनुष्ठानका अवशेष पनि फेला परेका छन् । दोस्रो सहस्राब्दी इसापूर्वमा पार्ती नगरमा आर्टेमिस लाफ्रियाको सम्मानमा पर्व मनाइन्थ्यो । पहिलो दिन १२ जरायोलाई रथ तान्न लगाएर पुजारी महिलाको शोभायात्रा निकालिन्थ्यो । दोस्रो दिन वन्य र घरेलु पन्छीको बलि दिइन्थ्यो । जीवित अवस्थामा नै उनीहरूलाई यज्ञकुण्डमा फ्याँकिन्थ्यो र सँगै जंगली कन्दमूल पनि यज्ञमा हालिन्थ्यो । सिकारी कविला समाजमा दिइने बलिभोज जस्तो त्यो आदिम रूप प्राचीन युनानको धर्मसँग सम्बन्धित धारणासँग मेल खाँदैनथ्यो । मौसमसम्बन्धी जादु-टुना र सिकारसँग जोडिएका विश्वास पनि समाजमा प्रचलित थिए । समयसँगै

विभिन्न अनुष्ठान फरक देवतासँग जोडिन थाले । तातो हावाबाट बच्न विभिन्न अनुष्ठानहरू गर्ने चलन थियो । त्यस्तै पानी पार्न पूजा गरिने छुट्टै देवता थियो । त्यस समयमा पानी तताएर आकाशमा पठाइन्थ्यो जुन वाफ बनेर फेरि पानीको रूपमा पृथ्वीमा फर्किन्छ भन्ने विश्वास थियो । त्यस्ता अनुष्ठानमा जादु-टुनाको पनि प्रभाव थियो । जादु-टुना हेकेट नामक देवीसँग जोडिन्थ्यो । त्यस्तै, लोकचिकित्सा पद्धतिमा पनि झारफुक र पूजापाठको विशेष चलन थियो । वैज्ञानिक चिकित्सापद्धतिको सुरुआत भएपछि पनि यो प्रथा कायमै थियो । एक्लोपिएस र उसको छोरो मेकाओन मात्र नभएर अन्य आधा दर्जनभन्दा बढी देवी-देवताको पूजा गरेर रोग निको पारिन्थ्यो । पुरुषहरूद्वारा विभिन्न अनुष्ठान गरिन्थ्यो र त्यसको तयारीका लागि गोप्य समाज तय गरिएको हुन्थ्यो । कतै-कतै समानान्तर रूपमा स्त्री अनुष्ठान पनि गरिएको पाइन्छ । परम्परागत जातीय खेल ओलिम्पियन, नेमियन, इस्थमियन र पायथिइन खेल त्यतिबेला पुरुष संघका गतिविधिका उपज थिए । त्यस्तै, स्त्रीले मात्र गर्ने अनुष्ठान र पुरुषले मात्र गर्ने अनुष्ठानहरू छुट्टाछुट्टै थिए ।

प्राचीन युनानीहरूको अन्त्येष्टि संस्कार र त्यसमा जोडिएका मान्यताहरू खोतल्दै जाँदा निकै पुरानो समाजमा पुग्न सकिन्छ । क्रिटो-माइसिनीकालदेखि चल्दै आएका यस्ता परम्परा केही समय मान्न छोडिएको थियो । आयोनिहरूको प्रभावले शवदाह प्रथा सुरु भएको थियो । तर, बिस्तारै यो प्रथा छोडियो र आयोनीहरूले नै लासलाई गाड्न थाले । चिताको आगो आकाशमा पुगेको कथाले लास जलाउने चलन रहेको संकेत दिन्छ । तर, त्योभन्दा बढी भूमिमा गाड्ने चलन नै व्यापक रहेको देखिन्छ । मृतकको आत्मा अथवा छायाले आनन्दहीन जीवन व्यतीत गर्छ भन्ने उनीहरूको विश्वास थियो । सबैको आत्माको नियति उस्तै हुने र मृत्युपछि आत्मा अन्धकार जगत्मा प्रवेश गर्ने उनीहरू बताउँथे । उनीहरू मरणोपरान्त दण्डको धारणामा पनि विश्वास गर्दथे । देवताले खराब व्यक्तिलाई विभिन्न कष्ट दिने गरेको उनीहरूको मान्यता थियो । मृतकलाई राम्रोसँग गाडिएन भने उसको आत्माले सुख नपाउने विश्वास थियो । यसले गर्दा युनानीहरू मृतकप्रति आफ्नो कर्तव्य पूरा गर्न विशेष ध्यान दिने गर्दथे । तर, पेलोपोलिसियन युद्धको अन्तिम वर्ष एथेनीलाई सेनानायकले मृत्युदण्ड दिएको बेला उसको शरीरको अन्त्येष्टि गरिँदैन । युनानीहरू मृतकलाई पनि भोजन चाहिन्छ भन्ने विश्वास गर्दथे । यस्तो विश्वास दोस्रो शताब्दीसम्म पाइन्थ्यो । आत्मा बाहिर निस्किएर राखिदिएका वस्तु खाने विश्वास रहेको ल्युकेनियसले उल्लेख गरेका छन् । मृतक पूजा जस्तो गोत्रीय विश्वासको अंग उनीहरूले पालन गरेका थिए । पितृसत्तात्मक गोत्र व्यवस्थाको अवशेष रहुन्जेल यो प्रथा कायम रह्यो । युनानीहरू घरको आगोलाई पवित्र देवी हेस्टिया मानेर पूजा गर्दथे र आगोलाई स्त्रीको रूप मानिन्थ्यो । यसलाई मातृसत्तात्मक व्यवस्थाको अवशेषका रूपमा हेरिन्छ । अभिजात गोत्रको उत्थानले गोत्र व्यवस्था विघटन भयो । त्यसपछि धर्मको नयाँ र फरक रूप सुरु भयो ।

अभिजात वर्गले वीर पूजा गर्दथे । उत्तरकालीन घटना र देवताहरूमा विश्वास कम भएपछि यो चलन सुरु गरिएको मानिन्छ । समाधिमा प्राप्त विवरणअनुसार वीरलाई हिरोस भनिन्थ्यो । सुरुमा वीरहरू विभिन्न गोत्रका संरक्षक थिए । अभिजातहरूको छुट्टै गोत्र बनाइएपछि उनीहरूले आदि पुरुष पूजाको विशेष वस्तु निर्माण गरे । कुलीनहरूका पूर्वजलाई निकै सम्मान गरियो । हेराक्लिजलाई चाहिँ पूरै युनानमा ऐतिहासिक व्यक्ति मानेर सम्मान गरिन्थ्यो र अर्कोतिर हेराक्लिजलाई सूर्य देवता पनि मानिन्थ्यो । स्पार्टाका दुवै राजवंश यही गोत्रका थिए । आख्यानहरूमा वर्णित हेराक्लिड लडाइँमा अग्रगामी थिए र उनीहरू हेराक्लिजकै गोत्रका थिए भन्ने विश्वास थियो । यसपछि हेराक्लिजको नाम पूरै युनानमा फैलियो र आकाशमा पुग्न सक्ने शक्तिशाली देवताको रूपमा उसले स्थान पायो । गोत्र व्यवस्था विघटनपछि क्षेत्रीय समुदायको निर्माणक्रम सुरु भयो । युनानी धर्मको केन्द्रबिन्दु सामुदायिक संरक्षक देवता र वीरहरूको पूजातिर मोडियो । यस्ता स्थानीय विश्वासमा कतै-कतै अत्यन्त पुराना विश्वास पनि पाइन्छ । देवक पूजा, पहाड, ढुङ्गा, नदी आदिको पूजा पाइन्छ । ठाउँ अनुसार र जातिअनुसार यो पूजाको चलनचाहिँ फरक-फरक थियो । डेल्पी जाति एउटा विशेष ढुंगा पूजा गर्दथे । सधैं घ्यूले ढुङ्गालाई नुहाएर पूजा गर्ने चलन थियो । विशेष पर्वमा त्यो ढुङ्गालाई नयाँ ऊनको कपडाले ढाकिन्थ्यो । यस्तो स्थानीय देवी-देवताको पूजाको चलन फरक-फरक किसिमले गर्ने गरिन्थ्यो । उर्वरता र पशुपालनको संरक्षक देवताको पनि पूजा गरिन्थ्यो । कृषिसम्बन्धी अनुष्ठानहरू पनि थिए । कृषिको संरक्षक देवीको पूजा गर्ने चलन थियो । राम्रो फल पाउनका लागि जादु-टुना पनि गरिन्थ्यो । त्यस्तै, भूमिको उर्वरता चोरी हुन्छ भन्दै समाधिको रक्षा गर्ने चलन पनि थियो । तर, युनानका पुजित देवी-देवताहरू कृषि र पशुपालनका संरक्षक थिए । युनानीहरूका यी विश्वास र अनुष्ठानहरू प्रारम्भिक रूपका अवशेष थिए । सामुदायिक गोत्रात्मक व्यवस्थाको समयमा यस्तो चलन थियो । राज्यको संरक्षक देवताको पूजा पनि विशेष रूपले गरिन्थ्यो । सवै नागरिकलाई अनिवार्य उपस्थित गराएर अनुष्ठान सम्पन्न गरिन्थ्यो । देवताका मिथकहरूमा व्यंग्य गरिन्थ्यो । कुनै धर्म सिद्धान्त नभएकाले नगर देवतावाहेक सबैलाई शंका र व्यंग्य गरिन्थ्यो । धर्मका आलोचकहरूलाई कठोर दण्ड दिइन्थ्यो । सुकरातलाई इसापूर्व ३९९ मा दिइएको मृत्युदण्डमा सारा सहरले पूजा गर्ने देवतालाई पूजा नगरेर नयाँ देवता ल्याएकाले मृत्युदण्ड दिइएको भनिएको छ । नगर राज्यका संरक्षक देवता किसिम-किसिमका थिए । स्थानीय देवता र वीर पनि त्यसमा सामेल थिए । जस्तो कि एथेन्सको उपनगर फेलेरममा फेलेरस वीरलाई पूजा गरिन्थ्यो । किंवदन्तीअनुसार उसले विभिन्न अभियानमा भाग लिएको थियो । सिंगो एथेन्सको संरक्षक थेसियसलाई मानिन्थ्यो । केही सहरमा सबै युनानीले पुज्ने देवतालाई नै संरक्षक देवता बनाइएको थियो । युनानीहरू स्थानीय देवतालाई पुरानो सम्बन्ध जोडेर या सोझै व्याख्या गरेर राष्ट्रिय देवतासँग जोड्ने गर्दथे । स्थानीय देवताको नामलाई राष्ट्रिय देवताको विशेषण बनाइन्थ्यो ।

थिब्ज नजिक रहने इस्मेनस नदीको प्राचीन देवता इस्मेनियन अपोलोमा परिवर्तित भएको मानिन्छ । प्टोअस पर्वतको देवता र विओसियाई समुदायको संरक्षक अपोलो वनेको थियो । साझा देवताले बाहिरी शत्रुविरुद्ध युनानीको रक्षा गर्ने र नगर देवताले समुदाय झगडा र नगर-नगरवीचको झगडामा सहयोग गर्ने विश्वास गरिन्थ्यो । समाजमा रहेको राजनीतिक विभाजनको प्रतिविम्वस्वरूप स्थानीय संरक्षक देवताको र वीरपूजाको प्रथा फैलिएको देख्न सकिन्छ । त्यस्तै, ठूला देवताले स-साना राज्यहरूको एकीकरणको प्रतिविम्व प्रदर्शन गरेको मान्न सकिन्छ । यसको सुरुआत निकै पहिला भएको थियो । माइसिनी राज्यको समयमा नै यस्तो भएको मानिन्छ । युनानी राष्ट्रिय देवमण्डलको निर्माणमा वीर काव्य र कविहरूको पनि उल्लेखनीय भूमिका रह्यो । उनीहरूले मान्ने र ओलिम्प पर्वतमा बस्ने ठूलो देवताको उत्पत्तिसम्वन्धी प्रश्न निकै जटिल छ । उसको विम्वमा लामो समय खर्च भएको कतिपय ओलिम्पियन देवता क्रिटो-माइसिनी कालदेखि नै एकियनहरूको माध्यमवाट आएका थिए । उदाहरणका लागि हेरालाई युनानी देवको प्रमुख र जियसकी पत्नी मानिन्छ । गाईको रूपमा चित्रण गरिएको माइसिनी संरक्षिका पनि यही हो । पोसिडन, पेलोपोनेससको प्राचीन समुद्री देवता थियो । माछा मार्ने जातिले उसलाई विशेष पूजा गर्ने गर्दथे । आयोनी र डोरियनहरूले उसलाई पनि आफ्नो देवताको रूपमा स्वीकार गरेर उसको मन्दिर वनाए, जहाँवाट सैनिक संघको सञ्चालन हुन्थ्यो । त्यस्तै, पोसिडन घोडाको देवता पनि मान्न थालियो । र, स्थानीय देवी-देवताको सट्टा उसको पूजा गर्न थालियो । स्थानीय देवता र वीरहरूलाई उसले च्यूत गर्दै आफ्नो पूजा गराउन सफल भयो । कतिपय स्थानीय देवताकै अर्को रूप पोसिडन भएको विश्वास गर्न थालियो । उसका मन्दिरहरू पनि निकै बढ्न थाले । यथिना नगरमा प्राचीन देवी स्वामिनीको अस्तित्व देखापर्छ । एथेन्सको नामवाट एथिना नाम उनको नाम राखिएको थियो । उनको अर्को नाम पल्लास पनि थियो । त्यस्तै, पोलिआडा अथवा नगर रक्षा गर्ने भनेर पनि उनलाई चिनाइन्थ्यो । यस समयमा युनानमा सवैभन्दा वढी पूजा उसकै गरिन्थ्यो । एथिनाका ७३ ओटाभन्दा वढी मन्दिर र पूजास्थल फेला परेका छन् । यसमा अलग ढङ्गले स्थापित मूर्ति र देविकाहरू सामेल छैनन् । एथिनाको मन्दिर नगरको छेउमा वनाइन्थ्यो । उनी योद्धा भएकाले शस्त्र अस्त्रसहित उनलाई चित्रित गर्ने गरिन्थ्यो । त्यस्तै, उनका विषयका केही विम्बहरूमा टोटेमी लक्षणहरू पनि पाइने गरेका छन् । आर्टेमिस पनि सर्वाधिक पुजित देवी थिइन् । युनानमा उनका ८० ओटा मन्दिर थिए । जुन सवैंभन्दा वढी हो । मूलतः एउटा स्थानीय देवतालाई आर्टेमिसको रूपमा दिइएको थियो । लघुएसियामा उर्वताकी देवीको रूपमा थालिएको उनको पूजा पूरै युनानमा प्रसारित भयो । तर, फरक मतका अनुसार आर्टेमिसको पूजा लघुएसियामा युनानवाटै गएको थियो । अपोलोको विम्वचाहिँ केही जटिल छ । युनानी पुराण कथाहरू र धर्ममा उसलाई प्रमुख देवता मानिएको छ । आर्टेमिस र अपोलोका विम्वहरू एक अर्कामा जोडिएका छन् । पुराणकथामा यिनीहरूलाई भाइवहिनी लेतो

र जियसका सन्तान भनिएको छ । केही व्यक्तिले आर्टेमिस जस्तै अर्काडियावासीलाई पनि देवताकै स्वरूप र संरक्षक मान्दथे । क्लासिकल युगमा अपोलो देशको सबैभन्दा लोकप्रिय देवता बन्यो । उसलाई युनानीहरू राष्ट्रिय भावनाको प्रतीक मान्दथे । उसलाई विज्ञान, कला, भविष्य कथन आदिको संरक्षक देवताका रूपमा मान्ने गरिन्थ्यो । उसको चित्र हातमा सङ्गतिको बाजा बोकिरहेको अवस्थाको कल्पना गरिन्थ्यो । सबै प्रकारको प्रदूषणबाट शुद्धि, प्रकाश र सही सन्तुलित विश्वको कल्पना आदि प्राप्त हुने विश्वास गरिन्थ्यो । पछिचाहिँ अपोलोलाई सूर्यसँग सम्बन्धित मानियो । त्यस्तै, चिकित्साको देवता एस्कुलेपियसलाई मान्न थालियो । सुरुमा एउटा स्थानीय देवता र एपिडारसको संरक्षकको रूपमा मानिएको उसलाई युनानको लोकप्रिय र जनप्रिय देवता मानियो । दोस्रो शताब्दीमा उसका ३८ ओटा मन्दिर निर्माण भएका थिए । त्यस्तै, अर्काडिया राज्यमा पुजिने स्थानीय देवता पान पनि चर्चित देवता थिए । प्रसिद्ध युनानी देवी एफ्रोडाइटी पूर्वी मूलकी थिइन् । माइसिनी युगमा उनको पूजा नगरिए पनि पछि उनको पूजा गर्न थालियो । उनको अर्को नाम साइप्रिस भएकाले साइप्रस टापुमा उनको पूजा गरिएको देखाउँछ । उनलाई पनि उर्वरताकी देवी, प्रेमकी देवी, स्त्रीकी आदर्श आदि मान्ने गरिन्थ्यो । पुराणकथामा कामदेवता इरोसकी आमाको रूपमा उनलाई व्याख्या गरिएको छ । होमरको युगमा नै थ्रेसियनहरूले अपनाएका एरिज नामक देवता युनानीहरूले युद्धदेवताका रूपमा स्वीकार गरेका थिए ।

यी देवताहरूको एउटा विशेष समूह हुन्थ्यो । जसका विम्बहरू सांस्कृतिक जीवन र वातावरणका विशेषसँग सम्बन्धित हुन्थे । कतिपय देवतामा स्थानीय देवी-देवताको लक्षण पनि हुन्थ्यो । यसको देवतामा एउटा हेफिस्टस थियो । आगो र फलामको शिल्पको रूपमा उसलाई मानिन्थ्यो । सुरुमा लेम्नोस टापुमा उसलाई स्थानीय देवता मानिन्थ्यो । युनानमा पनि राम्रोसँग उसको पूजा भएन तर पुराणकथाहरूमा राम्रैसँग उल्लेख गरिन्थ्यो । त्यस्तै, हेस्टिया पनि अग्निकै एउटा रूप थियो तर यसलाई गृहअग्नि देवी मानिन्थ्यो । हर्मिजका रूपमा पत्थरका ढुङ्गा र स्तम्भलाई पूजा गर्ने गरिन्थ्यो । उसलाई बाटो र यात्रीको संरक्षक मान्ने गरिन्थ्यो । पुराणकथाहरूमा उसलाई देवताको दूत र आत्मालाई बाटो देखाउने देवता मानिन्थ्यो । हर्मिजमा अनेक स्थानीय देवी-देवताका विम्बहरू एकाकार भएको पाइन्छ । ओलिम्प पर्वतमा रहने सबै देवतामा जियसलाई ठूलो मानिन्थ्यो । स्थानीय देवी-देवताको लक्षण उसमा पाइन्थ्यो । उसका बारे किसिम-किसिमका मिथक बनाइएका थिए । पूजाका लागि पनि विभिन्न केन्द्रहरू तोकिएका थिए । क्रिट टापुमा जन्मिएका मिथक, गुफासँग सम्बद्ध स्थानीय उपासनाको मिथक आदि उससँग जोडिन्थ्यो । कतै-कतै उसलाई वर्षा र उर्वरताको देवता मानिन्थ्यो भने कतै स्थानीय पशुपालक र कृषकको देवता पनि । केही युनानी देवताको उत्पत्ति प्राचीनकालमा भए पनि उनीहरू धर्ममा गएर जोडिनलाई निकै समय लाग्यो । कृषिको देवता देमितर, कोरी र डायोनिससलाई यसको उदाहरणको रूपमा लिइन्छ । होमरको महाकाव्यमा यिनीहरूको उल्लेख

सामान्य रूपमा भएको छ । त्यस समयमा जीवनको मुख्य आधार पशुपालन नै रहेका कारण कृषिको प्रचुर प्रचार नभइसकेको देखिन्छ । युनानी देवमण्डलमा इसापूर्व सातौं शताब्दीमा नै प्रवेश पाएको देवता डायोनिसस हो । उसलाई थ्रेसियन-फ्रिजियन मूलको र अंगुर एवम् सराब उत्पादनको देवता मानिन्छ । वीरपूजाको चलनदेखि उसलाई सर्वैतिर पूजा गर्न थालियो । त्यस्तै, युनानी देवतामध्ये उर्वरताकी देवी देमितर र अन्नका प्रतिरूप उसकी छोरी पर्सीफोनी शुद्ध युनानी देवतामा पर्दछन् । एलुसिस केन्द्रमा अनुष्ठान गरिने भएकाले उनीहरू अन्यत्र पनि लोकप्रिय भएका हुन् । अधोलोकको देवता हेडिज र हेकेटलाई पूजा नगरे पनि तन्त्रमन्त्रमा महत्त्वपूर्ण स्थान प्राप्त थियो ।

युनानी धर्ममा पहिलो पुस्ताका ठूला देवतालाई विशेष स्थान प्राप्त थियो । क्रोनोस, रिआ र टाइटन यस्तामध्ये थिए । जियसले आफ्ना पिता क्रोनोसलाई सत्ताच्यूत गरेर टाइनमाथि विजय पाएको मिथकले देवताको परिवर्तन प्रतिविम्बित गर्दछ । बाहिरबाट आएको युनानी समुदाय जियसको पूजक थियो । उनीहरू नयाँ देवतालाई पूजा गर्थे, जसले मूल निवासीको पेलास्जिहरूको देवता क्रोनोसलाई पृष्ठभूमिमा धकेलेको थियो । त्यस्तै, क्रिटले रियालाई पनि पृष्ठभूमिमा धकेलेको पाइन्छ । क्रोनोसलाई स्थानच्यूत गरेपछि जिएसले उसका केही लक्षण आफूमा समाहित गरेको पाइन्छ । केही युनानी देवताहरू अमूर्त धारणाका प्रतिरूप छन् र तिनीहरूका विम्व पनि प्रस्ट छैनन् । यसमध्ये एउटा प्लुटस हो । यसको अर्थ धर्मसमृद्धि भए पनि उसमाथिको विम्व अनौठो छ । धनको र समृद्धिको साकार रूप मानिए पनि जमिनमुनि अन्न गाडेर राख्ने चलन भएकाले उसलाई विस्तारै जमिन मुनिको देवता र पाताल देवता भन्ने थालियो । त्यसपछि हेडिजमा गएर बिलायो । नेमेसिसलाई प्रतिशोधकी देवी, थेमिसलाई न्यायकी देवी, मोयरालाई नियतिकी देवी र नायिकीलाई विजयकी देवी मानिए पनि उनीहरूको विम्व अमूर्त किसिमका थिए । उनीहरूलाई कृत्रिम देवतासमेत मान्न सकिन्छ । नियतिको शासन मानिससम्म मात्र नभएर ईश्वरमा पनि लागू हुने युनानीहरूको विश्वास थियो । होमरका काव्यमा पनि पुराना दुःखान्त घटनाहरूले यो विचारको प्रतिनिधित्व गरेका छन् । तर, नियतिको कल्पनाचाहिँ लोकविश्वासमा नभएर जातीय, पौराणिक अड्कल र पुरानो मान्यताअनुसार गरिन्थ्यो ।

युनानी पुराणकथाका अध्ययन निकै जटिल लाग्छन् । सबै पुराणकथा धर्मसँग सम्वन्धित छैनन् र सबैलाई मिथक पनि भन्न मिल्दैन । ऐतिहासिक आख्यान, जनश्रुति, परिकथा, साहित्यिक कथा र पौराणिक कथाका नयाँ प्रस्तुति सबै पुराणकथामा पर्छन् । वास्तविक मिथकमा सबैभन्दा पहिला टोटेमी मिथकलाई लिन सकिन्छ । मानिसको रूपान्तरण जीव, वनस्पति र जड वस्तुमा हुने विषयका धेरै कथाहरू पाइन्छन् । रोमन कवि ओविडको काव्यकृति मेटोमार्फोसेजमा यस्ता धेरै कथा उल्लेख भएका छन् । यीमध्ये कतिपयमा धार्मिक विचार प्रतिविम्वित भएका छन् । कतिपय साहित्यिक र

सांस्कृतिक मात्र पनि छन् । प्राकृतिक परिघटनामा मानवत्वरोपणलाई पनि युनानी पुराणकथाहरूको प्राचीन विशेषता मानिन्छ । प्राकृतिक मिथकीय लक्षण सामान्यतया देवता र अर्ध देवताका जटिल विम्वका अंग वन्ने गरेका छन् । जियसको विम्वमा वादल र पोषिडनको विम्वमा समुद्रलाई मानवीकरण गरिएका लक्षण छन् । पुराणकथाहरूमा आकाश अर्थात् युरेनस, पृथ्वी अर्थात् गे, सूर्य अर्थात् हेलियोस, चन्द्रमा अर्थात् सेलेनाका मानव रूपमा कल्पना पनि गरिएका छन् । तर, धर्ममा तिनीहरूको भूमिका छैन । धार्मिक जीवनमा नदी, पहाड, रूख आदिलाई मिथक बनाएर त्यसको साकार रूप दिइएको छ । अर्थात् मान्छेको रूपमा यस्ता प्राकृतिक वस्तुलाई पनि गनिएको छ । लोकेनिया समुदायका आदिवासीहरूले आफ्नो राजा लेलेक्सले छोरा युरोटसलाई समुद्रमा डुब्न वाध्य पारेको र त्यहीवाट युरोटस नामको नदी निस्किएको मिथक छ । लेलेक्सले आफ्नो उत्तराधिकारी लेसिडिमनलाई बनाए जसका पिता जियस र माथा टायगेटी थिए । युरोटसले आफ्नी छोरी स्पार्टाको विवाह लेसिडिमनसँग गरिदिए । यो मिथकमा भौगोलिक नाम मनुष्यको रूपमा समुद्र र प्राकृतिक वस्तुहरू दिइएको छ । यस्ता अनेकौं मिथकहरू पाइएका छन् ।

युनानीहरूको लोकविश्वासमा विश्व उत्पत्तिको मिथकले खासै स्थान राखेको छैन । हेसियडले आफ्नो काव्यमा यस्तो मिथकको छाप छोडे पनि त्यसमा कृत्रिमता र अमूर्तता देखिन्छ । सृष्टिको रचनासम्वन्धी माओरी जातिको मिथकलाई पुरोहितको माध्यमवाट त्यहाँ आएको सम्झना त्यो काव्यले दिलाउँछ । दैवी सिर्जनाको त्यसमा कुनै संकेत छैन । आद्यगर्तवाट पृथ्वी, अन्धकार, रात्रि, प्रकाश, वायुमण्डल, दिन, आकाश, समुद्र र अन्य प्राकृतिक वस्तुको उत्पत्ति भएको त्यहाँ उल्लेख छ । आकाश देवता र त्यसपछि ओलम्पियन देवताको उत्पत्ति भएको अमूर्त विम्व उल्लेख गरिएको छ । त्यसवाहेक अन्य सृष्टिका कतिपय विषय, समाज, जनजीवन, जातीय र स्थानीय देवता एवम् तिनीहरूको भूमिका त्यस्ता विम्वमा जोडिँदै आएका छन् । युनानी समाजका पुराना कथा मानव उत्पत्तिको विषयमा पनि लगभग मौन नै छन् । एउटा मिथकअनुसार मानिसको रचना टाइटन प्रोमेथिएसले गरेको थियो । सामान्यतया युनानी पुराणकथामा देवता मानिसको निर्माता पनि होइन र पृथ्वीको निर्माता पनि होइन । तर, युनानीहरूले सांस्कृतिक नायकलाई महत्त्वपूर्ण स्थान दिएका थिए । यस्ता नायकमा देवता र अर्धदेवताहरू सवै सामेल थिए । देवी एथिनालाई जैतुनको उत्पादन र स्त्रीहरूको हाते शिल्पको जन्मदाता मानिन्थ्यो । देमितरलाई फसलको देवता र डायोनिससलाई अंगुर खेती तथा सरावको देवता मानिन्थ्यो । हर्मिजलाई नापतौलको देवता तथा अंक र लिपिको आविष्कार मानिन्थ्यो । अपोलोलाई साहित्य र कथाको देवता मानिन्थ्यो । अर्धदेवताको रूपमा केही सांस्कृतिक नायकको नाम पनि लिन सकिन्छ । यिनीहरूमध्ये अर्काडियाको पेलेसगस र उनका छोरा लाइकेओने, एल्युसिसको ट्रिप्टोलेमसलाई लिन सकिन्छ । उनीहरूले मानिसलाई विभिन्न कला र शिल्प सिकाएको विश्वास थियो । त्यस्तै, पशुपालन, खेती, धातु कर्म, गणना, लेखन

आदिसँग सम्बन्धित दर्जनौं नायकहरू थिए जसलाई अर्धदेवताको रूपमा मानिन्थ्यो। उनीहरूमध्ये धेरैले समाजलाई विभिन्न वस्तु सिकाएको, आफ्नो प्रतिभाद्वारा समाजको उद्धार गरेको आदि विश्वास थियो। दुष्ट देवताबाट सांस्कृतिक नायकले समाजलाई रक्षा गरेका अनेकौं विम्व र मिथकहरू समाजमा प्रचलित थिए। कतिपय मिथकहरू धर्मसँग जोडिएका थिएनन् भने कतिपय मिथकहरू धर्मसँगै जोडिएका थिए। एथिना र अपोलोजस्ता देवतासँगै प्रोमेथिएस जस्ता स्वर्गबाट आगो चोरेर ल्याउने नायक पनि जोडिएर आउँथे। बुद्धि, प्रतिभा, शक्ति र पराक्रमका धनी यस्ता नायकहरूलाई समाजमा आदर्श र मानवीय गुणले युक्त मानिन्थ्यो। तर, यस्ता मिथकहरूमा कतै-कतै धर्मविरोधी रूप पनि पाइन्छ। जस्तो प्रोमेथिएसले स्वर्गबाट ईश्वरले मात्र प्रयोग गरिरहेको आगोलाई धर्तीमा ल्याएको सन्दर्भ ईश्वर समर्थक नभएर ईश्वरविरोधी र मानवको हितको कदम मान्नुपर्ने हुन्छ। कार्ल मार्क्सले समेत प्रोमेथिएसको दर्शनलाई र स्वयम् प्रोमेथिएसलाई बलिदानी र उदात्त पात्र मानेका छन्। सांस्कृतिक नायक जस्तै मिल्दाजुल्दा र उही कोटीमा अर्धमिथकीय र अर्थ ऐतिहासिक व्यक्तिको उल्लेख पनि पाइन्छ। विधि निर्माता र नगरका संस्थापकलाई यो रूपमा हेर्न सकिन्छ। त्यस्तै, महान् कलाकार, कवि र गायकहरूलाई पनि उनीहरूले यही रूपमा सम्मान गर्ने गर्दथे। एथेन्स नगरराज्यको स्थापना गर्ने व्यक्ति, विधि निर्माता, थिब्ज नगरको संस्थापक आदिलाई अर्धदैवी व्यक्तिको रूपमा हेरिन्थ्यो। उनीहरूमा धार्मिक शक्ति पनि भएको विश्वासका साथ स्थानीय देवताजस्तै पूजा गरिन्थ्यो। अहिलेको राजनीतिक, सामाजिक व्यवस्थाको श्रेय अर्धदैवीशक्तिलाई दिएर मानिसले मात्र व्यवस्था निर्माण गरेको होइन भन्ने उनीहरूको चेतना पनि यसबाट विश्लेषण गर्न सकिन्छ। केही मिथकहरूमा समाजबाट हराउँदै गएका रूप र प्राचीन कथाको धमिलो याद सुरक्षित रूपमा पाइन्छ। जस्तो कि ओरिस्टिजको मिथकमा उसले आफ्नो पिता अगामेमननको हत्या गरेको बदलामा आमाकै हत्या गरिदिन्छ। धेरै पुराणकथामा यस्तै मातृसत्ताको स्थानमा पितृसत्ताको आगमनको ऐतिहासिक प्रक्रिया पाइन्छ। त्यससँगै प्राचीन समयमा मानव बलिको चलन रहेको पनि प्रमाण पाइन्छ। शुद्ध धार्मिक पुराणकथाहरू चाहिँ अनुष्ठानसँग जोडिएका छन्। अनुष्ठानहरूमा त्यस्ता मिथक जोडिएका विषयलाई शुद्ध धार्मिक मिथक भन्न सकिन्छ। तर, जे होस् युनानी पुराणकथाहरूमध्ये धेरै चाहिँ विभिन्न देश र जातिबाट लिइएका थिए। प्रलय विषयको मिथक बेविलोनीहरूबाट लिइएको थियो भने पूर्वबाट आएका विभिन्न देवतासम्बन्धी मिथकहरू पनि त्यति नै अस्तित्वमा थिए।

युनानीहरूको समृद्ध काव्य र पुराणकथाबीच थोरै मात्र भेद पाइन्छ। आर्गोनाटोको यात्रा, ट्रायको युद्ध, ओडिससको नियति र थिब्जका राजाहरूको कथा मिथक मात्र थिएन, तिनीहरूमा मिथकीय विषय र पात्र मिले पनि यी ऐतिहासिक घटना थिए। युनानी पुराणकथाहरूमा परीकथाको महत्त्व पनि कम छैन। मिथकभन्दा यिनीहरू पनि फरक देखिँदैनन्। विभिन्न किसिमका काल्पनिक प्राणी र दानवबीचको मिथक रहेको कथा

पूजा र अनुष्ठानसँग जोडिएका थिए । कलात्मक साहित्य र दर्शनका मिथकहरू पनि समाजमा थिए । साहित्यकार र दार्शनिकहरू आफ्नै विषयका विम्व सुनाउन वाध्य हुन्थे । महिला र पुरुषको अन्तर र यौनसम्पर्कको चलन उत्पत्ति भएको सन्दर्भ पनि एउटा मिथकमा थियो । जसलाई प्लेटोले आफैं रचना गरेको मानिन्छ । विभिन्न जटिलता र विविधता भए पनि युनानी पुराणकथाहरूको साझा विशेषता गहन मानववाद र कलात्मकता हो । उनीहरूका मूर्ति र चित्रमा पनि मानवीय रूप पाइन्छ । सबै देवतामा मानिससँग मिल्ने अंग र व्यवहार हुन्थ्यो भन्ने उनीहरूको सोच थियो । देवता अमर छ, त्यंसैले मात्र मानिसभन्दा फरक छ भन्ने विश्वास थियो । सर्वश्रेष्ठ मानिस र देवतावीच अमरता मात्र अन्तर रहेको उनीहरूको विश्वास थियो । युनानी मिथकका आज पाइएका रूपहरू त्यो समयमा चर्चामा रहेका रूप मात्र होइनन् त्यसमा कवि र दार्शनिकहरूले गरेका संशोधन या उनीहरूका आफ्नै रचना पनि सामेल छन्। उनीहरूले जनतावीच चलेका मिथकको मिल्दोजुल्दो रूप आफ्ना कृतिमा उल्लेख गरेका थिए । युनानी मिथकहरूले कला र साहित्यका विकासमा गम्भीर प्रभाव पारेका छन्। ती मिथकहरूले युनानमा मात्र नभएर अन्यत्र पनि प्रभाव पार्ने गरेको देखिन्छ ।

युनानीहरूको कर्मकाण्ड सरल नै थियो । जीव बलिसमेत दिएर देवतालाई भेटी चढाउने उनीहरूको कर्मकाण्डको ठूलो रूप थियो । आगोलाई रक्सी चढाउनु, देवतालाई अन्न, फल, घ्यू आदिको भोग लगाउनु, अत्यन्त महँगो किसिमले जनावरलाई बलि दिनुजस्ता प्रथा उनीहरूले अपनाएका थिए । ठूला अनुष्ठानहरूमा सयौंको संख्यामा वलि दिने गरिन्थ्यो । नरवलिको प्रथा भएको सबै विद्वान्ले स्वीकार गरेका छैनन् । तर, यसको संकेत निकै दह्रोसँग पाइएको छ । देवताअनुसार उसलाई मनपर्ने जनावर पनि फरक-फरक छानेर वलि दिइन्थ्यो । त्यस्तै, वीर नायकहरूलाई चढाएको भेटी जलाइन्थ्यो भने मृतकलाई चढाएको भेटी जमिनमा गाडिन्थ्यो । कतै-कतै बलि दिएका जनावरको मासु खाने चलन पनि थियो । कर्मकाण्डमा वेदिकामा फूल चढाउनु, मूर्तिहरूलाई नुहाउनु, शोभायात्रा निकाल्नु, मन्त्र पाठ गर्नु र धार्मिक नृत्य गर्नुजस्ता क्रियाकलाप पनि गरिन्थ्यो । हरेक प्रदेशको आ-आफ्नो कर्मकाण्ड विधि हुने गर्दथ्यो । सार्वजनिक अनुष्ठानलाई राजकीय महत्त्व दिइएको थियो । नगर र समुदायको संरक्षक देवताको पूजा राज्यका उच्चाधिकारीहरूको रेखदेखमा गम्भीरताका साथ गरिन्थ्यो । सार्वजनिक अनुष्ठानवाहेक निजी, घरेलु र सामुदायिक पूजा पनि हुने गर्दथे र यी सामान्य ढङ्गले सञ्चालन गरिन्थे । युनानमा पुरोहितहरू दैनिक पूजा गर्ने र मन्दिरको रेखादेख गर्ने काम गर्दथे । उनीहरू ज्योतिषी, भविष्यवक्ता र वैद्यको काम पनि गर्दथे । वंशाणुगत नभए पनि कुलीन र सम्पन्न परिवारका मानिसले नै पुरोहितको काम गर्दथे । त्यस्तै, कतिपय ठाउँमा पुरोहितको चुनाव पनि गर्ने गरिन्थ्यो । पुरोहितहरू विभिन्न नियम र प्रक्रिया पुऱ्याएको एवम् शारीरिक दोषमुक्त हुनु आवश्यक थियो । व्रह्मचर्य पालन गर्नुपर्ने नियम कतै-कतै राखिएकाले वालकलाई पुरोहित वनाइन्थ्यो । त्यस्तै, वालिकाहरूलाई पनि पुरोहित वनाइने चलन थियो । मन्दिरअनुसार वृद्ध

महिलालाई पनि पुरोहितमा राख्न सकिन्थ्यो। युनानी राज्यमा पुरोहितको दबदबा त्यति साह्रो थिएन। सरकारी अधिकारीले अनुष्ठानको नीति तय गर्ने भएकाले पुरोहितको भूमिका कम थियो उनीहरूको घुलमिल राज्य सञ्चालनभन्दा जनतासँग बढी थियो। मन्दिरहरूमा आफ्नै सम्पत्ति र दास हुने गर्दथे। राज्यले समेत वहुमूल्य धातु र वस्तु राख्नुपऱ्यो भने मन्दिरमा लगेर राख्ने चलन थियो। सुरक्षित र पवित्र स्थलको रूपमा मन्दिरलाई हेर्ने चलन थियो। चौथो शताब्दी इसापूर्वमा डेल्फीको एउटा मन्दिरमा १० हजार टेलेन्ट सुनचाँदी थियो। त्यहाँको गणनाअनुसार ५८ पाउन्डको एक टेलेन्ट हुन्थ्यो। पुरोहितहरूले मन्दिरको सम्पत्तिलाई व्यवसाय र व्याजमा पनि लगाउने गर्दथे। त्यस्तै, वैंकको रूपमा काम गर्ने प्राचीन संस्था मन्दिर वनेको थियो। युनानमा केन्द्रीकृत धर्म र राज्य व्यवस्था दुवै देख्न पाइँदैन। स्थानीय नगरीय र सामुदायिक विश्वास तथा अनुष्ठान, राजनीतिक खिचातानीका प्रतिविम्ब थिए। त्यही पनि उनीहरूको सामूहिक धार्मिक केन्द्र र देवमण्डल निर्माण भएको थियो। डेल्फीको अपोलोमन्दिर, ओलम्पियाको जियस मन्दिर, एलुसिसको देमितर मन्दिर, एपिटासरको एस्कलेपियस मन्दिर आदि आसपासका सवैका पवित्र तीर्थस्थल थिए। पुरोहितहरूले आफूसम्वद्ध मन्दिरहरूमा भक्तहरूको संख्या वढाउन भरपुर प्रयास पनि गर्ने गर्दथे। तर, शक्ति हुँदाहुँदै पनि डेल्फी मन्दिरले पाँचौं शताब्दी इसापूर्वमा इरानीहरूको हमला र त्यस्तै अन्य राष्ट्रिय संकटको समयमा आफ्नो सभ्यता वचाउने र जनता जगाउने काम गरेन। तर, त्यसविपरीत ओलम्पियाको जियस मन्दिरले युनानी खेलको आयोजनासँगै राष्ट्रिय एकीकरणमा सकारात्मक भूमिका निर्वाह गऱ्यो। चार वर्षमा एक पटक खेलिने ओलम्पियाको खेलले विभिन्न क्षेत्रका युनानीहरूबीच एकता र भाइचाराको सहयोगीको काम गरेको थियो।

छैटौं शताब्दी इसापूर्वदेखि युनानमा अर्धसाम्प्रदायिक धार्मिक प्रवृत्ति देखापऱ्यो। आर्फिज्म भनिने यो प्रवृत्ति मिथकीय कवि आफ्रियसको विश्वासलाई मुख्य विचार मान्दथ्यो। सिसिली र एट्टिका राज्यमा यो विचारको प्रभाव थियो। उनीहरूका आफ्नै धर्मग्रन्थ पनि थियो। विश्व उत्पत्तिको धारणा रहस्यवादी किसिमको थियो। सृष्टिको आरम्भकाल स्थिर रहेको र त्यसवेला आदिगर्त, वायु र काममात्र अस्तित्वमा रहेको उनीहरूको मिथक थियो। मर्ने र पुनर्जीवित हुने डायोनिसस देवतालाई उनीहरू महत्त्वपूर्ण मान्दथे। मानव उत्पत्तिको विषयमा उनीहरूको छुट्टै मिथक थियो। जसअनुसार जियसले टाइटन जलाएपछि वचेको खरानीले मानिस उत्पन्न भएको उनीहरू मान्ने गर्दथे। तर, आफ्रियनहरूको यो विचार र अभियान आर्थिक परिवर्तन तथा वर्ग संघर्षको फलस्वरूप उत्पन्न भएको मानिन्छ। अफ्रियनहरूसँग मिल्दोजुल्दो पाइथागोरसी सम्प्रदाय पनि त्यही आधारमा फैलिएको मानिन्छ। इसापूर्व छैटौं शताब्दीमा यो विचार युनानमा फैलिएको थियो। पाइथागोरेसीहरूले धार्मिक सम्प्रदायभन्दा फरक दार्शनिक र राजनीतिक विचार वोकेका थिए। रहस्यवाद, पुनर्जन्म र सूर्य तथा अग्निपूजा उनीहरूको धर्म थियो। यी दुई विचारको आगमनले

युनानको राजनीतिक, सांस्कृतिक र धार्मिक जीवनमा प्रभाव परेको देखिन्छ । त्यस्तै, कतिपय देवताहरूको स्थान पनि तलमाथि भएको देखिन्छ । एल्युसिनियन विचार पैदा भएर मरणोपरान्त आनन्दमय जीवन बिताउने विश्वास गर्ने समुदायको पनि त्यहाँ जन्म भएको थियो । युनानीहरू मरेपछि अन्धकारमय लोकमा जाने विश्वासले निरासाको भावना प्रतिविम्बित गर्दथ्यो । त्यसविरुद्ध आशा सञ्चारका लागि एल्युसिनियन मतले काम गरेको थियो ।

हेलेनिस्टिन र रोमनकालनमा युनानी धर्ममा ठूलो परिवर्तन आयो । युनानमा विदेशी र मिश्रित विश्वास तथा अनुष्ठानको प्रचारप्रसार हुन थाल्यो । कतिपय पूर्वी देवी-देवतालाई युनानी रङमा ढालियो । मिश्री, रोमन र अन्य देवताहरू युनानीहरूका साझा देवता बने । युनानबाट अन्य सभ्यताले विज्ञान, कला, साहित्य र भाषा सिक्यो भने युनानीहरूले अन्य सभ्यताबाट विभिन्न देवताको पूजा गर्ने चलन सिके । पतनउन्मुखता सहितको त्यस युगमा रहस्यवादतिरको झुकाव भएको पूर्वी धर्मको विशेषता युनानमा पनि देखापऱ्यो । पूर्वी धर्मको प्रभावस्वरूप हेलेनिस्टिक राजाहरूको दैवीकरणमा पर्न थाल्यो । राजाको उपासनासम्म चाहिँ गरिएन तर सिकन्दरको उपासनाको प्रयासलाई खिल्ली उडाउन थालियो । स्पार्टावासीले सिकन्दरलाई व्यंग्य गर्दै विभिन्न चुड्किला सुनाउने गर्दथे । तर, युगको हावाअनुसार युनानलाई स्वतन्त्र गराउने डेमिट्रियस पोलियोर्सेटिजलाई पनि देवताजस्तै सम्मान दिन थालियो । उसलाई पूर्वी राज्यहरूमा देवताको समकालीन भएको घोषणा गरियो । प्राचीन युनानको कला, साहित्य र दर्शनमा पुराणकथा र धर्मको गम्भीर प्रभाव छ । साहित्य र कलामा धार्मिक, पौराणिक विषयवस्तु प्रशस्त थिए नै, दर्शनको क्षेत्रमा पनि यस्ता विषय देखा परे । आयोनी दार्शनिकहरू पुराणकथाबाट बढी प्रभावित थिए । पछि, सुकरात र प्लेटोले पनि आफ्ना संकल्पमा व्याख्या गर्न र समाजलाई बुझाउन पौराणिक विम्बको सहारा लिने गरेका थिए । दर्शनमा धर्मको प्रभाव बढ्दै गएपछि नवप्लेटोवाद र नवपाइथागोरस मार्ग धार्मिक र दार्शनिक विचारका रूपमा अघि आए । स्वतन्त्र चिन्तनको जन्मभूमि पनि युनानलाई नै मान्न सकिन्छ ।

होमरका रचनाहरूमा देवतासँग सम्बन्धित मिथकप्रति स्वतन्त्र चिन्तनात्मक रवैया देखिन्छ । होमरले धार्मिक मान्यताप्रति दोहोरो विचार राखेका थिए । उनका काव्यका पात्रहरू देवतामा विश्वास गर्दथे । उनले देवताप्रति अत्यन्त आदर गरेका पात्रहरू निर्माण गरेका थिए । तर, अर्कोतिर देवता र उनीहरूको कामको विषयमा होमरले आफैं चाहिँ निकै कम मात्र बोलेका थिए । देवताहरूको चरित्रलाई उनले व्यंग्य गरेका छन् र नियत नै खराब भएको संकेत गरेका छन् । उनी आफैं कतिपय वासिन्दाप्रति पूर्वाग्रही छन् भने देवताहरू शक्तिहीन भएको उल्लेख गरेका छन् । हेफिस्टसले आफ्नी श्रीमती एफ्रोडाइटी र उसको प्रेमी एरिजलाई रंगेहात समातेको र जालमा बाँधेको उल्लेख गरेका छन् । उनले ईश्वरहरू त्यो देखेर हाँसून् भनेर जालमा बाँधेको लेखेका छन् । त्यसबाट पनि उनी धर्मभीरु थिएनन् भन्ने देखाइन्छ ।

आस्तिक युनानीहरू होमरलाई निरीश्वरवादी मान्ने गर्दथे । प्लेटोले आफ्नो आदर्श राज्यमा होमरका कृति अनैतिक भएको भन्दै पढ्न प्रतिबन्ध लगाएका थिए । यतिसम्म कि होमरको विरोधमा प्लेटोले कविहरूलाई देश निकाला गर्नुपर्ने धारणा राखेका थिए । यसबाट इसापूर्व नवौं शताब्दीतिर नै देवताहरू र उनीहरूका मिथकप्रति आलोचनात्मक जनधारणा पैदा भएको प्रमाणित हुन्छ । त्यस्तै, युरिपिडिजले त देवताहरूको अस्तित्व नै इन्कार गरेका थिए । ट्रेजेडी नामक उनको कृति देवता छ कि छैन भनेर एउटा पात्र आकाशमा गएको त्यहाँ उल्लेख छ । उसले त्यहाँ कसैलाई नभेटेपछि देवता गफ मात्र भएको र धर्तीका असत्य र अत्याचारलाई चिर्न कोही पनि नआउने निष्कर्षमा नायक पुगेको पुस्तकमा उल्लेख छ । कतिपय दार्शनिक चिन्तनहरूले धर्मलाई निषेध गरेका थिए । आयोनी दार्शनिकहरूले विश्वको आधार र आरम्भ जल, वायु र अग्निजस्ता गतिमान पदार्थबाट भएको विचार राखेका थिए । यो सम्प्रदायका दार्शनिकहरूले देवताहरू मानव आकारका हुने विषयलाई व्यंग्य गरेका थिए । उनीहरू ईश्वरमा विश्वास गरे पनि भौतिकवादी सिद्धान्तका नजिक देखिन्थे । अनेक्सागोरसले सूर्य देवता नभएर जल्दै गरेको विशाल पिण्ड भएको विचार राख्दा उनी एथेन्सबाट निकालिएका थिए र उनका रचना जलाइएको थियो । सोफिस्टहरूले मानिस नै सबै वस्तुको मापदण्ड हो भन्ने दृष्टिकोण राखेपछि धार्मिक भावनामा ठेस पुगेको थियो । अरस्तुको विचारले पनि धर्मलाई चोट पुऱ्याएको थियो । हेलेनिस्टिनकालमा एपिक्युरियन सम्प्रदायले क्लासिकल भौतिकवादको परम्परा जारी राख्दै त्यसलाई परिस्कृत रूप दिए । देवताको अस्तित्व स्वीकार गरे पनि उसलाई पृथ्वीबाट बाहिर निकालियो । मानिसको काममा देवताले रोक्न पनि र सघाउन पनि नसक्ने विचार सार्वजनिक गरियो । दोस्रो शताब्दीका व्यंग्यकार लुसियनले देवतामाथि ठूलो व्यंग्य गरेका छन् । उनका रचनाहरूमा देवताहरूलाई निकै नराम्रोसँग उडाइएको छ । तै पनि युनानी धर्मको अस्तित्व रोमन साम्राज्यमा इसाई धर्मको विजयसम्म कायम रहेको देखिन्छ ।

***

अध्याय-२१

प्राचीन रोमनको धर्म

प्राचीन रोमन धर्म मौलिक र मानवजातिको इतिहासमा महत्त्वपूर्ण भएका कारण अध्ययनमा पनि निकै रोचक देखिन्छ । युनानी धर्मसँग कतिपय समानता भए पनि रोमन धर्मको आफ्नै विशिष्ट स्वरूप कायम थियो । रोमन धर्मको अध्ययनका लागि स्मारक, शिलालेख र लेखकहरूका रचनाको भर पर्नुपर्ने हुन्छ । त्यसबाहेक प्रारम्भिक कालका इसाईहरूले पनि आफ्ना रचनामा रोमन सभ्यताको केही सन्दर्भ उल्लेख गरेका छन् ।

रोमन धर्मको ऐतिहासिक विकासको अध्ययन युनानीहरूको भन्दा निकै सजिलो छ । साना सहरको विकास हुँदै विशाल रोमन साम्राज्यसम्म कसरी धर्म अघि बढ्दै गयो भन्ने प्रस्ट चित्र देखिन्छ । तर, परिवर्तनसँगै अन्तिम समयसम्म त्यसमा प्राचीन लक्षणहरू पनि कायम थिए । गोत्रीय धर्म र गोत्र तथा जनजातिका प्रेतात्माहरूको पूजा गर्ने प्राचीन चलन रोमनमा पनि थियो । रोमनहरू आत्मा र मृतकका छायालाई परिवार र गोत्रका संरक्षक मान्दथे । यसलाई मानिज भन्ने गरिन्थ्यो । विभिन्न ठाउँमा मानिज शब्दको प्रयोग भएको पाइन्छ । मानिजलाई पेनातसँग मिल्दोजुल्दो र दुवैलाई एउटै चिज पनि मान्ने गरिन्थ्यो । पेनात सुरुमा घरको अन्नभण्डारको प्रतिरूप थियो र उसलाई विस्तारै संरक्षक देवता बनाइयो । यी दुवै सोचसँग मिल्दोजुल्दो कल्पना लार थियो जसको अर्थ केही ठूलो थियो । सबै तरहका संरक्षक प्रेतात्मालाई लार भन्ने गरिन्थ्यो । परिवारको संरक्षक प्रेतात्मावाहेक बाटोको संरक्षक, दोबाटोको संरक्षक, सेनाको संरक्षक आदि संरक्षक प्रेतात्मा मान्ने गरिन्थ्यो । पारिवारिक संरक्षकको पूजा निजी अर्थात् कुलको जिम्मामा पर्दथ्यो । आफ्नो प्रमुखको निर्देशनमा पूर्वज र संरक्षकहरूको पूजा गरिन्थ्यो । त्यस्तै, गोत्रपूजामा आराध्य गोत्र र आदि पूर्वजलाई पूजा गर्ने गरिन्थ्यो । क्लाडियाहरू क्लाउसको, सेसिलियाहरू सेकुलसको र जुलियसहरू जुलियसको पूजा गर्ने गर्दथे । गोत्र विलय हुँदै गएपछि यो रूप पनि फेरिँदै गयो । गोत्रीय देवताले समस्त राज्यको स्तर पाउन थाल्यो । कतिपय रोमन देवताहरूचाहिँ

पारिवारिक देवता भएको प्रमाण पाइएका छैनन् । कतिपय देवताको चलन गेममा बाहिरबाट आएको थियो । वाहिरवाट आएका जातिहरूले त्यसलाई आफूसँगै लिएर आएका थिए । पछि, राज्यस्तरको पूजा गर्न थालिए पनि सुरुमा उनीहरूले पारिवारिक देवताको रूपमा नै मान्ने गरेका थिए । रोमनका पारिवारिक र गोत्रीय विश्वास निकै पछिसम्म रहे । इसाई धर्मले पूरै विजय प्राप्त गरेपछि मात्रै त्यसको उन्मूलन भयो । रोमको अन्तिम सम्राट् थियोडोसियसले प्रकृतिपूजक विरुद्ध सन् ३९२ मा आदेश जारी गरेपछि बल्ल रोमन समाजमा त्यस्तो पूजाको प्रथा हरायो ।

रोमनहरूको पारिवारिक र गोत्रीय विश्वास प्राचीनकालदेखि चल्दै आएको अग्निपूजासँग सम्वन्धित छ । पेनातलाई घरको अग्निको संरक्षक मानिन्थ्यो । समुदायको जन्म भएपछि यसले राजकीय रूप धारण गरेको थियो । समुदायको मन्दिरमा सधैं प्रज्ज्वलित अग्निदेवी वेस्तालाई मानियो । जसलाई युनानको हेस्टियाको स्थान प्राप्त थियो । दुवैलाई स्त्री सत्तात्मक अवशेषका रूपमा मान्न सकिन्छ । वेस्ताको मूर्ति नवनाए पनि मन्दिरमा जलिरहेको दियोलाई उसको रूप मानिन्थ्यो । रोमन धर्ममा टोटेमवादका चिह्न अन्य जातिमा भन्दा निकै कम पाइन्छन् । केपिटोलाइन पहाडमा भेडो पूजा गर्ने र उनीहरूसँग सम्वन्धित मिथकले टोटेम विश्वासको संकेत दिन्छ । एस्ट्रसंकन जातिको यो मिथक र अन्य केही टोटेमका अवशेषवाहेक रोमन समाजमा टोटेमवाद निकै कम पाइन्छ ।

रोमनहरू पूर्वजको समानमा विभिन्न अनुष्ठान कडाइका साथ गर्ने गर्थे । तर, मरेपछिको आत्माको नियतिबारे उनीहरूको धारण प्रस्ट थिएन । मृत्युसम्वन्धी धारणामा उनीहरू युनानका हेडिज जातिजस्तै अधोलोकमा विश्वास गर्दथे । तर, मृतकको छाया यथार्थ आत्माले शरीरसँग सम्वन्ध राखिरहने विश्वास पनि उनीहरूमा थियो । वाटोको छेउमा समाधि वनाउने र शिलालेख लेख्ने चलन थियो । मृतकले जीवितहरूसँग सम्वन्ध वनाइरहने उनीहरूको विश्वास भएकाले विभिन्न खाद्यपदार्थ भेटी चढाइन्थ्यो । लावारिस मृत्युपछि चाहिँ दुष्टात्मा पैदा हुने विश्वासमा त्यसवाट छुटकारा पाउन अनुष्ठान गरिन्थ्यो । रोमनहरू कृषि र पशुपालनका विभिन्न अनुष्ठान पहिलादेखि नै गर्दथे । नगर र गाउँवीच धेरै अन्तर नभएकाले लगभग सवैतिर उही शैलीले अनुष्ठान गरिन्थ्यो कृषिसम्बन्धी विश्वास अनुष्ठानको महत्त्वपूर्ण स्थान थियो । त्यहाँको देवमण्डलमा कृषि र पशुपालनका देवता नै वढी थियो पछि युद्धदेवता मानिएको मार्समा कृषि र पशुको देवता थियो । उसको नामवाट नै मार्च महिना नाम रहन गयो त्यो महिनामा उसको अनुष्ठान गरिन्थ्यो । त्यस्तै, विनस देवी पछि प्रेम र सौन्दर्यको देवी भए पनि सुरुमा अंगुर खेतीकी देवी मानिन्थ्यो । यस्ता दर्जनौं देवी-देवताहरू सुरुमा भन्दा पछि भूमिकाको आधारमा परिवर्तन भएका थिए । पर्व र उत्सव पनि कृषि र पशुपालनसँग सम्वन्धित नै थिए । विभिन्न संरक्षक देवताहरूका फरक-फरक महिनामा पूजा गर्ने र अनुष्ठान गर्ने चलन थियो । उनीहरूको देवमण्डलको जटिलता त्यहाँका जनजातिहरू अन्य धेरै जातिका विश्वासका परिणाम थियो । त्यहाँ

देवमण्डलमा धेरै र जटिल देवता धेरै विचार भएका जातीय समुदायको प्रमाण पनि हुन्। रोमन समुदाय ल्याटिन, सेबाइन, एट्रुस्कन र अन्य विभिन्न जातिले बनेको थियो। पुरानो युगमा रोमनहरूले देवताहरूलाई स्थानीय परम्परागत र विदेशी गरी दुई भागमा बाडेका थिए। पहिलो वर्गमा पनि विभिन्न जनजातिका देवताहरू पर्थे। धेरै स्थानीय देवता इतालवी समूहका थिए। रोमको पेलेटाइन पहाडमा मार्स देवताको पूजास्थल थियो। यसले त्यहाँका सेवाइन जातिको प्राचीनताको प्रमाण दिन्छ। यो मूलका प्राचीन देवतालाई मार्स मानिएको अनुमान गर्न सकिन्छ।

धेरै प्राचीन रोम देवताहरू फरक किसिमका पनि थिए। तिनीहरू कुनै समुदायका संरक्षक नहुन पनि सक्दथ्ये। मानवीय गतिविधिका संरक्षक त्यस्ता देवता साना देवता थिए र केही कालसम्म अस्तित्वमा थिए भन्ने अगस्टिनका रचनामा पनि पाइन्छ। मानिस जन्मेको समयदेखि नै कुनै न कुनै देवताको संरक्षणमा पर्ने उनीहरूको विश्वास थियो। मानिसको धर्तीमा आएपछिको पहिलो रुवाइको संरक्षक देवता वेटिकेनुस मानिन्थ्यो। त्यस्तै, बच्चालाई खानपिन सिकाउने देवीहरू अर्कै थिए। बच्चा हिँड्न थालेपछि घरबाट निकाल्ने देवी र फेरि घर ल्याउने देवी फरक-फरक थिए। शारीरिक विकासका लागि हडड्ी बढाउने देवता ओस्सीपेगो थियो भने करङ बढ्न सहयोग गर्ने देवता अर्कै थियो। विद्याको देवता आइतरदुकाले बालकलाई संधैं विद्यालय लैजान्थ्यो, दोमिदुकाले घर फर्काउँथ्यो। घरमा पनि ती देवताले रक्षा गर्दथे।

सांस्कृतिक उन्नति र नयाँ पेसा सुरु भएपछि नयाँ देवता पनि देखा परे। तामाको सिक्का चलनमा आएपछि एस्कोलेनस तामादेवता अस्तित्वमा आयो। सन् २६९मा चाँदीको सिक्का चलनमा आएपछि अर्जेटिनस देवता देखापऱ्यो। पहिलोको अर्थ तामाको काम गर्ने र दोस्रोको अर्थ चाँदीको काम गर्ने भन्ने हुन्थ्यो। हरेक रोमन पुरुषको संरक्षक प्रेतात्मा जिनियस र महिलाको जुनो हुन्थ्यो। उनीहरूले बच्चा जन्माउन सहयोग गर्थे। सुरुमा जिनियसलाई गोत्र संरक्षक मात्र मानिथ्यो। जिनियसहरू विभिन्न किसिमका हुने गर्दथ्यो। रोमनहरूले मान्ने ठूला देवाताका उत्पत्ति अनौठो ढङ्गले भएका थिए। जनजातिका देवता र संरक्षकवाहेक अमूर्त सामाजिक र राजनीतिक जीवनका कल्पनाका साकार रूप पनि थिए। शान्ति, आशा, पराक्रम, न्याय, सौभाग्य आदिलाई पनि देवताकै श्रेणीमा राखिन्थ्यो। मिथक कथा र व्यक्तिमूलक विम्बहरू पनि निकै कम थिए। तैपनि तिनीहरूको सम्मानमा वलि दिने र मन्दिर बनाउने चलनचाहिँ रोममा थियो नै। उनीहरूको मिथकमा कल्पनाको अभाव थियो र देवतालाई मानव आकार कतैवते मात्र दिइएको थियो। धेरैजसो देवता महिला र पुरुष के हुन् भन्ने छुट्टिएका थिएनन्। उनीहरू दुवै लिंगका हुन् भन्ने सोच राखिन्थ्यो। लाइवर-लाइवेरा, फाउनस-फाउना, पोमोनस-पोमोना आदि देवता र देवी दुवैलाई मानिन्थ्यो। साझा रूपमा देवी-देवता भनेर पनि पूजा गरिन्थ्यो। प्राचीनकालमा मुख्य देवता जुपिटर आकाशको सार रूप थियो। आकाश पिता र संस्कृतको द्यौ पितृ

उही रूप थिए । यो जटिल विम्बले अहिले पनि विद्वान्हरूबीच बहस सिर्जना गराइरहेको छ । आकाश देवता जुपिटरलाई मेघको देवता, अंगुरको देवता आदि पनि मान्न थालियो । पछि, युनानी देवता जियसलाई जस्तै उसलाई पनि आतिथ्य, नैतिकता र पारिवारिक जीवनको संरक्षक देवता मानियो । यसरी रोममा धेरै जुपिटरहरू रहेको र जातिअनुसार तथा कालअनुसार पनि फरक-फरक ढङ्गले मान्ने गरिएको प्रमाण पाइन्छ । त्यस्तै, मार्स देवताको विम्ब पनि जटिल छ । सेवाइन जातिको जनजाति देवता र कृषि संरक्षक मानिने मार्सलाई पछि युद्धदेवता मानियो । युद्ध गरेर भूमि जित्नुपर्ने हुनाले यो परिवर्तन भएको हो मान्न सकिन्छ । पछि, युनानी देवता एरिजको समकक्षीका रूपमा उसलाई मान्न थालियो । उत्पत्ति जे भए पनि बिस्तारै रोमन साम्राज्यभरि यस्ता ठूला देवतालाई साझा देवता मानियो । जुपिटर, मार्स र क्विरिनस तीन देवतालाई राज्य निर्माणका तीनओटा जातिको प्रतिनिधित्व गर्ने देवता मानिन्थ्यो । पछि, यी त्रिमूर्ति फेरिएर जुपिटर, जुनो र मिनर्वालाई मान्न थालियो । पछि, युनानीहरूको ओलम्पियन देवमण्डल जस्तै रोमन देवमण्डल बनाइयो र इसापूर्व दोस्रो शताब्दीमा १२ ओटा मुख्य देवता मान्ने गरिएको कवि एन्नियसले उल्लेख गरेका छन् । उनका अनुसार जुनो, वेस्ता, मिनर्वा, सेरेरा, डियाना, विनस, मार्स, मर्करी, जुपिटर, नेप्चुन, वोल्केनस र अपोलो मुख्य देवता थिए । इसाको पहिलो शताब्दीमा यसमा आठओटा अन्य देवता जेनस, सेटर्न, जिनियस, सूर्य, ओर्कस, लाइवेरपेटर, पृथ्वी र चन्द्रमा थपिए । प्राचीन रोमन धर्मका अध्येताहरूले त्यहाँका देवताहरूलाई काल र उत्पत्ति स्थानअनुसार पनि विभिन्न भागमा बाँडेका छन् । अलौकिक शक्तिबाहेक अमूर्त अलौकिक शक्तिका प्राचीन संकल्पहरूलाई पनि देवताको रूपमा उनीहरूले राखेका छन् । राजामा देवत्त्व रहेको जस्ता कल्पना उनीहरूले स्वीकार गर्न थालेको पाइन्छ ।

रोमन देवताको विम्ब नीरस र शुष्क भए पनि युनानी देवताको विम्ब जीवन्त देखिन्छ । रोमनहरूको कर्मकाण्ड पनि बढी शुष्क नै पांइन्छ । यिनीहरूका सबै कर्मकाण्ड कठोर र निश्चित हुने गर्दथे । कर्मकाण्डको नियममा अलिकति पनि तल माथि गर्नुहुँदैनथ्यो । मन्त्र उच्चारण र अनुष्ठान तरिका पनि निकै कडा थिए । जस्तो कि पृथ्वीको मन्त्र उच्चारण गर्दा हातले माटो छुनुपर्थ्यो भने जुपिटरको उच्चारण गर्दा आकाशतिर हात उठाउनुपर्थ्यो । आफ्नो नाम आउँदाखेरि छातीमा हात राख्नुपर्थ्यो । अनुष्ठानमा यसो नगरिए प्रार्थना काम नलाग्ने विश्वास थियो । बलि थोरै दिए पनि धेरै देखाउनका लागि लसुनका पोटी पनि बलिमा चढाइन्थ्यो । रोमन सामाजिक जीवनमा भविष्य कथन र शुभ/अशुभको चलन पनि थियो । युद्ध अभियान, शान्ति, निर्माण आदि सबैलाई देवताको निर्देशन मानिन्थ्यो । आकाशको बिजुली, पन्छीको उडान, कुखुराले चारो खाने तरिका आदिले शुभ/अशुभ थाहा हुने विश्वास थियो । एट्रुस्कनहरूले लघुएसियाबाट यो विद्या मेसोपोटामिया र रोमनमा ल्याएका थिए । गणतन्त्र कालमा पनि उनीहरूलाई शुभ/अशुभ भन्न लगाइन्थ्यो । तर, राजकीय स्तरमा जादुको खासै अर्थ थिएन । सुरुमा रोमनहरू मूर्तिपूजक थिएनन् । देवताका

विभिन्न प्रतीक राख्ने गरिए पनि मूर्ति पूजाको चलन थिएन । मृतकको मूर्ति बनाउने चलनचाहिँ रोमनहरूले निकै पहिला सिकेका थिए । तर, पछि देवताको मूर्तिको चलन पनि सुरु भएको थियो । रोमको सबैभन्दा पुरानो र मुख्य मन्दिरचाहिँ जुपिटरको केपिटोलिनम मन्दिर थियो । युनानीहरूको नक्कल गर्दै रोमनहरूले पछि धेरै मन्दिर बनाउन थाले । तर, त्यसको कला उनीहरूको मौलिक थिएन । पुरोहितहरूको अलग श्रेणी र भूमिका खासै देखिँदैन । तर, प्राचीनकालदेखि नै निर्वाचन या अन्य तरिकाले पुरोहित छान्ने चलन रहेको देखिन्छ । पात्रो बनाउने, उत्सवको मिति तोक्ने, अनुष्ठानको मुर्हूत निकाल्ने, घटनाहरूको अभिलेख राख्ने आदि काम पुरोहितहरूलाई दिइन्थ्यो । नाप, तौल प्रणाली र इन्जिनियरको काम पनि उनीहरूले नै गर्ने गर्दथे । युद्धमा सन्देश वाहकको भूमिका या आधुनिक कालका राजदूतको भूमिका पनि उनीहरू नै निर्वाह गर्दथे । सम्झौता गर्ने र युद्ध गर्ने अधिकार पनि उनीहरूमा थियो । कालअनुसार पुरोहितहरूको संख्या र तह धेरै पटक घटबड भएको देखिन्छ । त्यस्तै, बलि दिने र विशेष पूजा गर्ने चलन पनि पुरोहितको नै थियो । तर, गणतन्त्रकालमा उनीहरूको महत्त्व घटेको थियो । महिला पुजारीको अस्तित्व र देवीहरूको मन्दिरमा उनीहरूको उपयोग निकै वढी हुने गर्दथ्यो । ब्रह्मचारिणी महिलाहरूको समूहलाई देवीहरूको मन्दिरमा कडाइका साथ पुरोहितको जिम्मेवारी दिइन्थ्यो । कतै-कतै पुरोहित हुनु अभिशापको विषय पनि थियो । एरिसिया नगरमा डियानाको मन्दिरमा रहने पुजारीले तरवार लिएर नांगै रूखमुनि वस्नुपर्थ्यो । नयाँ पुजारी समाजले पठाएपछि पुरानो पुजारीलाई मार्नुपर्ने चलन भएकाले उसले रातभरि नसुती जंगलमा वस्नुपर्ने चलन चलेको थियो ।

अन्य समाजमा जस्तै रोमन समाजमा पनि देवताले युद्ध र जनताको रक्षा गर्ने विश्वास गरिन्थ्यो । सुरुमा प्लेबियन जातिहरूमाथि कतिपय अनुष्ठानमा वन्देज लगाइएको थियो । पछि, उनीहरूले विद्रोह गरेर सत्ता लिएपछि अन्य जातिलाई दास वनाउन थालेका थिए । यसले गर्दा दासप्रथाको विकास भएको थियो । रोमनमा पछिल्लो समय आएका जातिलाई धार्मिक अनुष्ठानवाट च्यूत गरेर दास बनाइने गरेको थियो । उनीहरूलाई मान्छेको व्यवहारसमेत गरिँदैनथ्यो । कृषि उत्सवमा वाहेक उनीहरूलाई अन्य दिन फरक ढङ्गले हेर्ने गरिन्थ्यो । दासहरूको धार्मिक विश्वास र वर्गीय नैतिकता छुट्टै तोकिएको थियो । रोमन राज्यको विस्तार र सम्पर्कसँगै सुरुमा इटाली र पछि अन्य प्रदेशका देवमण्डलवाट पनि त्यहाँ देवताको प्रवेश हुन थाल्यो । युनानी उपनिवेश रहेका रोम नजिकैका इटालीका क्षेत्रवाट केही संस्कारहरू रोमन साम्राज्यमा छिरेका थिए । रोमनहरूले युनानका अपोलो र हेराक्लिज जस्ता देवी-देवतालाई स्वीकार गरे । उनीहरूका मन्दिर र मूर्ति निर्माण गर्न थालियो । इसापूर्व तेस्रो शताव्दीको सुरुमा युनानी धर्मको प्रभाव निकै पर्न थाल्यो । दक्षिण इटालीमा रोमको शासन रहेकोले सुरु भएको प्रभाव रोमनले नै युनानमा कब्जा गरेपछि झन् वढेको थियो । युनानीहरूलाई सांस्कृतिक रूपमा सम्मान गर्दै उनीहरूका

धार्मिक र अन्य विषय अनुकरण गर्न थालियो । युनानी देवी-देवता जस्तै नाम वा हुवहु उनीहरूका देवतालाई स्विकार्न थालियो र युनानी रोमन साझा देवमण्डल निर्माण गरियो । कुन देवता कहाँबाट आएको हो र उसको काम के हो भन्ने वास्ता गर्न छोडियो । जुपिटरलाई जियस, जुनोलाई हेरा, मिनर्वालाई एथिना, डियानालाई आर्टेमिस, मार्सलाई एरिज, विनसलाई एफ्रोडाइटी आदि बनाइयो । तर, पूर्वी संस्कृतिबाट आएका मरणोपरान्त प्रतिफलजस्ता विषयले रोमन सरकार र अभिजात वर्गलाई विश्वास दिलाउन सकेन । युनानमा जस्तो त्यस्ता विषय राजकीय वन्न सकेका थिएनन् । गैररोमनहरूको धार्मिक र मृत्यु संस्कारका विषयलाई शंकाको दृष्टिले हेर्न थालियो । जनस्तरमा चाहिँ यसको प्रभाव निकै कम थियो । इसापूर्व १८६ मा थ्रेसियन, फ्रिजियन देवताका सात हजार भक्तविरुद्ध मुद्दा चलाएर आधालाई मृत्युदण्ड दिइयो । तैपनि रोमनमा पूर्वी विश्वास र अनुष्ठान रोकिएन । वरु अन्य जातिहरूले साझा रूपमा सबै अनुष्ठानको वीचको वाटो निकाल्न थाले । गणतन्त्रले पनि रोमन धर्ममा ठूलो परिवर्तन ल्याएको देखिन्छ । दास प्रथात्मक गणतन्त्रको संकटले पुनः राजतन्त्र सुरु भएपछि राजाको सत्तालाई पूजा गर्ने चलन सुरु भयो । राजाहरूमा देवत्वरोपण गरियो । जुलियस सिजरको समयमा उनलाई मृत्युपछि देवताजस्तै सम्मान गरियो । त्यसपछि राजा केलिगुलाले जीवनकालमै आफूलाई देवता घोषणा गरे । उनले युनानी देवी-देवता नष्ट गरे र आफ्नो आत्मा पूजा गर्न लगाए । उनी र अनुयायीहरूले लोप हुन लागेका रोमन अनुष्ठानहरूलाई फेरि जगाउन थाले । पुरानो मन्दिरको पुनर्निर्माण सुरु भयो । उनकै समयमा मात्र ८२ मन्दिर निर्माण गरिए । परम्परागत धार्मिक उत्सव र खेलहरू फेरि सुरु गरिए । सिजरले पूर्वी अनुष्ठानलाई प्रतिबन्ध नलाए पनि धेरै सीमित भूमिका मात्र प्रदान गरेका थिए । तर, यो कदम र सोच पनि खासै सफल हुन सकेन ।

प्राचीन देवताको पूजालाई जनसामान्यले समाज विकासक्रम अनुसार स्वीकार गरे । युनानी शिक्षाको प्रभावसँगै धर्मको प्रभाव जनतामा बढी थियो । युनानी ग्रन्थहरूको ल्याटिनमा अनुवाद गरियो । शिक्षित समुदाय उत्पन्न भयो । उनीहरू धर्मलाई व्यंग्य गर्न थाले । नयाँ दृष्टिकोण उत्पन्न भयो र दार्शनिकहरूले देवताप्रति सन्देह पैदा गर्न थाले । स्वतन्त्र चिन्तन र यस्ता विचारले समाजमा हलचल पैदा गर्‍यो । इसाई धर्मको विजय चौथो शताब्दीमा भएपछि चाहिँ रोमन धर्म समाप्त भयो ।

***

अध्याय-२२

बौद्ध धर्म

विश्वको सवैभन्दा पुरानो र एसियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वव्यापी धर्ममा बौद्ध धर्मलाई लिन सकिन्छ । इसाईहरूले युरोपमा र मुसलमानहरूले पश्चिम एसिया र उत्तर अफ्रिकामा प्रभाव पारेजस्तै एसियाका धेरै भागमा बौद्ध धर्मको प्रभाव छ । बौद्ध धर्मको उत्पत्ति र इतिहास प्रस्ट छैन । बौद्ध धर्म सुरु हुँदाका समयका लिखित स्रोत-सामग्री उपलव्ध नभएकाले बुद्ध छँदै थिएनन् भन्न पनि सकिन्छ । इसापूर्व तेस्रो शताब्दीमा सम्राट् अशोकको शिलालेख बनेको समयमा बौद्ध धर्मले निकै विकास गरिसकेको थियो । त्यसअघिका इतिहास हामीले जनश्रुतिबाट मात्र थाहा पाउँछन् । विभिन्न युगमा लेखिएका बौद्ध साहित्यले यो धर्मको विषयमा थप जानकारी दिन्छ । इतिहासकारका लागि बौद्ध ग्रन्थ त्रिपिटक सवैभन्दा महत्त्वपूर्ण सामग्री हो । पाली भाषामा लेखिएको यो ग्रन्थको मूलप्रति अहिले श्रीलंकामा सुरक्षित छ । इसापूर्व पहिलो शताब्दीमा लेखिएको मानिने त्रिपिटकका तीनओटा पिटक अर्थात् भाग छन् । विनय पिटकमा बौद्ध संघको आचारविचार, सुत्त पिटकमा बुद्धका प्रवचन र अभिधम्म पिटकमा आध्यात्मिक विचार दिइएको छ । उत्तरकालीन बौद्ध साहित्य, संस्कृत, चिनियाँ, तिव्वती, खमेर र जापानी भाषामा भेटिने गरेका छन् ।

बौद्ध आख्यानहरूले संस्थापक बुद्धलाई इसापूर्व छैटौं शताब्दीतिर जन्मिएको भनेका छन् । आफ्नो धर्मको पहिलो प्रचार बुद्धले (हालको नेपालमा रहेको) कपिलवस्तु र आसपासका राज्यमा गरेका थिए । उनलाई मृत्युपछि अनुश्रुतिहरूको आधारमा महान् देवता घोषणा गरियो र उनका पूर्वजन्म र चमत्कारको व्याख्या गरियो । त्रिपिटकअनुसार बुद्ध कपिलवस्तुका राजाका छोरा थिए । उनी शाक्य जनजातिका थिए । वावुआमाले सिद्धार्थ नाम राखे पनि उनलाई पछि शाक्यमुनि र गौतम नामले पुकार्न थालियो । उनलाई तथागत, भगवत, जिन आदि नामले सम्बोधन गरियो । पिता शुद्धोधनले अत्यन्त सुखसाथ राखेका सिद्धार्थ जिनमा दुःख, रोग र मृत्युजस्ता विषय छन् भन्ने थाहा नपाई वसेका थिए । उनी आफ्नो बगैंचा र दरवारबाट बाहिर

निस्कदैनथे । बिहे गरेर छोरो जन्मिएपछि उनले रोग र मृत्यु तथा दुःख संसारमा छ भन्ने बल्ल थाहा पाए । एक दिन दरबारबाट बाहिर निस्किएको समयमा एउटा वृद्ध व्यक्ति, एक रोगी र एउटा लास उनले देख्न पाए । त्यस्तै, उनले गरिब, भिखारी पनि देख्न पाए । केही नदेखेका सिद्धार्थलाई यी सबै कुराले चोट लाग्यो र उनी दुःखको कारण बुझ्न घरबाट निस्किए । सात वर्षसम्म आफ्नो शरीरलाई विभिन्न कष्ट दिँदै उनले तपस्या गरिरहे । पीपलको बोटमुनि कठोर साधना गरिरहेको समयमा उनलाई तत्त्वज्ञान प्राप्त भयो । त्यसपछि उनलाई बुद्ध भन्न थालियो । भोगविलासको जीवन निष्क्रिय जीवन हो र स्वेच्छिक कष्टको जीवन सही हो भन्ने उनको निष्कर्ष रहयो । उनले शान्ति र आत्मवोधका लागि सत्यमार्ग पहिल्याएको घोषणा गरे । उनले पहिलो प्रवचन वाराणसी नजिकै सारनाथको मृगवनमा दिएका थिए । त्यसपछि पूर्वोत्तर भारत र कपिलवस्तु आसपासका राज्यमा धर्म प्रचारका लागि उनी जान थाले । ४० वर्ष उनले धर्म प्रचार गरेको अनुश्रुति पाइन्छ । उनी जीवित रहँदै उनका अनुयायीहरूको संघ निर्माण भइसकेको थियो । उनलाई कुशीनगरमा उनका अनुयायीहरूले स्थानीय परम्पराअनुसार मृत्युपछि दाहसंस्कार गरेका थिए । बुद्ध धर्मको सुरुआतको विषयमा यस्तो अनुश्रुति भए पनि त्यसपछि अविश्वसनीय व्याख्या केही पनि पाइँदैन । तैपनि बुद्धलाई सूर्य देवताको विम्व मान्ने र उनको पौराणिकतालाई अस्वीकार गर्ने अर्को समूह पनि छँदैछ । उनीहरू बुद्धको जीवनका कथालाई कमै मात्र विश्वास गर्दछन् ।

बुद्धधर्मको जन्म कहिले भएको थियो भन्ने प्रामाणिक इतिहास भेटिँदैन । बुद्धका जीवनकालका तिथिहरू पनि अलग-अलग छन् । उनी सय वर्ष अघि र पछि जन्मिएका दावीहरू छन् । सम्राट् अशोकको सिंहासन आरोहण बौद्धकाल गणनाअनुसार दोस्रो बौद्ध संगातिको १ सय १८ वर्ष पछि भएको थियो र यो संगातिको आयोजना उनको निर्वाण प्राप्तिको सय वर्षपछि भएको थियो । युनानी स्रोतहरूले अशोकको शासन इसापूर्व २६८-२३२ मा भएको देखाउँछ । यसबाट बुद्धको मृत्यु ४९० इसापूर्वमा भएको थाहा हुन्छ । बुद्धको जीवनकाल छैटौं शताब्दीको उत्तरार्द्ध र पाँचौं शताब्दीको आरम्भमा बितेको देखिन्छ । बौद्ध धर्मका संस्थापक उनी कन्फ्युसियसका समकालीन थिए ।

मगधमा चलेको वर्ग संघर्षको परिणामस्वरूप त्यहाँको समाज र राज्य जटिल अवस्थामा थियो । त्यहाँका ब्राह्मण, क्षत्री र राजाको जीवन सुखी थयो भने अन्य जनता दुःखी थिए । आममानिस निरास हुँदै गएपछि सन्न्यास, तपस्या र भिक्षुत्वको व्यापक प्रचार हुन थाल्यो । समाजको जर्जर अवस्थाका कारण सम्पन्न व्यक्तिहरू पनि त्यस्ता कुरामा आकर्षित हुन थाले । चार्वाक जस्ता निरीश्वरवादी विचारका अनुयायी पनि त्यही समयमा जन्मिएका थिए । बौद्ध धर्म सुरुमा धर्म नभएर दार्शनिक र नैतिक जीवनपद्धति मात्र थियो । त्यही रूपमा बुद्धले दुःख, दुःखको कारण, दुःखको विनाश र विनाशको उपायसम्बन्धी जीवनपद्धति र उपदेश दिए । उनले सारा जीवन र अझ बढी जन्मिनु नै दुःख हो भन्ने चेतना दिए । उनले इच्छाका कारण दुःख अझ बढ्ने

र इच्छा मारेर तृष्णा पनि मार्न सकिने विचार फैलाउँदै हिँडे । उनले हरेक इच्छा र लगावलाई दमन गर्ने सल्लाह दिए । उनले इच्छालाई दमन गर्नका लागि अष्टांग मार्गको सुझाव दिएका छन् । सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाक, सम्यक कर्म, सम्यक आजीविका, सम्यक प्रयत्न, सम्यक स्मृति र सम्यक समाधिको मार्गले मानिसले निर्वाण प्राप्त गर्ने र ऊ अर्हत बन्ने उल्लेख छ । निर्वाण त्यस्तो आदर्श अवस्था हो, जहाँ पुग्नका लागि मानिस प्रयत्नशील हुनुपर्छ भन्ने नै बौद्ध धर्मको दर्शनको सार हो । तर, निर्वाण के हो भन्ने परिभाषा बौद्ध साहित्यमा छैन र यसका व्याख्या धेरै किसिमका पाइएका छन् । कसैले अस्तित्वको पूर्ण अन्त्य र पूर्ण असत्तालाई निर्वाण भनेका छन् । कसैले अस्तित्वको एउटा रूपको मात्र अन्त्य मान्ने गरेका छन् । मानिसले जीवनकालमै निर्वाण प्राप्त गर्न सक्ने र मृत्युपछि मात्र निर्वाण प्राप्त गर्ने दुईथरी मत पनि छ । जे भए पनि निर्वाणलाई पुनर्जन्मको चक्रवाट रोकिने प्रयास भनिएको छ । हिन्दूधर्मको पुनर्जन्मको चक्रसँग वौद्ध दर्शन पनि नजिक छ । पुनर्जन्मको यो चक्रलाई नै वौद्धमार्गीहरूले संसार भन्ने गरेका छन् । मानिसको जुनी फेरिँदै जाने र दुःखको अन्त्यहीन शृंखलामा मानिस प्रवेश गर्ने विश्वास गरिन्छ । मृत्युले लगत्तै अर्को जन्ममा प्रवेश गराउने भएकाले दुःखको अन्त्यहीन शृंखलामा मानिस फस्ने विश्वास गरिएको छ । यो दुष्चक्रवाट मुक्ति पाउनका लागि अर्हतको मार्ग अपनाउनुपर्ने सुझाव दिइएको छ । ब्राह्मणहरू जस्तै बौद्धहरू पनि मानिस, पशु, वनस्पति, दुष्टआत्मा, देवता जे पनि बन्न सक्ने कुरामा विश्वास गर्दथे । तर, यीमध्ये निर्वाणमा जान सजिलो हुने भएकाले मानिसको जुनीलाई निकै राम्रो मानिन्थ्यो । स्वयम् बुद्ध पनि शाक्यमुनि गौतमको रूपमा जन्मिनुअघि जन्मको लामो शृंखला पार गरेर आएको मानिन्थे । त्यस्तै, ब्रह्मा पनि विभिन्न देवताको रूपमा स्वर्गमा रहिरहने गरेको हिन्दू दर्शनसँग बौद्ध दर्शन नजिक छ । बुद्धलाई पुनर्जन्मको कुनै डर थिएन किनभने उनी निर्वाणको अवस्थामा पुगेका थिए । यसले गर्दा धर्म संस्थापकहरूको मृत्यु नभएर निर्वाण मात्र हुन्छ भन्ने उनीहरूको विश्वास थियो । अर्हत मार्गमा हिँडिरहे निर्वाण पाइने विश्वास थियो । त्यस्तै, देवताहरूमाथि भरोसा गर्ने चलन पनि थिएन । देवताको अस्तित्वलाई स्वीकार गरे पनि देवताले मानिसलाई कष्टवाट मुक्ति दिलाउन सक्दैनन् भन्ने बुद्धको विश्वास थियो । त्यसले गर्दा बोधिप्राप्त गरेका व्यक्तिहरू देवताभन्दा माथि रहेको मानिन्थ्यो । स्वयम् बुद्धले पनि मानिसलाई मुक्ति दिलाउँदैनथे, दुःखवाट वचाउँदैनथे र निर्वाणमा पुऱ्याउँदैनथे । उनले त मानिसलाई सत्य वाटो देखाउने काम मात्र गर्दथे ।

बौद्ध शिक्षामा नैतिक र आचरणका मापदण्डहरूमा जोड दिइएको छ । बौद्ध दर्शनका सुरुका नैतिक आदेश निषेधमूलक थिए । बुद्धका अनुयायीहरूले गर्नु नहुने धेरै कामका सूचीहरू थिए । कुनै जीवको हत्या गर्न नहुने, अर्काको धनको लोभ गर्न नहुने, परस्त्रीलाई छुन नहुने, असत्य बोल्न नहुने, मध्यपान गर्न नहुने उपदेश दिइन्थ्यो । पूर्णताको कामना गर्नेहरूलाई निकै कठोर निर्देशन दिइने गर्दथ्यो । हत्या

गर्नुहुँदैन भन्ने कुरालाई अर्थ लगाउँदै जाँदा किटाणु मर्छन् भन्ने डरले पानी पनि छानेर खान थालियो । त्यस्तै, खेती गर्दा माटोमा रहेका कीरा-फटचांगा मर्छन् भनेर खेती गर्न छोडियो । त्यस्तै, परस्त्री स्पर्शलाई व्यापक वनाउँदै व्रह्मचर्यतर्फ लगियो । परधनको व्याख्या गर्दै निजी सम्पत्ति नराख्ने व्याख्या पनि गरियो । त्यस्तै, मध्यपानको व्याख्या लामो समय निराहार बस्ने र सुख, सुविधावाट टाढा रहनेतर्फ केन्द्रित भयो । वौद्ध दर्शनको सार नै सांसारिक जीवनवाट भाग्ने र भिक्षु वन्ने हुन थाल्यो ।

वौद्ध दर्शनको महत्त्वपूर्ण सार सवै जीवप्रति प्रेम र दया गर्नुपर्छ भन्ने हो । कुनै मानिसप्रति विशेष प्रेम ठीक छैन र सवैप्रति समभाव राख्नुपर्छ भन्ने यो दर्शनको अर्को सार हो । खराव कामको जवाफ खराव कामले नदिएर प्रेमले दिनुपर्छ तथा कसैलाई पनि दण्ड दिनुहुँदैन भन्ने यो दर्शनको अर्को सार हो । वुद्धका आफ्नै जीवनकालका उदाहरण र तर्कहरू तथा त्यसयताका व्याख्याहरूमा अपुरोपना प्रशस्त पाइन्छ ।

धर्मको सिद्धान्त वौद्ध दर्शनको अर्को मुख्य सार हो । यसमा द्वन्द्ववादको केही न केही छापचाहिं देख्न सकिन्छ । सुरुमा वौद्ध धर्मलाई नास्तिक धर्म पनि भन्ने गरियो । वुद्धले व्राह्मण देवताको अस्तित्व स्वीकार गरे पनि पूजा उपासना नगरेको कारण उनलाई यस्तो भनिएको थियो । वौद्ध धर्मका अनुयायीहरू सुरुमा भिक्षु जस्तै कठोर नैतिक जीवन वाँच्नुपर्ने अपेक्षा गर्दथे । सुरुमा त्यस्ता वौद्ध भिक्षुहरू वास्तवमा गरिवहरूका समूह नै थिए । विभिन्न जातिका व्यक्ति त्यहाँ सामेल हुन्थे । आफ्नो वुवाआमाको समर्थनविना भिक्षु नवन्ने चलन थियो । संघको नियम निकै कठोर थियो । पहेलो लुगा लगाउनुपर्ने र त्यसवाहेक आफ्नो कुनै सम्पत्ति नहुने चलन थियो । भिक्षा मागेर दिनमा एक पटक मात्र खानुपर्ने तथा व्रह्मचारी रहनुपर्ने नियम थियो । यस्ता अनुयायीहरूलाई उपासक र उपासिका भन्ने गरिन्थ्यो । तर, पाँचओटा सर्त समाजका सवै व्यक्तिले पालन गरेका हुन्थे । भिक्षु संघलाई पनि साधारण मानिसले दान दिने गर्दथे । गृहस्थ मानिसहरू समाजमा प्रशस्तै रहे पनि उनीहरूले न्यूनतम सहयोग गरेर यो दर्शनलाई सघाएका थिए । वुद्धको सुरुको भनाइजस्तो सवै भिक्षु भएमा कसले भिक्षा दिन्थ्यो भन्ने सामाजिक प्रश्न त्यो वेलाचाहिँ अनुत्तरित थियो । भारत र आसपासका क्षेत्रमा वौद्ध धर्म अत्यन्त लोकप्रिय भयो । विभिन्न क्षेत्रको राजनीतिक र अन्य व्यवस्थाअनुसार यसको फैलावटमा पुगेको थियो । उत्पीडित जनसामान्यले वौद्ध धर्मको पछि लागेर दुःखवाट छुटकारा पाउने प्रयास गरेका थिए । व्राह्मण धर्म अथवा हिन्दू धर्मले यति थोरै र सानो वाटो पनि नदेखाएको हुनाले वौद्ध धर्म वढी लोकप्रिय हुन पुगेको थियो । अर्को कुरा व्राह्मणहरू अन्य जातिका मानिसलाई फरक व्यवहार गर्ने भएकाले पनि वौद्ध धर्मतर्फ तल्लो तहका मानिस आकर्षित हुन थाले । त्यस्तै, वौद्ध धर्ममा महँगा र जटिल अनुष्ठान गर्ने चलन पनि थिएन । अर्को कुरा संस्कृतजस्तो अप्ठ्यारो भाषाको सट्टा वुद्धका अनुयायीहरूले स्थानीय भाषामा उपदेश दिने गर्दथे ।

भिक्षुहरूको संघले वौद्ध धर्मको प्रचारमा निकै ठूलो मद्दत पुऱ्याएको देखिन्छ । व्राह्मण समुदायले वौद्ध धर्मको प्रचारप्रसार रोक्ने प्रयास गरे पनि समाजका धेरै

व्यक्ति आकर्षित भएपछि ब्राह्मणहरूले आफ्नो रणनीति परिवर्तन गर्न थाले। उनीहरूले आफूलाई नयाँ परिस्थितिमा ढाल्ने र बौद्ध धर्ममाथि हमला गर्न थाले । यो संघर्षपछि बौद्ध धर्म पनि केही परिवर्तन भयो नै, इसापूर्व तेस्रो शताब्दीमा मगध राज्यको सम्पर्कमा त्यस क्षेत्रका विभिन्न राज्यहरू आए । युनानीहरू ३२४ इसापूर्वमा भारतबाट खेदिएपछि मगधको शासन मौर्यवंशको हातमा पुग्यो । उनीहरूले बौद्ध धर्मलाई राजकीय धर्म बनाए । उनीहरू निम्नजातिका भएकाले ब्राह्मण धर्मभन्दा बौद्ध धर्म अपनाएका थिए । अर्कोतिर बौद्ध संघहरूलाई प्रभावमा राखेर उनीहरूले शासन गर्न खोजेका थिए । यो नीति उनीहरूका लागि लामो समयसम्म सहयोगी पनि बनेको थियो । सम्राट् अशोक तेस्रो मौर्यवंशी राजा थिए र उनले केही समय बौद्धमाथि दमन गरे पनि पछि बुद्धका अनुयायी बनेका थिए । अशोकले तयार गरेका शिलालेख बौद्ध धर्मका सबैभन्दा पुराना र प्रमाणित सामग्री मानिन्छ । अशोकको शासनकालमा बौद्ध मठको निर्माण सुरु भएको थियो । विभिन्न ठाउँमा स्तुप बनाइएको थियो । तेस्रो शताब्दी इसापूर्वमा श्रीलंका, इन्डोनेसियालगायतका क्षेत्रमा बौद्ध धर्मको प्रचार भयो । खासमा भारतीय व्यापारीहरूले आवतजावत बढाएका कारण यो धर्मको प्रचार भएको थियो । इस्वी पहिलो र दोस्रो शताब्दीमा कुषाणवंशका राजाहरूले बौद्ध धर्मलाई अझ व्यापक बनाए । उनीहरूले मठमन्दिरको निर्माणमा निकै ध्यान दिएका थिए । यो समयमा मध्यएसिया र चीनमा बौद्ध धर्म पुगेको थियो । तर, फैलावटसँगै बौद्ध धर्मको मौलिकतामा गम्भीर परिवर्तन पनि आयो । फरक ढङ्गले व्याख्या गर्ने र नयाँ मिथकहरू बनाउने क्रम सुरु भयो । बौद्ध सम्मेलनहरू पनि गर्न थालियो । त्यस्ता सम्मेलनमा छलफल र व्याख्या गर्ने गरिन्थ्यो । त्यस्तै, विभिन्न राज्यका स्थानीय विश्वासअनुसार व्याख्या गर्ने र बौद्ध धर्मलाई अपनाउने प्रक्रिया चलिरहेको थियो । बौद्धको सङ्गति भनिने दोस्रो सम्मेलनमा नियमको कडाइको विषयमा झगडा भएपछि बौद्ध संघ दुई सम्प्रदायमा बाँडियो । पछि, अन्य सम्प्रदाय पनि देखिन थाले । व्याख्या र कडा नियमको कारण यसरी सम्प्रदाय पैदा भएका थिए । इस्वी संवत्को पहिलो शताब्दीमा हिनयान र महायान दुई सम्प्रदाय प्रस्ट रूपमा देखा परे । चौथो बौद्ध संगातिमा यसको औपचारिक घोषणा भएको थियो । राजा कनिष्कले यो संगीतिको आयोजना गरेका थिए । हिनयानहरू नियममा कडाइको पक्षमा थिए भने महायानहरू नयाँ व्याख्या र सरलताको पक्षमा थिए । महायानका व्याख्याता नागार्जुन थिए । महायान शिक्षामा ब्राह्मणहरूले गर्ने गरेको जस्तै व्याख्या पाइन्छ । उनीहरू बुद्धलाई अन्य ईश्वरको ठाउँमा राखेर बौद्ध धर्म प्रचार गर्न थाले । मानिसलाई आस्थावान् बनाउन कोही न कोही देवता चाहिने हुनाले उनीहरूले यस्तो गरेका थिए । ब्राह्मण र स्थानीय अन्य देवतालाई पनि उनीहरूले देवमण्डलमा सामेल गरे । यसले गर्दा बुद्धहरूको संख्या पनि धेरै बढ्यो । तिब्बत र मंगोलियामा अहिले पनि सयौं बुद्धका मूर्तिहरू देखिन्छ । सबैभन्दा पूजनीय बुद्धमा चाहिँ शाक्यमुनी, मैत्रेय, बज्रपाणी, मञ्जुश्री, आदिबुद्ध र अमिताभ थिए । बुद्धबाहेक उनीहरूले बोधिसत्यको

पनि पूजा गर्न थाले । भवको तृष्णाको विजय पाएर पूर्णता प्राप्त गर्ने व्यक्ति बोधिसत्व मानियो । उनलाई सम्भावित बुद्ध पनि भन्ने गरिन्छ । उनीहरूले योसँगै गृहस्थहरूले निर्वाण पाउने व्याख्या गर्न थाले । नागार्जुनले यसको घोषणा गरेका थिए । उनीहरूले स्वर्गलाई आनन्दलोकमा रहेको ठाउँ भनेरै व्याख्या गर्न थाले । जव कि बौद्ध दर्शनमा सुरुमा स्वर्गको उल्लेख नै थिएन । धर्मात्मा मानिस मरेपछि स्वर्गमा जाने उनीहरूको व्याख्या थियो । त्यस्तै, स्वर्गसँगै डरलाग्दो नर्कको पनि कल्पना गरिएको थियो । मानिसलाई नियम उल्लंघन गर्ने पापीले नर्कमा पर्नुपर्छ भन्ने विश्वास हुन थाल्यो । महायानीहरूले बौद्ध धर्मका दार्शनिक, नैतिक कुराहरू लगभग पूरै फेरेका थिए । तर, यसको फैलावटचाहिँ निकै व्यापक भएको थियो ।

बौद्ध धर्मको प्रचार भारत र आसपासका मुलुकमा व्यापारसँगै भएको थियो । वर्मा र थाइल्यान्डमा पनि पाँचौं शताव्दीभन्दा पहिले नै बौद्ध धर्म पुग्यो भने इन्डोनेसियामा पाँचौं शताव्दीमा पुगेको थियो । त्यहाँ १४औं शताव्दीमा इस्लाम धर्मले स्थान नलिएसम्म बौद्धधर्म अस्तित्वमा थियो । बौद्ध धर्मका प्रचार भएका मुलुकहरूमा हिनयानी सोच नै प्रचार भएको थियो । हिनयानलाई दक्षिणी बौद्ध धर्म पनि भन्न थालियो । तर, चीनमा पहिलो शताब्दीमा हिनयान पुगे पनि त्यसबेला यो धर्म नटिकेर पाँचौं शताव्दीमा महायानी धर्म पुगेको थियो । महायानी धर्म चीनमा कन्फचुसियस र ताओमतसँग मिलेर लोकप्रिय भएको थियो । चीनबाट चौथो शताब्दीमा कोरियामा र छैटौं शताब्दीमा जापानमा बौद्ध धर्म पुग्यो । जापानमा सिन्तो र कोरियामा स्थानीय विश्वास तथा कन्फचुसियस मतसँग बौद्ध धर्मको प्रतिस्पर्धा र घुलमिल भयो । उनको जन्मभूमि नेपालमा त बौद्ध धर्मको प्रचार अशोकको कालमै भएको थियो । तर, पछि यहाँ पनि बौद्ध धर्म तिव्वती स्वरूपमा अपनाइएको थियो । १८औं शताव्दीमा काठमाडौं शाहवंशको कब्जामा आएपछि बौद्ध धर्मको प्रभाव घट्यो । अहिले त नेपालमा १० प्रतिशत जति मात्र बौद्ध धर्मावलम्वीहरू छन् । महायान शिक्षा उत्कर्षमा पुगेको ठाउँचाहिँ तिव्वत हो । त्यहाँ बौद्ध धर्म सातौं शताव्दीमा राजनीतिक कारणले पुगेको थियो । सारा तिब्वतलाई एकीकृत गर्ने राजा स्रोङ्चङ गम्पोले तिब्वत एकीकरण गर्न एउटै धर्म फैलाएका थिए । नेपाल र चीनसँग राम्रो सम्वन्ध बढाएर उनले यो काम गरेका थिए । नेपालबाट उनले लिपि र बौद्ध धर्म लगेका थिए । सुरुमा तिव्वत प्रवेश गरेको बौद्ध धर्मको हिनयानी रूप लामो समय रहन सकेन । त्यहाँका जनतामा वोन धर्म र स्थानीय धामी-झाँक्रीमा विश्वास रहेका कारण बौद्ध धर्म दरवारको धर्म मात्र हुन पुगेको थियो । नवौं शताव्दीमा बौद्ध धर्म महायानी रूपबाट जनतामा फैलिन थाल्यो । बौद्ध धर्मका अनुयायीहरूमा पद्मसम्भव अगुवा थिए । उनले स्थानीय जनताको विश्वास र देवतालाई बौद्ध देवमण्डलमा सामेल गरिदिएका थिए । त्यसवेला तिव्वतमा बौद्धविरोधी मत पनि दह्रो नै थियो । दोस्रो शताब्दीको सुरुमा राजा लङदरमाको समयमा बौद्ध धर्ममाथि दमन गरियो । दमन असफल भएपछि राजाको हत्या गरियो र उनलाई सवैभन्दा ठूला पापी

घोषणा गरियो । तिव्वतमा बौद्ध धर्मको पूर्ण विजयचाहिँ ११औं शताव्दीमा भएको थियो । तिव्वतीहरूले तान्त्रिक मतका संस्थापक पद्मसम्भवलाई सवैभन्दा ठूला र प्रतिनिधि भिक्षु अतिसलाई मान्ने गर्दछन् । उनी भारतवाट तिव्वत आएका थिए । सुरुका बौद्ध दर्शनभन्दा विपरीत तान्त्रिक मत सामेल गरिएपछि वुद्धलाई तीन श्रेणीमा बाँडियो । मानव रूप वुद्ध, ध्यान वुद्ध र निराकार वुद्ध । मन्त्रमा विशेष ध्यान दिन थालियो र एउटै मन्त्र पढेर निर्वाण प्राप्त गर्ने व्याख्या गरियो । विस्तारै वौद्ध दर्शनभित्र जादु र तन्त्रमन्त्रले ठाउँ पाउन थाल्यो । अव सुरुको दार्शनिक नैतिक पद्धति पूरै लोप हुन लागेको थियो । ११औं र १२औं शताव्दीमा मठ र भिक्षुहरू तिव्वतभरि देखिन थाले । संस्कृतका धार्मिक ग्रन्थहरू तिव्वती भाषामा अनुवाद गर्न थालियो । मंगल विजेता कुव्ला खानले वौद्ध धर्मको पक्ष लिए । त्यस्तै, एउटा मठको लामालाई तिव्वतको गभर्नर वनाइयो । १३औं शताव्दीमा अन्य सम्प्रदायको जन्म हुन थाल्यो । यस्तो विकास क्रममा मुख्य भूमिका राजनीतिकै हुने गर्दथ्यो । पहेलो टोपी र रातो टोपी लगाउने दुईओटा समूहवीच कर्मकाण्ड पनि फरक-फरक किसिमले गर्ने चलन सुरु भयो । त्यससँगै वाद्ययन्त्र, पताका आदिको प्रयोग गर्न थालियो । क्याथोलिक इसाईहरूको प्रभावमा यस्तो गरिएको केही विद्वान्हरू वताउँछन् । सवैभन्दा ठूलो परिवर्तन पाँचौं रिम्पोछे र ग्याल्पो रिम्पोछेको सुरुआत भएपछि हुन पुग्यो । दुवैलाई बौद्ध देवताका अवतारको रूपमा घोषणा गरियो । सन् १६३९ मा मंगोल सरदार गुसि खानले तिव्वतमा हस्तक्षेप गरी स्थानीय शासकलाई मारेका थिए । उनले पाँचौं दलाई लामालाई अधिकार दिएका थिए । मञ्चु वंशको शासनको सुरुमा चीनले तिव्वत कव्जा गऱ्यो । तर, स्थानीय सत्ता दलाई लामाको हातमा थियो । तिव्वतमा पुरोहित, तान्त्रिक प्रणाली स्थापित भयो । त्यसले कृषिक जनतामाथि राज गरेको थियो । अव तिव्वतको सवैभन्दा ठूलो व्यक्ति दलाई लामा हुन पुग्यो । पञ्चम लामालाई पनि त्यतिकै सम्मान गरिन्थ्यो । दुईओटामध्ये पञ्चमलाई अमिताभ बुद्धको र दलाईलाई वोधिसत्वको अवतार मानिन्थ्यो । दलाई लामा ल्हासामा र पञ्चम लामा सिगात्से सहरमा बस्न थाले । तिव्वतको वौद्ध धर्म अन्य छिमेकामा पनि फैलिन थाल्यो । कुव्ला खानको शासनकालमा वौद्ध धर्म मंगोलिया प्रवेश गरेका थियो । यो फेरि १६औं शताव्दीमा मात्र फैलियो र तिव्वतवाट उपदेशक लामा आमन्त्रण गरेर मठ-मन्दिर निर्माण गरियो । त्यससँगै विभिन्न विद्वान्हरूको मूर्ति वनाएर उनीहरूलाई वुद्धका अवतार मानियो । चीनमा सन् १९११ मा क्रान्ति भएपछि मंगोलियामा हुतुख्तु पदमा वसेका व्यक्ति शासक वन्न पुग्यो र त्यो तिव्वत जस्तै पुरोहित, तान्त्रिक व्यवस्थामा मुलुक अघि वढ्न थाल्यो । सन् १९२४ मा लोकगणराज्य स्थापना भएसम्म त्यही व्यवस्था कायम थियो ।

१७औं शताव्दीको आरम्भमा बौद्ध धर्म मंगोलियाको पश्चिम क्षेत्रमा फैलिएको थियो । त्यहाँका मंगोल सरदारहरूले बौद्ध धर्म स्वीकार गरेका थिए । बुर्यातहरूमा १८औं शताव्दीको सुरुमा बौद्ध धर्म फैलियो । १९औं शताव्दीमा त्यहाँ हजारौं

लामाहरू रहेको देखिन्छ। तर, बुर्यातको पश्चिम क्षेत्रमा पितृसत्तात्मक गोत्र व्यवस्थाका कारण बौद्ध धर्म पुग्न सकेन। रुसका जारहरूले अलिकति अप्ठ्यारो मान्दै बौद्ध संघलाई मान्यता दिएका थिए। साइबेरियाका जातिलाई इसाई बनाउन चाहने सोचले रुसका सम्राट् तर्सिएका थिए। तुर्कीभाषीहरूमा चाहिँ तुवा क्षेत्रमा रहेका मानिसहरूबीच बौद्ध धर्म लोकप्रिय भएको थियो। २०औं शताब्दीको सुरुमा त्यहाँ २० ओटाभन्दा बढी मठ र ३ हजार लामा थिए। उत्तरी बौद्ध धर्मका लागि ल्हासा तीर्थस्थल बन्न पुग्यो। तिब्बती भाषालाई पवित्र भाषा मान्न थालियो र धार्मिक साहित्य त्यही भाषामा लेखियो। कन्जुर र तन्जुर नामका संकलन आज पनि पवित्र मानिन्छ। मंगोलियासम्म तिब्बती भाषाका विस्तार भयो। दक्षिणी बौद्धमार्गीहरूले पनि ल्हासालाई पुज्ने गर्दछन्। हरेक मठमा प्रत्येक दिन सामूहिक पूजा हुने र कतिपय तिथिमा उत्सव आयोजना गर्ने चलन छ। **'ॐ मणि पद्मे हुँ'** लाई मुख्य मन्त्र मानेर पहाडमा, बाटोमा, कागजमा लेख्ने चलन चल्यो। त्यस्तै, भक्तहरूले गुम्बामा चक्र घुमाउने र मन्त्र पढ्ने, हातमा प्रार्थना चक्र घुमाउने र मन्त्र पढ्ने चलन चल्यो।

बौद्ध देशमा भिक्षुहरूको संख्या निकै छ। हरेक परिवारले कम्तीमा एकजना बालक भिक्षु बनाएर बुद्धलाई समर्पण गर्ने चलन अझै छ। अन्य देशमा भिक्षुहरू छन् तर उनीहरूको संख्याचाहिँ कम छ। तिब्बतमा त जनसंख्याको एक चौथाइ लामा नै छन्। लामामध्ये कोही मठमा रहन्छन् भने कोही घरमै पनि। लामाहरूको पनि आफ्नै श्रेणी छ। त्यस्तै, लामाहरू पनि वैद्य, सङ्गतिकार, शिक्षक, पुजारी, ज्योतिषी आदि हुने गर्दछन्। उत्तरी बौद्धमार्गीहरूको देवमण्डल निकै ठूलो र जटिल छ। उनीहरू बुद्ध र बोधिसत्वबाहेक अन्य देवता र महात्माहरूको पनि पूजा गर्छन्। भियतनामका बौद्धमार्गीहरू महायानी भए पनि अन्य मुलुकका हिनयानीहरूमा यो चलन छ। बर्मा, थाइल्यान्ड र कम्बोडियामा बौद्ध धर्म राजकीय धर्म हो। थाइल्यान्डमा राजा संघको प्रमुख मानिन्छ भने हरेक पुरुष मठको सेवामा समय दिनुपर्ने सरकारी नियम छ। विद्यालयहरूमा भिक्षुको नियन्त्रण छ। श्रीलंकामा पनि सिंहालीहरू बौद्धमार्गी हुन् भने अल्पसंख्यक तमिलहरू हिन्दू हुन्।

बौद्ध भिक्षु र संघहरू राजनीतिक जीवनप्रति बेमतलबी छैनन्। उनीहरू जनसामान्यसँग घुलमिल भएर रहने गरेका छन्। जापानमा बौद्ध धर्म सिन्तोसँग घुलमिल भएको छ। दुवै समन्वयबाट नयाँ सम्प्रदायको उत्पन्न भएको छ। बौद्ध धर्मभित्रै अनेकौं सम्प्रदाय पनि छ। एसियाली देशमा बौद्ध धर्म मान्ने मुलुकहरू सम्मेलन गर्ने चलन पनि छ। सन् १९५० मा श्रीलंकाकाले यसको सुरुआत गरेको थियो र त्यसै वर्ष विश्व बौद्ध संघको स्थापना पनि भयो। यसको मुख्य केन्द्र बर्मा र बैंकक हुँदै अन्यत्र पनि सारिने गरेको छ। यो संघको राजनीतिमा पनि सहभागिता हुने गरेको छ।

***

अध्याय-२३

इसाई धर्म

समयअनुसार विश्वको दोस्रो पुरानो ठूलो धर्म इसाई धर्म हो। यो धर्म राजनीतिक प्रभाव र फैलावटका हिसावले सवैभन्दा शक्तिशाली मान्न सकिन्छ। युरोप र अमेरिका पूरै र अन्य विश्वमा पनि धेरै इसाई धर्मका समर्थकहरू छन्। अनेक सम्प्रदाय, पन्थ र संघमा विभाजित तथा शत्रुतापूर्ण सम्वन्ध भएको यो धर्म विश्वकै प्रभावशाली र त्यसका आधारमा ठूलो धर्म मानिन्छ।

इसाई धर्मको उत्पत्तिको विषयमा दुईओटा तर्क अघि सारिएका छन्। रोमन सम्राट् आगस्टस र टाइवेरिस कालमा सन्‌को पहिलो शताब्दीमा यहुदीहंरूको देश प्यालेस्टाइनमा यो धर्मको सुरुआत भएको मानिन्छ। ईश्वर पुत्र इसा मसिहले यो धर्मको सुरुआत गरेको विश्वास गरिन्छ। यसका समर्थकहरू इसा मसिहलाई वैज्ञानिक रूप दिएर उनी वास्तविक मानिस भएको र ईश्वरको दूत भएको प्रमाणित गर्न अहिले पनि लागिपरेका छन्। वाइवलको अध्ययनपछि प्रोटेस्टेन्टहरूको विरोध गर्ने क्याथोलिकहरू पनि फरक मतसँगै आफ्नो त्यस्तै धारणामा जब्वर छन्। १८औं शताब्दीमा गरिएका धार्मिक संशोधनहरूले केही विश्वसनीय बनाउन सके पनि यो धर्मको प्रामाणिकता पुष्टि भएको छैन। १८औं शताब्दीमा इसाई धर्ममाथि अविश्वास पैदा भएपछि यो संसोधन गरिएको थियो। त्यसो त त्यसअघि दजनौं पटक पुराना संशोधन गरिएका थिए। तर, ती पुरानै समयका थिए। प्राचीन इसाई धर्ममा पूर्वीय धर्मका अनेकौं शाखाका छापहरू प्रस्ट थिए। तर, विस्तारै ती छाप हराउँदै गए। वाइवलमा उल्लेख भएका अनेकौं सन्दर्भले यो धर्म त्यो समयसम्मका सवै धर्मका केही सारहरू स्वीकार गर्दै बनेको धर्म हो भन्ने पुष्टि हुन्छ। यसर्थ इसाई धर्मलाई यहुदी, मिश्री, सिरियाली र अन्य मूलको धर्म र मिथकको पुनरावृत्ति मानिन्छ। कतिपय विद्वान्हरूले त इसा मसिह नै थिएनन् भन्नेसमेत दावी गरिरहेका छन्। र, यो दावीमा केही पनि सत्यता नभएको होइन।

प्रारम्भिक इसाई धर्मका अध्येताहरूले अन्धविश्वासको विरोध गर्दै निरपेक्ष

ईश्वरवादको समर्थन गरेका थिए । तिनीहरूले यो मत अघि सारे पनि इसा मसिह जन्मिएको भनिएको समयको ऐतिहासिक पृष्ठभूमि र आवश्यकता बिर्सिएका थिए । अर्कोतिर अन्य धर्मलाई नकार्दै इसाई धर्म मात्र सर्वश्रेठ भनिनु अर्को अवैज्ञानिक तर्क थियो । तर, इसाई धर्म सुरु हुने समयसम्मका ज्ञात चेतनाहरू यो धर्ममा देखा पर्दछन् । मार्क्सवादी विज्ञानले इसाई धर्मका विषयमा सही तर्क प्रस्तुत गरेको छ । एंगेल्सले आफ्ना रचनाहरूमा सामाजिक समस्या र पृष्ठभूमिको विश्लेषण गर्दै तत्कालीन समाजको उत्पादनका रूपमा यसलाई हेरेका छन् । इसाई धर्मको अध्ययनका लागि गैरइसाई सामग्रीहरू पनि फेला पर्दछन् । त्यस्तै, इसाई सामग्रीमा बाइबलका पुरानो टेस्टामेन्ट, नयाँ नेस्टामेन्ट तथा अन्य लेखहरू फेला पर्दछन् । नयाँ टेस्टामेन्टमा इसा मसिहको जीवन, प्रवचन, चमत्कार, मृत्यु र पुनजीवनको व्याख्या गरिएको छ । त्यस्तै, धर्मदूतको सन्दर्भ र सन्देश, विभिन्न इसाई समुदायलाई पठाइएको पत्र आदि यसमा उल्लेख छन् । यी सबै रचनालाई ईश्वर प्रेरित एवं पवित्र आत्माबाट निस्किएका सामग्री मानिएको छ । र, ती पुस्तकका शब्दलाई परम् सत्य भनिएको छ ।

तर, लेखक र रचनाकालको दृष्टिकोणले यो पुस्तकलाई वैज्ञानिक ढङ्गले आलोचना गर्नुपर्ने हुन्छ । रोमको सम्राट् निरोको मृत्युलगत्तै सन् ६८ तिर लेखिएको **प्रकाशनाको पुस्तक** नामको पुस्तक नयाँ टेस्टामेन्टको आधार पुस्तक हो । त्यहाँ निरोको सन्दर्भ उल्लेख भएको प्रमाणित हुन्छ । रोमको शासनविरुद्ध पेलास्टाइनका यहुदीहरूको विद्रोह चरम् अवस्थामा पुगेको समयमा यो पुस्तक लेखिएको थियो । उपनिवेशको विरोधमा शासनविरुद्ध घृणा र विद्रोह फैलाउन पुस्तकले मद्दत गरेको थियो । यो पुस्तकमा सातओटा समुदाय जन्मिएको उल्लेख गरिएको छ । यसले पहिलो शताब्दीमा नै इसाई धर्म बाँडिएको प्रमाणित गर्दछ । तर, धर्मदूतले पठाएका भनिएका सन्देशहरू प्रकाशनाको पुस्तकभन्दा निकै पछि लेखिएका हुन् । त्यसका लेखक पनि फरक-फरक थिए भने प्रमाणित हुन्छ । यी सन्देशहरूलाई पनि दोस्रो शताब्दीको सुरु, मध्य र अन्त्यमा लेखिएका गरी तीन भागमा बाँड्न सकिन्छ । पछिल्ला सन्देशहरू सुरुका सन्देश भन्दा निकै फरक छन् । अन्य सात सन्देशका लेखकचाहिँ अर्कै धर्मदूतले लेखिएको वैज्ञानिक रूपले प्रमाणित भएको छ । सायद, यी सन्देशहरू दोस्रो शताब्दीको मध्यतिर लेखिएका थिए । सबैभन्दा सुरुको सन्देश मानिने सु-समाचार पनि दोस्रो शताब्दीको मध्यमा लेखिएको र एउटा सामान्य लेखकको कल्पनाको उपज भएको मानिन्छ । त्यसमा धेरै भौगोलिक र ऐतिहासिक त्रुटि फेला पर्छन् । त्यसमा प्रकृतिमा नभएका र तत्कालीन प्यालेस्टाइनमा नभएका विषय र सन्दर्भको उल्लेख गरिएको छ । यसरी विभिन्न युगका व्यक्ति र घटनालाई मिसाएर बाइबलका सन्देशहरू तयार गरिएको छ ।

सु-समाचारमा धेरै ठाउँ एउटा र अर्को सन्दर्भ नमिल्ने मात्र होइन स्पष्ट खण्डन भएर आएका पनि छन् । उदाहरणका लागि मेथ्यु र ल्युकको सु-समाचारमा राजा डेबिडको वंशावली दिइएको छ । यसमा डेविडले २८ वंश र ल्युकले ४२ वंश

रहेको उल्लेख गरेका छन्। मेथ्युले इसाको हजुरवा ज्याकब र ल्युकले एलाइजालाई यो सन्दर्भ वताएका हुन्छन्। मेथ्युले इसाका बुवाआमा वेथलेहेम सहरमा वस्ने गरेको र बच्चा जन्मिएपछि राजा हेरोडको बच्चा मार्ने अभियानसँग डराएर मिश्र पुगेको सन्दर्भ उल्लेख गरेका छन्। हेरोड मरेपछि मिश्रबाट ग्यालिलिको नाजरथ सहरमा आएर बसेको उल्लेख छ। तर, ल्युकको कथाअनुसार इसाका वुवाआमा नाजरथमै वस्ने गरेका थिए र जनगणनाको सिलसिलामा बेथलेहेम गएका थिए। उनीहरू नाम लेखेर फेरि नाजरथ फर्केका थिए। यस्ता अन्तर्विरोध नयाँ टेस्टामेन्टमा निकै छन्। सु-समाचारका कथाहरू विभिन्न चमत्कार र कल्पनाभन्दा वाहिरका घटनाले भरिएका छन्। रोगीलाई निको पारेको, जन्मजात अन्धोलाई दृष्टि दिएको, मृतक ब्युँझिएको, पानीमा टेकेर हिँडेको जस्ता प्रसंग छन्। सु-समाचारका पाठलाई एउटाले अर्को सन्दर्भ आएपछि खण्डित गर्नुले पछि लेखिएका विषय मान्न सकिन्छ। यसर्थ, वाइबलको सु-समाचारलाई ऐतिहासिक स्रोत-सामग्रीको आधारमा प्रयोग गर्न गाह्रो छ। धर्मदूतका कामको वर्णन गरिएको नयाँ टेस्टामेन्टको भाग सवैभन्दा पछि र दोस्रो शताव्दी यता लेखिएको मानिन्छ। प्रारम्भिक इसाई स्रोत-सामग्रीहरूमा अप्रामाणिक रचनाहरू धेरै फेला पर्दछन्। चर्चले यस्ता सामग्रीलाई अमान्य नमाने पनि धर्म फैलाउन खासै मद्दत नगर्ने विषय मान्छ। आज यस्ता सामग्री कमै मात्र उपलब्ध भए पनि नाम भने धेरैको उल्लेख गर्न सकिन्छ। यस्तामध्ये निकोडेमसद्वारा रचित सु-समाचार, ज्याकवको आदि सु-समाचार, मरियमको जन्मको सु-समाचार, जोजेफको इतिहास, धर्मदूतको कार्य आदि चर्चित छन्। यी प्रारम्भिक इसाई साहित्यका झिना अवशेषहरू हुन्। विभिन्न समयमा इसाई सम्प्रदायभित्रै देखापरेका फरक-फरक विचारधाराका संघर्षमा ती साहित्य विवादास्पद भएकाले नष्ट गरिएका थिए। वचेका यस्ता रचनाहरू प्रामाणिक रचनाभन्दा पुराना भएकाले निकै मूल्यवान् छन्। १२ धर्मदूतको शिक्षा दोस्रो शताव्दीको सुरुमा लेखिएको थियो र यसले प्रारम्भिक चरणको इसाई समाजको प्रतिनिधित्व गर्छ।

इसाई स्रोत-सामग्रीहरूमा सवैभन्दा विश्वासिला प्रमाण भनेको विरोधीहरूलाई जवाफ दिन पादरीहरूले लेखेका सामग्रीहरू हुन्। त्यस्ता सामग्रीको लेखक, रचनाकाल, सन्दर्भ सवै प्रमाणित भएकाले कुनै विवाद देखिँदैन। सन् १५० मा लेखिएको सन्त जस्टिनका रचना, सन् १८० मा लेखिएको चार सु-समाचार, दोस्रो शताव्दीको अन्त्यतिर लेखिएको टेल्टुलियनको पुस्तक, तेस्रो शताव्दीको सुरुमा लेखिएको ओरिगेनका सेल्ससका विरुद्ध ६ पुस्तक, सिकन्दरियावासी क्लिमेन्ट, केसारियाको युसेवियस आदि पुस्तक चर्चित छन्। ओरिगेनलाई त चर्चको पहिलो इतिहासकार पनि मानिन्छ। दोस्रो शताव्दीयताका स्रोत-सामग्रीमा रोमका चिहानघारी र त्यहाँका शिलालेखलाई पनि मान्न सकिन्छ। सन् १९४६ मा महत्त्वपूर्ण खोजपछि तेस्रो वा चौथो शताव्दीको कोप्ट भाषामा लेखिएको रचना फेला परेको छ। यसमा ग्नास्टिक सम्प्रदायले मान्ने सन्त टामसको सु-समाचार र फिलिपद्वारा लेखिएको सु-समाचार उल्लेख छ। प्रामाणिक

सु-समाचारसँग मिल्दाजुल्दा यी सामग्रीसँग मिल्ने अन्य सामग्रीमा एस्सेन सम्प्रदायको मृतसागर वरपर भेटिएका हस्तलिखित सामग्री पनि अध्ययनका विषय हुन्। रोम र जेरुसलेमा अझै पनि खोजहरू जारी छन्।

इसाई धर्मबारे गैरइसाई लेखक र प्रमाण फेला परे पनि ती इसाई सामग्री जत्तिको विश्वासिला पनि छैनन्। चौथो शताव्दीयता चर्चका लेखकहरूले विभिन्न संशोधन गरेर निकालेका सु-समाचार या अन्य सामग्रीमा निकै ध्यान दिइएको छ। त्यसअघि जस्तो एउटा सु-समाचारको सन्दर्भ अर्को ठाउँमा खण्डन हुने अवस्था देखाइएको छैन। अहिले अध्ययन गर्दा कतिपय सन्दर्भ र ठाउँ फरक पनि पर्छन्। दोस्रो शताव्दीको सुरुमा लेखिएको इतिवृत्त नामक पुस्तकमा सम्राट् निरोले रोम जलाएको आरोपमा इसाईहरूलाई क्रूरतापूर्वक मारेको सन्दर्भको उल्लेख गरिएको छ। यसलाई व्याख्या गर्ने विषयमा अनेक मत भए पनि एउटा सामान्य प्रमाणको रूपमा स्वीकार गरिएको छ। जोजेफ फ्लावियसको रचना यहुदीहरूको पुरावशेषमा पनि रमाइलो सन्दर्भ उल्लेख गरिएको छ। सो पुस्तकमा त्यही समयमा प्रतिभाशाली र वुद्धिमान मानिस इसा जन्मिएको र उसलाई ईश्वर वनाइएको उल्लेख गरिएको छ। त्यहाँ इसालाई रोमन शासकहरूले फाँसी दिएको उल्लेख गरिएको छ तर उनी सामान्य मानिस भएको वताइएको छ। सन् ११३ इस्वीमा वाइथिनियाका राज्यपाल प्लिनीले राजा ट्रेजनलाई इसाईहरूसँग कसरी प्रस्तुत हुने र उनीहरूसँग कस्तो व्यवहार गर्ने भन्ने प्रश्न सोधेको एउटा पत्र फेला परेको छ। राजा ट्रेजनले इसाईहरूलाई दमन गर्दा सयमता अपनाउन र अन्धविश्वासमा विश्वास गर्नेहरूलाई मात्र दमन गर्न निर्देशन दिएका थिए। यसले दोस्रो शताव्दीमा लघुएसिया या वाइथिनिया आसपासमा इसाई धर्म फैलिएको प्रमाणित हुन्छ। दोस्रो शताव्दीको उत्तरार्धमा राजा मार्क आरेलियस र ल्युसियन वीचको पत्राचार पनि अर्को अध्ययनको सामग्री हो। ल्युसियनले लघुएसियाका इसाई समुदायमाथि व्यंग्य गर्दै पेरेग्रिनस नामक पुस्तक लेखेका छन्। तर, यी सामग्रीहरू अल्पविश्वसनीय मात्र छन्।

वैज्ञानिक साहित्यमा इसा मसिहको ऐतिहासिकता अझै विवादको विषय हो। सामान्य मतअनुसार, इसालाई ऐतिहासिक विभूति मानिन्छ र पौराणिक सम्प्रदायले उनलाई निषेध गरेको पुष्टि हुन्छ। मार्क्सवादी विद्वान्हरू पनि यो विषयमा विभाजित छन्। इसाको विषयमा समकालीन लेखकहरू मौन छन्। त्यस्तै, प्रारम्भिक इसाई रचनादेखि यो धर्मको अध्ययन गर्दा अलौकिक प्राणी र अविश्वसनीय काम गरेको शक्तिशाली मानिसको छवि पाइन्छ। तर, प्रामाणिक रूपमा अन्य धर्मका जति इसाई धर्मका सामग्रीहरू पुष्टि भएका छैनन्। इसा मसिहलाई फाँसीमा झुन्ड्याएको चित्र या मूर्ति आंठौं शताव्दीवाट मात्र सुरुआत भएको हो। मार्क्सवादीहरूले इसाको व्यक्तित्वको प्रश्नलाई प्रमुख मान्दैनन्। उनीहरू तत्कालीन सामाजिक, राजनीतिक परिवेश र त्यहाँको संघर्षलाई मुख्य मान्दछन्। उनीहरूले सु-समाचारमा उल्लेख गरिएको इसा प्रमाणित व्यक्तित्व नभएर परस्पर विरोधी व्यक्तित्व भएको साहित्यिक

पात्र मात्र मान्ने गर्दछन् । इसा नामको कुनै नामको व्यक्ति हुनु र उसलाई मृत्युदण्ड दिनुले पनि यो धर्मको प्रामाणिकता सार्वजनिक हुँदैन । वैज्ञानिक ढङ्गले इसाई धर्मको प्रामाणिकताको प्रश्न उठाउने व्यक्ति फ्रेडेरिक एंगेल्स थिए । उनले रोमन साम्राज्यको निर्माणका लागि यो धर्म सुरु गरिएको वताएका छन् । विश्वमा एक धर्म र शक्तिशाली राजतन्त्रको अभियानअन्तर्गत साना राज्य ध्वस्त गरेर ठूलो राज्य निर्माणमा इसा पात्रको सहायता लिइएको उनको तर्क छ । तत्कालीन सर्वव्यापी उदासीनता, उत्साहहीनता, भ्रम, दासप्रथा र साम्राज्यको समयमा राज्यहीनता जस्ता विशेषतालाई समातेर एक ईश्वरवाद लाद्ने प्रयासस्वरूप इसाई धर्मको सुरुआत भएको मानिन्छ । निकास नपाएको समयमा परतन्त्र, उत्पीडन र गरिवीको सिकार वनेका अनेकौं राज्यका लाखौं जनतालाई अर्को सपना देखाएर जीवित राख्दै शासन गर्ने उपायस्वरूप यो धर्म उत्पादन भएको उनले प्रारम्भिक इसाई धर्मको इतिहासबारे नामक पुस्तकमा उल्लेख गरेका छन् । पुराना धर्महरू जातीय धर्मबाट बाहिर ननिस्किएको सन्दर्भ र हरेक राज्यका हरेक जाति निरास भएको अवस्थामा उनीहरूलाई अर्को सपना देखाउँदै विश्व धर्मको स्थापनाको प्रयत्न गरिएको थियो । पूरै साम्राज्यमा सम्राट्को जिनियसको पूजा, रोमकी देवी रोमा र क्यापिटोलिनस पूजा अनिवार्य गर्दा पनि रोमनहरूको अभियान पूरा भएको थिएन । यसपूर्व विश्वधर्मको रूप धारण गरे पनि रोमनभन्दा पूर्वी क्षेत्रमा मात्र त्यस्ता केही धर्म फैलिएका थिए । त्यस्तै, इरानको धर्म र अन्य धर्मले रोमनलाई सोभ्फो असर पार्दैनथे । त्यस्तै, रोमनहरूलाई कतिपय सन्दर्भमा नयाँ विचार र भ्रम फैलाउँदै त्यसको आडमा शासन दह्रो वनाउनु पनि थियो ।

दास र उत्पीडित वर्गहरूलाई धर्मबाट सान्त्वना दिने काम गर्नु जरुरी थियो । इसाई धर्म सुरु हुनुपूर्व त्यो वर्गले राजकीय र अभिजात वर्गको धर्मवाट सान्त्वनासमेत पाउँदैनथ्यो । स्थानीय धर्म र परिस्थितिअनुसारका संस्कारहरू भए पनि वर्गच्यूत समूह र दासहरूलाई मानसिक सान्त्वना दिने काम भएको थिएन । यस्तो अवस्थामा दासप्रथा व्यवस्थाविरुद्ध सामाजिक चेतना र कतै-कतै विद्रोह पनि सुरु भएको थियो । शारीरिक श्रमलाई घृणित वस्तु सम्झने अभिजात विचारधाराविरुद्ध नयाँ विचारको आवश्यकता पनि थियो । थोरै भए पनि दासहरूलाई मानव गरिमा दिने विचारको खोजी भयो । यी सवै कारणले सुरुमा दास र उत्पीडित वर्गमा प्रवेश गरी इसाई धर्मले लोकप्रियता हासिल गऱ्यो ।

प्रत्यक्ष रूपमा इसाई धर्म दोस्रो शताब्दीमा प्यालेस्टाइनमा लोकप्रिय भयो । विदेशी शासक युनानी, सिरियाली र रोमन शासकविरुद्ध रहेको जनमतले इसाको पक्षमा आफूलाई उभ्यायो । उनीहरूले आफ्नो मुक्तिदाता इसामात्र भएको विश्वास गरे । सुरुमा मसिहलाई रोमनवाट मुक्ति दिलाउने शक्तिशाली लडाकूको रूपमा कल्पना गरियो र पछि पहिलो र दोस्रो यहुदी विद्रोहको समयमा यसलाई अझ व्यापक वनाइयो । दुवै विद्रोह रोमनहरूले दवाएपछि त्यसभन्दा शक्तिशाली आध्यात्मिक मसिह उत्पन्न भएको कल्पना गरियो । दासप्रथाविरुद्ध रहेका एस्सेन सम्प्रदायका

जोगीहरूले मसिहको अर्थ न्यायको शिक्षा दिने व्यक्ति हो भन्ने लगाए। उनीहरू यहुदी भए पनि निजी सम्पत्ति नराख्ने, विवाह नगर्ने र कम्युनमा बस्ने गर्दथे। त्यस्तै, नाजिर सम्प्रदाय पनि त्यहाँ विकास भएको थियो। नयाँ टेस्टामेन्टमा इसालाई पनि त्यही सम्प्रदायको व्यक्ति भनिन्छ। नाजरथबाट इसा आएको कथा पनि नाजिरी सम्प्रदायमा उनको जन्म भएको सन्दर्भसँग जोडिन पुग्छ। कुरानमा इसाका अनुयायीहरूलाई लगातार नाजिरी नामले पुकारिएको छ। यसर्थ, इसाका अनुयायीहरूको प्रारम्भिक नाम नाजिर थियो भन्ने देखिन्छ। सुरुमा इसाई धर्म भन्नेबित्तिकै नकारात्मक रूपले हेरिन्थ्यो र पछि दोस्रो शताब्दीदेखि इसाईहरूले आफूहरूलाई इसाई भएको स्वीकार गर्न थाले। इसाई धर्म प्यालेस्टाइनमा नभएर यहुदी डायस्पोरा अर्थात् प्रसार क्षेत्रमा भएको पनि मानिन्छ। कतिपय लेखकहरू प्यालेस्टाइनको विषयमा जानकार नहुनुले यो कुरा प्रमाणित गर्दछ। युनानी दर्शन, प्रकृतिपूजक, जातीयताविरोधी आदि चरित्र बुझेको समुदायले इसाई धर्म सुरुआत गरेको संकेत पाइन्छ।

इसाई धर्मको सुरुआत यहुदी सम्प्रदायमा भएका अन्य प्रमाण पनि फेला परेका छन्। उग्र यहुदीवाद देखिनुजस्ता प्रमाण पछिल्ला समयमा विस्तारै रचनामार्फत मेटाइँदै गए। सुरुमा इसाई नैतिक नियम, विनम्रता आदिका विषयमा मौन छन् र यहुदीमाथि अत्याचार गर्नेमाथि घृणा गरिएको छ। प्रकाशनाको पुस्तकमा विश्वबन्धुत्वको शिक्षा छैन जो उत्तरकालीन इसाई साहित्यको अभिन्न अंग हो। उत्तरकालीन इसाई साहित्यमा पनि इसा मसिहलाई यहुदी बताइएको छ। त्यस्तै, उनी यहुदी भएको उल्लेख गरिएको छ। यहुदीहरूको धर्मग्रन्थ पुरानो टेस्टामेन्टलाई ईश्वरप्रेरित मानेर इसाईहरूले आफ्नो धर्मग्रन्थमा सामेल गरेका छन्। त्यस्तै, यहुदी ईश्वर याहवेलाई परमपिताको रूपमा मान्नु, यहुदी सृष्टि र मनुष्य निर्माणको कथालाई स्वीकार गर्नु एवं विभिन्न पर्व र धर्मग्रन्थ अंगीकार गर्नुले यहुदी र इसाई धर्म खासै फरक देखिँदैनन्। त्यस्तै, खतना गर्ने कामलाई सुरुमा यहुदीजस्तै अनिवार्य मानिए पनि इसाईहरूले विस्तारै छोड्दै गए। यसरी सुरुआतमा इसाई धर्म यहुदी धर्मकै शाखा जस्तो मानिने गर्दथ्यो। पहिलो शताब्दीको अन्त्यमा इसाई धर्ममा गैरयहुदी व्यक्तिहरू सामेल हुने क्रम सुरु भयो। यहुदीहरू आफ्नै धर्मबाट पनि खुसी नभएको अवस्थामा अन्य धर्म र जातिका व्यक्तिहरूले पनि यसलाई साथ दिएका थिए। प्रारम्भिक इसाई समुदायमा प्रकृति पूजक र गैरयहुदी तत्त्वलाई पनि सामेल गरियो। इसाई धर्मले प्रकृति पूजकहरूबाट धेरै कुरा लियो। ईश्वरको मरण र पुनर्जीवनको सिद्धान्त मर्ने र फेरि बाँच्ने देवतासँग सम्बन्धित पूर्वी विश्वासको नक्कल थियो। त्यस्तै, इरानको मिथ्र देवताबाट पनि इसाईहरूले धेरै कुरा लिएका थिए। २५ डिसेम्बरमा इसा जन्मिएको मानिनु सूर्य उत्तरायण हुने समय र मिथ्रको जन्म मनाइने दिन थियो। त्यस्तै, मरियमको पूजा गर्ने चलन मिश्रकी देवी आइसिसको पूजासँग सम्बन्धित देखिन्छ। यो क्रम चौथो शताब्दीदेखि सुरु भएको थियो। अनाम लेखकहरूले कुमारी मारियाममाथि लेखेका पुस्तकहरू पनि पाइन्छन्। क्रसको पूजा गर्ने चलन र अंग्रेजी

'टी' आकारको वस्तु पवित्र मान्ने चलन पनि प्राचीन मिश्र, क्रिट र अन्य सम्प्रदायमा पाइन्थ्यो । यो आकारलाई भारत, चीन, अफ्रिका, अमेरिका, अस्ट्रेलिया आदि देशका जनजातिले पनि पवित्र मानेर पूजा गर्दथे । त्यस समयमा इसा मसिहको जन्म भएको थिएन । पुराना इसाई समाधिस्थलहरूमा क्रसको सट्टा माछा, भेडा, बाखा आदिका आकृति देखिन्छन् । पछि, क्रस मात्र र अझ पछि क्रुसमा इसा झुन्डिएको चित्र प्रयोग गर्न थालियो । यो आठौं शताब्दीदेखि मात्र सुरुआत भएको थियो । यहुदी धर्ममा पवित्र आत्मावाट गर्भधारण गर्नु अनौठो थियो तर ईश्वर अथवा देवतासँग सहवास गर्ने र गरिने विश्वास पश्चिम एसिया र युनानमा प्रचलित थियो । यो वास्तवमा प्राचीन आदिम टोटेमी विश्वास थियो । यसरी इसाई धर्मका धेरै विषय र सन्दर्भ विश्वका अनेक धर्महरूवाट लिइएको पाइन्छ ।

नयाँ टेस्टामेन्टका कथाहरूमा यहुदीहरू इसाविरोधी भएको उल्लेख गरिएको छ । तर, इसा स्वयम् यहुदी थिए र यहुदीकै कारण उनलाई मारिएको थियो । पाइलेटसका विषयमा सो भागमा उल्लेख गरिएको सन्दर्भले अझ यो कुरा प्रमाणित गर्दछ । त्यस्तै, सु-समाचारका विभिन्न सन्दर्भमा फरक-फरक किसिमले रोमनभन्दा यहुदीका कारण इसाले मृत्युदण्ड पाएको विषय वढाइ-चढाइका साथ उल्लेख गरिएको छ । त्यस्तै, सु-समाचारहरूमा जुडस नामक शिष्यको कल्पना गरिएको छ । उसले चाँदीका ३० ओटा सिक्काको बदला इसालाई शत्रुको हातमा सुम्पिएको उल्लेख गरिएको छ । यसले इसा मसिहको जन्ममा रोमन साम्राज्यवादको हात भएको कुराको पनि संकेत गर्छ ।

यसरी नयाँ टेस्टामेन्टमा मात्र नभएर धर्मसिद्धान्त र कर्मकाण्डमा यहुदी र प्रकृति पूजकको सम्मिश्रणवाट नयाँ धर्म बनेको देखिन्छ । त्यस्तै, यहुदीहरूलाई निकै घृणा गर्ने गरेको सन्दर्भ पनि त्यहाँ उल्लेख गरिएको छ । यसरी मिश्रणवाट अघि वढेको धर्म भएकाले इसाई धर्मलाई लामो समयसम्म संघर्ष गरेपछि मात्र छुट्टै धर्मको मान्यता प्राप्त भएको देखिन्छ । पहिलो शताब्दीको अन्त्य र दोस्रो शताब्दीको लगभग पूरै समय यहुदी र प्रकृतिपूजक समूहवीच संघर्ष चल्यो । यसलाई त्यसयताका इसाई साहित्यमा उल्लेख नगर्ने प्रयास गरिए पनि त्यसको प्रतिविम्व कतै न कतै उल्लेख गरिएको छ । कतिपय ठाउँमा यहुदीविरुद्ध वढी र कतिपय ठाउँमा सामान्य प्रचार गरेर अन्त्यमा सवै जातिका मानिसका लागि इसा एक भएको उल्लेख गरिएको छ । यी सवै कुराले के देखिन्छ भने यहुदी, प्रकृतिपूजक र केही नयाँ विचारसहित इसाई धर्मको जन्म भएको थियो र यो धर्मको जन्म एउटा नयाँ चरणको सुरुआत पनि थियो । इसाई धर्मको मूलभूत विचार नै पापीपनको विचार भएको मानिन्छ । जटिल जीवन, भौतिक तथा नैतिक दरिद्रतालगायतका विषयमा देखिएको आवश्यकता पूरा गर्ने प्रयास यो धर्मले गरेको थियो ।

इसा मसिहको विम्व निकै जटिल मानिन्छ । दुईओटा अलग-अलग नाम र सन्दर्भ यसमा जोडिएका छन् । इसाको अर्थ ग्यालिलिको उपदेशक हुन जान्छ । त्यस्तै,

मसिहको अर्थ राजा वा प्रभावशाली व्यक्ति हुन जान्छ। सु-समाचारहरूमा दुवै नाम एकैचोटि फेला परेका छैनन्। मसिह भनेको सवैले प्रतीक्षा गरेको व्यक्ति भएको इसाले नै वताएको उल्लेख गरिएको छ। तर, स्वयम् कुनै पनि चेलाले इसालाई मसिह भन्ने छुटचाहिँ दिइएको थिएन। वरु नयाँ टेस्टामेन्टमा ग्यालिलिको उपदेशक नै मसिह अर्थात् यहुदीहरूले प्रतीक्षा गरेको प्रभावशाली व्यक्ति भएको प्रमाणित गर्ने प्रयास गरिएको छ। पछि, अन्य सम्प्रदाय र आलोचकहरूले इसा मसिह शव्दमाथि नै शंका व्यक्त गरे। त्यस्तै, इसाईहरूको पापको सट्टा दिइने वलिदान अन्य विभिन्न धर्मको वलिदानकै फरक रूप थियो। इसाले यसअधिका मानिसहरू सवैले गरेको पाप पखाल्नका लागि आफू खुसीले फाँसीमा झुन्डिएको व्याख्या गरियो। इसाको शिक्षामा विश्वास दिलाउन उनको वलिदानी र प्रायश्चित गराउनका लागि यो विम्व निर्माण गरिएको भरपर्दो विश्वास गरिन्छ। नयाँ टेस्टामेन्टलाई कतिपयले नाटकको पटकथा पनि मान्ने गरेका छन्। त्यस्तै, इसाको प्रायश्चित र वलिदानीको कथा मिश्र, युनान र लघुएसियामा त्यसअघि नै पाइने गर्दथ्यो। यसरी इसाईहरूले नयाँ टेस्टामेन्टवाट अर्को पटकथा लेखेर त्यसलाई विश्वास र पवित्रताको मुख्य आधार वनाए।

इसाई धर्मसँगै विस्तारै चर्च संगठन पनि अस्तित्वमा आएको देखिन्छ। अन्य धर्मसँग टक्कर लिएर इसाई धर्मलाई वलियो वनाउने काममा चर्चको महत्त्वपूर्ण भूमिका थियो। प्रारम्भिक इसाई रचनामा चर्चको कतै उल्लेख भएको पाइँदैन वरु धर्मदूतले ठाउँ-ठाउँ गएर प्रवचन दिएको उल्लेख भएको पाइन्छ। डिकन, विसप जस्ता पदहरू पनि चर्च सँगसँगै सुरु भएको मानिन्छ। तेस्रो शताव्दीदेखि चर्चको रूप र तह पनि राज्यवाट नगरस्तरसम्म पुगेको देखिन्छ। त्यस्तै, राज्यले दिएको संरक्षण र धर्मको प्रचारमा गरेको व्यापक लगानीले पनि यस्ता संस्थामा विभिन्न पद र जिम्मेवारी टिकाएको देखिन्छ। विसपहरूले विस्तारै धर्मसिद्धान्त र कर्मकाण्डसँगै अन्य विषयमा पनि आफ्नो धारणा दिन थाले। अनेक जातीय र वर्गीय समूहमा वहस र संघर्ष हुन थाले। यीमध्ये दोस्रो शताव्दीमा चर्चित ग्नास्टिसिज्म भनिने वुद्धिजीवी र सम्पन्न व्यक्तिहरूको सम्प्रदाय देखापऱ्यो। यसलाई आममानिसले वुझ्न नसक्ने र उनीहरूको हितमा पनि नभएको हुनाले स्वीकार गरेनन्। तर, चर्चका पदाधिकारीहरूले यो विचारका धेरै सन्दर्भलाई इसाई दर्शनमा सामेल गरे। त्यस्तै, मोन्टेनसपन्थीहरूको आन्दोलन पनि अर्को चर्चित सम्प्रदायमा पर्दछ। यो आन्दोलनले विसपहरूको वढ्दो चलखेललाई नियन्त्रण गर्ने प्रयास गरेको थियो। यो सम्प्रदायले व्रह्मचर्यको माग गरेको थियो। दोस्रो शताव्दीमा दासस्वामी र व्यापारीहरूले इसाई समुदायलाई आफ्नो नियन्त्रणमा लिएका थिए। यसले गर्दा विभिन्न सम्प्रदाय र आलोचनात्मक विचारधारालाई दवाउने काम गरियो। मोन्टेनसपन्थलाई दवाउनका लागि विसपको सत्ता अझ वलियो वनाइयो। त्यस्तै, तेस्रो शताव्दीमा मानिपन्थी विचार अघि आयो। इरानवाट प्रचारमा आएको जरथुस्त र इसाई धर्मको समन्वयको यो धर्म सन् २७६ मा फाँसी दिइएका इरानी विद्वान् मानीले सुरु गरेका थिए। मानीपन्थीहरूले पुरानो

टेस्टामेन्ट पूरै र नयाँ टेस्टामेन्टका धेरै भाग मान्दैनथे । विभिन्न वर्ग खडा गरेर धार्मिक तह सिर्जना गर्ने यो विचार पछि दबाइयो । त्यसपछि मध्ययुगमा विभिन्न सम्प्रदाय र वर्गीय स्वरहरू पनि दबाउन इसाई धर्म सफल भयो । यीमध्ये दोनात नामका बिसपको विचारमा आधारित दोनातपन्थी विचार मुख्य मानिन्छ । चौथो शतोब्दीमा उत्तरअफ्रिकाबाट आएको यो विचार राज्यसँग सम्झौता नगर्ने तथा विवादास्पद विसप र पादरीहरूलाई नमान्ने चेतना बोकेर अघि बढेको थियो । चौथो शताब्दीमा रोमन दासप्रथामा संकट परेपछि धनी र गरिबबीचको युद्धमा यो विचारधाराले गरिबको पक्ष लिएको थियो । इसाई सेना निर्माण गरेर यो पन्थका व्यक्तिहरूले धनीविरुद्ध युद्ध गरेका थिए । उत्तरअफ्रिकाका केही भागमा यो समुदाय इस्लामको आगमनसम्म टिकेको पाइन्छ । यो समय सातौं शताब्दी हो । तर, यो अभियानले आन्दोलनले समेत इसाईहरूमा फुटचाहिँ ल्याएन । बरु चौथो शताब्दीमा सुरु भएको एरियसपन्थी आन्दोलनले हलचल मच्चाएको थियो । मिश्रको अलेक्जेन्ड्रियामा सुरु भएको त्यहींका एरियस नामका पादरीको अभियान हो यो । यसले इसाको विषयका अनर्गल प्रचार हटाउने काम सुरु गरेको थियो र अन्य जातिका व्यक्तिलाई पनि स्वीकार्य हुने मत अघि सारेको थियो । इसा ईश्वरको पुत्र नभएर ईश्वरले बनाएको व्यक्ति भएको यिनीहरूको मत थियो । मिश्रमा उनको मतले ठूलो स्थान लिएको थियो । कतिपय सडकमा पुरातनवादी र यो मतका समर्थकबीच मुठभेड पनि भएको थियो । साम्राज्यविरुद्ध लड्ने जनताको चेतना यसमा प्रतिविम्बित भएको थियो । रोमन सम्राट् कोन्स्टेन्टाइनले धर्मसभा बोलाएर एरियसको मतको भर्त्सना गरे । उनले यरियसलाई पापी भने पनि यो मतले भित्रभित्र प्रचार पाइरह्यो । पछि, यो मतका समर्थकहरू क्याथोलिक बने । एरियसपन्थ दमन गरिए पनि अर्को सम्प्रदाय देखापऱ्यो । कुस्तुन्तुनियाका बिसप नेस्टोरियसद्वारा स्थापित यो मतअनुसार इसा मसिह मानिस थिए । सन् ४३१ मा भएको अर्को धर्मसभाले यो पन्थलाई पनि निन्दा गऱ्यो । तर, पूर्वी देशहरूमा आज पनि यो मत अस्तित्वमा देखिन्छ । चौथो र पाँचौं शताब्दीमा यरिएसपन्थी र नेस्टोरियस पन्थीहरूबीच भीषण संघर्ष भयो । त्यसपछि त्यहाँ अर्को विचार उत्पन्न भयो । त्यो नयाँ विचारले पनि इसा मसिहलाई मानिस नै मान्दथ्यो तर ईश्वरीय क्षमता भएको मानिस मान्दथ्यो । पाँचौं शताब्दीमा यो सम्प्रदायले पूर्वी रोमनमा ठूलो प्रभाव पाऱ्यो । आर्मेनिया र इथियोपियाका चर्चहरू आज पनि यो विचारका नजिक देखिन्छन् ।

सुरुमा यहुदी सम्प्रदायको बीचबाट पैदा भएको इसाई धर्म विश्वव्यापी धर्म बन्ने क्रमसँगै परिमार्जित हुँदै गयो । त्यससँगै निकै पेचिलो र अनेकौं प्रश्नको जवाफ दिन नसक्ने धर्मको रूपमा यो धर्म अघि बढ्यो । विश्वका कुनै पनि धर्ममा सायद यति धेरै विरोधाभास, असङ्गति र अनर्गल प्रचार पाइँदैन । विभिन्न सु-समाचारहरूमा रहेका अन्तर्विरोधलाई महत्त्वहीन मानेर अन्य विषयमा मात्रै घोरिँदा पनि यो धर्ममा धेरै अर्न्तविरोध पाइन्छन् । सर्वशक्तिमान ईश्वर र आफैंलाई कष्ट दिने ईश्वरबीच

कतै पनि मेल खाएको देखिँदैन । त्यस्तै, सबै कुरा पूर्वनियन्त्रित हुने धर्मसिद्धान्त र इसाई धर्मकै मान्छेको इच्छाको स्वतन्त्रताबीच पनि तालमेल भेटिँदैन । एक ईश्वरवादको अवधारणा पिता रूप, पुत्र रूप र पवित्र आत्मा रूपको ईश्वरले खण्डन गरेको छ । इसाई धर्म यदि विरोधाभासपूर्ण हुनुमा तत्कालीन संघर्ष र आरम्भिक इसाई धर्मको समयको वर्गीय झलकको उपज हो भन्दा फरक पर्दैन । सुरुमा दासहरूको पक्षमा देखिएको यो धर्म बिस्तारै सम्पन्नहरूले आफ्नो हातमा लिएपछि व्याख्याका क्रममा झन् जटिल बन्न पुग्यो । त्यस्तै, बीच-बीचमा विभिन्न सम्प्रदायका विचार सामेल भएपछि त यो धर्ममा सुव्यवस्थित रूप दिएर सिद्धान्त तय गर्नु असम्भव जस्तै हुन पुग्यो ।

इसाई धर्मको नीतिशास्त्र पनि यस्तै विरोधाभासपूर्ण देखिन्छ । लामो वैचारिक संघर्षपछि इसाई विश्व दृष्टिकोण फरक-फरक नैतिक नियम र सिद्धान्तको प्रवेशसहित बनेको देखिन्छ । दास र उत्पीडित समुदायसँगै स्वामीहरूको घृणित मान्यता पनि यसमा प्रतिविम्बित भएको पाइन्छ । त्यस्तै, सामान्य नैतिक चेतना पनि नभएको व्यवहार इसाले गरेको नयाँ टेस्टामेन्टमा पाइन्छ । मेथ्यु रचित सु-समाचारमा आफ्नी आमा र भाइसँग आफ्नो कुनै सम्बन्ध नभएको इसाले बताएको र उनले आफ्नो चेलालाई बुबाको मृत्युमा पनि छुट्टी नदिएको सन्दर्भ उल्लेख छ । इसाई समाजको वर्गीय बनावटमा भएको परिवर्तनअनुसार सु-समाचारमा गरिएका संशोधनहरू उल्लेख भए भन्न सकिन्छ । कतै गरिबको महिमागान गरिएको छ भने कतै गरिबलाई धनीकोमा दास बनेकोमा उल्टै निन्दा गरिएको छ । उत्पीडितहरूलाई स्वर्गमा पुरस्कारको वचन दिइएको छ । तर, पृथ्वीमा नै उनीहरूको मुक्तिको कल्पना पनि गरिएको छैन । दासलाई सोझै कामबाट आएर सेवा गर्ने आदेश दिइएको छ, उसलाई पनि आराम चाहिन्छ भन्ने उल्लेख गरिएको छैन । तर, यति भए पनि धैर्य, विनम्रता र क्षमाको शिक्षालाई सु-समाचार भरी मुख्य स्थान दिइएको छ । अव्यावहारिक लाग्ने नैतिकता पढाइएको छ र त्यसले आजसम्मका इसाईहरूलाई आकर्षण गरिरहेको छ । तर, यी सबै नैतिक प्रणालीका शिक्षा स्थानीय अन्य धर्मबाट लिइएका थिए । विभिन्न सम्प्रदायका बीचको संघर्षबाट समुदायको एकीकरण र चर्चको सुदृढता हुन पुग्यो तर यस सँगै इसाई कर्मकाण्डको जटिलता पनि बढ्न थाल्यो । सुरुमा अत्यन्त सरल इसाई कर्मकाण्ड पछि बिस्तारै जटिल हुन पुग्यो । सुरुको इसाई कर्मकाण्ड बेला-बेलामा साँझमा भोज खाने काममा सीमित थियो । तर, अन्य धर्मका विश्वास पनि सामेल हुँदै जाँदा विभिन्न अनुष्ठान पनि गरिन थाल्यो । धार्मिक समारोहमा इसाको मासु र रगतको स्वाद लिएर प्राचीन देवभक्षणको एउटा रूप सुरु गरियो । यो टोटेमवादको अवशेष हो भन्न सकिन्छ । प्राचीनकालमा संरक्षक देवताको रूप मानिएका रूख वा जनावरलाई खाने चलन थियो । यो परम्परा मिश्र धर्मबाट आएको थियो । अथवा, प्राचीन यहुदी बलि परम्पराबाट पनि आएको मान्न सकिन्छ । यसरी इष्टरसँग सम्बन्धित अनुष्ठान सुरु भयो र युखारिस्तसँग सम्बन्धित महाभोज प्रभुको रगत खाएर मनाउने चलन विकसित भयो । युखारिस्तपछि बप्तिज्मको अनुष्ठान

देखापऱ्यो । यो पनि अन्य धर्मबाट लिइएको थियो । पानीमा डुबेर गरिने अनुष्ठानलाई बप्तिज्म भन्ने गरिन्छ । यो पनि प्राचीन दीक्षा संस्कारको निरन्तरता थियो । गोप्य ढङ्गले कतिपय समाजका अनुष्ठानहरू सम्पन्न गरिन्थे र त्यसको निरन्तरताको रूपमा इसाई धर्ममा बप्तिज्मलाई मान्यता दिइयो भन्ने देखिन्छ । मेन्डियन पन्थीहरूले अपनाएको पानीमा शुद्ध हुने अनुष्ठानलाई इसाई धर्ममा स्थान दिइएको पाइन्छ । यसको अर्थ के हो भने पानीले अशुद्धि पखाल्छ र पाप पनि पखाल्छ । मानिसको आदिकालदेखिको पाप पखाल्न यो विधि प्रयोग गरिन्थ्यो । यसपछि अन्य सातओटा विभिन्न अनुष्ठानहरू इसाई धर्ममा मिसिन पुगे । १३औं शताब्दीमा यो विधिलाई धर्मसभाद्वारा औपचारिकता दिइयो र सात अनुष्ठान अनिवार्य गरियो ।

तेस्रो शताब्दीसम्म आइपुग्दा इसाई धर्म व्यापक जटिल र विरोधाभासपूर्ण बनिसकेको थियो । यहुदी सिद्धान्तको मसिह, आत्माको उपस्थिति, मजदा धर्मको युगान्त विषयको मान्यता तथा पुण्यआत्मा, मजादा धर्मकै स्वर्ग र सैतान, पूर्वी देशमा चर्चित मातृपूजा आदि यो धर्ममा सम्मिलित भएका थिए । इसाईहरूले विरोध गरेको तन्त्रमन्त्र पनि यसमा सामेल भएको थियो र टोटेमी अनुष्ठान तथा विश्वास पनि मिसिएका थिए । इसाई धर्मको विकासमा यसमाथि गरिएको दमनले पनि महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ । दमनविरुद्ध शोषित व्यक्तिहरू स्वस्फूर्त ओर्लिएका थिए र उनीहरूले इसाई धर्मलाई विकल्पको रूपमा रोजे । इसाईहरूले आफ्नो धर्ममाथि भएका दमनलाई पछि जोडतोडका साथ प्रचार गरेका थिए । सम्राट् निरोले गरेको दमनलाई उनीहरू पहिलो ठूलो दमन मान्दछन् । तर, पहिलो प्रमाणित दमनचाहिँ सम्राट् डेसियसको कालमा सन् २४९ देखि २५१ मा भएको थियो । त्यस्तै, दमनको ठूलो घटना सम्राट् डायोक्लिसियनको समयमा तेस्रो शताब्दीको अन्त्यमा सुरु भएको थियो । तर, यो कारण राजनीतिक थियो । चर्चहरू राज्यभन्दा शक्तिशाली भएकाले दमन सुरु गरिए पनि ढुलमुल भएका व्यक्तिलाई मात्र गैरइसाई बनाउने सफलता यो दमनले प्राप्त गरेको थियो । तर, चर्चलाई चाहिँ दमनपछि अझ बढी शक्ति दिन राज्य बाध्य हुनुपऱ्यो । चौथो शताब्दीको सुरुमै सम्राट् कोन्स्टेन्टाइनले चर्चलाई अधिकार दिएर राज्यकै पक्षमा प्रयोग गर्ने उपाय अपनाए । उनले इसाई धर्मलाई राजकीय धर्म बनाए र आफू पनि प्रकृति पूजकबाट इसाई बने । इसाई चर्चलाई शक्ति दिएसँगै धर्ममा आन्तरिक परिवर्तन देखापर्न थाल्यो । यो धर्ममा दासबाहेक सत्तारुढ र अभिजात वर्गका व्यक्ति सामेल हुन थाले । त्यस्तै, स्त्रीहरूको पनि चर्च र इसाई धर्मप्रति विशेष झुकाव बढ्न थाल्यो । सुदृढ बनेका चर्चहरूले राज्यको सहयोगमा अन्य पन्थ र सम्प्रदायलाई कुल्चिने मौका पायो । यसपछि इसाई धर्मको स्वरूप नै बदलिन थाल्यो । इसाईहरू प्रकृति पूजकहरूको बाहुल्य भएको ठाउँमा जाँदा फरक शब्दले प्रस्तुत हुन थाले र उनीहरूलाई आफ्नो प्रभावमा लिन थाले । त्यससँगै साधु र तपस्वी जीवन बिताउने अभियान पनि यही धर्मबाट सुरु हुन थाल्यो । केही इसाईहरू संसार छोडेर एकान्त स्थलमा तपस्या गर्न लागे ।

इसाई धर्म सुरुआतमा तत्कालीन समाजअनुसार प्रगतिशील कदम थियो ।

यसले तल्लो वर्ग र विभिन्न जातजातिको हितमा साझा विचार ल्याएको थियो। लेनिनले त आरम्भिक इसाई धर्मलाई राज्य र क्रान्ति नामक पुस्तकमा जनवादी क्रान्तिकारी भावना भएको धर्म भनेका छन्। यो धर्म सामाजिक नैतिकताको विषयमा पनि आदिम नैतिकताभन्दा प्रगतिशील थियो। सांस्कृतिक दृष्टिले इसाई धर्म सिद्धान्त जनताले बुझ्ने र उन्नत किसिमको थियो। तर, चमत्कार र भविष्यवाणीमा गरिएका विश्वास एवं कतिपय अन्य विचारहरूसँगको तुलनामा यो धर्म सुरुमै निकृष्ट थियो।

रोमन साम्राज्यको पतनको समयमा राज्य धर्म बनाएर जर्मन र स्लाभ जातिहरूमा त्यसलाई फैलाउने कोसिस गरियो। छैंटौंदेखि नवौं शताब्दीमा यो जर्मनीबाट गएका विभिन्न जनजातिमा प्रसार भयो। दसौं शताब्दीमा सबै स्लाभहरू इसाई बने। आर्मेनिया र जर्जियामा त चौथो शताब्दीमै यो धर्मले प्रभाव पारेको थियो। दसौं शताब्दीमा युरोप पूरै इसाई बन्यो भने एसियाका कतिपय देशहरूमा इस्लाम धर्मको प्रभावले इसाई धर्म पछि हट्नुपर्‍यो। तर, युरोपमा रहेका प्रकृति पूजक जातिहरूमा चाहिँ इसाई धर्मले त्यहाँका पुराना अस्तित्व पनि स्वीकार गर्‍यो। यसरी धार्मिक समन्वयवादका नाममा द्विधर्मी विचार अंगीकार गरियो। स्थानीय देवताहरू इसाई सन्तमा विलाए भने मिथकहरूको पुनर्व्याख्या गरियो। १५औं शताब्दीदेखि इसाई धर्मले युरोपभन्दा बाहिरी संसार पनि हेर्ने प्रयास गर्‍यो र २०औं शताब्दीको सुरुसम्म यो धर्म विश्वको सबैभन्दा व्यापक धर्म बन्यो र आफ्नो प्रभाव कायम गरिरह्यो।

इसाई धर्म अध्ययन गर्दा धर्मको आन्तरिक जीवन र चर्चसँगको सम्बन्ध तथा राज्यसँगको दृष्टिकोण पनि बिर्सिनुहुँदैन। रोमन साम्राज्यको पश्चिमी र पूर्वी भाग विभाजनसँगै चौथो शताब्दीमा चर्च पनि पूर्वी र पश्चिमी दुई भागमा बाँडिए। साम्राज्यको पतनसँगै बिसप अर्थात् सामान्य अर्थमा पुजारीहरू र पोपहरू शक्तिशाली बने। बिसपलाई नै चौथो शताब्दीदेखि पोप भन्ने गरिन्थ्यो। तर, कतै-कतै राज्यको शक्ति यथावत् रह्यो। पूर्वी र पश्चिमी चर्चहरूबीच राजनीतिकसँगै धार्मिक मतभेद पनि बढ्न थाल्यो। ११औं शताब्दीमा यी दुईबीच सम्बन्ध विच्छेद भयो र पश्चिमी चर्चहरू रोमन क्याथोलिक तथा पूर्वी चर्चहरू युनानी अर्थोडक्स बन्न पुगे। पश्चिमीहरू पितारूप र पुत्ररूपलाई मान्छन् भने पूर्वीहरू पितारूपलाई मात्र मान्ने गर्दछन्। अन्य कतिपय सामान्य मतभेद पनि यी दुई समूहबीच रहने गर्दछन्। त्यस्तै, अनुष्ठानहरूबीच दुईटा बीच फरक गर्न थालियो। पहिला जस्तो दुई समूहबीच ठूलो अन्तर र मनमुटाव नभए पनि आज पनि अनुष्ठान र धर्म स्वीकार गर्ने विषयमा यी दुई समूहको फरक-फरक मान्यता छ। मध्ययुगीन युरोपमा वर्गसंघर्षका कारण इसाई धर्ममा अनेक सम्प्रदाय उत्पन्न भए। सातौं शताब्दीमा सुरु भएको बाइजेन्टियमको पालवादी विचार, दसौं शताब्दीको बल्गारियाको बोगोमिल विचार यसका प्रमुख उदाहरण हुन्। यी र अन्य विचारहरूले तत्कालीन राजनीतिक, सामाजिक र धार्मिक अत्याचारविरुद्ध जनताको साथ पाएका थिए। १२औं शताब्दीमा पोपको कार्यालयले विशेष धार्मिक अदालत गठन गर्‍यो। फरक मत राख्नेबित्तिकै धार्मिक अदालतलाई सुम्पिएर उनीहरूमाथि

दमन गर्ने गरियो । त्यसमा लागि १४औं शताब्दीमा विशेष पुस्तक तयार गरियो र विधर्मीहरूको खोजी गर्ने विधि पनि तय गरियो । यसले कतिपय क्षेत्रमा फैलिएका र उत्पन्न भएका मतहरूलाई दमन गर्ने काम गऱ्यो । १६औं शताब्दीको सुरुमा मध्य र उत्तरी युरोपका देशमा सामन्तवाद र त्यसको धार्मिक अभिव्यक्ति क्याथोलिक मतको विरुद्ध, पोपको निरंकुशताविरुद्ध र स्वतन्त्रतासँग नजिक रहेर आन्दोलन सुरु भयो । धर्मसुधार आन्दोलन नाम दिइएको त्यो आन्दोलनपछि प्रोटेस्टेन्ट चर्चको जन्म भयो । यसमा स्कोन्डिनेविया, स्विट्जरल्यान्ड, हल्यान्ड, स्कटल्यान्ड आदि क्षेत्रमा देखापरेका मतहरू थिए । यसको केन्द्र इंग्ल्यान्ड बन्यो । यो नयाँ विचारले बाइबललाई मान्ने तर चर्चलाई कम महत्त्व दिने विचार अघि साऱ्यो । सात संस्कारको सट्टा दुईओटा संस्कार बप्तिज्म र युखारिस्त दुई संस्कार मात्र स्वीकार गर्ने विचार अघि सारियो । क्याथोलिक चर्चको जस्तो केन्द्रमा नराखेर मानिसलाई राख्न थालियो । चर्चबाट सत्ता खोसेर राजा, सामन्त र बुर्जुवाहरूलाई दिइयो । अहिलेसम्म पनि विभिन्न मत निस्कने र सम्प्रदाय जन्मने क्रम जारी छ । रोमन चर्चबाट अलग हुने क्रम २०औं शताब्दीको मध्यसम्म जारी रह्यो । यस्ता उतारचढावमा राजनीतिक कारण पनि छन् र धार्मिक कारण पनि लुकेका छन् भन्ने प्रस्ट छ । क्याथोलिक मत पोर्चुगल, स्पेन, इटाली, आयरल्यान्ड, बेल्जियम, अस्ट्रिया र पोल्यान्डमा आज पनि बाहुल्यतामा छ । त्यस्तै, फ्रान्स, हङ्गेरी, स्लोभानिया, क्रोएसिया, अल्बानिया, पश्चिम जर्मनी, लिथुआनिया, लाटोपिया, ल्याटिन अमेरिका र क्यानाडा आदिमा यो मत नै बहुमतमा छ । यस्तै, पूर्वी र दक्षिण पूर्वी युरोप अर्थोडक्स चर्चको बाहुल्यता छ । रुसमा जारकालमा अर्थोडक्स मत नै राज्यधर्म थियो ।

धेरै शताब्दीसम्म इसाई चर्च सबै युरोपेली देशको सामन्ती र दासप्रथाको मुख्य हतियार बन्न पुग्यो । पुँजीवादी व्यवस्था सुरु भएपछि चर्चलाई आफ्नो अनुकूल ढाल्ने प्रयासअनुसार विभिन्न परिवर्तन पनि गरियो । १९औं शताब्दीमा युरोप र अमेरिकाका देशमा मजदुर र समाजवादी आन्दोलन सुरु भयो । यसपछि त्यहाँका चर्चमा पनि परिवर्तन गरियो । समाजवादतिर झुकेका मजदुरलाई क्याथोलिक चर्चहरूले विशेष कार्यक्रम दिए । १९औं शताब्दीको पाँचौं दशकमा फ्रान्समा इसाई समाजवादको जन्म भयो र पछि यो अन्य मुलुकमा फैलियो । २०औं शताब्दीको सुरुमा इसाई सगठन बन्यो । अहिले पनि कतिपय देशमा इसाई धर्मका गुटहरूको राजनीतिक दल पनि बनेको देखिन्छ । इसाई धर्म र चर्चलाई विज्ञानसँगै केही कुरा सुधार गर्न बाध्य पनि हुनुपऱ्यो । कतिपय क्याथोलिक र प्रोटेस्टेन्ट धर्मशास्त्रीहरूको बहसले आधुनिकतावादको उत्पत्ति गरेको थियो । तर, सोभियत संघमा विभाजनपूर्व चर्चले समाज परिवर्तनमा अग्रगामी भूमिका निर्बाह पनि गरेको थियो ।

***

अध्याय-२४

इस्लाम धर्म

तेस्रो र सवैभन्दा पछि उत्पन्न भएको विश्वव्यापी धर्मका रूपमा इस्लामलाई लिइन्छ । १९८५ मा विश्वका ८० करोड मानिसले इस्लाम धर्म मानेको तथ्यांक सार्वजनिक भएको थियो । यो धर्म उत्तरअफ्रिका, दक्षिणपश्चिमी, दक्षिणी र दक्षिणपूर्वी एसियामा फैलिएको छ । लगभग सवै अरबीभाषी देशहरू मुस्लिम हुन् । तुर्की र इरानी समूहका भाषा बोल्ने मानिस पनि मुस्लिम नै हुन् । भारतमा पनि मुसलमानको संख्या निकै छ । मलेसिया र इन्डोनेसियाका लगभग सवैले इस्लाम धर्म मान्छन् ।

इस्लामको जन्म सातौं शताब्दीमा अरबमा भएको थियो । बौद्ध र इसाई धर्मको तुलनामा इस्लाम धर्मको आरम्भमा विवाद कम नै छ । यो धर्म सुरु भएयताका स्रोत-सामग्रीहरू सवै उपलब्ध छन् । तर, केही व्याख्याहरूमा आख्यानमा पनि भर पर्नुपरेको छ । मुस्लिम परम्पराअनुसार इस्लामका संस्थापक पैगम्बर मुहम्मद थिए । उनी अरबको मक्कामा जन्मिएका थिए । उनलाई अल्लाहको तर्फबाट धेरै नै दिव्यज्ञान प्राप्त भएको थियो । पुरानमा यस्ता दिव्यज्ञानहरू उल्लेख गरिएको छ । यहुदीलाई मुसाका पञ्चपुस्तक जस्तै कुरान मुसलमानका लागि अर्थपूर्ण र अनिवार्य छ । इस्लामको आरम्भिक इतिहास बुझ्नका लागि कुरान महत्त्वपूर्ण स्रोत मानिन्छ । मोहम्मद आफैं केही लेख्न जान्दैनथे र अनपढ मानिस थिए भन्ने अनुमान गर्न सकिन्छ । उनका अनुयायीहरूले उनका भनाइ र उपदेशलाई टिपेर लेख्न गरेका थिए । सन् ६५० मा यसको संकलित रूप तयार गरी कुरान नाम दिइएको थियो । यसलाई ईश्वरको आदेशसहितको संग्रहका रूपमा मान्न थालियो । कुरानमा ११४ अध्याय छन् र विभिन्न अध्यायमा एउटै चिजलाई बढाइचढाइ गरेर दोहोऱ्याइएको छ । सुरुमा अल्लाहको महत्त्व गान र महिमा उल्लेख छ । त्यस्तै, विभिन्न बर्जित वस्तु र नियम उल्लंघन गर्ने मानिस मरेपछि नर्कमा जाने उल्लेख छ । नर्कलाई जहन्नुम भनिएको छ । नवौं शताब्दीमा लेखिएको मोहम्मदको जीवन चरित्र प्रयोग गरिन्छ । आठौं शताब्दीमा मदिना निवासी इब्न इसहाकले यसको पहिलो संस्करण

तयार पारेका थिए। महम्मदको जन्म सन् ५७० मा र निधन ६३२ मा भएको मानिन्छ। उनले आफ्नो धर्मको प्रचार मक्कामा गरे र धेरै प्रंशसक बनाउन नसकेपछि मदिना पुगे। त्यहाँ उनले राम्रो सफलता पाए। पछि, मक्कामा पनि उनको धर्म फैलियो। मोहम्मदको जीवन कथामा इसा मसिहजस्ता अनेक कल्पनाहरू छैनन्। तर, इस्लामका स्रोत उनको व्यक्तित्वमा नभएर तत्कालीन समाजको चरित्रमा खोज्नुपर्ने देखिन्छ। अरवमा प्राचीनकालदेखि नै सेमेटिक जातिको बसोवास थियो। यिनीहरूमध्ये केही कृषि र व्यापार गर्दथे भने मरुभूमिमा उँट, घोडा आदि पाल्नेहरू घुमन्ते शैलीको जीवन विताउँथे। अरवको मेसोपोटामिया, सिरिया, प्यालेस्टाइन, मिश्र, इथियोपिया आदि छिमेकी देशसँग आर्थिक र सांस्कृतिक सम्वन्ध थियो। यी सबै देशको व्यापारिक मार्ग अरव नै थियो। मक्का सबै अरवको तीर्थस्थल पनि थियो र कावामा विभिन्न अरब जातिहरूको देवताको मूर्ति स्थापना गरिएको थियो। अरवमा विदेशीहरू खासगरी यहुदी र इसाईहरूका वस्ती पनि थिए। भाषा र धर्मका विविधताले सबै समाज एक अर्काबाट प्रभावित थिए। छैटौं शताव्दीमा अरवको व्यापारमा ह्रास आयो। इरानको बाटो चल्तीमा आएपछि यस्तो भएको थियो। यसले शताव्दीयौंदेखिको आर्थिक सन्तुलन भंग भयो। अरवहरू अव कृषि र अन्य पेसा गर्न थाले। जमिनमा महत्त्व बढ़ेपछि समाजमा आन्तरिक संघर्ष वढ्न थाल्यो। त्यस्तै, समयमा मुलुकको एकीकरणको महसुस हुन थाल्यो। यसको प्रतिविम्व विचारधारामा पनि देखिन थाल्यो। यसले गर्दा एउटै ईश्वर अर्थात् अल्लाहमा विश्वास हुन थाल्यो। अरवमा एउटै ईश्वर मान्ने हनिफीहरूको सम्प्रदाय निर्माण भयो। यसरी हेर्दा मोहम्मदको विचार तत्कालीन समाजको आवश्यकताअनुरूप थियो। उनको शिक्षामा यहुदी, इसाई र हनिफीको मिश्रणभन्दा नयाँ कुरा केही पाइँदैन। ईश्वरलाई चुपचाप स्वीकार गर्ने र उसका इच्छालाई अपनाउने उनको सल्लाह थियो। इस्लाम शव्दको अर्थ पनि आत्मसमर्पण हुन आउँछ। कुरानको तेस्रो अध्यायमा भनिएको छ- अल्लाह आफूवाहेक कोही पनि पूज्य नभएको वताउँछन्। उनी नै सर्वशक्तिमान र ज्ञानमय छन्।

मोहम्मदका उपदेशवारे कुरेस जनजातिले सुरुमा नकारात्मक धारणा राखे। मक्काको धार्मिक केन्द्र ध्वस्त भएमा व्यापार नहुने डरले व्यापारीहरूले पनि मोहम्मदको विरोध गरे। सन् ६२२ मा मोहम्मद र उनका अनुयायीहरूले मक्का छाड्नुपऱ्यो। त्यही समयदेखि मुसलमानहरूको हिजरी संवत् सुरु भएको थियो। मदिनामा मोहम्मदलाई आफ्नो विचार प्रचार गर्न अनुकूल वातावरण मिल्यो। मदिना र मक्कावीच शत्रुतापूर्ण सम्वन्ध भएकाले उनलाई त्यहाँ सजिलो भएको थियो। उनले यहुदीहरूको समर्थन जुटाउने कोसिस गरे। आफ्ना समर्थकहरू एकजुट पारेर सन् ६३० मा उनले मक्का कव्जा गरे। त्यहाँका कुरेसी समुदायका व्यक्तिहरू नयाँ धर्म अंगीकार गर्न वाध्य भए। मक्का जातीय र धार्मिक केन्द्रको रूपमा पहिलाभन्दा वढी पूज्य वन्यो। विस्तारै कुरेसीहरूले पनि इस्लाम धर्मको व्यापारिक र अन्य फाइदा लिन थाले। सोभियत

विद्वान्हरूले इस्लामको सामाजिक आधार र सुरुआतसम्वन्धी लामो वहस गरेका छन्। जमिनको विषयलाई लिएर समाजमा देखिएको संघर्षको परिणामस्वरूप यो धर्म लोकप्रिय भएको यी विद्वान्हरूको मत छ। केहीले भने मदिनाका गरिब किसानहरूले साथ दिएका कारण मात्र मोहम्मद स्वीकार्य हुन पुगेको मत राखेका छन्। केहीले भने साना व्यापारीहरूको आन्दोलनसँग मोहम्मद नजिक भएर धर्मको प्रचार गरेको मान्दछन्। फ्रेडरिक एङ्गेल्सले इस्लाम धर्मलाई व्यापारी र नगरवासी तथा तल्लो तहका सबै जनताको धर्म मानेका छन्। प्रारम्भिक इस्लाममा आर्थिक संकटग्रस्त जनजाति, नगरवासी र व्यापारीहरूको हितमा काम गर्ने विचार सामेल गरियो। इस्लामको धर्म सिद्धान्त सन् ६३२ मा मोहम्मदको मृत्यु हुने समयसम्म प्रस्ट थिएन। धर्मसिद्धान्त अत्यन्त सरल हुनु इस्लाम धर्मको विशेषता हो। एक ईश्वर र अल्लाहमा विश्वास थियो र मोहम्मद उनका रसुल अर्थात् दूत भएको उनीहरूको विश्वास थियो। त्यस्तै, देवदूत र दुष्टआत्मामाथिको विश्वासले प्राचीन अरब विश्वास सामेल गरिएको देखिन्छ। त्यस्तै, धार्मिक व्यक्ति जन्नत अर्थात् स्वर्गमा जाने र पापीहरू आगोमा जल्ने विश्वास गरिन्छ। कुरानमा अल्लाहलाई मानवीय नैतिक गुणले सम्पन्न देखाइएको छ। कहिले नरिसाउने र मानिसलाई क्षमा गर्ने, केही चिजलाई माया गर्ने र केहीलाई घृणा गर्ने आदि गुण अल्लाहको मानिन्छ। अल्लाहलाई पटक-पटक दयालु, क्षमावान् आदि भन्ने गरिएको छ। उनको असिम शक्ति र महिमाका कारण अल्लाह समक्ष आत्मसमर्पण गर्नु मानिसको दायित्व हुने विश्वास गरिन थाल्यो। दिनमा पाँच पटक अनिवार्य रूपमा नवाज पढ्नु, नवाज पढ्नुअघि र अपवित्र वस्तु छोएपछि हातखुट्टा धुनु, मुख धुनु, गरिवलाई दान दिनु, रमजानको महिनामा उपवास बस्नु, कम्तीमा एक पटक हज गर्नुजस्ता मुस्लिक अनुष्ठान हुन्। तर, मरुभूमिमा पानी नभएका कारण हरेक वस्तु छोएपछि हातमुख धोएर वुजु गर्ने चलन व्यावहारिक रूपले असफल भयो। इसाईहरूको उपवासविपरीत मुसलमानहरूले आकाशमा सूर्य रहेको समयमा मात्र खानपिन बार्ने गर्छन्। बाँकी समयमा भने व्रत मान्नैपर्छ भन्ने छैन। मुसलमानहरूका धेरै प्रतिवन्ध यहुदीहरूसँग मिल्छन्। किशोरको खतना गर्ने, सुँगुरको मासु नखाने, ईश्वर, मानिस र पशुको मूर्ति र चित्र नबनाउने आदि यी दुई धर्मका समान लक्षण हुन्। त्यस्तै, मुसलमानहरूले रक्सी पिउनु पनि ठूलो अपराध मानिन्छ। धर्मका लागि पवित्र युद्ध अर्थात् जेहाद गर्नुपर्ने इस्लाम दर्शन हो। यसलाई अरव एकीकरण र त्यहाँको जमिनको महत्त्वसँग जोडेर हेर्न सकिन्छ। कुरानमा यसलाई सूत्रवद्ध गरिएको छ। वर्षमा आठ महिना धेरै देवता मान्ने र विधर्मीहरूसँग लडेर उनीहरूको संहार गर्नुपर्ने तथा सम्पत्ति कब्जा गर्न मिल्ने उल्लेख छ। अन्य धर्म र जातिप्रति देखाइएको क्रूर व्यवहार यहाँ प्रतिनिधित्व भएको छ। पछि, जेहादसम्बन्धी व्याख्या फरक हुन थाल्यो। तर, यहुदी र इसाईप्रति कुरानले थोरै आदर देखाएको छ। रिसचाहिँ धेरै देवता मान्ने हिन्दू र अन्य धर्मप्रति वढी देखाएको छ। कुरानमा यहुदी र इसाईजस्ता धर्मसँग पनि लड्ने आदेश दिइएको छ तर अल्लाहलाई

नमाने या नझुकेको अवस्थामा मात्र लड्नु भनिएको छ। इस्लामका नैतिक **सिद्धान्त** पनि सरल छन्। न्याय गर्ने, जस्ताको तस्तै व्यवहार गर्ने, उद्धारता देखाउने, गरिबलाई सहयोग गर्ने आदि नैतिक नियम राखिएको छ। इस्लाममा पितृसत्तात्मक जीवन पद्धतिको छाप पाइन्छ। महिलालाई अल्लाहले पुरुषको उपयोगका लागि बनाएकाले दबाएर राख्नुपर्ने धारणा छ। तर, कुरानमा महिलालाई पनि नागरिक अधिकार र मानवीय अधिकार दिइएको छ। पतिले देखाउने क्रूर व्यवहारको निन्दा पनि गरिएको छ। आरम्भिक इस्लामका सामाजिक सिद्धान्तमा पनि पितृसत्तात्मक गोत्रीय जीवन पद्धतिको छाप देखिन्छ। अल्लाहका लागि सबै मुसलमान बराबर छन् तर धनी र गरिब हुनुचाहिँ प्राकृतिक विषय मानिएको छ र ईश्वरले नै त्यस्तो बनाएको विश्वास गरिएको छ। गरिबलाई दान दिएर सम्पत्तिको वितरण, असमानता घटाउने धारणा राखिएको छ। त्यस्तै, व्यापारीले नाफा खानु न्यायपूर्ण मानिएको छ भने तौलमा बदमासी गर्ने र घुस खाने कामलाई हराम अर्थात् नाजायज भनिएको छ। कुरानको यो व्यवस्था समाजका तत्कालीन विभिन्न पेसाका व्यक्तिहरूको सम्झौता हो भन्ने बुझ्न सकिन्छ। त्यस्तै, ऋण लिनेलाई बँधुवा बनाउन नपाइने उल्लेख गरिएको छ। प्रारम्भिक इस्लाममा यहुदी, इसाई विश्व दृष्टिकोण देख्न पाइन्छ। सामान्य भाषामा इस्लामहरूले आफ्नो विचार जनतासमक्ष लगेका थिए र उनीहरूका निर्देश पनि निकै सजिला थिए। केही प्रतिरोध भए पनि अरवका जनजातिले चाँडै नै यो नयाँ धर्मलाई स्वीकार गरेका थिए। त्यस्तै, युद्धको पक्षमा रहनेहरूको जमात पनि आफ्नै व्याख्या अघि सारेर फाइदा लिन सक्ने भएकाले यो धर्मको पक्षमा उभिएको थियो। मोहम्मदका उत्तराधिकारी खलिफा अबु बकर, उमर र उस्मानले भूमध्यसागर र पश्चिम एसियामा पनि कब्जा जमाए। उनीहरूले त्यहाँ इस्लाम झन्डा फहराए। स्थानीय सामन्तबाट पीडित त्यहाँका जनताले नयाँ धर्म अपनाउनु स्वाभाविक थियो। अरवहरूले जितेका मुलुकका इस्लाम धर्म स्वीकार गरेमा निकै धेरै कर छुट दिइन्थ्यो। यो प्रचलनले अरवहरूको जातीय धर्मका रूपमा सुरु भयो इस्लाम धर्म बिस्तारै जातिनिरपेक्ष विश्वव्यापी धर्म बन्न पुग्यो। आठौं र नवौं शताब्दीमा इस्लाम स्पेनदेखि भारतको पश्चिमी क्षेत्रसम्म पूरै खाडी राष्ट्रमा फैलियो। ११ देखि १८औं शताब्दीको बीचमा भारत कब्जा गरेपछि यस क्षेत्रमा पनि मुस्लिम प्रभाव पर्‍यो। १४ देखि १६औं शताब्दीमा व्यापारीहरूको माध्यमबाट इन्डोनेसिया पुग्यो र हिन्दू र बौद्ध धर्म विस्थापित गरेर बालीबाहेक सबै क्षेत्रमा मुस्लिम धर्म लागू गरियो। १४औं शताब्दीमा उत्तरएसियाका ककेसिया, साइबेरिया आदिमा यसको प्रचार भयो। यो धर्म स्वीकार गर्ने मुलुकमा वर्गीय विरोध झन् बढ्न थाल्यो। यसले गर्दा इस्लामभित्रै विभिन्न प्रवृत्ति र फुट उत्पन्न भयो। सबैभन्दा ठूलो विभाजन सिया मतको सुरुआत थियो। अरबी भाषामा यसको अर्थ दल वा संगठन हुन्छ। विजेता अरबविरुद्ध इरानी जनताको असन्तोष र संघर्षको मत नै सिया मत भएको अनुमान गर्न सकिन्छ। तर, त्यो मतको संगठित रूप निकै पछि निर्माण भएको थियो। अरबमा मोहम्मदका उत्तराधिकारीबीच संघर्ष भएको थियो।

उत्तराधिकारी चुन्ने विषयमा देखिएको विवाद र संघर्षले पनि फरक मतलाई निकै मलजल गरेको थियो। सत्ता संघर्षका क्रममा मार्ने र मर्ने क्रम निकै बढेको थियो। सियाहरू उत्तराधिकारी विवादकै कारण अस्तित्वमा आएका थिए। उनीहरू सुन्नालाई मान्दैनन् र आफैंभित्र अनेक सम्प्रदायमा विश्वास गर्छन्। यो सम्प्रदायमा विभिन्न अगुवाहरूका सन्तानका फरक-फरक समुदाय छन्।

सुन्नी मतलाई रुढीवादी इस्लामी रूप पनि मानिन्छ। संसारका अधिकांश मुसलमानहरू सुन्नी हुन्। तर, त्यसभित्र पनि सम्प्रदाय फरक-फरक छन्। आठौं र नवौं शताब्दीमा मुतजला सम्प्रदाय पैदा भएको देखिन्छ। उनीहरूले इस्लामी सिद्धान्तलाई आफ्नै ढङ्गले व्याख्या गर्ने प्रयास गरेका थिए। नवौं शताब्दीमा देखापरेको यो विचारले मुस्लिम धर्मलाई फैलाउन नै मद्दत गरेको थियो। यो समयमा हनफी अर्थात् इमाम अबु हनिफाका अनुयायी, साफइ अर्थात् इमाम साफइका अनुयायी, मालिकी अर्थात् इमाम मालिकका अनुयायी र हम्वलिया अर्थात् इमाम अहमद इब्न हम्बलका अनुयायी चार सम्प्रदाय मुख्य थिए। हम्वलियाहरू सबैभन्दा कट्टर मानिन्थे र उनीहरूले पिछडिएका जातिको समर्थन पाएका थिए। मालिकीहरू उत्तर अफ्रिकामा फैलिए, केही उदार मुसलमानहरू अन्य दुई सम्प्रदायमा थिए र उनीहरू बाँकी विश्वमा फैलिए। नवौं शताब्दीतिर नै इस्लाममा रहस्यवादी र अर्धतपस्वी सुफी सम्प्रदाय पैदा भयो। सुफको अर्थ मोटो उनी कपडा भन्ने हुन्छ। सिया मतको कोखवाट जन्मिएका सुफीहरू सुन्नीहरूबीच लोकप्रिय भए। उनीहरूको शिक्षामा मजदा धर्म, बौद्ध धर्म र नवप्लेटो पन्थले प्रभाव पारेको थियो। कर्मकाण्डमा उनीहरूको विश्वास थिएन। उनीहरू सर्वईश्वरवादी थिए र विस्तारै अल्लाहको अवधारणाबाट टाढा भएका थिए। सुफीहरू कुरानमा पाइने ईश्वरको नामलाई रहस्यवादी महत्त्व दिन्थे। उनीहरू घुमन्ते साधक थिए र आफ्नो समुदायमा मुखिया पनि छान्ने गर्दथे। सुफीहरूलाई सिया र सुन्नी दुवैले सम्मान गर्दथे। तर, जीवन शैलीका कारण कतिपय सुफीहरू आडम्बरी बने र जनतालाई नै लुट्न थाले। उनीहरूले प्रार्थनाको समयमा मुखबाट हु हु शब्द निकालेर त्यसलाई निकै महत्त्व दिने गर्दथे। १८औं शताब्दीमा अरव मुलबाट वहावी सम्प्रदाय निस्कियो। यसका संस्थापक मोहम्मद इब्न अब्देल बहाव थिए। यो सम्प्रदायको विचारमा शोषितहरूका पक्षधरका भेटिन्छन्। सादा जीवन, कुरानको पालना, सुखका साधनको नष्ट र युरोपीय प्रभावविरुद्ध अभियान यो सम्प्रदायका विशेषता थिए। २०औं शताब्दीमा उनीहरूले मक्का र मदिना रहेको हेजाज प्रान्त कब्जा गरे। यसपछि अरबमा यसलाई राजकीय धर्म बनाइयो। १९औं शताब्दीको मध्यमा इरानमा किसान र गरिबहरूले धार्मिक आन्दोलन सुरु गरे। सैयद अलि मुहम्मद इरानीले यसको नेतृत्व गरेका थिए। उनी आफूलाई देवता र मानिसको मध्यस्थकर्ता भन्दथे। यो आन्दोलनलाई वावी आन्दोलन भन्ने गरिन्छ। यसको सन्देश भाइचारापूर्ण सम्बन्ध भन्ने थियो। सबै मुसलमानलाई भाइचारापूर्ण व्यवहार गर्नुपर्ने यो अभियानको उद्देश्य थियो। यो त्यहाँ निकै लोकप्रिय पनि भयो।

तर, सत्ताले उनीहरूमाथि दमन गऱ्यो । त्यसका नेतालाई सन् १८५० मा मारिए पनि आन्दोलन जारी रहचो । समानता, भूमिमा समान अधिकारजस्ता माग पनि राख्दै धर्म र राजनीति दुवैतिर अभियान जारी रहचो । उनीहरूले कट्टर कानुनलाई राज्य र धर्म सिद्धान्तबाट निकाल्न खोजेका थिए । यसलाई बहाई मत भन्न थालियो । यसको प्रचार बुद्धिजीवीहरूबीच हुन थाल्यो । यो इस्लामको आधुनिक रूप भएकाले पश्चिम युरोप र अमेरिकामा पनि फैलिन पुग्यो । उपनिवेश भएका राज्यहरूमा पनि सम्प्रदायहरू र आन्दोलनहरू जन्मने क्रम जारी रहचो । सुडानमा १८८१ मा महदी आन्दोलन सुरु भयो । पूरै पूर्वी सुडान र लालसागरसम्मको क्षेत्र २० वर्षसम्म यो प्रभावमा पऱ्यो । तर, पछि फ्रेन्च र अंग्रेजहरूले दमन गरे ।

इस्लामको सबैभन्दा ठूलो विशेषता जीवनको सबै क्षेत्रमा सक्रिय हस्तक्षेप गर्नु हो । मुसलमानको निजी पारिवारिक जीवन, सार्वजनिक जीवन, राजनीतिक जीवन, न्याय व्यवस्थादेखि अन्य सबै विषय धार्मिक तरिकाका हुन्छन् र धार्मिक कानुनअनुसार निर्देशित हुन्छन् । राज्यको प्रमुख राजा पैगम्बरको उत्तराधिकारी मानिने भएकाले यो प्रथा सुरु भएको थियो । त्यस्तै, सरिअत कानुनअनुसार जनतालाई न्याय दिने गरिन्थ्यो । मुसलमानहरू शुद्ध धार्मिक कामभन्दा बढी लौकिक काम गर्ने गर्छन् । मस्जिदका मुल्लाहरू अनुष्ठान मात्र नगरेर अध्यापन र अन्य काम पनि गर्दछन् । यो चलन धेरै मुसलमान देशमा देख्न पाइन्छ । शिक्षा पनि धर्मको नियन्त्रणमा हुने गर्दछ । मदरसा प्राचीन धार्मिक प्रतिष्ठान भए पनि शिक्षाका लागि चर्चित छ । धार्मिक साहित्य पढ्नका लागि मदरसाको जन्म भएको थियो । अरबी भाषामा मदरसाकै माध्यमले पठनपाठन गराउने चलन बढी भए पनि तुर्की र फारसी भाषामा पनि पढाउने चलन भएको देखिन्छ । धार्मिक संस्थाको आफ्नै सम्पत्ति पनि हुने व्यवस्था थियो । रुढीवादी मुसलमानहरू अन्य धर्मका मानिससँग कुनै सम्झौता गर्दैनन् । त्यस्तै, कतै-कतै मुस्लिम पूर्वधर्मको प्रभावमा सामान्य पूजा गरिए पनि स्थानीय देवी-देवताको पूजा गरिएको पाइँदैन । मुसलमानहरू जादु-टुनामा पनि विश्वास गर्दछन् र मुल्लाले तन्त्रमन्त्र तथा झारफुक गर्ने चलन छ ।

इस्लाम धर्मले शताब्दीयौँदेखि सबै लडाइँमा लगभग विजय प्राप्त गऱ्यो । आज भूमध्यसागर आसपास इस्लाम धर्म रहे पनि कुनै समयमा त्यहाँ इसाई धर्म थियो । इतिहासमा मुसलमान बनिसकेपछि इसाई बनेको उदाहरण कम पाइन्छ तर सामूहिक रूपमा इसाईलाई मुसलमान बनाएका धेरै उदाहरण छन् । १२औं देखि १५औं शताब्दीको बीचमा स्पेन र पोर्चुगलबाट इस्लाम अनुयायीहरूलाई निकालिएको थियो । उनीहरूले इस्लाम छोडेर इसाई धर्म अस्वीकार गरेकाले नै त्यसो गरिएको थियो । पछिल्ला दशकमा खास गरी पहिलो विश्वयुद्धपछि केही सुधार गरेर इस्लाम धर्म परिमार्जित गर्ने प्रयास गरियो । विश्वमै भएका राजनीतिक र अन्य आन्दोलनका कारण यस्तो गरिएको थियो ।

***









विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
काठमाडौं, फोन ०१-४४९०४६२, ४२१८०६३

मूल्य : रू. १५०/-

